ने
का
प

२
०
७
४

मा
घ

अ
ङ्
क

१०

# नेपाल कानून पत्रिका

भाग-५९ **२०७४ माघ** अङ्क-१०



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.ब.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री राजनप्रसाद भट्टराई | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री बिक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी



**प्रकाशित सङ्ख्या : २५०० प्रति**

**नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*नेकाप, २०७४... ... ... ... , नि.नं. ........., पृष्ठ ...*

*...... साल ........ महिना ........*

**उदाहरणार्थ :** *नेकाप* २०७४, माघ, नि.नं.९८८३, पृष्ठ १६२१

**सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*सअ* बुलेटिन २०७४ ... ... ... १ वा २, पृष्ठ ...

*...... साल ......... महिना .......*

**उदाहरणार्थ :** सअ बुलेटिन, २०७४, माघ – १, पृष्ठ १

## नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

**ठेगाना**

**www.supremecourt.gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन** मा क्लिक गर्नुहोस्।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल नि:शुल्क डाउनलोड गर्न सकिनेछ।

**नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू नि:शुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ।**

**ठेगाना**

**www.lawcommission.gov.np**

**मूल्य रू.३०।-**

**मुद्रक** : सर्वोच्च अदालत छापाखाना

# विषय सूची


| क्र.स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९८८३<br>पूर्ण<br>कर्तव्य ज्यान | लाक्पा देकी लामा (शेर्पा)<br>विरूद्ध<br>नेपाल सरकार | ▪ न्यायकर्ताले न्याय पार्ने उद्देश्य लिई सजायको मात्रा निर्धारण गर्नुपर्ने हुन्छ । यान्त्रिकरूपबाट अधिकतम सजाय गरेमा न्यायको उद्देश्य परास्त हुन जाने ।<br>▪ अपमानित मनोदशामा रहेकी प्रतिवादीबाट घट्न गएको यस्तो वारदातमा अ.बं.१८८ बमोजिम ७ (सात) वर्ष सजाय हुन मानवीय र न्यायिक दृष्टिकोणबाट उपयुक्त हुने । | १६२१ |
| २. | ९८८४<br>पूर्ण<br>राजश्व चुहावट | नेपाल सरकार<br>विरूद्ध<br>तरूणकुमार गुप्ता | ▪ भारतमा बनेको हजमोला केण्डी चोरी पैठारी गरी नेपालमा ल्याई नेपालमा बनेको भन्ने देखाउन सो केण्डी राखिएको जारमा नेपालमा बनेको भन्ने लेमुनेट लगाएको देखिँदा प्रतिवादीहरूले राजश्व चुहावट गरेको भन्ने नै पुष्टि हुन आएको पाइने । | १६३६ |
| ३. | ९८८५<br>पूर्ण<br>उत्प्रेषण | नयनबहादुर नामजाली मगरसमेत<br>विरूद्ध<br>जिल्ला वन कार्यालय, डोटी | ▪ कुनै व्यक्तिको दर्ताको जग्गामा रहेका रूखहरू निजी सम्पत्ति भए तापनि रूख विरूवा जस्ता जैविक विविधता रहेको वस्तुहरूले सार्वजनिकरूपमा नै पर्यावरणलाई बचाई राख्न मद्दत दिइरहेको हुन्छ । तसर्थ यस्तो वस्तुको उपभोग, प्रयोग पर्यावरण र जैविक विविधतालाई क्षति नहुने गरी हुनु वाञ्छनीय हुने । | १६४६ |
| ४. | ९८८६<br>संयुक्त<br>उत्प्रेषण / प्रतिषेध / परमादेश | शर्मिला महर्जनसमेत<br>विरूद्ध<br>लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | ▪ निजामती सेवा ऐन, २०४९ को दफा २१ ले स्पष्टरूपमा बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीमुनिको पदको लागि आवश्यक शैक्षिक योग्यता न्यूनतम पुग्नुपर्ने व्यवस्था गरेकोमा निजामती सेवा नियमावली, २०५० को नियम ८८(३) ले मूल ऐन | १६५८ |

| | | | | |
|---|---|---|---|---|
| | | | (Parent law) को व्यवस्थालाई संकुचन गर्न सक्ने होइन । निजामती सेवा ऐन साधारण कानून र नियम विशेष कानून मान्न सकिँदैन । ऐनले तोकेको योग्यताविपरीतको नियम र त्यस्तो नियमअन्तर्गत निवेदकहरूलाई उम्मेदवारको सूचीमा समावेश नगर्ने गरी गरिएको विज्ञापनलाई कानूनअनुरूपको मान्न नसकिने । | |
| ५. | ९८८७<br>संयुक्त<br>उत्प्रेषण | पद्म कुमारी शाही<br>विरूद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ नेपाल सरकारले निवेदकलाई १० वर्ष जग्गा बिक्री गर्न नपाउने गरी निर्णय गराई सो निर्णयको पालना गरिरहेको निवेदकलाई विभागीय मन्त्रीस्तरीय निर्णयबाट मन्त्रिपरिषद्को निर्णयको प्रतिकूल अनन्तकालसम्म निवेदकलाई असर पर्ने गरी जग्गा सुक्रीबिक्री, दान दातव्य, धितो जमानत राख्न निषेध गरेको भूमिसुधार तथा व्यवस्था मन्त्रीस्तरको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने । | १६६८ |
| ६. | ९८८८<br>संयुक्त<br>उत्प्रेषण | अमृतमान राजभण्डारीसमेत<br>विरूद्ध<br>नेपाल सरकारसमेत | ▪ सार्वजनिक प्रयोगका लागि राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि अधिकार ग्रहण गर्न सक्छ तर यसरी निजी सम्पत्ति प्राप्त गर्दा कानूनबमोजिमको उचित क्षतिपूर्ति दिनुपर्ने हुन्छ । विना क्षतिपूर्ति राज्यले व्यक्तिको सम्पत्ति प्राप्त गर्न नसक्ने ।<br>▪ एउटै विषयमा कसैलाई मुआब्जा दिने कसैलाई नदिने गरी राज्यबाट असमान व्यवहार गरिनु स्वीकार्य हुन नसक्ने । | १६७५ |
| ७. | ९८८९<br>संयुक्त<br>अपहरण तथा शरीर बन्धक | पन्नालाल सहनीसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ अपहरणसम्बन्धी अपराध मानवता विरूद्धको अपराध भएको र त्यस प्रकृतिको अपराधमा संलग्न व्यक्तिहरूको पृथकपृथक भूमिका रहने हुँदा वारदात स्थलबाट पक्राउ नपर्दैमा कसुरमा संलग्न रहेको छैन भनी निष्कर्षमा पुग्न नमिल्ने ।<br>▪ अपहरित नाबालकलाई उद्धार गर्ने क्रममा | १६८१ |

| | | | | |
|---|---|---|---|---|
| | | | भएको गोली हानाहानबाट दुईजनाको मृत्यु भई नाबालकको उद्धार गरी ल्याइएको तथ्य प्रहरी कर्मचारीहरूको बकपत्रबाट समर्थित भइरहेकोमा जाहेरवाला र पीडितको बकपत्र नहुँदैमा कसुर नै स्थापित नभएको भन्न नमिल्ने । | |
| ८. | ९८९०<br>संयुक्त<br>अपहरण तथा कर्तव्य ज्यान | सञ्जयकुमार पोद्दार<br>विरूद्ध<br>नेपाल सरकार | ▪ कर्तव्य ज्यानको कसुरमा जन्म कैदको सजाय भइसकेको र दण्ड सजायको ८ र ४१ नं. बमोजिम सानो खतको कैद खापिने भएकोले अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३, ७ र ९ नं. बमोजिमको कैद सजाय थप गरिरहन नपर्ने । | १७०० |
| ९. | ९८९१<br>संयुक्त<br>नकबजती चोरी | नेपाल सरकार<br>विरूद्ध<br>नगेन्द्र खनालसमेत | ▪ अनुसन्धानको क्रममा लेखाई दिएको व्यहोरालाई नै सर्वोत्तम प्रमाण मानी त्यसैको आधारमा प्रतिवादीहरूलाई सजाय गर्न मिल्दैन । सो अनुसन्धानको क्रममा लेखाइएको व्यहोरा आफैँमा निष्पक्ष प्रमाण हुन सक्दैन । त्यस्ता साक्षी प्रमाणलाई प्रतिवादीहरूले समेत परीक्षण गर्न मौका पाएको खण्डमा मात्र सोलाई विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने । | १७११ |
| १०. | ९८९२<br>संयुक्त<br>उत्प्रेषण | चार्ल्स गुरूमुख शोभराज<br>विरूद्ध<br>भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत | ▪ मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को अन्तिम वाक्यांश र दण्ड सजायको ८ नं. को व्यवस्थाको संयुक्त अध्ययन गर्दा सर्वस्वसहित जन्मकैद हुने ठहरी फैसला भइसकेपछि अर्को सर्वस्वसहित जन्मकैद हुने कसुर गरेकोमा सो कसुरबापत थप कैद ठेक्न मिल्ने नदेखिने । | १७१९ |
| ११. | ९८९३<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | देवेन्द्रकुमार सुब्बा<br>विरूद्ध<br>नेपाल सरकारसमेत | ▪ कुनै पदाधिकारी विदामा रहेको वा कार्यालयमा अनुपस्थित रहेको अवस्थामा अर्को पदाधिकारीले निमित्त भई दैनिक कार्य सञ्चालन गर्ने भन्ने कुरा प्रशासनिक सहजताको दृष्टिकोणबाट तर्कसङ्गत हुन सक्छ तर त्यसरी निमित्त भई कामकाज गर्ने पदाधिकारीले आफूलाई कानूनले नै अधिकार नदिएको पुनरावेदन | १७२५ |

| | | | | |
|---|---|---|---|---|
| | | | सुन्ने जस्तो गम्भीर विषयमा निर्णय गर्ने अधिकार रहेको भनी मान्न नमिल्ने। | |
| १२. | ९८९४<br>संयुक्त<br>दर्ता बदर दर्ता | भुपालबहादुर गुरूङ<br>विरूद्ध<br>नेपाल सरकारसमेत | ▪ एकपटक कुनै व्यक्तिका नाममा श्री ५ को सरकारको निकायले नै दाखिल खारेज गरिदिएको जग्गालाई हाल आएर पर्ती सरकारी जग्गा हो भनी भनेको आधारमा पर्ती सरकारी जग्गा मानी व्यक्तिलाई हकाधिकारबाट वञ्चित गर्दा व्यक्तिलाई अपूरणीय क्षति हुन जाने। | १७३४ |
| १३. | ९८९५<br>संयुक्त<br>अपहरण तथा कर्तव्य ज्यान | रेणुदेवी कहार<br>विरूद्ध<br>नेपाल सरकार | ▪ कुनै श्रृङ्खलाबद्ध वारदात भएको अवस्थामा कुनै एउटा कसुरमा सजाय ठहर गर्दैमा अन्य ऐनको प्रयोजन पूरा हुँदैन। प्रत्येक ऐनअनुसारको कसुर ठहर हुन्छ वा हुँदैन भनी अदालतले अभियोग दाबीअनुसारका सबै प्रश्नको निरूपण गर्नुपर्दछ। ठूलो सजाय हुने खत वा कसुर ठहर हुँदैमा अन्य कसुरका सम्बन्धमा सजाय ठहर गर्नबाट पन्छिन नमिल्ने। | १७४३ |
| १४. | ९८९६<br>संयुक्त<br>उत्प्रेषण | गङ्गाधर पराजुली<br>विरूद्ध<br>सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | ▪ कानूनबमोजिम स्थापना वा गठन हुने सार्वजनिक निकायहरूमा सार्वजनिक जिम्मेवारी निर्वाह गर्नुपर्ने पदाधिकारी नियुक्ति गर्नु सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को परिधिभित्रसमेत पर्ने हुँदा राज्यकोषमा दायित्व पर्ने गरी कुनै पनि पदमा कसैलाई नियुक्ति दिई निजले कार्य आरम्भ गरिसकेको अवस्थामा निजलाई त्यस्तो पदबाट हटाउँदा निर्णयकर्ताले आधार र कारण खोली पारदर्शिता र इमान्दारिता प्रष्ट देखिने गरी गर्नुपर्नेमा विना कुनै आधार र कारण कुनै सार्वजनिक पदमा कार्यरत पदाधिकारीलाई विना कुनै तथ्ययुक्त आधार, कारण वा कसुर आत्मनिष्ठरूपमा हटाउनु न्यायको रोहमा स्वीकार्य नहुने। | १७५५ |

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन्।

– सम्पादक

## निर्णय नं. ९८८३

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
फैसला मिति : २०७४।०९।१३
०७३-NF-००२५

मुद्दाः कर्तव्य ज्यान

पुनरावेदक / प्रतिवादी : जिल्ला नुवाकोट, गाउँ विकास समिति लज्याङ वडा नं. ६ घर भई हाल कारागार कार्यालय काठमाडौं अन्तर्गत केन्द्रीय महिला कारागारमा थुनामा रहेकी लाक्पा देकी लामा (शेर्पा)

विरूद्ध

विपक्षी वादी : छिरिङ लाबु लामाको जाहेरीले नेपाल सरकार

- **अपराधीलाई दिइएको सजायबाट भविष्यमा समाजमा अरूले त्यस्तै प्रकृतिको कसुर नगरून् र समाज भयमुक्त रहोस् भन्ने दण्डको उद्देश्य भएपनि सजाय पाएको अभियुक्तले सजाय व्यतितपश्चात् समाजमा पुनर्स्थापित हुने अवस्थासमेत गराउनुपर्ने भन्ने दण्डको आधुनिक मान्यता स्थापित भएको पाइने।**
- **न्यायकर्ताले न्याय पार्ने उद्देश्य लिई सजायको मात्रा निर्धारण गर्नुपर्ने हुन्छ । यान्त्रिकरूपबाट अधिकतम सजाय गरेमा न्यायको उद्देश्य परास्त हुन जाने।**
- **अपमानित मनोदशामा रहेकी प्रतिवादीबाट घट्न गएको यस्तो वारदातमा अ.बं.१८८ बमोजिम ७ (सात) वर्ष सजाय हुन मानवीय र न्यायिक दृष्टिकोणबाट उपयुक्त हुने।**

(प्रकरण नं. ८)

पुनरावेदक / प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता रामप्रसाद ढुंगेल
विपक्षी / वादीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता गणेशबाबु अर्याल
अवलम्बित नजिर :

- *ने.का.प.* २०६१, अंक ६, नि.नं.७३९९

सम्बद्ध कानून :

- मुलुकी ऐन, अ.बं.१८८ नं.

सुरू तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री भोजराज शर्मा
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री विष्णुदेव पौडेल
माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय
यस अदालतमा फैसला गर्नेः
मा.न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

फैसला

**न्या. ओमप्रकाश मिश्र :** न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) बमोजिम पुनरावलोकनको अनुमतिका लागि परेको निवेदनमा यस अदालतबाट पुनरावलोकनको अनुमति प्राप्त भई दायर हुन आएको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यसप्रकार छः-

म जाहेरवाली मृतक सार्की लामाको कान्छी श्रीमती हुँ, प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) सार्की लामाको जेठी श्रीमती हुन् । निज काठमाडौं जिल्ला जोरपाटी ३ स्थित बस्दै आएकी थिइन् । म तथा श्रीमान् सार्की लामा काठमाडौं स्वयम्भू स्थितमा बस्दै आएका



सर्वोच्च अदालत

थियौं । श्रीमान् कहिले प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) को कोठामा जाने गर्नुहुन्थ्यो । जोरपाटीस्थित निज लाक्पा देकी लामा (शेर्पा) को कोठामा गएको अवस्थामा श्रीमान्लाई निज प्रतिवादीले कुटपिट गर्ने गर्दथे । मिति २०६८।१।२३ गतेका बेलुका श्रीमान् सार्की लामा जोरपाटीस्थित प्रतिवादीको कोठामा आउनुभएको थियो । सो बेलुका राति अ.२३.०० बजेतिर फोनमार्फत श्रीमान् तातो तेलले डढेर घाइते भएको र स्तुपा सामुदायिक अस्पतालमा उपचार भइरहेको छ भनेपछि मसमेत तत्काल स्तुपा सामुदायिक अस्पतालमा आई हेर्दा श्रीमान् तेलले टाउकोसमेतमा जलेर घाइते अवस्थामा देखेँ। श्रीमान्सँग सोधपुछ गर्दा लाक्पा देकी लामा (शेर्पा) ले तातो तेल खन्याई दिएको हो भन्नुभयो। घटनाबारेमा बुझ्दा श्रीमान् र श्रीमान्को दिदी ठुली लामा र अक्कलमान मोक्तानसमेत निज लाक्पा देकी लामा (शेर्पा) को कोठामा गएका र लाक्पा देकी लामा (शेर्पा) ले खाने तेल तताएर श्रीमान् सार्की लामालाई टाउकोबाट खन्याई दिएको र श्रीमान् घाइते भई उपचार गराउन अस्पताल आएका रहेछन्, श्रीमान्को उपचार हुँदाहुँदै मिति २०६८।१।२४ गतेका बेलुका मृत्यु भएको हुँदा निज लाक्पा देकी लामा (शेर्पा) लाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको छिरिङ लाबु लामाको जाहेरी दरखास्त ।

मृतक सार्की लामाको टाउको पछाडि भागबाट कपालसमेत जलेको, कपाल घुम्रिएको, टाउको पछाडिबाट दायाँबायाँ कान हुँदै दायाँबायाँ गालाको छाला जलेर निलोकालो डाम भएको, मुखसम्म छाला जलेको, छातिको भाग तथा दायाँ कुममाथि घाँटी छेउमा छाला जलेको निलोकालो डाम देखिएको, छातीमा २x२ से.मी. मा छाला पिल्सिएको, दायाँ हातको पाखुरा नाडी, पाखुरा हत्केला तथा औंलाहरूमा छाला कालोनिलो, जलेको डाम र फोकाहरू उठेको, मृतकको टाउको पछाडिदेखि तल गर्धन ढाडसम्मको भाग छाला डढेको निलोकालो डाम बायाँ खुट्टाको घुँडाको पाङ्ग्रामा २ से.मी. गोलाईमा छाला पिल्सेको भन्नेसमेत व्यहोराको लासजाँच प्रकृति मुचुल्का ।

हामीहरू अक्कलमान तामाङ र ठुलीमाया लामाको सार्की लामा क्रमशः मामा र भाइ नाता पर्दछ । हामीहरू मिति २०६८।१।२३ गतेका दिन गाउँबाट काठमाडौं सार्की लामालाई भेट्न आएका थियौं । निजको जेठी श्रीमती जोरपाटी ३ स्थितमा बस्छिन्, कान्छी श्रीमती स्वयम्भू स्थितमा बस्छिन् । मिति २०६८।१।२३ गतेका बेलुका हामीहरूलाई सार्की लामाले निजको जेठी श्रीमतीको कोठा जोरपाटी ३ स्थितमा लिएर गएका थिए। बेलुका अं २३.०० बजेतिर हामीहरू कोठामा आइपुगेका थियौं । कोठामा लाक्पा देकी लामा (शेर्पा) खाना बनाउँदै थिइन् । निजले तरकारी छैन भनेपछि सार्की लामा तरकारी किन्न बाहिर जान लाग्दा बाहिर पानी परिरहेको कारण छाता माग्यो । छाता छैन भनेपछि सार्की लामा त्यतिकै बाहिर गई कुखुराको मासु तरकारी लिएर आएका थिए। निज सार्की लामाले त्यत्रो छाता कता हालिस् भनेर लाक्पा देकीलाई गाली गर्न थाले। दुवै जनाबीच भनाभन भई विवाद भयो र झगडासमेत भयो। सार्की लामाले लाक्पा देकीलाई लातीसमेतले हाने यसरी झगडा नगर्नु भनेर मैले गालीसमेत गरेँ। केहीबेर झगडा भएन, लाक्पा देकी कोठाबाहिर निस्केर गएका थिए, बाहिरबाट १ थान पोका खाने तेल ल्याएर आई किचनमा ताप्केमा हाली तताउँदै थिइन् । हामी सोही किचन कोठामा बसिरहेका थियौं । बुहारीले तरकारी पकाउन लागेकी होला भनेर त्यति वास्ता गरेनौं। सार्की लामा आफ्नै सुरमा कराउँदै थिए। सो अवस्थामा निज लाक्पा देकी लामा (शेर्पा) ले तातेको ताप्केको तेल ताप्केसहित उठाएर किचनको ढोकातिर गएकी थिइन्। निज ढोकातिर नगई एक्कासी फर्केर सार्की लामा भएको ठाउँमा आई लाक्पा देकी लामा (शेर्पा) ले हातमा बोकेकी ताप्केमा भएको तातो खाने तेल सार्की लामाको टाउकोबाट शरीरको भागमा खन्याई दियो।

सोही तेलका थोपाहरूले म अक्कलमान तामाङलाई समेत पोलेको छ, सार्की लामा तेलले पोलेपछि कराउँदै बाहिर निस्केर गए, रातिको समयमा कहाँ गएको हो भन्ने हामीलाई थाहा भएन, स्तुपा सामुदायिक अस्पतालमा उपचार भइरहेको कुरा भोलिपल्ट थाहा भयो । उपचारको क्रममा निज सार्की लामाको मिति २०६८।१।२४ गतेका बेलुका अं. २२.०० बजेतिर मृत्यु भएको हो । यसरी लाक्पा देकी लामा (शेर्पा) ले सार्की लामालाई तातो खाने तेल तताएर टाउकोबाट शरीरमा खन्याई दिई सोही पीडाबाट मृत्यु भएको हो भन्नेसमेत व्यहोराको एकै मिलानको अक्कलमान तामाङ र ठूलीमाया लामाको कागज ।

काठमाडौं जिल्ला जोरपाटी ३ पुरानो अरब बैंक स्थितमा रहेको नाम्ग्याल शेर्पाको ३ तला भएको पक्की घरको भुइँ तलाको फ्ल्याटमा लाक्पा देकी लामा (शेर्पा) ले भाडामा लिई निज लाक्पा देकी लामा (शेर्पा) समेतका परिवार बस्ने गरेको सोमध्ये उत्तर पूर्वको किचन कोठामा हेर्दा दक्षिणतर्फको भित्तामा बेसिन भएको सिमेन्टको किचन स्लाब रहेको, सो स्लाबमाथि सिलिण्डर पाइपसमेत जडान भएको ग्याँस चुलो रहेको, सो चुलोमाथि सिलिङमा काठको समाउने बिँड भएको फ्राइप्यान रहेको, किचनभित्र २ फिट उचाईको काठको र्‍याक रहेको सो किचन कोठामा फेला परेको फ्राइप्यान प्रहरीले उठाएको, सोही कोठाभित्र मिति २०६८।१।२३ गतेका बेलुका लाक्पा देकी लामा (शेर्पा) ले सार्की लामालाई खाने तेल तताएर टाउकोबाट शरीरमा खन्याई दिई घाइते भएको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

सार्की लामा मेरो श्रीमान् हो । जाहेरवाली छिरिङ लाबु लामा मेरो श्रीमान्‌को कान्छी श्रीमती हुन् । म तथा मेरो छोराछोरिसहित काठमाडौं जिल्ला जोरपाटी ३ स्थितमा डेरा गरी बस्दै आएका थियौं । श्रीमान् र जाहेरवाली स्वयम्भू स्थितमा बस्दै आउनु भएको थियो । श्रीमान् कहिलेकाहीँ मेरो कोठामा आउने गर्नुहुन्थ्यो । मिति २०६८।१।२३ गतेका बेलुका अं. ७ बजेतिर श्रीमान्‌ले फोन गर्नुभयो र कोठामा पाहुना लिएर आउँछु भनेकाले मैले खाना पकाएर बसेँ । बेलुका अं. ७.३० बजेतिर श्रीमान् जेठी सासु ठुलीमाया तामाङ र अर्का निजको ज्वाइँ नाता पर्ने आउनुभयो । तरकारी नभएको हुँदा श्रीमान्‌लाई मासु तरकारी लिएर आउनु भनेँ । बाहिर पानी परिरहेको हुँदा छाता खोइ भन्नु भयो । मैले छैन भने श्रीमान् पानीमा भिजेर जानुभयो र केहीबेरमा कुखुराको मासु लिएर आउनुभयो । खाने तेल कम भएको हुँदा मैले पनि बाहिर पसलबाट खाने तेल एक (१) पोका लिएर आएँ । मासुलाई रोष्ट गरी पकाएँ । मासु थालमा तारेर राखेँ । फ्राइप्यानमा रोष्ट गरेर बाँकी रहेको तेल किचनको पश्चिमतर्फ र्‍याकमाथि राखेकी थिएँ । श्रीमान्‌ले तेत्रो छाता खोइ त ? भनी मलाई निहुँ खोज्यो, हामीबीचमा विवाद भयो, श्रीमान्‌ले मलाई पिट्नु भयो, मैले पनि लाता मुक्काले हानेँ । हामीबीच लछारपछार हुँदा जेठी सासुले झगडा नगर भन्नुभयो । म किचनको पूर्वतर्फको भुइँमा सिलौटामा अचार पिस्दै थिएँ । त्यस बेलामा किचनको पश्चिममा र्‍याकमाथि रहेको काठको मुस्लो निकाल्ने क्रममा सो मुस्लो नजिकै राखेको फ्राइप्यानको तेल घोप्टीयो र तातो तेल श्रीमान्‌को टाउको र शरीरमा पर्‍यो । श्रीमान् अत्तालिएर उपचार गर्न जानुभयो । कुन अस्पताल गए तत्काल थाहा भएन । पछि फोन गर्दा सम्पर्क भएन । भोलिपल्ट स्तुपा सामुदायिक अस्पताल उपचार गराएको थाहा पाएँ, सो अस्पतालमा जाँदा जाहेरवालीसमेत आएका रहेछन् । श्रीमान्‌को उपचार भइरहेको थियो । मिति २०६८।१।२५ गते पुनः म श्रीमान्‌लाई भेट्न भनी सो अस्पतालमा जाँदा श्रीमान्‌को अघिल्लो बेलुका नै मृत्यु भएको रहेछ भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) को बयान ।

लाक्पा देकी लामा (शेर्पा) समेतका परिवार मेरो घरको भुइँतलामा पूरै फ्ल्याट भाडामा लिई बस्दै आएका थिए । निजको श्रीमान् सार्की लामा कहिले

काहीँ आउने जाने गर्दा रहेछन् । निज काठमाडौं जिल्ला स्वयम्भू स्थितमा कान्छी श्रीमतीसँग बस्दा रहेछन्। मिति २०६८।१।२३ गतेका बेलुका म आफ्नै घरमा माथिल्लो तलामा कोठामा थिए, सो बेलुका अं. ११ बजेतिर हेर्दा केही देखिन र तल भुइँ तलातिर केटा मान्छे आत्तिएर कराएको सुनेँ के रहेछ भनी बाहिर हेर्दा केही देखिन र तल भुइँतलामा आई हेर्दा लाक्पा देकी लामाको कोठा अगाडि प्यासेजमा ठूलीमाया तामाङ थियो । अर्का एकजना भाइ ट्वाइलेट बाथरूमबाट निस्कँदै थियो । लाक्पा देकी लामा पनि देखिन के भयो भनी सोध्दा निजहरूले लाक्पा देकी लामाले सार्की लामालाई खाने तेल तताएर खन्याई दियो भनेर भनिन्। म किचनमा गई हेर्दा किचनमा चूलोमा एकातर्फ ग्याँस बलिरहेको थियो र मैले ग्याँस निभाएँ, त्यसपछि मैले पनि सामान्य होला भनेर रातिको समयमा हल्ला नगर्नुहोस् भनी आफ्नो कोठातिर आएर सुतेँ। भोलिपल्ट बिहान हल्ला खल्ला सुनेँ बेलुका लाक्पा देकी लामाले एक पोका खाने तेल तताएर सार्की लामालाई टाउकोबाट शरीरमा खन्याई दिएको र सार्की लामा घाइते भई उपचार गर्न स्तुपा सामुदायिक अस्पताल गएका रहेछन् । उपचार गराउँदा गराउँदै निजको मिति २०६८।१।२४ गतेका बेलुका मृत्यु भएको रहेछ भन्नेसमेत व्यहोराको नाम्म्याल शेर्पाको कागज।

म काठमाडौं जिल्ला स्वयम्भू स्थित सार्की लामाको घरको भुइँतला कोठामा भाडामा बस्दै आएको छु । मिति २०६८।१।२३ गतेका बेलुका राति अं. ११ बजेतिर सार्की लामाको कान्छी श्रीमती छिरिङ लाबु लामाले श्रीमान् तेलले जलेर बौद्ध स्थित स्तुपा सामुदायिक अस्पतालमा उपचारार्थ छ रे मेरो साथी जाउँ भनेपछि मसमेत जाहेरवालीसँग बौद्ध स्थित स्तुपा सामुदायिक अस्पतालमा आएँ । अस्पतालमा ईमरजेन्सीमा सार्की लामा उपचार गराई रहेको थियो । टाउकोसमेतमा तातो तेलले पोलेर घाइते भएको थियो । घटना कसरी भएको हो भनी सोध्दा लाक्पा देकी लामाले बेलुका राति खाने तेल तताएर खन्याई दियो भनेर भन्नुभयो । त्यसपछि घटनाका बारेमा बुझ्दा मिति २०६८।१।२३ गतेका बेलुका काठमाडौं जिल्ला जोरपाटी ३ स्थित लाक्पा देकी लामा (शेर्पा) को कोठामा निजले सार्की लामालाई तातो तेल खन्याई दिएको रहेछ, तेलले पोली उपचार गर्न उक्त अस्पतालमा आएका रहेछन्। उपचार गराउँदै मिति २०६८।१।२४ गतेका बेलुका मृत्यु भएको हो भन्नेसमेत व्यहोराको डोमा लामाको कागज।

सार्की लामाको मृत्युको कारण Scalds भन्ने पोष्टमार्टम रिपोर्ट।

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का, चश्मदिद गवाह ठूलीमाया लामा र अक्कलमान तामाङको कागज, घटनास्थल प्रकृति मुचुल्का अक्कलमान तामाङको घाउजाँच केस फारम रिपोर्ट, नाम्म्याल शेर्पा र डोमा शेर्पाको कागज र पोष्टमार्टम रिपोर्टसमेतका तथ्य आधार प्रमाणहरूबाट प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) ले मिति २०६८।१।२३ गतेका बेलुका निजको आफ्नै किचन कोठामा सार्की लामासँग विवाद, झगडा गरी मनमा रिसइवी लिई सार्की लामाको ज्यान लिने मनसायले १ प्याकेट खाने तेल फ्राइप्यानमा तताई सो तातो खाने तेलले सार्की लामाको टाउकोदेखि शरीरमा समेत खन्याई उक्त तातो तेलले पोली जली सार्की लामा गम्भीर घाइते भएकोमा उपचार गराउँदा गराउँदै निजको मिति २०६८।१।२४ गतेका बेलुका अं. २२.०० बजे मृत्यु भएकोले निज प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) ले गरेको उक्त कसुरजन्य कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. मा परिभाषित १३(३) बमोजिमको कसुर अपराध हुँदा निज प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) लाई सोही ऐन महलको १३(३) बमोजिम सजाय हुन मागदाबी लिई सक्कल मिसिल र प्रतिवादीलाई यसै अभियोग

पत्रसाथ प्रस्तुत गरिएको व्यहोरा अनुरोध गरिएको छ भन्नेसमेत व्यहोराको अभियोग पत्र ।

जाहेरी दरखास्त सुनी पाएँ सोको व्यहोरा झुठा हो मेरो साँचो व्यहोरा यो छ कि मिति २०६८।१।२३ गतेका दिन बेलुका मेरो कोठामा पाहुना आएकाले कुखुराको मासुको रोष्ट बनाई बाँकी रहेको तातो तेल न्याकमा राखेकी थिएँ । मेरो लोग्ने सार्की लामाले मलाई लट्ठीले कुट्न खोजी न्याकबाट लट्ठी निकाल्दा उक्त तेल उनको शरीरमा पर्न गई निज घाइते भएका हुन् । त्यसपछि मैले निजको शरीरमा चिसो पानी खन्याई दिएपछि उनी बौद्ध स्तुपामा उपचार गर्न गई सोको भोलिपल्ट निज सार्की लामाको मृत्यु भएको हो । मैले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान सुनी पाएँ सोमा भएको सहिछाप र बयान व्यहोरा मेरो हो । अभियोग पत्र पढी बाची सुनी पाउँदा सुनी पाएँ सोमा उल्लेख भएअनुसारको मैले केही गल्ती कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) ले सुरू अदालतसमक्ष गरेको बयान ।

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादी कसुरदार होइनन् भन्न सकिने अवस्था नहुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल पुर्पक्षको लागि यी प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) लाई मुलुकी ऐन, अ.बं.१२१ नं. बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाई दिने गरी मुलुकी ऐन अ.बं. १२४(ग) नं. बमोजिम यो आदेश पर्चा गरी दिएँ भन्नेसमेत व्यहोराको मिति २०६८।२।२० को थुनछेक आदेश ।

प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) ले मृतक सार्की लामालाई तेल तताएर निज मृतकको टाउकोमा तातो तेल खन्याई मारेको होइन, त्यसमा मलाई विश्वास लाग्दैन । प्रतिवादी र मृतकबीच राम्रो सम्बन्ध थियो । निजहरूबाट झगडा भएको थिएन भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) का साक्षीहरू डोमाडिकी शेर्पा र पेम्बा शेर्पाले अदालतमा आई गरेको एकै मिलानको बकपत्र कागज ।

मृतक सार्की लामाले प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) लाई कुटपिट गर्न खोज्दा सार्की लामा दराजमा ठोक्किन गई दराजमाथि कराईमा राखिएको तातो तेल निज सार्की लामाको टाउकोमा घोप्टन गई पोलेपछि भाइ आफैँ भागी उपचार गर्न अस्पताल गएको हो । रिसको झोँकमा मिति २०६८।१।२५ मा मैले कागज लेखाएको हो । सोमा भएको सहिछाप मात्र मेरो हो के-के लेखी सही गराए मलाई थाहा छैन भन्नेसमेत व्यहोराको घटना विवरण कागजका साक्षी ठूलीमाया तामाङले गरेको बकपत्र कागज ।

प्रतिवादीको कर्तव्यबाटै मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्छ । घटनाको अवस्था परिस्थिति तथा पूर्वरिसइवी नभएकोसमेतका आधार प्रमाणबाट यी प्रतिवादीलाई उपर्युक्तबमोजिम हदैसम्मको सजाय गर्दा चर्को हुने भई घटी सजाय हुनुपर्ने उचित देखेकोले कैद वर्ष ७ मात्र हुने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।५।२१ को फैसला ।

न्याकमाथि तताएर राखिएको तातो तेल पोखिएर मृतकको टाउकोमा पर्न गएको हो । यो वारदात कर्तव्य नभई दुर्घटना भएको कुरा मिसिल संलग्न कागजातबाट पुष्टि भइरहेको घटना र तथ्यको सही विवेचना तथा विश्लेषण नगरी मलाई कसुरदार ठहर गर्ने गरी भएको सुरू अदालतको फैसला फौजदारी कानून न्याय तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएकोले बदर गरी न्याय दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीको पुनरावेदन अदालत, पाटनमा दिएको पुनरावेदन जिकिर ।

यसमा मृतक सार्की लामाको मृत्यु कर्तव्यबाट भएको हो वा होइन भन्ने सम्बन्धमा प्रतिवादी लाक्पा डिकी लामा शेर्पा अनुसन्धान तथा अदालतमा समेत कसुरमा इन्कार रहेकी र प्रत्यक्षदर्शी भनिएकी मृतककी दिदी ठूलीमाया तामाङले अदालतसमक्ष गरेको बकपत्रसमेतको प्रमाणको मूल्याङ्कनको रोहमा सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।५।२१ गतेको फैसला फरक पर्नसक्ने देखिँदा छलफलको निमित्त अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत, नियमावली, २०४८ को नियम ४७ बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनलाई पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।२९ को आदेश।

माथि उल्लिखित जाहेरीको व्यहोरा, लास जाँच प्रकृति मुचुल्का, घटनास्थल मुचुल्का र अनुसन्धानको क्रममा बुझिएका ठूलीमाया तामाङसमेतले गरेको कागजसमेतबाट मृतकको मृत्यु तातो तेल टाउको तथा शरीरको भागमा पर्न गई उपचारको क्रममा सोही कारणबाट स्तुपा सामुदायिक अस्पतालमा भएको भन्ने कुरामा विवाद देखिएन। अब उक्त घटना के कसरी घट्न गएको रहेछ, मृतकलाई यी प्रतिवादीले टाउकोमा तातो तेल खन्याई दिएको कारण उक्त घटना भएको हो होइन भन्नेतर्फ विचार गर्दा, मृतक र प्रतिवादी श्रीमान् श्रीमती भएको कुरामा विवाद देखिँदैन। मृतकका प्रतिवादीसहित दुई श्रीमती भएको र प्रतिवादी जेठी श्रीमती भएको कुरामा पनि विवाद देखिँदैन । वारदात भएको दिन अर्थात् मिति २०६८।१।२३ गतेका दिन मृतक यी प्रतिवादी बसेको कोठामा गएको भन्ने कुरामा पनि विवाद देखिँदैन। उक्त कोठामा घटना घट्दाको समयमा अक्कलमान तामाङ र ठूलीमाया तामाङ पनि रहे भएको भन्ने देखिन्छ। प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा उक्त वारदातको दिन आफ्नो कोठामा जेठी सासु र निजको ज्वाईं आएका, घरमा खाना पकाई राखेकी थिएँ। तरकारी ल्याइदिनुस् भनी श्रीमान्लाई भनेपछि पानी परेकोले पानीमा रूझ्दै श्रीमान्ले तरकारी कुखुराको मासु लिएर आउनुभयो। मैले आफैँ गएर एक लिटर तेल रोष्ट बनाउन ल्याए, रोष्ट बनाएँ। उभ्रेको तातो तेल किचनमा भएको काठको च्याकमाथि राखेँ। श्रीमान्ले मलाई छाता किनेको कता राखिस् भन्दा सोही विषयमा धकेला धकेल मुक्कामुक्की भयो। म अचार पिस्न लागेको बेलामा मृतकले आज कि यसलाई मार्छु कि छोरालाई मार्छु भनी फ्राइप्यानसहितको सो तेल मृतकको टाउकोमा घोप्टियो। चिसो पानी छर्कें। त्यसपछि श्रीमान् उपचार गराउन भनी निस्के। केहीबेरमा मैले जाहेरवाला कता हुनुहुन्छ भनी फोन गरेँ। जाहेरवालीले के मतलब भनी राखी दियो। भोलिपल्ट श्रीमान्लाई फोन गर्दा स्तुपा सामुदायिक अस्पतालमा उपचार गराउँदै छु भन्नुभयो। जाहेरवाली र निजका आफन्त पनि थिए। मलाई श्रीमान्सँग भेट गर्न दिएन। भोलिपल्ट मिति २०६८।१।२५ गते अस्पतालमा जाँदा ऐ. २४ गते बेलुका नै श्रीमान्को मृत्यु भएको रहेछ भनी बयान गरेको पाइन्छ। प्रतिवादीको उक्त बयानबाट पनि मृतकको मृत्यु तातो तेल टाउकोमा पर्न गएको कारणबाट नै भएको हो भन्ने देखिन्छ। अस्पतालबाट झिकाइएको मिसिल संलग्न कागजबाट पनि मृतकको मृत्यु तातो तेलले पोलेको कारणले उपचार हुँदाहुँदै मृत्यु भएको हो भन्ने देखिन्छ।

मृतकको मृत्यु प्रतिवादीले नै तातो तेल टाउकोमा खन्याएको कारणले भएको हो वा प्रतिवादीको बयानमा उल्लेख गरे जस्तो फ्राइप्याननजिक राखेको आलु कुट्ने मुस्लो तान्ने क्रममा फ्राइप्यानसहितको मृतकको टाउकोमा घोप्टिएको कारणले भएको हो भन्नेतर्फ विचार गर्दा घटनास्थल तत्काल रहेका मानिसहरूले मौकामा माथि उल्लेख गरेअनुसार गरेको कागजबाट यी प्रतिवादीले नै तेल खन्याएको

भन्ने देखिन्छ । मिति २०६८।१।२३ मा तातेको तेल टाउकोमा परेको कारण ऐ. २४ गते मृतकको मृत्यु भएको कुरामा विवाद देखिँदैन ।

घटनास्थलको प्रकृति, लास जाँच प्रकृति मुचुल्का, मौकामा घटना देख्ने व्यक्तिहरूले गरेको माथि तथ्य खण्डमा उल्लिखित कागजहरूबाट यी प्रतिवादीले नै मृतकको टाउकोमा तातो तेल खन्याई दिएको भन्ने नै पुष्टि हुन आएको देखिँदा सुरू जिल्ला अदालतले यी प्रतिवादीलाई कसुरदार ठहर गर्दा उल्लेख गरेको आधार प्रमाणलाई अन्यथा भन्न मिल्ने देखिन आएन । सुरू जिल्ला अदालतले मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम ७ वर्ष मात्र सजाय गर्नको लागि राय लगाएको तर्फ विचार गर्दा यी प्रतिवादी र मृतकका बीचमा तत्काल झगडा पर्न गएको भन्ने माथि उल्लिखित तत्काल वारदातस्थलमा भएका मानिसहरूले गरिदिएको कागजबाट देखिन्छ । वारदात हुनुभन्दा अगाडि मासु पकाई खान खोजेको अवस्था देखिन्छ । लोग्ने स्वास्नीको बीचमा मृतक लोग्नेलाई मार्नु नै पर्नेसम्मको अवस्था मिसिलबाट देखिएको छैन । तैपनि मार्ने व्यक्ति यी प्रतिवादी नै हो भन्ने माथि विवेचित आधार प्रमाण र परिस्थितिबाट देखिएकोले अपराध हुँदाको सम्पूर्ण अवस्थालाई विचार गर्दा कसुरदार यी प्रतिवादीलाई ऐनबमोजिम सजाय दिँदा चर्को हुनेजस्तो देखी सुरू जिल्ला अदालतले अ.बं. १८८ नं. बमोजिम ७ वर्ष मात्र कैद हुनका लागि लगाएको रायलाई परिवर्तन गर्नुपर्ने अवस्था देखिएन। यसरी माथि उल्लेख गरेअनुसार सुरू जिल्ला अदालतबाट भएको फैसलालाई परिवर्तन गर्नुपर्ने सम्मको अवस्था देखिएन । पुनरावेदक प्रतिवादीले कसुरमा इन्कारी छु, अदालतमा वादी पक्षले प्रमाण पेस गर्न सकेको छैन । सुरूको फैसला नमिलेकोले बदर गरी सफाई पाउँ भन्नेसमेत व्यहोराको माथि तथ्य खण्डमा उल्लिखित लिएको जिकिरतर्फ हेर्दा यी प्रतिवादीको पति मृतक तातो तेलकै कारण मरेकोमा विवाद छैन । परिस्थितिजन्य प्रमाणबाट त्यो तातो तेल यी प्रतिवादीले नै खन्याएको भन्ने देखिन आएको छ । मौकामा कागज गर्ने व्यक्तिहरूले त्यही कुरा भनेका छन् । निजहरूको मौकाको कागजलाई विश्वास गर्नपर्ने अवस्था देखिएको छ । जाहेरवालीले अदालतमा बकपत्र गर्न नआए पनि ती चश्मदिद गवाह नभएको हुँदा र अन्य प्रमाणको आधारमा कसुर ठहर भएकोले यी प्रतिवादीको माथि उल्लिखित पुनरावेदन जिकिर र निजको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन सकिएन ।

तसर्थ, माथि विवेचना गरिएको जाहेरीको व्यहोरा, लास जाँच प्रकृति मुचुल्का, घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकामा बुझिएका मानिसले गरेको कागज, यी प्रतिवादीले स्वीकार गरेका तथ्यसमेतका आधार प्रमाणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) लाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ वर्षको कैद हुनको लागि राय लगाई गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०७०।८।१८ को फैसला ।

प्रस्तुत मुद्दामा म पुनरावेदिका प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) को वारदातमा कुनै संलग्नता छैन भनी घटनाको यथार्थ सत्य विवरण मौकामा नै बयान क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको र अदालतसमक्ष बयान गर्दासमेत सोही यथार्थ सत्य साँचो व्यहोरा खुलाई बयान गरेको अवस्था छ । मबाट उक्त वारदातमा मृतकको ज्यान लिने किसिमको कुनै कार्य भएको थिएन, छैन । उक्त वारदातमा मैले मृतकलाई तेल खनाएको भन्ने कुरा कुनै प्रमाणले पुष्टि छैन । उक्त घटना एक दुःखद् दुर्घटना मात्र हो । सो दुर्घटनापश्चात् मृतकलाई तेलले पोलेकोमा उक्त पोलेको

ठाउँहरूमा मैले हत्तपत्त चिसो पानी हालिदिएको अवस्था थियो । यदि मृतकलाई मैले मार्ने नियतले तेल खनाएको भए मृतकलाई पोलेको ठाउँमा किन चिसो पानी हाली माया दया दर्साउने थिएँ र सोतर्फ न्यायकर्ताले ध्यानदृष्टि दिएको पुऱ्याएको अवस्था छैन । तरकारी पकाई बाँकी रहेको ऱ्याकमा राखिएको तेलमा मृतक आफैँ ठोक्किएर उक्त तेल निजको टाउको तथा शरीरमा आफैँ पोखिएकोमा सोतर्फ विचार नगरी मृतकलाई मार्नकै लागि तेल तताएको र खन्याई दिएको भन्ने हचुवा र अनुमानको भरमा न्यायकर्ता भावनामा बगी एकाङ्की भई आत्मनिष्ट किसिमले सुरूको फैसलालाई यथावत् सदर गरेको पुनरावेदन अदालत, पाटनको उक्त फैसला कानून, व्यवहार र न्यायका मान्य सिद्धान्तसमेतको विपरीत रहेको छ ।

प्रस्तुत मुद्दामा पुनरावेदिका प्रतिवादीलाई प्रहरीले पक्राउ गरी ल्याएको अवस्था नभई म आफैँ नै महानगरीय प्रहरी वृत्त बौद्धमा पतिको अवस्था बुझ्न गएको थिएँ । यदि मैले मृतकलाई नियतवश उक्त वारदात घटाएको भए म भाग्ने उम्कने थिएँ । त्यहाँ जाहेरवाली सौताले जाहेरी दिई निजले नै मलाई प्रस्तुत मुद्दामा षड्यन्त्रपूर्वक फसाइएको कुरा बुझिएका व्यक्ति ठूलीमाया तामाङले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट समेत पुष्टि भएको अवस्था एकातिर छ भने अर्कोतिर निज जाहेरवालीलाई बकपत्रका लागि अदालतबाट पटकपटक अ.बं. ११५ नं. बमोजिम झिकाउँदासमेत निज उपस्थित नभएको र अदालतबाट निजलाई रू.५०।– जरिवानासमेत हुनुले पनि सो जाहेरी झुट्ठा भएको पुष्टि हुन्छ । मृतकले सामान्य कुरामा विवाद गरेको र उक्त विवादमा सामान्य भनाभन भएको र त्यहाँ भएका पाहुनाले झगडा नगर भनेपछि आफू चुप लागेर अचार पिस्न बसेकोमा मादक पदार्थसमेत सेवन गरेका मृतक नै किचन ऱ्याकमा रहेको आलु पिस्ने मुस्लोले मलाई पिट्नका लागि झिक्ने क्रममा आफैँ एक्कासी ठोक्किई फ्राइप्यानमा तरकारी पकाएर बाँकी रहेको तातो तेल पोखिन गई मृतकलाई पोली उपचारका लागि निज स्वयं नै बौद्ध पीपलबोट स्थित स्तुपा सामुदायिक अस्पताल गएको हो जुन कुरा मैले मौकामा र अदालतमा समेत बयानमा खुलाएको छु । अभियोग दाबीबमोजिम निज मृतकलाई मार्नकै लागि भनी मैले पूर्व तयारीका साथ बजारबाट तेल ल्याई तताई मृतकको शरीरमा खनाई दिएको होइन । जुन कुरा सरासर झुट्ठा हो । जाहेरी दरखास्तमा जे भन्यो त्यो नै एक मात्र प्रमाण होइन । त्यसलाई मात्र प्रमाणमा लिन नमिल्ने भनी धेरै सिद्धान्तहरू प्रतिपादन भएका छन् । मृतकलाई मार्नुपर्नेसम्मको कुनै मनसाय, पूर्वरिसइवी, तयारिसमेत केही छैन । सो कुरा पुष्टि हुने कुनै ठोस, वस्तुनिष्ठ प्रमाण अभियोजन (वादी) पक्षले पेस दाखिला गर्न सकेको अवस्था छैन । सो पुष्टि गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ ले वादीको हुने प्रष्ट कानूनी व्यवस्था छ । मौकामा बुझिएका व्यक्तिले गरेको कागजलाई प्रमाणमा लिन मिल्दैन किनकी उक्त कागज गर्ने व्यक्तिले अदालतमा आई बकपत्र गरेको अवस्था छैन । केवल शंकाको भरमा किचेनको ऱ्याक र मानिसको हाइटलाई तुलना गरी दाँजी हचुवा किसिमले सतहीरूपमा तेल पोखिन नसक्ने भनी अनुमान गरी घटनाको समग्र अवस्था र परिस्थितिको समेत समुचित मूल्याङ्कन र विश्लेषण नै नगरी हचुवाका आधारमा अभियोग दाबीबमोजिमको हदैसम्मको सजाय सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।५।२१ मा भएको फैसलालाई नै यथावत सदरै गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।८।१८ मा भएको फैसला त्रुटिपूर्ण भएको प्रष्टै हुँदा उक्त फैसला उल्टी भई अभियोग दाबीबाट सफाई पाउनु पर्दछ ।

म निर्दोष व्यक्तिमाथि जाहेरवाली सौताले आफ्नो प्रतिशोध साँध्नका लागि हचुवाका भरमा मेरो विरूद्धमा रिसइवीकै कारणले जाहेरी दिएको र उक्त

जाहेरी व्यहोरालाई अदालतमा उपस्थित भई बकपत्र गरी प्रमाणित गरेकी छैन । त्यसैगरी प्रत्यक्षदर्शीका रूपमा रहेको बुझिएका मानिसहरू मध्येकी ठूलीमाया तामाङले अदालतमा उपस्थित भई वारदातमा मैले मृतकलाई तातो तेल हालेको होइन भनी प्रष्टरूपमा गरेको बकपत्रबाट खुलाएको कुरासमेतको परिस्थितिजन्य प्रमाणतर्फ न्यायकर्ताले ध्यानदृष्टि नै नदिई केवल यान्त्रिक किसिमले भावनामा बगी मानवीय संवेदना एवं विवेकपूर्ण किसिमले न्यायको रोहमा फैसला गर्नुपर्नेमा मुद्दाको तथ्य तथा प्रमाणहरूको समुचित मूल्याङ्कन नै नगरी म जस्तो अबला, निर्दोष महिलालाई कर्तव्य ज्यान जस्तो गम्भीर फौजदारी मुद्दामा ऐनबमोजिम हदैसम्मको सजाय गर्ने गरी भएको फैसला नै यथावत् सदर भएको पुनरावेदन अदालत, पाटनबाट भएको फैसलासमेत मिलेको छैन।

प्रस्तुत मुद्दामा मेरातर्फका साक्षीहरू तथा चश्मदिद गवाहकीरूपमा रहेकी ठूलीमाया लामाले बकपत्र गर्दा प्रष्टरूपमा मृतकलाई मैले नै तेल खनाई दिएको नभई मृतक स्वयम् नै किचेनको न्याकमा राखेको तातो तेल घोप्टिई मृतकलाई पोलेको र दुर्घटना भएको सत्य यथार्थ कुरालाई न्यायकर्ताबाट मनन नगरी बेवास्ता भएको अर्थात् उक्त वारदातमा चश्मदिद गवाहको रूपमा रहेकी ठूलीमाया तामाङको बकपत्रसमेतको प्रत्यक्ष प्रमाणलाई अवमूल्यन भई मलाई कर्तव्य ज्यान जस्तो गम्भीर संगीन फौजदारी अपराधमा अनुमान र हचुवाकै भरमा कसुरदार ठहर गरी हदैसम्मको सजाय गर्नु न्याय, कानून तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत भई त्रुटिपूर्ण, कानून प्रतिकूलको उक्त फैसलाहरू उल्टी गरी प्रस्तुत पुनरावेदन जिकिरबमोजिम उक्त अभियोग दाबीबाट सफाई दिलाई पाउनु पर्दछ।

अतः प्रस्तुत मुद्दामा म पुनरावेदिका प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर अपराध नगरेको, घटनाको व्यहोरा अधिकारप्राप्त अधिकारी तथा सम्मानित अदालतसमक्ष समेत तथ्यमा कुनै फरक नपारी कसुरमा पूर्ण इन्कार रही बयान गरेको, मेरो उक्त इन्कारी बयान गरेको कुरालाई मेरातर्फका साक्षी तथा चश्मदिद गवाहका रूपमा उक्त मितिका दिन मृतकसँग पाहुना लाग्न आएकी ठूलीमाया तामाङसमेतले अदालतसमक्ष उपस्थित भई बकपत्र गरी मृतक मेरो भाइ हुन्, निज आफैँ नै न्याकमा ठोक्किएको र तेल घोप्टिई निज मृतकलाई पोली उक्त दुर्घटना भई दुःखद् निधन भएको भनी गरेको बकपत्रलाई प्रमाणको रूपमा ग्रहण नै नगरी मलाई हदैसम्म सजाय गर्ने गरेको फैसला नमिलेको, जाहेरी दिने जाहेरवाली पटकपटक अदालतबाट बोलाउँदासमेत अटेर गरी सत्य कुरा खुल्ने डरले बकपत्रका लागि अदालतमा उपस्थित भएकोसमेत अवस्था छैन । अदालतमा उपस्थित नभएकै कारण निजलाई रू.५०।– जरिवानासमेत भएको अवस्था छ । मृतकलाई मार्ने नियत भएको भए घटनापश्चात् तत्काल निज मृतकलाई चिसो पानी खन्याई दिएको अवस्था छ । तसर्थ मिसिल संलग्न सम्पूर्ण कुराहरूले मैले नै वा मेरै कर्तव्यबाट मृतक पतिको मृत्यु भएको भन्ने कुनै ठोस सबुद प्रमाणको अभावमा केवल शंका तथा अनुमानकै भरमा न्यायकर्ता कठोर बनी फैसला गरेको अवस्था छ, जुन त्रुटिपूर्ण अन्यायपूर्ण छ । माथिका प्रकरणमा लिएका जिकिरहरू तथा शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेत विपरीत भएको काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।५।२१ मा भएको फैसलालाई यथावतै सदर कायम गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।८।१८ मा भएको फैसला कानून, फौजदारी न्यायका मान्य सिद्धान्तहरू प्रतिकूलको हुँदा उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई दिलाई न्याय पाउँ भन्ने व्यहोराको प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) को पुनरावेदन जिकिर।

प्रस्तुत मुद्दामा प्रतिवादीले मृतकउपर तातो

तेल खन्याई दिएको भन्ने व्यहोरा लेखाउने ठूलीमाया तामाङले अदालतमा बकपत्र गर्दा मृतक सार्की लामाले प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) लाई कुटपिट गर्न खोज्दा सार्की लामा दराजमा ठोक्किन गई दराजमाथि कराईमा राखिएको तातो तेल निज सार्की लामाको टाउकोमा घोप्टन गई पोलेपछि भाइ आफैँ भागी उपचार गर्न अस्पताल गएको हो। रिसको झोँकमा मिति २०६८।१।२५ मा मैले कागज लेखाएको हो । सोमा भएको सहिछाप मात्र मेरो हो के-के लेखी सही गराए मलाई थाहा छैन भनी लेखाउनु भएकी हकमा माथि नै भनियो ऱ्याकमा रहेको तेल मृतकको टाउको आदि माथिल्लो भागमा पोखिने कुरा परिस्थितिजन्य प्रमाण र स्वाभाविक अनुमानयोग्य छैन । मौकाको कागज रिसको झोँकमा लेखाएकी भन्ने निज ठूलीमायाको जिकिरको हकमा कोसँग कुन कुरामा रिस उठ्यो सो खुल्दैन । मृतककै कारणले तेल खसेको भए मृतकसँग पो रिस उठ्नु पर्थ्यो। त्यस्तो अवस्थामा प्रतिवादी विरूद्ध कागज किन गर्नु पऱ्यो विचारणीय छ । साक्षी ठूलीमायाको कागज घटनाक्रमसँग सिलसिलाबद्धरूपमा आबद्ध छ जबकि निजको बकपत्र घटनाक्रमसँग बिलकुल मेल खाँदैन। यस अवस्थामा सुरू र पुनरावेदन अदालतले झैं यो अदालत पनि निजको बकपत्रलाई अविश्वसनीय मान्दछ।

प्रतिवादीको मौकाको र करिब करिब सोही मिलानको अदालतको बयानमा श्रीमान् अत्तालिएर उपचार गर्न जानुभयो कुन अस्पताल गए तत्काल थाहा भएन। पछि फोन गर्दा सम्पर्क भएन। भोलिपल्ट स्तुपा सामुदायिक अस्पताल उपचार गराएको थाहा पाएँ, सो अस्पतालमा जाँदा जाहेरवालीसमेत आएका रहेछन् । श्रीमान्को उपचार भइरहेको थियो । मिति २०६८।१।२५ गते पुनः म श्रीमान्लाई भेट्न भनी सो अस्पतालमा जाँदा श्रीमान्को अघिल्लो बेलुका नै मृत्यु भएको रहेछ भनी उल्लेख भएको व्यहोराबाट मृतकउपर तातो तेल परेपछि प्रतिवादीले मृतकको उपचारमा कुनै चासो लिएकी देखिँदैन।

मिसिलका यी सबै वस्तुस्थितिले प्रतिवादी विरूद्धको अभियोग दाबीलाई प्रमाणित गरेको र सो प्रमाणहरू असङ्गत रहेको भनी प्रतिवादीले प्रतिप्रमाण गुजार्न सकेको नदेखिएकोले पुनरावेदन अदालत, पाटनसमेतको फैसला उल्टी गरी सफाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।८।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।

जहाँसम्म घटनाको अवस्था, परिस्थिति तथा पूर्वरिसइवी नभएको समेतका आधार प्रमाणबाट यी प्रतिवादीलाई कैद वर्ष ७ मात्र हुने ठहर्छ भन्ने सुरू र पुनरावेदन अदालतले मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायको सवाल छ मुलुकी ऐन अ.बं. १८८ नं. आकर्षित हुनुपर्छ भन्ने प्रतिवादीले वारदात घट्ने एक वा महत्त्वपूर्ण कारण मृतकको व्यवहार भएको कुराको पुष्टि गर्नु अनिवार्य हुन्छ । वारदात घट्नुमा मृतकको गल्ती र पीडित त्यसबाट निर्णायक हिसाबले प्रभावित भएको पनि देखिनै पर्छ । मृतकको गल्ती र प्रतिवादीको प्रतिक्रियाबीच सन्तुलन मिल्नु पनि आवश्यक हुन्छ। पति पत्नीका बीचमा घरायसी कुरामा सोधपुछ र विवाद हुने कामकुरा सामान्य व्यवहारभित्र पर्छ । त्यसक्रममा यदाकदा झगडा र कहिलेकाहीँ शारीरिक कुटपिट पनि हुन सक्छ । तर त्यसको प्रतिक्रिया यो हदसम्म हुनु भएन । मृतकले प्रतिवादीलाई कुटपिट आदि गरी हेरविचार नगरेको र प्रतिवादीले सबैथोक सहेर बसेकी देखिँदैन। यिनी अलग्ग फ्ल्याट लिएर बसेकी छिन्। विवादको क्रममा यीनले पनि मृतक श्रीमान्लाई कुटेकी छिन्। कुरा बराबरीमा थियो। प्रतिवादीबाट मृतकउपर

छलपूर्वक तातो तेल खन्याउने काम हुनु भनेको धोखा हो । आपराधिक मनसाय हो । तातो तेलले जिउ पोलेपछिको पीडाको वर्णन शब्दबाट हुँदैन । यो भनेको निक्कै यातनापूर्ण मृत्यु हो । त्यसपछि पनि प्रतिवादीले मृतकलाई कुनै हेरविचार गरेकी देखिँदैन । अन्तिम समयसम्म मृतकलाई आफूले तातो तेल खन्याएकी होइन आफैँ पोखिएको हो भनी अदालतलाई ढाँट्ने काम भएको छ । के आधारमा राय लगाउने? अतः प्रतिवादीलाई कैद वर्ष ७ हुने भनी पुनरावेदन अदालत, पाटनसमेतले व्यक्त गरेको रायसँग सहमत हुन सकिएन भन्ने यस अदालतबाट मिति २०७२।८।७ मा भएको फैसला।

म प्रतिवादीले अनुसन्धान र अदालतसमक्ष भएको यथार्थ व्यहोरा खुलाई बयान गरेको मैले मृतकलाई तेल खन्याएको भन्ने कुनै प्रमाणबाट पुष्टि भएको छैन । मासु रोष्ट गरी बचेको बाँकी तेल न्याकमा राखेको अवस्थामा तेल आफैँ पोखिएर पोलेको शरीरमा मैले चिसो पानी हालिदिएको अवस्थालाई विचार नै नगरी मृतकउपर छलपूर्वक तातो तेल खन्याउने काम हुनु भनेको धोखा हो । आपराधिक मनसाय हो र यातनापूर्ण मृत्यु हो भनी कसुर ठहर गरी पुनरावेदन अदालतबाट फैसला भई अ.बं. १८८ नं. बमोजिम ७ वर्ष कैद गर्ने गरी भएको फैसलालाई उल्टी गरी सफाई पाउनु पर्दछ । चश्मदिद गवाहको रूपमा रहेकी ठुलीमाया लामाले बकपत्र गर्दा मृतक स्वयम् नै किचेन न्याकमा ठोकिँदा तातो तेलले पोलेको भनी गरेको बकपत्रलाई प्रमाणमा लिनुपर्नेमा नलिएको, मेरो कर्तव्यबाट मृतक पतिको मृत्यु भएको भन्ने प्रमाण केही नभएको, वादी पक्षले प्रमाण पुऱ्याउन नसकेको अवस्थामा शंकाको सुविधा प्रतिवादीले पाउने फौजदारी न्यायको सिद्धान्तविपरीत मलाई कसुरदार ठहर गरी भएको सम्मानित अदालतको मिति २०७२।८।७ को फैसला उल्टी गरी सफाई पाउन पुनरावलोकनको अनुमति पाउँ भन्ने प्रतिवादीको यस अदालतमा परेको पुनरावलोकनको निवेदन।

यसमा मौकामा कागज गर्ने ठुलीमाया तामाङले अदालतमा बकपत्र गर्दा प्रतिवादी लाक्पा देकी लामा शेर्पाले बयान गरेको कुरालाई नै समर्थन हुने गरी बकपत्र गरिदिएको र जाहेरवालीलाई अ.बं. ११५ नं. बमोजिम झिकाउँदासमेत अदालतमा आई बकपत्र गरी आफ्नो जाहेरी व्यहोरालाई समर्थन गर्न सकेको अवस्था देखिँदैन भने अन्य वस्तुनिष्ठ प्रमाणबाट वादीको दाबी प्रमाणित भएको अवस्थासमेत विद्यमान नदेखिँदा राम अयोध्या सहनीको जाहेरीले नेपाल सरकार विरूद्ध फटक भन्ने अनुप सहनीसमेत भएको कर्तव्य ज्यान मुद्दा (*ने.का.प.* २०६५, अंक ४ नि.नं. ७९५३) मा प्रतिपादित सिद्धान्तको प्रतिकूल देखिएकोले साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) र प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ११(१)(ख) को अवस्था विद्यमान रहेकोले पुनरावलोकनको अनुमति प्रदान गरिएको छ । विपक्षीलाई सोको सूचना दिई नियमबमोजिम गर्नु भन्ने यस अदालतबाट मिति २०७३।१०।१४ मा भएको आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरियो।

पुनरावेदिकाका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामप्रसाद ढुंगेलले मृतक न्याकमा ठोक्किँदा न्याकमा रहेको तातो तेल पोखिएर निजको टाउकोसमेतमा परेबाट निजको मृत्यु भएको भनी प्रतिवादीले मौकामा र अदालतमा बयान गर्नु भएकी छ । प्रतिवादी न्याकमा ठोक्किएबाट निजको टाउको लगायतको अंगमा तातो तेल परेको भनी अदालतमा गरेको बकपत्रसमेतबाट वादीले अभियोग दाबीलाई शंकारहित तवरबाट प्रमाणित गर्न सकेको छैन । शंकाको सुविधा अभियुक्तले पाउने हुँदा पुनरावेदिका प्रतिवादीलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू अदालतको फैसला र त्यसलाई

सदर गरेको पुनरावेदन अदालत, र यस अदालतबाट सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहरी भएको फैसला उल्टी गरी पुनरावेदिकालाई सफाई दिलाई पाउँ भनी बहस गर्नुभयो । प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री गणेशबाबु अर्यालले प्रतिवादीले आफ्नो श्रीमान्लाई कुखुराको रोष्ट बनाउन भनेर श्रीमान्ले ल्याइदिएको तेल तताई श्रीमान्लाई खन्याएको तथ्य स्थापित भएको छ । प्रतिवादीले जिकिर लिए जस्तै र्‍याकबाट तातो तेल पोखिई श्रीमान्लाई पोलेको अवस्था भए यी प्रतिवादीले आफैँले उपचार गराउन लग्नु पर्नेमा सो गरेको नदेखिएको, वारदातको भोलिपल्ट हस्पिटल पुगेको भने पनि उपचारमा संलग्न रहेको अवस्था नदेखिँदा यस अदालत संयुक्त इजलासबाट कसुरदार ठहर गरी भएको फैसला सदर हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो ।

सुरू र पुनरावेदन अदालतले अभियोग दाबीबमोजिम प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुरमा सोही १३(३) नं. बमोजिम सजाय गरी ७ वर्ष कैद हुने भनी व्यक्त भएको राय सदर नभई यस अदालतबाट कसुर ठहर गरी ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरी अ.बं.१८८ नं. बमोजिम रायसँग सहमत हुन सकिएन भनी भएको फैसलाउपर पुनरावलोकनको निवेदनमा अनुमति प्राप्त भई पेस भएको प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट भएको फैसला मिलेको छ छैन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो ।

प्रस्तुत मुद्दामा प्रतिवादी लाक्पा देकी (सार्की लामा) मृतकको जेठी श्रीमती भएकी, मृतक कान्छी श्रीमतीसाथ आफ्नो घर स्वयम्भूमा रहेका र प्रतिवादी जोरपाटीमा डेरा लिई बालबच्चासहित छुट्टै बसेकी, मिति २०६८।१।२३ गते बेलुकी १९.३० बजेतिर सार्की लामा जोरपाटी स्थित प्रतिवादीको कोठामा पाहुनासहित आएका र अं. २३ बजेतिर तातो तेलले पोलेको कारण उपचार हुँदाहुँदै भोलिपल्ट निजको मृत्यु भएकोमा विवाद छैन । यस सम्बन्धमा प्रतिवादी लाक्पा देकी लामा(शेर्पा) ले मृतकको ज्यान लिने मनसायले १ प्याकेट खाने तेल फ्राइप्यानमा तताई सो तातो खाने तेलले सार्की लामाको टाउकोदेखि शरीरमा समेत खन्याई मारेकी भन्ने वादीको अभियोग दाबी देखिन्छ । फ्राइप्यानमा रोष्ट गरेर बाँकी रहेको तेल किचनको पश्चिमतर्फ र्‍याकमाथि राखेकी थिएँ । श्रीमान्ले छाता खोइ त भनी निहुँ खोजेपछि विवाद भएको, श्रीमान्ले मलाई पिट्नु भयो, मैले पनि लात मुक्काले हाने । हामीबीच लछारपछार हुँदा जेठी सासुले झगडा नगर भन्नुभयो । त्यसबेलामा मृतकले किचनको पश्चिममा र्‍याकमाथि रहेको काठको मुस्लो निकाल्ने क्रममा सो मुस्लो नजिकै राखेको फ्राइप्यानको तेल घोप्टियो र तातो तेल श्रीमान्को टाउको र शरीरमा पर्‍यो भन्ने प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) को मौकाको र अदालतको बयान देखिन्छ ।

मादक पदार्थसमेत सेवन गरेका मृतकले किचन र्‍याकमा रहेको आलु पिस्ने मुस्लो पुनरावेदिकालाई पिट्नका लागि झिक्ने क्रममा आफैँ एक्कासी ठोक्किई फ्राइप्यानमा तरकारी पकाएर बाँकी रहेको तातो तेलले मृतकलाई पोलेकोमा उक्त पोलेको ठाउँहरूमा आफूले हत्तपत्त चिसो पानी हालिदिएको, आफूले उक्त वारदात घटाएको भए भाग्नु उम्कनु पर्नेमा आफैँ महानगरीय प्रहरी वृत्त, बौद्धमा पतिको अवस्था बुझ्न गएकी, प्रत्यक्षदर्शी ठूलीमाया तामाङले मृतक मेरो भाइ हुन्, निज आफैँ नै र्‍याकमा ठोक्किएको र तेल घोप्टिई निज मृतकलाई पोली उक्त दुर्घटना भई दुःखद् निधन भएको भनी अदालतमा गरेको बकपत्रलाई प्रमाणको रूपमा ग्रहण नगरेको, जाहेरवालीलाई बकपत्रका लागि अदालतबाट पटकपटक अ.बं. ११५ नं. बमोजिम झिकाउँदासमेत निज उपस्थित नभएको र अदालतबाट निजलाई रू.५०।– जरिवाना भएको,

मृतकलाई मार्नुपर्नेसम्मको कुनै मनसाय, पूर्वरिसइवी, तयारिसमेत केही नभएको, केवल शंकाको भरमा किचेनको ऱ्याक र मानिसको हाइटलाई तुलना गरी तेल पोखिन नसक्ने भनी हचुवाका आधारमा प्रतिवादी विरूद्ध निष्कर्ष निकाली सर्वस्वसहित जन्मकैदको सजाय गरेको यस अदालत संयुक्त इजलासको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर देखिन्छ।

अब अभियोग दाबीबमोजिम यी प्रतिवादीले आफ्नै श्रीमान् सार्की लामा (मृतक) को टाउकोमा तातो तेल खन्याई दिएको कारणबाट मृत्यु भएको हो वा यी प्रतिवादीको मौका र अदालतको बयान तथा पुनरावेदन जिकिरबमोजिम तातो तेल रहेको ऱ्याकमा मृतक ठोक्किन गई सो तेल पोखिई निजको टाउकोलगायतको ठाउँमा पोली सो कारणबाट मृतकको मृत्यु भएको हो भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. यी प्रतिवादीको मौकाको बयानमा "फ्राइप्यानमा रोष्ट गरेर बाँकी रहेको तेल किचनको पश्चिमतर्फ ऱ्याकमाथि राखेकी थिएँ। श्रीमान्ले छाता खोइ त ? भनी मलाई निहुँ खोज्यो, हामीबीचमा विवाद भयो, श्रीमान्ले मलाई पिट्नु भयो, मैले पनि लाता मुक्काले हानेँ। हामीबीच लछारपछार हुँदा जेठी सासुले झगडा नगर भन्नु भयो। म किचनको पूर्वतर्फको भुइँमा सिलौटामा अचार पिस्दै थिएँ। त्यसबेलामा किचनको पश्चिममा ऱ्याकमाथि रहेको काठको मुस्लो निकाल्ने क्रममा सो मुस्लो नजिकै राखेको फ्राइप्यानको तेल घोप्टियो र तातो तेल श्रीमान्को टाउको र शरीरमा पऱ्यो" भनी भएको घटनाक्रमलाई उल्लेख गरेको देखिन्छ।

३. प्रतिवादीले आफ्नो श्रीमान्लाई सामान्य झगडाको कारण शरीरमा तातो तेल खन्याएको कारण उपचार हुन नसकी मृत्यु भएको भन्ने जिकिर भएकोमा तेल आफूले खन्याएको नभई मलाई कुट्ने मनसायले मुस्लो झिक्ने क्रममा फ्राइपेनको तेल पोखिई जिउमा परी पोलिएको जिकिर प्रतिवादीले लिएकोमा किचन कोठामा सिमेन्टको किचन स्लाब रहेको, सो स्लाबमाथि सिलिण्डर पाइपसमेत जडान भएको ग्याँस चुलो रहेको, सो चुलोमाथि सिलिङमा काठको समाउने बिँड भएको फ्राइप्यान रहेको, किचनभित्र २ फिट उचाईको काठको ऱ्याक रहेको सो किचन कोठामा फेला परेको फ्राइप्यान प्रहरीले उठाएको भन्ने वस्तुस्थिति मुचुल्काबाट देखिँदा ऱ्याकमा भुइँबाट २ फिटको उचाईमा रहेको तेल घोप्टिई टाउको र जिउमा पर्ने सम्भावना विश्वासयुक्त रहेको देखिएन।

४. मिसिल संलग्न मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा "टाउको पछाडि भागबाट कपालसमेत जलेको, कपाल घुम्रिएको, टाउको पछाडिबाट दायाँबायाँ कान हुँदै दायाँबायाँ गालाको छाला जलेर निलोकालो डाम भएको, मुखसम्म छाला जलेको, छातीको भाग तथा दायाँ कुममाथि घाँटी छेउमा छाला जलेको निलोकालो डाम देखिएको, छातीमा २x२ से.मी. मा छाला पिल्सिएको, दायाँ हातको पाखुरा नाडी, पाखुरा हत्केला तथा औंलाहरूमा छाला कालोनीलो, जलेको डाम र फोकाहरू उठेको, मृतकको टाउको पछाडिदेखि तल गर्धन ढाडसम्मको भाग छाला डढेको नीलोकालो डाम बायाँ खुट्टाको घुडाको पाङ्ग्रामा २ से.मी. गोलाईमा छाला पिल्सेको" समेतको लास जाँच मुचुल्कामा र शव परीक्षण प्रतिवेदनमा देखिँदा मृतकको शरीरमा भएका घा खत २ फिटको ऱ्याकमा रहेको तेल पोखिँदा मृतकको टाउकोमा पर्ने होइन कि खुट्टा आदि शरीरको तल्लो भागमा तेल पोखिने सम्भावना रहन्छ तर तेल मृतकको शरीरको टाउकोलगायतको माथिल्लो भागमा खसेको देखिन्छ।

५. प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) ले तातो तेल खन्याई दिएको हो भनी श्रीमान्सँग सोधपुछ गर्दा भन्नुभयो भन्ने मृतककी कान्छी पत्नी छिरिङ लाबु लामाको जाहेरी दरखास्त देखिन्छ। लाक्पा देकीले १ थान पोका खाने तेल ल्याएर आई

किचनमा ताप्केमा हाली तताउँदै थिइन् । सार्की लामा आफ्नै सुरमा कराउँदै थिए । सो अवस्थामा निज लाक्पा देकी लामा (शेर्पा) ले तातेको ताप्केको तेल ताप्केसहित उठाएर किचनको ढोकातिर गएको एक्कासी फर्केर सार्की लामा भएको ठाउँमा आई हातमा बोकेकी ताप्केमा भएको तातो खाने तेल सार्की लामाको टाउकोबाट शरीरको भागमा खन्याई दियो सोही तेलका थोपाहरूले म अक्कलमान तामाङलाई समेत पोलेको छ, सार्की लामा तेलले पोलेपछि कराउँदै बाहिर निस्केर गए, रातिको समयमा कहाँ गएको हो भन्ने हामीलाई थाहा भएन, स्तुपा सामुदायिक अस्पतालमा उपचार भइरहेको कुरा भोलिपल्ट थाहा भयो भन्नेसमेत व्यहोराको एकै मिलानको अक्कलमान तामाङ र ठूलीमाया लामाको कागज व्यहोरा रहेको छ । मिति २०६८।१।२३ गते बेलुका अं.११ बजेतिर भुइँ तलातिर केटा मान्छे आत्तिएर कराएको सुनेँ के रहेछ भनी बाहिर हेर्दा केही देखिनँ र तल भुइँतलामा आई के भयो भनी सोध्दा ठूलीमाया तामाङ र अर्का एकजना भाइ देखेँ । लाक्पा देकी लामा पनि देखिइन् के भयो भनी सोध्दा निजहरूले लाक्पा देकी लामाले सार्की लामालाई खाने तेल तताएर खन्याई दियो भनेर भने भन्नेसमेत व्यहोराको घरधनी नाम्याल शेर्पासमेतको मौकामा गरिदिएको कागजबाट समेत यी प्रतिवादीले नै मृतकलाई तातो तेल खन्याइ दिएको भन्ने तथ्य स्थापित भएको देखियो ।

६. आफू मौका र अदालतमा इन्कार रहेकी, सो इन्कारी प्रत्यक्षदर्शी ठूलीमायाको बकपत्रबाट समर्थित भएको, जाहेरवालीलगायत वादीका साक्षीले मौकाको भनाईलाई अदालतमा बकपत्र गरी समर्थन गर्नुपर्नेमा बकपत्र गर्न अनुपस्थित रहेको र मौकामा कागज गर्ने व्यक्तिहरू मध्ये ठूलीमायाबाहेक अरू व्यक्ति बकपत्र गर्न नआएको र ठूलीमायाले पनि मौकाको कागजविपरीत बकपत्र गरेकीले शंकाको सुविधा पाउनु पर्ने भन्ने पुनरावेदन जिकिर रहेपनि मौकामा वारदातस्थलमा रहेका अकलमानले यी प्रतिवादीले मृतकको जिउमा तेल खन्याई दिएको र सो तेल आफ्नो जिउमा समेत परेको व्यहोराको कागज गरेकोमा अकलमानको शारीरिक जाँच हुँदा तेलबाट पोलिएको देखिएको मिसिल संलग्न रहेको घा जाँच प्रतिवेदनबाट देखिँदा निजको बकपत्र नभएपनि तेलबाट पोलिएको देखिई वारदातको पुष्ट्याई भएको देखिँदा केबल जाहेरवालीले अदालतमा उपस्थित भई मौकामा गरेको कागजलाई बकपत्र गरी पुष्टि गर्न नसकेको भन्ने यस अदालतको पुनरावलोकनको अनुमति प्रदान गरेको आदेश र प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

७. यी प्रतिवादीले तातो तेल खन्याइ दिएकै कारण मृतकको मृत्यु भएको तथ्यको पुष्ट्याई भएकोले माथि विवेचना गरिएको जाहेरीको व्यहोरा, लास जाँच प्रकृति मुचुल्का, घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकामा बुझिएका मानिसले गरेको कागज, यी प्रतिवादीले स्वीकार गरेका तथ्यसमेतका आधार प्रमाणबाट यस अदालतको संयुक्त इजलासबाट मिति २०७२।८।७ मा प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) लाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरेको फैसला सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

८. यी प्रतिवादीउपर आफ्नै श्रीमान्लाई खाना पकाउने बेलामा भएको सामान्य झगडाबाट तातो तेल खन्याई दिएको कारण श्रीमान्को मृत्यु भएको देखिई कसुर ठहर भएको र कसुरबमोजिम सजाय गर्दा सजाय चर्को पर्न जान्छ कि भन्नेतर्फ समेत दृष्टि दिनुपर्ने देखिन आयो । अपराधीलाई सजाय गर्नु दण्डको उद्देश्य हो । अपराधीलाई दिइएको सजायबाट भविष्यमा समाजमा अरूले त्यस्तै प्रकृतिको कसुर नगरून् र समाज भयमुक्त रहोस् भन्ने दण्डको उद्देश्य भएपनि सजाय पाएको

अभियुक्तले सजाय व्यतितपश्चात् समाजमा पुनर्स्थापित हुने अवस्थासमेत गराउनुपर्ने भन्ने दण्डको आधुनिक मान्यता स्थापित भएको छ । यी प्रतिवादी आफ्नो ५ जना छोराछोरी लिई अलगै बसी जीवन निर्वाह गरेको र श्रीमान् कान्छी श्रीमतीसहित अलग्गै बसेको र वारदातका दिन श्रीमान् आफैँ पाहुनासहित आई खाना बनाउने समयमा भएको सामान्य झै-झगडाको विषयमा उत्पन्न विवादमा पाहुनाहरूकै अगाडि श्रीमतीलाई लात्तीसमेतबाट कुटपिट गरेको र त्यसपछि पनि छाता हराएको भनी गाली गर्दै बसेकोमा रिस थाम्न नसकी तातो तेल श्रीमान्लाई खन्याई दिएको कारण मृत्यु भएको देखिँदा प्रतिवादीले आफ्नो श्रीमान् पहिलेदेखि मार्नुपर्नेसम्मको कारण र मनसाय रहेको नदेखिएको, पूर्वरिसइवी पनि नदेखिएको, मृतकले कुटपिट गरेको कुरा प्रतिवादीको शारीरिक जाँचबाट पुष्ट्याईं भएको र दण्ड निर्धारण सम्बन्धमा यस अदालतबाट स्थापित भएका मापदण्डमा अपराध हुनुपर्ने परिस्थिति, पीडित पक्षको मनोभावना, विगतको आपराधिक प्रवृत्ति भए नभएको, कसैको बहकाउ वा दबाबमा अपराध नगरे नगरेको... लगायतका अवस्था हेर्नुपर्ने भनी शान्ति वि.क. विरूद्ध नेपाल सरकार भएको (*ने.का.प.* २०६१, अंक ६, नि.नं.७३९९) कर्तव्य ज्यान मुद्दामा प्रतिपादित सिद्धान्तसमेतका आधारमा यी प्रतिवादीको माथि विवेचित आधारसमेत र निजको ५-५ जना सन्तान भएको र सन्तानको पालनपोषणको जिम्मेवारिसमेत यी प्रतिवादीको जिम्मामा रहेका मानवीय दृष्टिकोणसमेत अवलम्बन गरी सजाय निर्धारण गर्नुपर्ने हुँदा मुलुकी ऐन, अदालती बन्दोबस्त महलको १८८ नं. बमोजिम कैद वर्ष सात (७) हुने निष्कर्षमा पुगेको जिल्ला अदालत र पुनरावेदन अदालतका माननीय न्यायाधीशहरूको रायसँग असहमत हुन सक्ने देखिन आएन । सजाय कम गर्न नमिल्ने भनी यस अदालतका माननीय न्यायाधीशहरूको रायसँग यो इजलास सहमत हुन सकेन। न्यायकर्ताले न्याय पार्ने उद्देश्य लिई सजायको मात्रा निर्धारण गर्नुपर्ने हुन्छ। यान्त्रिकरूपबाट अधिकतम सजाय गरेमा न्यायको उद्देश्य परास्त हुन जान्छ । श्रीमान् (मृतक) ले अर्को विवाह गरी प्रतिवादीमाथि सौता थपेको छ भने बाहिरबाट आएका पाहुनाका अगाडि छाता हराएको भनी कुटपिट गर्नुका साथै गालीसमेत गरेको कारणबाट प्रस्तुत वारदात घटेको कुरा मिसिल संलग्न कागजातबाट देखिन आएको छ। अपमानित मनोदशामा रहेकी प्रतिवादीबाट घट्न गएको यस्तो वारदातमा अ.बं. १८८ बमोजिम ७ (सात) वर्ष सजाय हुन मानवीय र न्यायिक दृष्टिकोणबाट उपयुक्त नै भएकोले अ.बं.१८८ नं.ले प्रतिवादीलाई कैद वर्ष ७ (सात) हुने ठहर्छ। अरू कुरामा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी लाक्पा देकी लामा (शेर्पा) लाई सर्वस्वसहित जन्मकैद हुने ठहरी अदालती बन्दोबस्त महलको १८८ नं. बमोजिम कैद वर्ष सात (७) हुने ठहरेकोले निजलाई सात वर्ष कैद हुन्छ । निज प्रतिवादी मिति २०६८।१।२५ गतेदेखि थुनामा बसेको देखिँदा सोही मितिबाट कैद गणना गरी ७ वर्ष पुगेपछि थुनामुक्त हुने गरी कैद पुर्जी दिनु र काठमाडौं जिल्ला अदालतको फैसलाको तपसिल खण्डको लगत नं. १ मा राखेको लगत कट्टा गरी दिनु भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाई दिनू..१

नक्कल माग्ने सरोकारवालालाई लाग्ने दस्तुर लिई नक्कल दिनू ...........२

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ..............३

उक्त रायमा हामी सहमत छौं।

न्या. दीपककुमार कार्की

न्या. केदारप्रसाद चालिसे

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

इति संवत् २०७४ साल पुस १३ गते रोज ५ शुभम्।

## निर्णय नं. ९८८४

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री मीरा खड्का
फैसला मिति : २०७३।११।१२
०६६-CF-००१२

मुद्दा : राजश्व चुहावट

पुनरावेदक / वादी : राजश्व अनुसन्धान विभागको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३५ स्थित डाबर नेपालका प्रबन्धक तरूणकुमार गुप्ता

- **अदालतले कानूनको व्याख्या गर्दा कस्तो कानून बनाउनु उपयुक्त हुन्छ भनी विधायिकाको अधिकार खोस्ने होइन विधायिकाले सो कानून बनाउँदा कुन उद्देश्यले बनाएको हो भनी विधायिकाको मनसाय हेर्नुपर्छ । कानूनमा प्रयुक्त शब्द तथा वाक्यको व्याख्या गर्दा कानून व्याख्याको नियमअनुसार नै गर्नुपर्ने ।**
- **कानूनको शाब्दिक व्याख्या गर्दा कानूनको तर्कपूर्ण, विवेकसम्मत, व्यावहारिक एवम् न्यायपूर्ण अर्थ निस्कन्छ भने कानूनको शाब्दिक व्याख्या नै गर्नुपर्छ । तर कानूनको शाब्दिक व्याख्या गर्दा कानूनको विवेकसम्मत, न्यायपूर्ण र व्यवहारिक अर्थ ननिस्कने अवस्थामा कानूनको व्याख्याको स्वर्णिम नियमलाई अनुशरण गरी उक्त कानूनमा भएका अन्य दफाहरू समेतको सापेक्षतामा राखेर कानूनको सन्दर्भ सुहाउँदो र सुस्पष्ट व्याख्या गर्नुपर्ने ।**

(प्रकरण नं. ५)

- **विधायिकाले दफा ८ को व्यवस्था गर्दा राजश्व चुहावटको सूचना प्राप्त भएको ३० दिनभित्रै अनुसन्धान तहकिकात गरिसक्नु पर्ने गरी व्यवस्था गरेको हो भनी व्याख्या हुन गएको अवस्थामा दफा २० मा अनुसन्धान तहकिकात समाप्त भएको ३५ दिनसम्ममा मुद्दा दायर गर्नुपर्ने भनी र ऐ. दफा १३ मा अनुसन्धानको सिलसिलामा बढीमा ४५ दिनसम्म अभियुक्तलाई थुनामा राख्न सकिने भनी व्यवस्था गर्नुपर्नाको औचित्य नै समाप्त हुने देखिँदा राजश्व चुहावटको सूचना प्राप्त भएको ३० दिनभित्रै अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरिसक्नु पर्ने गरी विधायिकाले समयसीमा निर्धारण गरेको हो भनी अर्थ गर्न सकिने अवस्था नहुने ।**

(प्रकरण नं. ७)

- **भारतमा बनेको हजमोला केण्डी चोरी पैठारी गरी नेपालमा ल्याई नेपालमा बनेको भन्ने देखाउन सो केण्डी राखिएको जारमा नेपालमा बनेको भन्ने लेमुनेट लगाएको देखिँदा प्रतिवादीहरूले राजश्व चुहावट गरेको भन्ने नै पुष्टि हुन आएको पाइने ।**

(प्रकरण नं. ८)

- **राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ को व्याख्या गर्दा सो ऐनको दफा १३ र २० एवं अन्य दफाहरू समेतको सापेक्षतामा गर्नुपर्ने गरी यस अदालतको संयुक्त इजलासबाट**

**०६४-CR-०००७ को प्रस्तुत मुद्दामा मिति २०६७।३।१६ मा भएको फैसलालाई सदर गरी उल्लिखित दफा ८ को सम्बन्धमा नेपाल सरकार विरूद्ध पृथ्वीमान सिंहसमेतको राजश्व चुहावट मुद्दा संवत् २०५९ सालको फौ.पु.नं.२७०३, ३२०६ र ३२३२ मा यस अदालतको संयुक्त इजलासबाट भएको रूलिङ ओभररूल हुने।**

(प्रकरण नं. ९)

पुनरावेदक / वादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ताहरू ज्ञानप्रसाद भुषाल तथा हरिशंकर ज्ञवाली

प्रत्यर्थी / प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ताहरू नारायण नेपाल, रामप्रसाद भण्डारी, महेश थापा, विनय स्थापित

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८

सुरू फैसला गर्ने न्यायाधीशः

मा.जिल्ला न्या. श्री भरतप्रसाद अधिकारी

पुनरावेदन तहबाट फैसला गर्नेः

माननीय न्यायाधीश श्री हरिराम कोइराला

माननीय न्यायाधीश श्री माधवप्रसाद चालिसे

यस अदालतको संयुक्त इजलासमा फैसला गर्नेः

स.प्र.न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

मा. न्यायाधीश श्री कृष्णप्रसाद उपाध्याय

फैसला

**न्या. जगदीश शर्मा पौडेल :** पुनरावेदन अदालत, पाटनको मिति २०६३।११।१४ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अन्तर्गत यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

नेपालस्थित डाबर नेपाल प्रा.लि.को भारतमा बनेको हजमोला क्याण्डी (कमरूख प्लम) चोरी पैठारी गरी नेपालमा ल्याई केण्डीहरू भरिएको प्लाष्टिक जारमा नेपाली लेबुल लगाई नेपाली उद्योगको नाउँमा अवैध कारोबार गरेको भन्ने सुराकीको रिपोर्ट पर्न आएको।

यस विभागबाट डाबर नेपाल प्रा.लि.काठमाडौं कार्यालय, ऐजनको काठमाडौंको थोक बिक्रेता लुम्बिनी ट्रेडिङ प्रा.लि., मुख्य वितरक लुना ट्रेडिङसमेतका गोदामहरू चेक जाँच गर्दा हजमोला केण्डी (कमरूख प्लम) भएको प्लाष्टिक जारभित्र Made in India by Dabur Nepal Limited भनी लेखिएका केण्डीहरू राखी जारबाहिर Made in Nepal by Dabur Nepal Limited Pvt. Ltd. भनी लेबुल लगाइएको अवस्थामा फेला परेको भनी तयार गरिएको मुचुल्का।

नेपालमा तयार भएका कमरूख प्लममा Made in India by Dabur India Limited छापिएकोले सिमरास्थित भ्याट कार्यालयको मौखिक स्वीकृति लिएको भन्नेसमेत व्यहोराको डाबर नेपाल प्रा.लि.को वित्तीय प्रबन्धक तथा कम्पनी सचिव ए. मेहराले राजश्व अनुसन्धान विभागमा गरेको बयान।

सो सम्बन्धमा भ्याट कार्यालयमा सोधनी गर्दा यसबारे कुनै स्वीकृति नदिएको भन्ने जवाफ प्राप्त हुन आएको र Made in India by Dabur India Limited लेखिएको लेमुनेट वायपर आयात नभएको भन्ने वीरगञ्ज भन्सार कार्यालयबाट प्राप्त जवाफ।

आफ्नो कम्पनीको गोदाममा राजश्व अनुसन्धान विभागले छापा मार्दा Made in India by Dabur India Limited लेखिएका केण्डीहरू फेला पारिएको हो। यसबारे राजश्व अनुसन्धान विभागले निरीक्षण गर्दा मात्र थाहा भयो भन्नेसमेत व्यहोराको लुम्बिनी ट्रेडिङ प्रा.लि.का प्रमुख सञ्चालक सुमन

शाक्यले राजश्व अनुसन्धान विभागसमक्ष गरेको बयान।

नेपालमा तयार भएका हजमोला केण्डीहरू (कमरूख प्लम) मा प्रयोग गर्ने लेमुनेट वायपर भारतबाट आयात गरिएका हुँदा भूलबस Made in India by Dabur India Limited लेखिएका वायपरले लेमुनेट गरिएको हो। तर केण्डी नेपालमै बनेको हो भन्नेसमेत व्यहोराको डाबर नेपाल प्रा.लि. का महाप्रबन्धक तरूणकुमार गुप्ताले राजश्व अनुसन्धान विभागसमक्ष गरेको बयान।

डाबर नेपाल प्रा.लि.का वित्तीय प्रबन्धक ए.मेहरा, महाप्रबन्धक तरूणकुमार गुप्ता, लुम्बिनी ट्रेडिङ प्रा.लि.का सुमन शाक्य र लुना ट्रेडिङका प्रमुख सञ्चालक रूकुम शमशेर राणासमेतको मिलेमतोले भारतबाट अवैध हजमोला केण्डी (कमरूख प्लम) पैठारी गरी प्लाष्टिक जारबाहिर Made in Nepal लेखी बिक्री वितरण गरको देखिँदा राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ र ४ को कसुरमा ऐ. दफा २३(१) अनुसार सजाय हुन माग दाबी लिई मुद्दा चलाउनु पर्ने भन्ने जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको मिति २०५८।६।१८ को निर्णय।

डाबर नेपाल प्रा.लि.का वित्तीय प्रबन्धक ए.मेहरा, महाप्रबन्धक तरूणकुमार गुप्ता लुम्बिनी ट्रेडिङ प्रा.लि.का सुमन शाक्य र लुना ट्रेडिङका प्रमुख सञ्चालक रूकुम शमशेर राणासमेत भई मिलेमतो गरी भारतमा बनेको हजमोला केण्डीहरू नेपालमा चोरी पैठारी गरी प्लाष्टिक जारमा प्याक गरी जारको बाहिर नेपालमा बनेको लेबुल लगाई बिक्री वितरण गरी हजमोला केण्डी भारतबाट नेपालमा पैठारी गर्दा कानूनबमोजिम बुझाउने राजश्व नबुझाई जम्मा रू.१,२८,०८८।- किलोग्रामको हुने भा.रू.३८,४२,६४०।- बराबरको ने.रू. ६१,५३,९८७।९६ तत्कालीन भन्सार मूल्याङ्कन अनुसारको मूल्य रू.६४,६१,६८७।३६ सि.आई. एफ.मूल्य हुन आउने र सोमा लाग्ने १६ प्रतिशत भन्सार महसुलले हुने बिगो रू.१०,३३,८६९।९८ राजश्व चुहावट गरी राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ र ४ को कसुर गरेको तथ्य पुष्टि हुन आएकाले निज तरूणकुमार गुप्ता, ए.मेहरा, सुमन शाक्य र रूकुम शमशेर राणालाई ऐ. दफा २३(१) अनुसार हदैसम्मको सजाय गरी बरामद भएको हजमोला केण्डी ऐ. दफा ३३ बमोजिम जफत गरी ऐ. दफा २९ बमोजिम सुराकीलाई पुरस्कारसमेत दिलाई पाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र।

म सञ्चालक रहेको लुना ट्रेडिङ कम्पनी प्रा. लि.व्यापारिक संस्था हो। यसले डाबर नेपाल प्रा.लि. बाट उत्पादित वस्तु खरिद गरी बिक्री गर्दछ। हाम्रो कम्पनी होलसेल बिक्रेता भएकाले बिक्री गरिने वस्तु हजमोला केण्डी हामीले खोलेर बिक्री वितरण नगर्ने हुँदा कहाँको लेबुल लगाएको छ भन्ने थाहा हुँदैन भन्नेसमेत व्यहोराको प्रतिवादी रूकुम शमशेर राणाको काठमाडौं जिल्ला अदालतसमक्षको बयान।

होलसेल बिक्रेता लुना ट्रेडिङ कम्पनीबाट थोक खरिद गरी बजारमा बिक्री वितरण गर्ने हो। लुना ट्रेडिङबाट खरिद गरी लिएको हजमोला केण्डी कार्टुनहरू सिलबन्दी लागि आउने र कार्टुनभित्र रहेको जार पनि सिलबन्दी हुने भएकाले हामीले सो सम्बन्धमा थाहा पाउने प्रश्न नै हुँदैन। चोरी पैठारी गरी नल्याएको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सुमन शाक्यले काठमाडौं जिल्ला अदालतसमक्ष गरेको बयान।

बरामद भएको हजमोला हाम्रो नेपाली उत्पादन केन्द्रबाट उत्पादन भएको हो। लागेको लेबुल नेपाली लेबुल भारतबाट झिकाउँदा मिसिएर आएको र कामदारले नहेरेकाले इन्डियाको लेवल मिसिएर टाँसिन गएको मात्र हो भन्नेसमेत व्यहोरा ए.मेहराले काठमाडौं जिल्ला अदालतसमक्ष गरेको बयान।

नेपालमा उत्पादित हजमोला केण्डीमा प्रयोग हुने लेमुनेट र डाबर इण्डियामा प्रयोग हुने लेमुनेट

तयार गर्ने मेसिन एउटै अर्थात् एकै स्थानमा छपाई हुने र नेपालको लेमुनेट इण्डियामा तयार गरिएको हुँदा उक्त लेमुनेट नेपालमा ल्याउँदा डाबर इण्डियामा प्रयोग हुने लेमुनेट मिसिएर आई नेपालबाट उत्पादित केण्डीमा त्यस्तो लेमुनेट लाग्न गएको हो भन्नेसमेत व्यहोराको तरूणकुमार गुप्ताले काठमाडौं जिल्ला अदालतसमक्ष गरेको बयान।

अभियोग दाबीमा उल्लिखित १,२८,०८८ के.जि.हजमोला केण्डीमा हुने भारतीय मूल्य बराबरको उल्लिखित मूल्य रू.६१,५३,९८७।९६ को तत्कालीन भन्सार मूल्याङ्कनअनुसारको मूल्य रू.६४,६१,६८७।३६ सि.आई.एफ. मूल्य हुन आउने वादी दाबीमा लेखिएअनुसारको १६ प्रतिशत भन्सार महसुलले हुने बिगो रू.१०,३३,८६९।९८ प्रतिवादीमध्येका प्रबन्धक तरूणकुमार गुप्ता र वित्त प्रबन्धक कम्पनी सचिव अश्विनी मेहराले राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ र ४(ग) बमोजिम राजश्व चुहावट गरेको ठहरेकाले बिगो रू.१०,३३,८६९।९८ प्रतिवादीहरू तरूणकुमार गुप्ता र अश्विनी मेहराबाट दामासाहीले बराबरको हिसाबले असुलउपर गरी ऐ. ऐनको दफा २३(१) बमोजिम प्रतिवादीमध्येका प्रबन्धक तरूणकुमार गुप्तालाई रू.२,००,०००।– र अश्विनी मेहरालाई रू.१,५०,०००।– जरिवाना तथा जनही १/१ दिन कैद हुने ठहर्छ। अर्का प्रतिवादीहरू लुम्बिनी टेड्रिङ प्रा.लि. का प्रमुख सञ्चालक सुमन शाक्य र लुना ट्रेडिङ कम्पनी प्रा.लि.का प्रमुख सञ्चालक रूकुम शेमशेर राणाले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतको मिति २०६१।१२।३ को फैसला।

प्रतिवादीमध्येका अरूणकुमार गुप्ता तथा अश्विनी मेहरालाई बिगोबमोजिम जरिवाना र ३ वर्ष कैद सजाय गर्नुपर्नेमा निकै कम जरिवाना र कैद गरेको तथा अन्य प्रतिवादीहरूलाई राजश्व चुहावट गरेकोमा अभियोगबाट सफाइ दिने गरी भएको सुरूको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सबै प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

हदम्यादभित्र दायर नगरेको अभियोग पत्र खारेज गर्नुपर्नेमा विभिन्न गलत तथ्यहरू उल्लेख गरी फैसला गरेको सुरूको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रूकुम शमशेर राणाको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

यसमा प्रतिवादीहरूमध्ये एकथरी हजमोला उत्पादन गर्ने र अर्को थरीले बिक्री वितरण गर्ने गरेको कुरा स्वीकार गरी सकेपछि सो उत्पादित हजमोला केण्डी रहेको प्याकमा भारतबाट उत्पादित हजमोला रहेको आफूलाई थाहा नभएको भनी अनभिज्ञता प्रकट गरेकै आधारमा प्रतिवादीमध्ये कसैलाई सफाई दिने, कसैलाई न्यूनतम् सजाय गरेको सुरू फैसला फरक पर्न सक्ने देखिएकोले पुनरावेदन नगर्ने विपक्षीहरूलाई छलफलको लागि अ.बं. २०२ नं. बमोजिम झिकाई वादी प्रतिवादीहरूको पुनरावेदन परस्पर सुनाई नियमबमोजिम पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको आदेश।

यसमा मित २०५६।३।११ देखि अनुसन्धान तहहिकात गरी मिति २०५८।६।२९ मा मात्र अभियोग पत्र दायर भएको देखिन्छ। राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ को म्याद ३० दिनभित्र अनुसन्धान तहकिकात तथा दफा २० बमोजिम ३५ दिनभित्र अभियोग पत्र दायर हुन सकेको अवस्था नदेखिँदा मुद्दाको तथ्यभित्र प्रवेश गरी निर्णय निरूपण गरिरहनु परेन। अभियोग पत्र खारेज गर्नुपर्नेमा मुद्दाको तथ्यभित्र प्रवेश गरी निर्णय गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६१।१२।३ को फैसला मिलेको नदेखिँदा उल्टी भई अभियोग पत्र अ.बं. १८०

नं. बमोजिम खारेज हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६३।११।३ को फैसला।

डाबर नेपालले उत्पादन गरेको भन्ने उल्लेख भएको प्लाष्टिकको जारभित्र डाबर इण्डिया लिमिटेडबाट उत्पादन भएको हजमोला केण्डी बरामद भएको भन्ने तथ्यमा विवाद छैन । राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० ले राजश्व चुहावटसम्बन्धी मुद्दा दायर गर्ने हदम्याद अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले ३५ दिन हुने भनी स्पष्ट व्यवस्था गरेको छ । दफा ८ को व्यवस्थाले दफा २० को विशेष व्यवस्थालाई विस्थापित गर्न नसक्ने हुँदा प्रस्तुत मुद्दा हदम्याद नाघी दायर भएको भन्न मिल्दैन। दफा ८ को व्यवस्था मुद्दा चलाउने हदम्यादको लागि होइन। दफा ८ र २० को बनोटलाई हेर्दा पनि कारवाही चलाउने र मुद्दा चलाउने भन्ने पृथकपृथक अवस्थाको लागि सो व्यवस्था भएको देखिन्छ। अनुसन्धान तहकिकात समाप्त भएको मितिले ३५ दिनभित्र मुद्दा दायर भएको छैन भन्ने जिकिर लिन नसकेको अवस्थामा हदम्याद नाघेको भन्ने आधार देखाई खारेज गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

यसमा राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ र २० मा व्यवस्था गरिएका बेग्लाबेग्लै अवस्थाका म्याद हुन् । ऐ.ऐनको दफा ८ को अवस्था अनुसन्धानको काम कारवाहीसँग सम्बन्धित छ । अनुसन्धान तथा तहकिकात सुरू गर्नु भन्नु र मुद्दा दायर गर्नु भन्नुको अवस्था बेग्लै हो । अनुसन्धानको कारवाही अपराधको सूचना प्राप्त भएपछि ३० दिनभित्र सुरू गरिने हो । प्रस्तुत मुद्दामा सूचना प्राप्त भएपछि ३० दिनभित्र अनुसन्धान र तहकिकात सुरू भई त्यस्तो अनुसन्धान र तहकिकात यति मितिभित्रै समाप्त हुनुपर्ने भन्ने ऐनले नतोकेको अवस्थामा त्यस्तो अनुसन्धान र तहकिकात समाप्त भई ऐ.ऐनको दफा २० को म्यादभित्र दायर गरेको अभियोग पत्रलाई अनुसन्धान र तहकिकात सुरू गर्नुपर्ने म्यादसँग जोडी खारेज गरेको पुनरावेदन अदालत, पाटनको फैसला विचारणीय हुँदा अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थीहरूलाई झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालत संयुक्त इजलासको मिति २०६६।३।२१ को आदेश।

बरामद भई आएको हजमोला क्याण्डीमा उल्लेख भइरहेको व्यहोराबाट भारतमा बनेको हजमोला क्याण्डीलाई नेपालमा बनेको भन्ने प्लाष्टिक जारभित्र राखी राजश्व चुहावट गरेको तथ्य प्रमाणित भइरहेको देखिँदा पुनरावेदन अदालतको फैसला उल्टी भई सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर्छ। राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनको दफा ८ बमोजिम ३० दिनभित्र अनुसन्धान तहकिकात सम्पन्न नभएको भन्ने आधारमा नेपाल सरकार विरूद्ध पृथ्वीमान सिंहको राजश्व चुहावट मुद्दामा यस अदालतबाट मिति २०६६।१।१४ मा अभियोग पत्र खारेज गर्ने गरी भएको रूलिङसँग सहमत हुन नसकिएको हुँदा प्रस्तुत मुद्दाको संयुक्त इजलासको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) बमोजिम प्रस्तुत मुद्दा पूर्ण इजलाससमक्ष पेस गर्नु भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०६७।३।१६ को फैसला।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट विद्वान् उपन्यायाधिवक्ताहरू श्री ज्ञानप्रसाद भुषाल तथा श्री हरिशंकर ज्ञवालीले प्रतिवादीहरूले भारतमा उत्पादन भएका हजमोला क्याण्डीको चोरी पैठारी गरी नेपालमा ल्याई जारमा हाली जारबाहिर नेपालमा बनेको लेवल

लगाई राजश्व चुहावट गरेको पुष्टि भएको अवस्थामा ऐनको गलत व्याख्या गरी हदम्याद नरहेको भनी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला त्रुटिपूर्ण रहेको छ । राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ७ बमोजिम राजश्व चुहावटसम्बन्धी उजुरी परेमा त्यसमा कर्मचारिसमेतको संलग्नता रहन सक्ने हुँदा उजुरी परी अनुसन्धानको कार्य थालेको ३० दिनभित्रै मुद्दा दायर गरी सक्नु पर्ने भनी ऐ. दफा ८ मा भएको व्यवस्थाको व्याख्या गर्न मिल्दैन । उक्त दफा ८ को व्याख्या गर्दा दफा १३ र २० समेतको सापेक्षतामा हेरिनु पर्छ । दफा ८ मा अनुसन्धानको कारवाही चलाउने कुरा उल्लेख गरेको छ । कारवाही चलाउनुको अर्थ अनुसन्धानको कारवाही चलाउनु पर्छ भन्ने हो । उक्त ऐनको दफा १३ अनुसार अनुसन्धानको सिलसिलामा अभियुक्त पक्राउ परेमा निजलाई बढीमा ४५ दिनसम्म थुनामा राख्न सकिन्छ । ऐ. दफा २० मा अनुसन्धान समाप्त भएको मितिले ३५ दिनसम्ममा मुद्दा दायर गर्नुपर्ने भनी हदम्याद तोकेको हुँदा प्रस्तुत मुद्दा हदम्याद भित्रै परेको छ । राजश्व चुहावट एउटा गम्भीर अपराध भएको, राजश्व चुहावटसम्बन्धी कसुर सम्पत्ति शुद्धीकरणको कसुर जस्तै राष्ट्रिय मात्रै होइन अन्तर्राष्ट्रिय स्तरसम्म तानिने हुँदा उक्त ऐनको दफा ८ को व्याख्या गर्दा निरपेक्षरूपमा नगरी अन्य दफाहरू समेतको सापेक्षतामा गरिनु पर्ने हुँदा यस अदालतबाट नेपाल सरकार विरूद्ध पृथ्वीमान सिंहको राजश्व चुहावट मुद्दामा मिति २०६६।१।१४ मा भएको रूलिङलाई बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी प्रतिवादी डाबर नेपालको तर्फका विद्वान् अधिवक्ताहरू श्री नारायण नेपाल, श्री रामप्रसाद भण्डारी र श्री महेश थापाले डाबर नेपालको लाभ हानिको सम्पूर्ण दायित्व लिने डाबर नेपाल प्रा.लि.लाई विपक्षी नबनाई कम्पनीका कर्मचारीलाई सजाय गर्न नमिल्ने अवस्थामा प्रारम्भमै बद्नियतसाथ मुद्दा दायर भएको स्पष्ट देखिन्छ । राजश्व चुहावटसम्बन्धी मुद्दामा विशेष अदालत ऐनको कार्यविधि अवलम्बन गर्नुपर्छ । २०६४।१।७ मा विपक्षीले पुनरावेदनको फैसला बुझेको अवस्थामा सोको ३५ दिनको म्याद २०६४।२।१० मा समाप्त हुने हुँदा तत्पश्चात् दायर भएको पुनरावेदन हदम्यादविहीन रहेको भनी संयुक्त इजलाससमक्ष पेस भएको बहस नोटमा खुलाइएको भए पनि त्यसतर्फ संयुक्त इजलासले विवेचना गरेको छैन । त्यस्तै राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनको दफा ८ मा उजुरी परेको ३० दिनभित्र अनुसन्धान तथा तहकिकात गरी कारवाही चलाउनु पर्ने भनी हदम्याद तोकेको अवस्थामा २०५६।३।१० मा परेको उजुरीमा २०५८।६।२९ मात्र आएर मुद्दा दायर गरेको कार्य नै हदम्यादविहीन रहेको छ । ऐनको व्याख्या गर्दा सम्बन्धित दफा दफाको छुट्टाछुट्टै गर्नुपर्ने हुँदा सम्मानित अदालतबाट पृथ्वीमानको मुद्दाको रूलिङ कायम हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी प्रतिवादी सुमन शाक्यको तर्फबाट विद्वान् अधिवक्ता श्री विनय स्थापितले काठमाडौंको लागि होलसेलर भएको हुँदा लुना ट्रेडिङबाट डाबर नेपालका सामान ल्याई बिक्री वितरण गर्ने हो । इण्डियाबाट सामान आयात गर्ने कार्य मेसर्स लुम्बिनी ट्रेडिङ प्रा.लि.का प्रमुख सञ्चालकको होइन । प्रस्तुत मुद्दाको अभियोग दाबी नै हदम्याद नाघी परेको र पुनरावेदनसमेत हदम्यादविहीन रहेको हुँदा पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई कायम गरी पृथ्वीमानको मुद्दाको रूलिङ कायम हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

उल्लिखित बहस सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गरी यस अदालतबाट भएको फैसला मिलेको छ छैन र पृथ्वीमान सिंहसमेत प्रत्यर्थी / प्रतिवादी भएको संवत् २०५९ सालको फौ.पु.नं. २७०३ को राजश्व चुहावट मुद्दामा यस अदालतको संयुक्त इजलासबाट मिति २०६६।१।१४ मा भएको

फैसलामा प्रतिपादित सिद्धान्त कायम हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा डाबर नेपाल प्रा. लि.का महाप्रबन्धक तरूणकुमार गुप्ता, ऐ. का वित्त प्रबन्धक अश्विनी मेहरा, लुम्बिनी ट्रेडिङ प्रा.लि.का प्रमुख सञ्चालक सुमन शाक्य र लुना ट्रेडिङ प्रा. लि.का प्रमुख सञ्चालक रूकुम शमशेर राणासमेतले मिलेमतो गरी भारतमा उत्पादित हजमोला केण्डी नेपालमा चोरी पैठारी गरी जारमा प्याक गरी जारको बाहिर नेपालमा बनेको लेबुल लगाई बिक्री वितरण गरी भारतबाट नेपालमा पैठारी गर्दा कानूनबमोजिम बुझाउनुपर्ने राजश्व चुहावट गरी राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ र ४(ग) को कसुर गरेका हुँदा प्रतिवादीहरूलाई ऐ. ऐनको दफा २३(१) अनुसार सजाय गरी ऐ. दफा ३३ बमोजिम बरामदी केण्डी जफत गरी ऐ. २९ बमोजिम सुराकीलाई पुरस्कार दिलाई पाउँ भन्ने अभियोग दाबी रहेकोमा प्रतिवादीहरूमध्ये सुमन शाक्य र रूकुम शमशेर राणालाई सफाइ दिई प्रतिवादीहरू तरूण गुप्ता र अश्विनी मेहरालाई ऐ. ऐनको दफा ३ र ४ (ग) को कसुरमा प्रतिवादी तरूण गुप्तालाई रू.२,००,०००।- र वित्त प्रबन्धक तथा कम्पनी सचिव अश्विनी मेहरालाई रू.१,५०,०००।- जरिवाना तथा दुवै प्रतिवादीहरूलाई जनही एक एक दिन कैद गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट फैसला भएको पाइयो। सो फैसलाउपर वादी नेपाल सरकार तथा प्रतिवादीहरू रूकुम शमशेर राणा र अश्विनी मेहराको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेकोमा पुनरावेदन अदालत, पाटनबाट अभियोग पत्र हदम्यादभित्र दायर हुन आएको नदेखिँदा अभियोग पत्र खारेज गर्नुपर्नेमा मुद्दाको तथ्यभित्र प्रवेश गरी निर्णय निरूपण गरेको सुरूको फैसला उल्टी भई अभियोग पत्र अ.बं. १८० नं. बमोजिम खारेज हुने भनी फैसला भएउपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेको देखियो। यस अदालतको संयुक्त इजलासबाट पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई उल्टी गरी सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर ठहर गरी यसै विषयमा नेपाल सरकार विरूद्ध पृथ्वीमान सिंहसमेतको संवत् २०५९ सालको फौ.पु.नं. २७०३ को राजश्व चुहावट मुद्दामा मिति २०६६।१।१४ मा भएको फैसलामा कायम भएको रूलिङसँग सहमत हुन नसकेको भनी प्रस्तुत मुद्दा पूर्ण इजलाससमक्ष पेस हुन आएको पाइयो।

३. यसमा मिति २०५६।३।११ देखि अनुसन्धान तहकिकात प्रारम्भ भएकोमा मिति २०५८।६।२९ मा अभियोग पत्र दायर गरेको कार्य राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ विपरीत रहेको भनी पुनरावेदन अदालतबाट सुरूको फैसलालाई उल्टी गरी अभियोग पत्र खारेज हुने ठहर गरी भएको फैसलामा उक्त ऐनको दफा ८ र २० समेतको व्याख्यात्मक त्रुटि भएकाले पुनरावेदन अदालतको उक्त फैसला बदर गरी अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिर रहेको पाइन्छ। यस अदालतको संयुक्त इजलासबाट ऐ. ऐनको दफा ८ को व्यवस्थाको व्याख्या गर्दा ऐ. दफा २० तथा सो ऐनमा रहेका कानूनी व्यवस्थाहरूको सापेक्षतामा रहेर व्याख्या गर्नुपर्ने भनी पुनरावेदन अदालतको फैसला बदर गरी सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर ठहर गर्दै ऐ. दफा ८ बमोजिम ३० दिनभित्र अनुसन्धान तहकिकात सम्पन्न नभएको भन्ने आधारमा अभियोग पत्र खारेज गर्ने गरी यस अदालतको संयुक्त इजलासबाट नेपाल सरकार विरूद्ध पृथ्वीमान सिंहको मुद्दामा कायम भएको रूलिङसँग असहमति जनाई फैसला भएको देखिँदा प्रस्तुत मुद्दामा उक्त ऐनको दफा ८ को व्याख्या सम्बन्धमा उठेको प्रश्नमा निर्णय गर्नुपर्ने देखिन आयो।

४. यसमा राजश्व चुहावट (अनुसन्धान

तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ मा "राजश्व चुहावट सम्बन्धमा दफा ७ बमोजिम विभागसमक्ष प्राप्त हुन आएको सूचना वा अन्य कुनै स्रोतबाट प्राप्त भएको जानकारीको आधारमा विभागले तीस दिनभित्र यस ऐनबमोजिम अनुसन्धान तथा तहकिकात गरी कारवाही चलाउनु पर्नेछ" भन्ने व्यवस्था रहेको छ । राजश्वसम्बन्धी विवादहरूलाई छिटो छरितो कारवाही किनारा गर्नका लागि राजश्व चुहावटसम्बन्धी ऐन लागू भएको भन्ने उक्त ऐनको प्रस्तावनाबाटै देखिन्छ । उक्त ऐनको दफा ६ अनुसार राजश्व चुहावटसम्बन्धी सम्पूर्ण मुद्दाको अनुसन्धान तहकिकात र तत्सम्बन्धी अन्य कारवाही राजश्व अनुसन्धान विभागले गर्ने व्यवस्था रहेको पाइन्छ । ऐ. दफा ७ मा राजश्व विभागले राजश्व चुहावटसम्बन्धी सूचना प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । ऐ. दफा १३ मा अनुसन्धानको सिलसिलामा अभियुक्तलाई थुनामा राख्न सक्ने अवधिको व्यवस्था गरेको र ऐ. दफा २० मा मुद्दा दायर गर्नुपर्ने म्यादको व्यवस्था गरेको पाइन्छ ।

५. अदालतले कानूनको व्याख्या गर्दा कस्तो कानून बनाउनु उपयुक्त हुन्छ भनी विधायिकाको अधिकार खोस्ने होइन विधायिकाले सो कानून बनाउँदा कुन उद्देश्यले बनाएको हो भनी विधायिकाको मनसाय हेर्नुपर्छ । कानूनमा प्रयुक्त शब्द तथा वाक्यको व्याख्या गर्दा कानून व्याख्याको नियमअनुसार नै गर्नुपर्छ । कानूनको शाब्दिक व्याख्या गर्दा कानूनको तर्कपूर्ण, विवेकसम्मत, व्यावहारिक एवम् न्यायपूर्ण अर्थ निस्कन्छ भने कानूनको शाब्दिक व्याख्या नै गर्नुपर्छ । तर कानूनको शाब्दिक व्याख्या गर्दा कानूनको विवेकसम्मत, न्यायपूर्ण र व्यवहारिक अर्थ ननिस्कने अवस्थामा कानूनको व्याख्याको स्वर्णिम नियमलाई अनुशरण गरी उक्त कानूनमा भएका अन्य दफाहरू समेतको सापेक्षतामा राखेर कानूनको सन्दर्भ सुहाउँदो र सुस्पष्ट व्याख्या गर्नुपर्छ ।

६. प्रस्तुत मुद्दामा राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ को व्याख्या गर्दा सो दफामा भएको ३० दिनभित्र अनुसन्धान तथा तहकिकातको कार्य गर्नुपर्नेछ भन्ने भएको व्यवस्थाले राजश्व अनुसन्धान विभागमा राजश्व चुहावटको सूचना प्राप्त भएको मितिले ३० दिनभित्रै अनुसन्धान तथा तहकिकातको कार्य पूरा गरी ३५ दिनभित्र मुद्दा दायर गरिसक्नु पर्ने गरी व्यवस्था भएको हो वा होइन भन्ने सम्बन्धमा हेर्नुपर्ने देखियो ।

७. राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ मा राजश्व विभागमा जुनसुकै स्रोतबाट राजश्व चुहावटसम्बन्धी सूचना प्राप्त भएमा ३० दिनभित्र अनुसन्धान तहकिकात गरी कारवाही चलाउनु पर्नेछ भनी राखिएको व्यवस्थालाई राजश्व अनुसन्धान विभागमा राजश्व चुहावटसम्बन्धी सूचना प्राप्त भएको ३० दिनभित्रै राजश्व अनुसन्धान विभागले अनुसन्धान तहकिकातको कार्य पूरा गरिसक्नु पर्ने गरी सो व्यवस्था गरिएको होला भनी अनुमान गर्नुभन्दा पहिले उक्त ऐनमा भएका अन्य व्यवस्थाहरू समेतलाई हेरी व्याख्या गर्नुपर्ने देखिन आयो । सो ऐनको दफा १३ मा "सो ऐनअन्तर्गत पक्राउ परेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिई अनुसन्धानको सिलसिलामा बढीमा ४५ दिनसम्म थुनामा राख्न सकिने" भन्ने व्यवस्था रहेको छ । ऐ. को दफा २० मा "यस ऐनबमोजिमको कसुरमा मुद्दा दायर गर्ने हदम्याद अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले ३५ दिनसम्म हुनेछ" भन्ने व्यवस्था रहेको छ । यस्तो अवस्थामा कानून व्याख्याको नियमअनुसार उक्त ऐनको दफा ८ को व्याख्या गर्दा सो दफालाई निरपेक्ष रूपमा हेरी कानूनको शाब्दिक व्याख्या गर्दा अन्य दफाहरूमा भएको व्यवस्थाको औचित्य नै मर्न जाने हुँदा अन्य दफाहरूको सापेक्षतामा राखेर व्याख्याको स्वर्णिम नियमअनुसार व्याख्या गर्नुपर्ने देखियो । विधायिकाले दफा ८ को व्यवस्था गर्दा राजश्व चुहावटको सूचना प्राप्त भएको ३० दिनभित्रै अनुसन्धान तहकिकात गरिसक्नु

पर्ने गरी व्यवस्था गरेको हो भनी व्याख्या हुन गएको अवस्थामा दफा २० मा अनुसन्धान तहकिकात समाप्त भएको ३५ दिनसम्ममा मुद्दा दायर गर्नुपर्ने भनी र ऐ. दफा १३ मा अनुसन्धानको सिलसिलामा बढीमा ४५ दिनसम्म अभियुक्तलाई थुनामा राख्न सकिने भनी व्यवस्था गर्नुपर्नाको औचित्य नै समाप्त हुने देखिँदा राजश्व चुहावटको सूचना प्राप्त भएको ३० दिनभित्रै अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरिसक्नु पर्ने गरी विधायिकाले समयसीमा निर्धारण गरेको हो भनी अर्थ गर्न सकिने अवस्था भएन। राजश्व चुहावटसम्बन्धी कसुर सम्पत्ति शुद्धीकरणको कसुर जस्तै गम्भीर प्रकृतिको अपराध हो। यो कसुरको सम्बन्ध राष्ट्रभित्र मात्र सीमित नभई अन्तर्राष्ट्रिय स्तरसम्म फैलिएर रहनसक्ने एवं राजश्व चुहावटमा कर्मचारिसमेतको संलग्नता रहनसक्ने कुरालाई मध्येनजर राखी विधायिकाले दफा १३ र २० समेतको व्यवस्था गरेको देखिँदा राजश्व चुहावटको कसुरमा सूचना प्राप्त भएको ३० दिनभित्रै अनुसन्धानको कारवाही पूरा हुन नसक्ने भन्ने विधायिकाको स्पष्ट मनसाय रहेको पाइयो। अनुसन्धान तहकिकातको कारवाही यति नै समयभित्र सकिसक्नु पर्ने भनी उक्त ऐनमा स्पष्ट समयसीमा किटान भएकोसमेत देखिएन। राजश्व चुहावटको सूचना प्राप्त भएको ३० दिनभित्र अनुसन्धान तथा तहकिकात गर्नुपर्ने भन्ने भएको व्यवस्थाको व्याख्या गर्दा ३० दिनभित्रै अनुसन्धान तथा तहकिकातको कारवाही सम्पन्न गरिसक्नु पर्छ भन्ने नभई सूचना पाएको ३० दिनभित्र अनुसन्धान तथा तहकिकातको कारवाही सुरू गरिसक्नु पर्ने गरी व्यवस्था गरेको भन्ने देखिँदा उक्त दफा ८ को व्यवस्थाको व्याख्या गर्दा दफा १३ र दफा २० समेतको सापेक्षतामा गर्नुपर्ने भनी यस अदालतबाट मिति २०६७।३।१६ मा सम्माननीय प्रधानन्यायाधीश श्री रामप्रसाद श्रेष्ठ र माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्यायबाट भएको फैसलालाई अन्यथा भन्न सकिएन।

८. अब प्रस्तुत मुद्दामा मिति २०५६।३।११ देखि अनुसन्धान तथा तहहिकातको कार्य सुरू भई मिति २०५८।६।२९ मा मुद्दा दायर भएको भन्ने मिसिल संलग्न कागजातबाट देखिन आयो। २ वर्षभन्दा बढी समयपछि मुद्दा दायर भएकोमा हदम्याद नरहेको भन्ने प्रत्यर्थी प्रतिवादीहरूको जिकिर रहेको पाइयो। राजश्व अनुसन्धान विभागले मिति २०५६।३।११ मा अनुसन्धानको कार्य प्रारम्भ गरेपछि जिल्ला सरकारी वकिल कार्यालय, काडमाडौंबाट पटक पटक थप अनुसन्धानको लागि राजश्व अनुसन्धान विभागलाई निर्देशन दिएको मिसिल संलग्न कागजातबाट खुल्न आएको देखिँदा अनुसन्धानको कार्य प्रारम्भ गरेपछि सो विषयमा कुनै कारवाही नगरी २ वर्षभन्दा बढी समयसम्म राजश्व अनुसन्धान विभाग चुप लागेर बसी २ वर्षभन्दा पछाडि उक्त मुद्दा दायर भएको भन्ने नदेखिई सो विषयमा अनुसन्धानको कारवाही चालु रहिरहेको भन्ने नै देखिन्छ। डाबर नेपाल प्रा.लि.का महाप्रबन्धक प्रतिवादी तरूणकुमार गुप्ता, ऐ. का वित्त प्रबन्धक अश्विनी मेहरा, लुम्बिनी ट्रेडिङ प्रा.लि. का प्रमुख सञ्चालक सुमन शाक्य र लुना ट्रेडिङ प्रा.लि. का प्रमुख सञ्चालक रूकुम शमशेर राणासमेत भई भारतमा बनेको हजमोला केण्डीलाई चोरी पैठारी गरी नेपालमा बनेको भन्ने देखाउन बाहिरी जारमा नेपालमा बनेको भन्ने लेबल लगाई राजश्व चुहावट गरी राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ (४)(ग) अन्तर्गतको कसुर गरेका हुँदा प्रतिवादीहरूलाई ऐ. दफा २३(१) बमोजिम सजाय गरी ऐ. दफा ३३ बमोजिम उक्त हजमोला केण्डी बरामद गरी ऐ. दफा २९ बमोजिम सुराकीलाई पुरस्कार दिलाई पाउँ भन्ने मुख्य अभियोग दाबी रहेको पाइयो। प्रतिवादीहरू तरूणकुमार गुप्ता तथा अश्विनी मेहराले अदालतसमक्ष बयान गर्दा भारतस्थित डाबर लिमिटेड र नेपाल स्थित

डाबर लिमिटेडका लेमुनेटहरू एकै स्थानमा उत्पादन भएका र ती लेमुनेट नेपालमा आयात गर्दा भूलवश भारतमा बनेको भन्ने लेमुनेट आयात हुन गई नेपालमा उत्पादित क्याण्डीमा सो लेमुनेट लाग्न गएकोसम्म हो, हजमोला क्याण्डी नेपालमा नै बनेको हो भनी बयान गरेको देखियो। डाबर नेपाल प्रा.लि. को काठमाडौंको लागि थोक बिक्रेता लुम्बिनी ट्रेडर्स प्रा.लि. र नेपालका लागि मुख्य वितरक लुना ट्रेडिङ कम्पनी एवं डाबर नेपाल प्रा.लि.समेतका गोदामहरूबाट बरामद भएका हजमोला केण्डीहरूका जारबाहिर Made in Nepal by Dabur Pvt. Ltd. लेबुल लगाइएको र सो जारभित्र Made in India by Dabur India Ltd. भन्ने लेखिएका केण्डीहरू रहेका अवस्थामा फेला परेकोले केण्डीहरू रहेका गोदाममा सिलछाप लगाइएको भन्ने मिसिल संलग्न बरामदी मुचुल्काबाट देखिन आयो। प्रतिवादीहरूले उक्त केण्डीहरू नेपालमा नै उत्पादन भएको तर भूलबस भारतमा बनेको भन्ने लेबुलसम्म लाग्न गएको भन्ने जिकिर लिए पनि सो जिकिर प्रमाणित गर्ने कुनै ठोस र वस्तुनिष्ठ प्रमाण गुजार्न सकेकोसमेत देखिएन। प्रतिवादीहरूले प्रमाणको रूपमा पेस गरेको प्रज्ञापनपत्रको फोटोकपीमा आयातित लेमुनेटको प्रष्ट विवरणसमेत उल्लेख हुन नसकेको अवस्थामा उक्त लेमुनेट भूलबस नै नेपालमा आयात भएको भन्ने प्रतिवादीहरूको भनाइलाई नै ठोस प्रमाणको रूपमा लिन नमिल्ने हुँदा भारतमा बनेको हजमोला केण्डी चोरी पैठारी गरी नेपालमा ल्याई नेपालमा बनेको भन्ने देखाउन सो केण्डी राखिएको जारमा नेपालमा बनेको भन्ने लेमुनेट लगाएको देखिँदा प्रतिवादीहरूले राजश्व चुहावट गरेको भन्ने नै पुष्टि हुन आएको पाइयो। यसरी प्रतिवादीहरू तरूणकुमार गुप्ता र अश्विनी मेहराले अभियोग माग दाबीबमोजिम १२८०८८ के.जी. हजमोला केण्डीमा हुने भारतीय मूल्य बराबरको नेपाली मूल्य रू. ६१,५३,९८७।९६ को तत्कालीन भन्सार मूल्याङ्कनअनुसार मूल्य बिगो रू. ६४,६१,६८७।३६ सि.आई.एफ. मूल्य हुन आउने रकमको वादी दाबीमा लेखिएअनुसारको १६% भन्सार महसुलले हुने बिगो रू.१०,३३,८६९।९८ राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ र ४(ग) बमोजिम राजश्व चुहावट गरेको ठहर गरी प्रतिवादीहरू तरूणकुमार गुप्ता र अश्विनी मेहराबाट सो बिगो रू. १०,३३,८६९।९८ दामासाहीले बराबर असुल गरी ऐ. ऐनको दफा २३(१) बमोजिम प्रतिवादी तरूणकुमार गुप्तालाई रू.२,००,०००।- र अश्विनी मेहरालाई रू.१,५०,०००।- जरिवाना गरी दुवै प्रतिवादीहरूलाई जनही १/१ दिन कैद हुने ठहर गरी भएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरी उक्त ऐनको दफा ८ को प्रावधानको व्याख्या गर्दा अनुसन्धानको कारवाही सुरू भएको ३० दिनभित्र कारवाही चलाई सक्नुपर्ने भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०६६।१।१४ मा माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल र माननीय न्यायाधीश श्री भरतराज उप्रेतीबाट वादी नेपाल सरकार विरूद्ध प्रतिवादी पृथ्वीमान सिंहसमेतको (संवत् २०५९ सालको फौ.प.नं. २७०३) मुद्दामा स्थापित रूलिङलाई ओभररूल गरी उक्त दफा ८ को व्यवस्थाको व्याख्या गर्दा दफा १३ र दफा २० समेतको सापेक्षतामा गर्नुपर्ने भनी यस अदालतबाट मिति २०६७।३।१६ मा सम्माननीय प्रधानन्यायाधीश श्री रामप्रसाद श्रेष्ठ र माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्यायबाट भएको फैसलालाई अन्यथा भन्न सकिएन।

९. तसर्थ माथि विवेचित तथ्य, प्रमाण एवं व्यवस्थासमेतबाट प्रतिवादीमध्येका लुम्बिनी ट्रडिङ्ग प्रा.लि. का प्रमुख सञ्चालक सुमन शाक्य नेपालबाट उत्पादन हुने हजमोला केण्डी नेपाल राज्यभर बिक्री गर्ने र लुना ट्रेडिङ प्रा.लि. का प्रमुख सञ्चालक रूकुम शमशेर राणा उक्त केण्डी काठमाडौं उपत्यकाका लागि

बिक्री वितरण गर्नेसम्मका व्यक्ति रहेका र हजमोला केण्डी लिँदा खुल्लारूपमा नभई बट्टा बन्दी रूपमा लिने थोक बिक्रेता हुँदा उक्त केण्डीहरू नेपालमा बनेका हुन् होइनन् भनी शंका गर्न सकिने स्थितिसमेत नभएको भन्ने आधारमा निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी एवं प्रतिवादीहरू तरूणकुमार गुप्ता र अश्विनी मेहराले राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ र ४(ग) बमोजिम राजश्व चुहावट गरेको ठहर गरी निज प्रतिवादीहरूबाट बिगो रू.१०,३३,८६९।९८ (रू .दश लाख तेत्तीस हजार आठ सय उनान्सत्तरी पैसा अन्ठानब्बे) दामासाहीले बराबर असुल गरी ऐ. दफा २३(१) बमोजिम प्रतिवादी तरूणकुमार गुप्तालाई रू.२,००,०००।- (रू. दुई लाख) र अश्विनी मेहरालाई रू.१,५०,०००।- (रू. एक लाख पचास हजार) जरिवाना गरी दुवै प्रतिवादीहरूलाई जनही १/१ (एक / एक) दिन कैद हुने ठहर गरी मिति २०६१।१२।३ मा सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।३।१६ मा भएको फैसला सदर हुने ठहर्छ। राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ को व्याख्या गर्दा सो ऐनको दफा १३ र २० एवं अन्य दफाहरू समेतको सापेक्षतामा गर्नुपर्ने गरी यस अदालतको संयुक्त इजलासबाट सम्माननीय प्रधानन्यायाधीश श्री रामप्रसाद श्रेष्ठ र माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्यायबाट मिति २०६७।३।१६ मा भएको फैसलालाई सदर गरी सो दफा ८ को सम्बन्धमा नेपाल सरकार विरूद्ध पृथ्वीमान सिंहसमेतको राजश्व चुहावट मुद्दा (संवत् २०५९ सालको फौ.पु.नं. २७०३, ३२०६ र ३२३२) मा यस अदालतको संयुक्त इजलासबाट माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल र माननीय न्यायाधीश श्री भरतराज उप्रेतीबाट भएको रूलिङ ओभररूल हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइ दिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपककुमार कार्की
न्या. मीरा खड्का

इजलास अधिकृतः इन्दिरा शर्मा
इति संवत् २०७३ साल फागुन १२ गते रोज ५ शुभम्।

## निर्णय नं. ९८८५

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति २०७३।११।१२
०७२-WF-०००२

विषय : उत्प्रेषण

निवेदक : जिल्ला डोटी बर्छो गा.वि.स. वडा नं. ४ बस्ने नयनबहादुर नामजाली मगरसमेत
विरूद्ध
विपक्षी : जिल्ला वन कार्यालय, डोटी

- **राज्यले व्यक्तिको निजी सम्पत्तिको उपयोगमा बन्देज लगाउँदा निश्चित कानूनी सीमा, प्रक्रिया, मापदण्ड र**

**कार्यविधिहरूको परिधि (Ambit) भित्र रहेर गर्नु पर्दछ । त्यस्ता परिधि, आधार र सीमाहरू राज्यले कानूनद्वारा निर्धारण गरेको हुन्छ । त्यसैले राज्यले व्यक्तिको निजी सम्पत्तिको प्रयोग वा उपयोगमा रोक वा बन्देज लगाउँदासमेत कानूनले निर्दिष्ट गरेका आधार, सीमा तथा न्यायिक मूल्य र मान्यताभित्र रहेर गर्नुपर्ने ।**

(प्रकरण नं. ५)

- **राज्यले सार्वजनिक हितको लागि व्यक्तिको निजी सम्पत्तिमा समेत कानूनबमोजिम नियन्त्रण र नियमन गर्न सक्छ । सार्वजनिक हित भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हितमा मात्र सीमित हुँदैन । सार्वजनिक हित बहुजनहिताय अर्थात् बहुसंख्यक सर्वसाधारण जनता वा जनसमुदायको वृहत्तर हितसँग सार्थक सम्बन्ध रहेको हुँदा राज्य यस्ता विषयमा बढी संवेदनशील हुनै पर्ने ।**

(प्रकरण नं. ६)

- **मानव जीवनका लागि स्वच्छ वातावरण अपरिहार्य हुन्छ । प्रदूषित वातावरणमा मानव जीवनको मात्र होइन समस्त प्राणी र वनस्पति जगतकै अस्तित्व खतरामा पर्दछ । यस स्थितिमा समस्त मानव जातिको बाँच्न पाउने हक नै समाप्त हुने ।**
- **प्रदूषित वातावरणको असर कुनै व्यक्ति, समूह, समाज र देशभित्र मात्र सीमित नभई यसको प्रभाव, असर र दुष्परिणाम समस्त मानव, प्रकृति र यहाँका जीवजन्तुहरूमा पर्दछ । वातावरण संरक्षणको विषय कुनै राष्ट्रको सीमा वा राष्ट्रियताको परिधिभन्दा व्यापक आवश्यकतासँग सम्बन्धित छ । त्यसैले वातावरण संरक्षण गरिनु र हुनु आज समस्त विश्वकै साझा चिन्ता, चासो, सरोकार र हितको विषय हुने ।**

(प्रकरण नं. ७)

- **कुनै व्यक्तिको दर्ताको जग्गामा रहेका रूखहरू निजी सम्पत्ति भए तापनि रूख विरूवा जस्ता जैविक विविधता रहेको वस्तुहरूले सार्वजनिकरूपमा नै पर्यावरणलाई बचाई राख्न मद्दत दिइरहेको हुन्छ । तसर्थ यस्तो वस्तुको उपभोग, प्रयोग पर्यावरण र जैविक विविधतालाई क्षति नहुने गरी हुनु वाञ्छनीय हुने ।**

(प्रकरण नं. ९)

- **सम्मानपूर्वक बाँच्न पाउने हकको अर्थ It does not mean only animal existence, it means right to life with human dignity भन्ने भएकोले यस हकले सबै प्रकारको मौलिक एवं मानव अधिकारको उपभोग गर्दै प्रदूषणरहित स्वच्छ वातावरणमा बाँच्न पाउने हकसमेतलाई समेट्ने ।**

(प्रकरण नं. ११)

- **जैविक विविधता र वातावरण संरक्षणको लागि जुनसुकै क्षेत्र चाहे त्यो सार्वजनिक वन होस् वा निजी वन नै किन नहोस् तोकिएका वन पैदावारमा व्यापारिक प्रयोजनका लागि कटान एवम् ओसारपसारमा प्रतिबन्ध लगाउन सक्ने नै देखिने ।**

(प्रकरण नं. १९)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ता नन्दप्रसाद अधिकारी

विपक्षीको तर्फबाट : विद्वान् नायब महान्यायाधिवक्ता किरण पौडेल र सहन्यायाधिवक्ता रमा पराजुली

अवलम्बित नजिर :

- स.अ.बुलेटिन, वर्ष १०, अङ्क १७, पूर्णाङ्क २२७, पुस १-१५, २०५८, पृ.९
- *ने.का.प.* २०६३, अंक २, नि.नं.७६५७, पृ.२७०

सम्बद्ध कानून :

आदेश

**न्या. विश्वम्भरप्रसाद श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ एवं १०७(२) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

**रिट निवेदन व्यहोराः**

हामी निवेदकहरू सामान्य किसान हौं । खेतीपाती गरी जीवनयापन गर्दै आएका छौं । हामी निवेदकका नाममा दर्ता रहेको जग्गाहरू मध्ये जिल्ला डोटी बर्छौ गा.वि.स. वडा नं. ४ को जग्गामध्ये म नयनबहादुर नामजाली मगरका नाममा कि.नं. ११ को क्षे.फ. ७-१०-०-०, कि.नं. ४१ को क्षे.फ. १९-१-३-३, कि.नं. ६९ को क्षे.फ. २-६-३-३ म भिमबहादुर नामजालीमा नाममा कि.नं. १७३ को क्षे.फ. २-१३-१-२, कि.नं. १८३ को १६-२-०-२, कि.नं. २१९ को क्षे.फ. ११-१२-१-३, कि.नं. २२० को क्षे.फ. ७-१-०-३, कि.नं. २२१ को क्षे.फ. ६-६-१-१, म डम्बरबहादुर पल्ली मगरका नाममा कि.नं. १६९ को क्षे.फ. ५-४-२-३, हंसराज लामछाने थापा मगरका नाममा कि.नं. २४२ क्षे.फ. ७-१-०-२, रोजबहादुर सिरोली मगरका नाममा कि.नं. २३२ को क्षे.फ. १४-१२-०-१, कि.नं. २३८ को क्षे.फ. २-८-२-०, कर्णबहादुर पुलामी मगरका नाममा कि.नं. २३० को क्षे.फ. ६-७-०-०, केहरी साउदको नाममा कि.नं. १७४ को क्षे.फ. ३-४-०-०, कि.नं. १८९ को क्षे.फ. १५-८-२-०, रनजित पल्ली मगरको नाममा कि.नं. १८५ को क्षे.फ. १०-१३-०-३, खगिराम सिरोली मगरको नाममा कि.नं. २२९ को क्षे.फ. २२-२-३-१, कि.नं. २३९ को क्षे.फ. २-२-३-३, विर सिं भूलका नाममा कि.नं. २०४ को क्षे.फ.१५-१३-३-१, रतनबहादुर बगाली मगरका नाममा कि.नं. २४० को क्षे.फ. १०-३-०-१, कि.नं. १५६ को क्षे.फ. ११-०-३-२, कि.नं. २२३ को क्षे.फ. ४-२-१-१, कि.नं. २४८ को क्षे.फ. ०-९-२-१, कर्णबहादुर बगाली मगरका नाममा कि.नं. ७६ को क्षे.फ. २-१-०-०, कि.नं. १३४ को क्षे.फ. ७-०-३-३, कि.नं. १३६ को क्षे.फ. ५-०-३-० कि.नं. १३८ को क्षे.फ. १६-४-०-० समेतका जग्गाहरू दर्ता रहेका छन् । उक्त जग्गाहरूमा सालजातका बुढा पुराना रूखहरू रहेको कारणले बालीनाली उत्पादनमा ह्रास आई दैनिक जीवन निर्वाहमा बाधा तथा कठिनाई उत्पन्न भएको छ।

उक्त जग्गामा भएका रूखहरू कटान मुछान गरी बिक्री वितरण गरी आयआर्जन गर्न पाउँ भनी जिल्ला वन कार्यालय डोटीमा हामी निवेदकहरूले विभिन्न मितिमा निवेदन दिएका थियौं । जिल्ला वन कार्यालय डोटीले “तत्कालीन श्री ५ को सरकार वन तथा भूसंरक्षण मन्त्रालयको सूचना नेपाल राजपत्र खण्ड ५१ संख्या ३६ मिति २०५८।९।१६ को भाग ३ मा प्रकाशित सूचनाको दफा ५ बमोजिम व्यापारिक प्रयोजनका रूख कटान बिक्री गर्न र ओसार पसार गर्नको लागि यस कार्यालयबाट इजाजत दिन नमिल्ने व्यहोरा जानकारी गराइन्छ” भनी मिति २०७०।१०।२३, २०७०।१०।२४ र २०७०।१०।२६ मा आदेश गरेको छ । विपक्षीको उक्त आदेश निर्णयबाट निवेदकहरूको संविधानद्वारा प्रदत्त सम्पत्ति उपयोग गर्न पाउने साम्पत्तिक हकमा आघात पर्न गएको छ।

वन ऐन, २०४९ को दफा ७०(क) मा "तत्कालीन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता र वातावरण संरक्षणको लागि तोकिएको वन पैदावारको संकलन

कटान उपयोग ओसारपसार बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ" भन्ने व्यवस्थाबमोजिम मिति २०५८।९।१६ मा प्रकाशित नेपाल राजपत्रको सूचनाले हाम्रो खेतीयोग्य जग्गामा हुर्के बढेका सदियौंदेखि संरक्षण गरेको रूख विरूवाको उपयोग गर्न रोक लगाउन मिल्दैन । निजी जग्गामा संरक्षित गरेका रूखहरू वन ऐन, २०४९ को दफा २(ग) तथा उल्लिखित राजपत्रको प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्थासमेतले वन पैदावारभित्र नपर्ने हुँदा वन पैदावारको हकमा प्रकाशित सूचनालाई आधार लिई निजी जग्गामा रहेको रूख उपयोग गर्न रोक लगाउन मिल्दैन । विपक्षीको उक्त कार्य गैरकानूनी छ ।

निवेदकहरूको निजी आवादी जग्गामा रहेका सालजातका रूखहरू कटान, ओसार पसार बिक्री वितरण गरी आय आर्जन गर्न रोक लगाउने गरी विपक्षी जिल्ला वन कार्यालय, डोटीबाट मिति २०७०।१०।२३, २०७०।१०।२४ र २०७०।१०।२६ मा भएको दरपीठ निर्णय आदेश उत्प्रेषणको आदेशले बदर गरी उक्त सालजातका रूखहरू कटान, ओसारपसार बिक्री वितरण गरी आय आर्जन गर्न इजाजत दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन पत्र ।

**यस अदालतको कारण देखाउ आदेशः**

यसमा के कसो भएको हो, निवेदन मागबमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो, आदेश जारी गर्नु नपर्ने मनासिब आधार र कारण भए सोसमेत खुलाई यो म्याद सूचना प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५(पन्ध्र) दिनभित्र लिखित जवाफ पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।११।२८ को आदेश ।

**विपक्षीहरूको लिखित जवाफः**

निवेदकसमेतका नाम दर्ताको आवादी जग्गामा भएका सालका रूखहरू कटान, ओसार पसार बिक्री वितरण गर्न इजाजत पाउँ भनी निवेदकहरूले विभिन्न मितिमा जिल्ला वन कार्यालय, डोटीमा निवेदन दिएका थिए । जिल्ला वन कार्यालय डोटीले सालजातका रूखहरू व्यापारिक प्रयोजनका लागि कटान तथा ओसारपसार गर्न इजाजत दिन नमिल्ने भनी दिएको जानकारी वन ऐन, २०४९ को दफा ७०क ले दिएको अधिकार प्रयोग गरी मिति २०५८।९।१६ को नेपाल राजपत्र भाग ३, खण्ड ५१, संख्या ३६ मा प्रकाशित यस मन्त्रालयको सूचनाका आधारमा निर्णय भएको हो। वन ऐन, २०४९ को दफा ७०क मा जैविक विविधता र वातावरण संरक्षणका लागि तोकिएको वन पैदावारको संकलन, कटान, उपयोग, ओसार पसार बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्ने कानूनी व्यवस्था छ । सोही कानूनी व्यवस्थाअनुरूप मिति २०५८।९।१६ को नेपाल राजपत्र भाग ३, खण्ड ५१, संख्या ३६ मा प्रकाशित सूचनाको बुँदा नं. ५ मा "व्यापारिक प्रयोजनका लागि कटान ओसार पसार र विदेश निकासी गर्न प्रतिबन्ध लगाएका रूखहरू मध्ये खण्ड (ग) मा साल उल्लेख भएको छ ।

निवेदकले वन ऐन, २०४९ को दफा २(ग) मा गरिएको "वन पैदावार" को परिभाषाभित्र आफ्नो निजी रूख विरूवा भएको जग्गा नपर्ने भनी दाबी लिएका छन्। वन ऐन, २०४९ को दफा २(क) मा "वन" को परिभाषा गरिएको छ । "वन" भन्नाले पूर्ण वा आंशिकरूपमा रूखहरूले ढाकिएको क्षेत्र सम्झनु पर्छ" भनिएको छ । यस परिभाषाभित्र निवेदकहरूको रूखहरूले ढाकिएको जग्गासमेत पर्दछ । निजी जग्गामा भएका रूखहरू निज प्रयोजनका लागि उपभोग गर्न रोक नलगाउने सम्बन्धमा पत्राचार भएको छ । तर, व्यापारिक प्रयोजनका लागि कानूनबमोजिम रोक लगाइएको हो। विपक्षीको कार्यबाट निवेदकहरूको सम्पत्तिसम्बन्धी हकमा आघात नपारेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीमध्येको नेपाल सरकार वन तथा

भूसंरक्षण मन्त्रालय, वन विभाग र नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको तर्फबाट पर्न आएको एकै व्यहोराको पृथक पृथक लिखित जवाफ।

तत्कालीन श्री ५ को सरकार वन तथा भूसंरक्षण मन्त्रालयको सूचना नेपाल राजपत्र खण्ड ५१ संख्या ३६ मिति २०५८।९।१६ को भाग ३ मा प्रकाशित सूचनाको दफा ५ बमोजिम व्यापारिक प्रयोजनको लागि साल रूख कटानी ओसार पसारमा प्रतिबन्ध लगाएको हुँदा कानूनले निषेध गरेको कार्यलाई यस निर्देशनालयबाट समेत व्यापारिक प्रयोजनका लागि कटान ओसारपसार गर्न अनुमति दिन मिल्दैन। यस निर्देशनालयले कानूनको सदैव पालना गरी आफ्नो क्षेत्राधिकारभित्र रही काम गर्दै आएको छ। कानूनले दिएको दायित्व पालना गर्दै, सार्वजनिक सरोकारको विषयमा निरन्तर अनुगमन गर्नु र माथिल्लो निकायहरूको आदेश निर्देशन पालना गर्नु मातहतका कार्यालयको कर्तव्य हो। निवेदकको कानूनद्वारा प्रदत्त हकधिकारमा आघात नपारेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीमध्येको सुदुर पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालयको तर्फबाट पर्न आएको लिखित जवाफ।

**पूर्ण इजलासमा पेस गर्नु भन्ने आदेशः**

यसमा यस्तै प्रकृतिको विवाद समावेश भएको निवेदक टेकबहादुर भण्डारीले दायर गरेको ०६७-WO-०५२३ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनको सुनुवाइ हुँदा यस्तै प्रकृतिको रिट निवेदनमा परस्पर विरोधी र भिन्नाभिन्नै राय व्यक्त गरी निर्णय भएको हुँदा रायमा एकरूपता कायम हुन नसकी एकरूपता कायम गर्नका लागि मिति २०७०।११।१२ को आदेशले पूर्ण इजलाससमक्ष पेस भएको देखिँदा प्रस्तुत रिट निवेदनको निर्णय पनि पूर्ण इजलासबाट हुन उपयुक्त देखिन्छ। नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।१२।२९ को आदेश।

**निवेदकतर्फका कानून व्यवसायीको बहसः**

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नन्दप्रसाद अधिकारीले वन तथा भूसंरक्षण मन्त्रालयको नेपाल राजपत्र खण्ड ५१ संख्या ३६ भाग ३ मिति २०५८।९।१६ मा प्रकाशित सूचनाले प्रतिबन्ध लगाएको वन पैदावारका सम्बन्धमा मात्र कटान, मुछान र ओसार पसारमा रोक लगाएको हो। निवेदकको निजी आवादी जग्गामा संरक्षण गरी हुर्काएका रूखहरू वन पैदावारभित्र पर्दैनन्। यी रूखहरू निवेदकको निजी सम्पत्ति हुन्। मिति २०५८।९।१६ मा प्रकाशित नेपाल राजपत्रको सूचनाले वातावरण संरक्षण वा जैविक विविधतामा असर पार्ने गरी तोकिएका वन पैदावारमा मात्र कटान मुछानमा रोक लगाएको छ। निवेदकको निजी जग्गामा लगाएका रूखहरू कटान गर्दा वातावरण संरक्षण वा जैविक विविधतामा असर पर्ने होइन। निजी आवादी जग्गाका रूखहरू वनको परिभाषाभित्र नपर्ने हुँदा उक्त रूखहरूलाई वन पैदावारभित्र पार्न मिल्दैन। निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त सम्पत्तिको उपभोग गर्न पाउने हकलाई गैरकानूनी रूपमा संकुचन गर्न मिल्दैन। जिल्ला वन कार्यालय सिलगढी डोटीको मिति २०७०।१०।२३, २०७०।१०।२४ र २०७०।१०।२६ को निर्णयले निवेदकको निजी जग्गामा रहेका साललगायतका रूखहरूलाई कटान मुछान गरी बिक्री वितरण गर्न रोक लगाएकोले उक्त गैरकानूनी निर्णयलाई उत्प्रेषणको आदेशले बदर गरी निवेदकको निजी जग्गामा रहेका रूखहरू कटान मुछान र बिक्री वितरण गर्न दिनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो।

**विपक्षीतर्फका कानून व्यवसायीको बहसः**

त्यसैगरी विपक्षी नेपाल सरकारका तर्फबाट

उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता श्री किरण पौडेल र सहन्यायाधिवक्ता श्री रमा पराजुलीले वन ऐन, २०४९ को दफा ७०क र वन नियमावली, २०५१ को नियम १२ ले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनका लागि तोकिएको वन पैदावारको संकलन, कटान, उपभोग, ओसारपसार बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्ने कानूनी व्यवस्था गरेको छ । सोही कानूनी व्यवस्थाअनुसार नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालयको नेपाल राजपत्र खण्ड ५१ संख्या ३६ भाग ३ मिति २०५८।९।१६ मा प्रकाशित सूचनाले साल रूख कटान तथा ओसार पसारमा प्रतिबन्ध लगाएको छ । नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालयले नेपाल राजपत्रमा मिति २०५८।९।१६ मा प्रकाशित सूचना कानून हो । सोही कानूनका आधारमा जिल्ला वन कार्यालय सिलगढी डोटीले साल तथा अस्ना प्रजातिका रूखहरू कटान, ओसारपसार र बिक्री वितरण गर्न इजाजत नदिने निर्णय गरेको हो । ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी जैविक विविधता तथा वातावरण संरक्षण गर्ने उद्देश्यले नै राजपत्रमा सूचना प्रकाशित गरेको हो । जिल्ला वन कार्यालयको निर्णय के कुन कारणले त्रुटिपूर्ण र गैरकानूनी छ सो कुरा निवेदकले सप्रमाण निवेदनमा उल्लेख गर्न सकेको छैन । व्यक्तिको निजी जग्गामा रहेका रूखहरू निजीरूपमा उपभोग गर्न पाए पनि व्यापारिकरूपमा बिक्री वितरण गर्न पाउँदैन । व्यक्तिले निजी सम्पत्ति निरपेक्षरूपमा उपयोग गर्न पाउँदैन । व्यक्तिले निजी सम्पत्तिको उपभोग गर्दा प्रचलित कानूनले तोकेको सर्त, र प्रक्रिया पूरा गरेर मात्र गर्नुपर्दछ । विधायिकाले प्रदान गरेको अधिकार प्रयोग गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको र सो राजपत्रका आधारमा जिल्ला वन कार्यालय सिलगढी डोटीले सालका रूख कटान, ओसारपसार र बिक्री वितरण गर्न इजाजत नदिने भनी गरेको निर्णय कानूनसम्मत भएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो ।

यसमा यस अदालतबाट यस्तै प्रकृतिको रिट निवेदनमा परस्पर विरोधी र भिन्नाभिन्नै राय व्यक्त गरी निर्णय भएको हुँदा रायमा एकरूपता कायम हुन नसकी एकरूपता कायम गर्नका लागि मिति २०७०।११।१२ मा आदेश भई पूर्ण इजलाससमक्ष पेस भएको देखिँदा प्रस्तुत रिट निवेदनको निर्णय पनि पूर्ण इजलासबाट हुन उपयुक्त देखिँदा पूर्ण इजलासमा नियमानुसार पेस गर्नु भन्ने मिति २०७२।१२।२९ मा आदेश भई प्रस्तुत रिट निवेदन पूर्ण इजलाससमक्ष पेस भएको देखियो ।

**यस अदालतको अन्तिम आदेशः**

२. विद्वान् कानून व्यवसायीहरूको उपर्युक्त बमोजिमको बहस जिकिर सुनी निवेदनसहितको मिसिल कागजातहरूको अध्ययन गरी हेर्दा हामी निवेदकहरूको निजी हक भोगको जग्गामा लगाएको साल, अस्ना, सल्लो आदि जातका रूखहरू ठूला बुढा भई बालीनालीको उत्पादनमा ह्रास आई दैनिक जीवनयापनमा समेत बाधा उत्पन्न भएकोले ती रूखहरू कटान, मुछान गरी बिक्री वितरण गर्न अनुमति पाउँ भनी जिल्ला वन कार्यालय सिलगढी डोटीमा निवेदकहरूले विभिन्न मितिमा निवेदन दिएकोमा नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालयले मिति २०५८।९।१६ मा जिल्ला वन कार्यालय सिलगढी डोटीले नेपाल राजपत्रमा प्रकाशित सूचनाका आधारमा निजी जग्गामा रहेका साल र अस्ना जातका रूखहरू व्यापारिक प्रयोजनका लागि कटान, मुछान र ओसारपसार गर्न इजाजत दिन नमिल्ने भनी मिति २०७०।१०।२३, २०७०।१०।२४ र २०७०।१०।२६ मा गरेको निर्णय गैरकानूनी भएकोले सो निर्णय बदर गरी निवेदकको निजी जग्गामा लगाएका साल, सल्लो, अस्ना जातका रूखहरू कटान, ओसार पसार तथा बिक्री वितरण गर्न इजाजत दिनु भनी विपक्षीका नाममा परमादेशको

आदेश जारी गरिपाउँ भन्ने निवेदन माग रहेको देखिन्छ । वन ऐन, २०४९ को दफा ७०क ले निजी आवादी जग्गामा रहेका सालका रूखहरू कटान, ओसारपसार र निकासी गर्न रोक लगाएको छ । सो ऐनले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालयले मिति २०५८।९।१६ मा नेपाल राजपत्र भाग ३, खण्ड ५१ संख्या ३६ मा प्रकाशित सूचना कानूनसम्मत छ । जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनको लागि तोकिएको वन पैदावारको संकलन, कटान, ओसारपसार बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्ने कानूनी व्यवस्थाबमोजिम जिल्ला वन कार्यालय सिलगढी डोटीले साल, अस्ना, जातका रूखहरू कटान, मुछान, ओसारपसार र बिक्री वितरण गर्न अनुमति नदिएको हो । कानूनबमोजिम साल, अस्ना जातका रूखहरू कटान बिक्री वितरण ओसारपसार गर्न प्रतिबन्ध लगाएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षीहरू नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयसमेतको लिखित जवाफ रहेको देखियो ।

३. निवेदकहरूका नाममा दर्ता रहेका जग्गामा साल जातका रूखहरू ठूलो बुढा पुराना भई बासस्थानसमेतमा क्षति पुऱ्याई बालीनाली उत्पादनमा ह्रास आएकोले उक्त रूखहरू कटान मुछान बिक्री वितरण गरी आय आर्जन गर्न पाउँ भन्नेसमेत व्यहोराको जिल्ला वन कार्यालय, सिलगडी डोटीमा मिति २०७०।१०।२३, २०७०।१०।२४ र २०७०।१०।२६ मा निवेदकहरूको निवेदन परेको देखिन्छ । उक्त निवेदनमा "तत्कालीन श्री ५ को सरकार वन तथा भूसंरक्षण मन्त्रालयको नेपाल राजपत्र खण्ड ५१, संख्या ३६ मिति २०५८।९।१६ को भाग ३ मा प्रकाशित सूचनाको दफा ५ बमोजिम व्यापारिक प्रयोजनका लागि सालका रूखहरू कटान, मुछान ओसारपसारमा प्रतिबन्ध लगाएकोले मागबमोजिम व्यापारिक प्रयोजनका लागि साल जातका रूखहरू कटान मुछान बिक्री वितरण र ओसारपसार गर्नको लागि यस कार्यालयबाट इजाजत दिन नमिल्ने" भनी जिल्ला वन कार्यालय सिलगढी डोटीबाट मिति २०७०।१०।२३, २०७०।१०।२४ र २०७०।१०।२६ मा नै निर्णय भएको देखिन्छ ।

३. जीवन, स्वतन्त्रता र सम्पत्ति मानिसको मौलिक हक हुन् । मानिसको जीवन सम्मानपूर्वक बाँच्न यी कुराहरूको अपरिहार्यता रहेको हुन्छ । त्यसैले यी अधिकारहरू मानिसको जीवन जीउने आधार स्तम्भका रूपमा रहेको हुन्छ । विपक्षी जिल्ला वन कार्यालय सिलगढी डोटीबाट मिति २०७०।१०।२३, २०७०।१०।२४ र २०७०।१०।२६ मा भएको निर्णयले निवेदकको संविधानले प्रत्याभूत गरेको सम्पत्तिसम्बन्धी हकमा आघात पुऱ्याएको छ भनी सम्पत्तिसम्बन्धी मौलिक हकको अहम् प्रश्न उठाई निवेदकले रिट निवेदन दिएको पाइन्छ । तत्काल बहाल रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ मा सम्पत्तिसम्बन्धी हकको व्यवस्था गरिएको छ । उक्त धारा १९ को उपधारा (१) मा "प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ" भन्ने व्यवस्था गरेको छ । त्यसैगरी नेपालको संविधानको धारा २५ मा सम्पत्तिको हकको व्यवस्था गरिएको छ । धारा २५ को उपधार (१) हेर्दा "प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ" भन्ने संवैधानिक व्यवस्था भएको पाइन्छ ।

४. उपर्युक्त वाक्यांशहरूमा "कानूनको अधीनमा रही" भन्ने शब्दावलीको प्रयोग भएको छ । संविधान निर्माताले उक्त शब्दावलीको प्रयोग प्रत्येक नागरिकले आफ्नो सम्पत्तिको उपभोग गर्दा कानूनको अधीनमा रही मात्र गर्न पाउने र कानूनको

उल्लङ्घन, बर्खिलाप वा कानूनबमोजिम बाहेक सम्पत्तिको उपभोग वा उपयोग गर्न नपाउने भन्ने उद्देश्य वा अभिप्रायले नै राखिएको हो । त्यसैले संविधानद्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हक निरपेक्ष हक होइन । सम्पत्तिसम्बन्धी हक कानूनको अधीनमा रही सापेक्षितरूपमा उपभोग गर्न पाउने हक हो । त्यसैले कानून विपरीतका जुनसुकै कार्यबाट नागरिकले सम्पत्ति आर्जन गर्ने, सञ्चय गर्ने वा उपयोग गर्न पाउने छुट कसैलाई पनि निरपेक्ष रूपमा कानूनले प्रदान गरेको छैन । प्रत्येक नागरिकले प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने देखिन्छ ।

५. बृहद् सार्वजनिक हितको लागि राज्यले व्यक्तिको सम्पत्तिमाथि नियन्त्रण र संकुचन गर्न सक्ने मान्यतालाई अपवादको रूपमा स्वीकार गरिएको पाइन्छ । खास गरी Eminent Domain र Police Power को सिद्धान्तअनुसार राज्यले व्यक्तिको निजी सम्पत्ति माथि नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने मान्यता रहेको छ । तथापि, यसको प्रयोगसमेत राज्यले निरंकुश र असीमितरूपमा गर्न सक्दैन । राज्यले व्यक्तिको निजी सम्पत्तिको उपयोगमा बन्देज लगाउँदा निश्चित कानूनी सीमा, प्रक्रिया, मापदण्ड र कार्यविधिहरूको परिधि (Ambit) भित्र रहेर गर्नुपर्दछ । त्यस्ता परिधि, आधार र सीमाहरू राज्यले कानूनद्वारा निर्धारण गरेको हुन्छ । त्यसैले राज्यले व्यक्तिको निजी सम्पत्तिको प्रयोग वा उपयोगमा रोक वा बन्देज लगाउँदासमेत कानूनले निर्दिष्ट गरेका आधार, सीमा तथा न्यायिक मूल्य र मान्यताभित्र रहेर गर्नुपर्दछ ।

६. राज्यले सार्वजनिक हितको लागि व्यक्तिको निजी सम्पत्तिमा समेत कानूनबमोजिम नियन्त्रण र नियमन गर्न सक्छ । सार्वजनिक हित भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हितमा मात्र सीमित हुँदैन । सार्वजनिक हित बहुजनहिताय अर्थात् बहुसंख्यक सर्वसाधारण जनता वा जनसमुदायको बृहत्तर हितसँग सार्थक सम्बन्ध रहेको हुँदा राज्य यस्ता विषयमा बढी संवेदनशील हुनै पर्दछ ।

७. मानव जीवनका लागि स्वच्छ वातावरण अपरिहार्य हुन्छ । प्रदूषित वातावरणमा मानव जीवनको मात्र होइन समस्त प्राणी र वनस्पति जगतकै अस्तित्व खतरामा पर्दछ । यस स्थितिमा समस्त मानव जातिको बाँच्न पाउने हक नै समाप्त हुन्छ । त्यसैले जैविक विविधता र वन जंगलको संरक्षण गरी स्वच्छ एवं स्वस्थ्य वातावरण कायम राख्नु आमजनताको हित र सरोकारको विषय हो । वनजंगल, जैविक विवधताको विनास र अन्य विविध कारणले गर्दा वातावरण दिन प्रतिदिन प्रदूषित बन्दै गएको छ । प्रदूषित वातावरणको असर कुनै व्यक्ति, समूह, समाज र देशभित्र मात्र सीमित नभई यसको प्रभाव, असर र दुष्परिणाम समस्त मानव, प्रकृति र यहाँका जीवजन्तुहरूमा पर्दछ । वातावरण संरक्षणको विषय कुनै राष्ट्रको सीमा वा राष्ट्रियताको परिधिभन्दा व्यापक आवश्यकतासँग सम्बन्धित छ । त्यसैले वातावरण संरक्षण गरिनु र हुनु आज समस्त विश्वकै साझा चिन्ता, चासो, सरोकार र हितको विषय हो ।

८. निवेदकहरूले जिल्ला वन कार्यालय सिलगढी डोटीमा मिति २०७०।१०।२३, २०७०।१०।२४ र २०७०।१०।२६ मा नम्बरी आवादी जग्गाका साल जातका रूखहरू कटान मुछान र बिक्री वितरण गर्न अनुमति पाउँ भनी माग गरेको देखिन्छ । ती सबै निवेदनहरू टाइप गरी एकै व्यहोरा लेखिएको देखिन आयो । साथै ती निवेदनहरूमा उल्लेख गरेको कित्ता नम्बरको जग्गामा के कुन जातको कति थान रूखहरू रहेका छन् भन्ने उल्लेख छैन । निवेदनमा जग्गाको कित्ता नम्बर र साल जातसम्म उल्लेख छ । त्यो कित्ता जग्गाहरूमा निवेदनमा लेखिएअनुसारको रूख रहेको देखिने कुनै भरपर्दो प्रमाण पेस गरिएको छैन । सबै निवेदनहरूको व्यहोरा एउटै ढाँचामा रहनु, कुन कित्ता जग्गामा कतिवटा कुन जातको रूख रहेको

भनी आधार प्रमाण खुलाउन नसक्नु जस्ता कार्यले निवेदकको निजी दर्ताको जग्गामा निवेदनमा उल्लेख भए अनुसारको रूख रहेको भन्ने भनाई प्रथम दृष्टिमा नै विश्वसनीय देखिएन । साथै निजी नम्बरी आवादीको काठ दाउराको नाममा अवैधरूपमा राष्ट्रिय वन क्षेत्रसमेतको रूख कटान गरी मिसाएको र ओसारपसार गरिएको भन्ने बुझिन आएको हुँदा उक्त कार्यको निराकरण गर्नको लागि मिति २०६७।२।१७ मा निर्णय भएको हुँदा सोही निर्णयानुसार गर्न गराउनु हुन भन्ने वन विभागको च.नं. ३७५ मिति २०६८।२।१९ को पत्रबाट देखिन्छ । उक्त पत्रको प्रकरण नं. २ मा अस्ना र कर्मा प्रजातिका रूखहरू वन जंगलमा मात्र पाइने र यी प्रजातिहरूको वन नर्सरीहरूमा विरूवा उत्पादन तथा वृक्षरोपणसमेत गर्ने गरेको नपाइएको र निजी आवादीमा आफैँ लगाई हुर्काएको रूखहरू पाइने सम्भावना न्यून रहेकोले यी प्रजातिहरूको लागि आवादीबाट व्यवसायिक प्रयोजनको लागि प्रतिबन्ध लगाउने भन्ने उल्लेख भएको पाइन्छ । यसबाट निजी दर्ताको जग्गामा भएको रूख कटान ओसारपसारको अनुमति लिई तस्करहरूले राष्ट्रिय वनका रूखहरू कटान गरी मिसाएर तस्कर गर्ने गरेको गुनासोका आधारमा वन विभागले उक्त निर्णय गरेको देखिन आयो ।

९. कुनै व्यक्तिको दर्ताको जग्गामा रहेका रूखहरू निजी सम्पत्ति भए तापनि रूख विरूवा जस्ता जैविक विविधता रहेको वस्तुहरूले सार्वजनिकरूपमा नै पर्यावरणलाई बचाई राख्न मद्दत दिइरहेको हुन्छ । तसर्थ यस्तो वस्तुको उपभोग, प्रयोग पर्यावरण र जैविक विविधतालाई क्षति नहुने गरी हुनु वाञ्छनीय हुन्छ । रूख विरूवाले पर्यावरणलाई पुऱ्याउने फाइदाबाट आम जनताहरू र स्वयम् निवेदकहरू पनि लाभान्वित भइरहेका हुन्छन् । रूख विरूवाले जैविक विविधतालाई बचाई राख्न मद्दत गर्दछ । अतः त्यस्तो सम्पत्तिको उपभोग आफू मात्र होइन, आफ्नो छिमेकी समाजको समेत हित हेरी गर्नुपर्ने नै हुन्छ । यसो भन्नुको अर्थ निजी जग्गामा लगाएका प्राकृतिकरूपमा नै रहेको रूखहरूको स्वामित्व जग्गाधनीमा नै रहँदैन भन्ने होइन । निजी दर्ताको जग्गामा रहेको रूख जग्गाधनी कै सम्पत्ति मान्नु पर्दछ । तर, त्यसको उपभोग गर्दा पर्यावरणलाई क्षति पुग्ने, वन जंगलको रूख काटी निजी जग्गाको रूख हो भनी तस्करहरूलाई बाटो खोलिदिने नियतबाट हुनुहुँदैन ।

१०. निवेदकहरूको निजी जग्गामा वास्तविकरूपमा निवेदनमा उल्लेख भएअनुसारको रूख रहेको छ भन्ने नै शंकास्पद छ । तसर्थ नेपाल सरकारले निजी सम्पत्तिमा पनि नियन्त्रण गरी केही जातका रूखहरू कटान गरी बिक्री व्यापार गर्न प्रतिबन्ध लगाएको देखिन्छ ।

११. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ (१) मा "प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ" भन्ने उल्लेख छ । स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई अझ जोड दिएर हाल बहाल रहेको नेपालको संविधानको धारा ३० (१) मा "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक हुनेछ" भन्ने उल्लेख छ । त्यसैगरी धारा १६ (१) मा "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ" भन्ने व्यवस्था गरेको छ । उक्त संवैधानिक व्यवस्थाले प्रदूषणरहित स्वच्छ वातावरणमा बाँच्न पाउनु प्रत्येक नेपाली नागरिकको मौलिक हक भएको कुरालाई पुष्टि गर्छ । सम्मानपूर्वक बाँच्न पाउने हकको अर्थ It does not mean only animal existence, it means right to life with human dignity भन्ने भएकोले यस हकले सबै प्रकारको मौलिक एवं मानव अधिकारको उपभोग गर्दै प्रदूषणरहित स्वच्छ वातावरणमा बाँच्न पाउने हकसमेतलाई समेट्छ ।

१२. राज्यको नीतिहरू अन्तर्गत धारा ५१ को (छ) को देहाय (६) मा "वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने" नीति

राज्यले लिएको देखिन्छ । यसबाट जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना जगाई भौतिक विकाससम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनुपर्ने देखिन्छ । सबै प्रकारका प्राकृतिक सम्पदाहरू देशका साझा सम्पत्ति हुन् । प्राकृतिक सम्पदा तथा स्रोत साधन सबैको साझा सम्पत्ति भएकोले त्यसको प्रयोग सामाजिक हितमा हुनु वाञ्छनीय देखिन्छ ।

१३. उपर्युक्त संवैधानिक व्यवस्थाको अतिरिक्त नेपालले अन्तर्राष्ट्रिय महत्त्वको सिमसारसम्बन्धी रामसार महासन्धि, १९७१ (Ramsar Convention on Wetlands of International Importance 1971), संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि, १९७३ (Convention on International Trade in Endangered Species and Wild Fauna and Flora 1973) CITES, जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ (Convention on Biodiversity 1992) लगायतका जीवजन्तु, वनस्पति र प्राकृतिक स्रोत साधन र वातावरण संरक्षणसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरूलाई अनुमोदन गरी पक्ष राष्ट्रसमेत भइसकेको अवस्था हुँदा ती महासन्धिहरूबाट सिर्जित दायित्वहरू जस्तो सिमसार क्षेत्रको संरक्षण गर्नुपर्ने, विश्वव्यापीरूपमा दुर्लभ हुँदै गएका बोटबिरूवा तथा जीवजन्तुको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण गर्ने, जैविक विविधताको संरक्षण गर्ने, जैविक सम्पदाको उपयोग गर्दा उक्त सम्पदाको ह्रास नहुने गरी निरन्तर उपभोग गर्न पाउने हिसाबले गर्ने, जैविक वंशानुक्रित उपयोगबाट प्राप्त हुने फाइदा समानुपातिक तरिकाले वितरण गर्ने व्यवस्था मिलाउने, विकास निर्माणको काम गर्दा वातावरणीय क्षति कम हुने गरी सञ्चालन गर्ने आदि दायित्वहरूबाट नेपाल उम्कन मिल्ने देखिँदैन ।

१४. वन ऐन, २०४९ को दफा ७०क मा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनका लागि तोकिएको वन पैदावारको कटान उपभोग ओसार पसार बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको छ । त्यसैगरी वन नियमावली, २०५१ को नियम १२ मा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास किसिमको वन पैदावारको संकलन, उपभोग, बिक्री वितरण तथा ओसारपसारमा प्रतिबन्ध लगाउन सक्नेछ" भन्ने कानूनी प्रावधान रहेको छ । त्यस्तै उक्त नियमावलीको नियम १३(२) मा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास किसिमको वन पैदावारको विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ" भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ ।

१५. उपर्युक्तानुसारको वन ऐन तथा सोअन्तर्गत बनेको नियमावलीको कानूनी व्यवस्था हेर्दा विधायिकाले नेपाल सरकारलाई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास किसिमको वन पैदावारको कटान, ओसारपसार, बिक्री वितरण र विदेश निकासीसमेतमा प्रतिबन्ध लगाउन सक्ने गरी अख्तियारी प्रदान गरेको देखिएको छ । सोही अख्तियारीबमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा मिति २०५८।९।१६ मा सूचना प्रकाशित गरी कुनै खास किसिमको रूख तथा वन पैदावारको कटान, ओसार पसार बिक्री वितरण गर्नसमेत निषेध वा रोक लगाएको देखिन्छ । वन ऐन तथा वन नियमावलीले प्रदान गरेको अख्तियारीअन्तर्गत नेपाल सरकारले वन तथा भूसंरक्षण मन्त्रालयको मिति २०५१।१२।२० को नेपाल राजपत्रमा प्रकाशित सूचनाले चाँप, खयर, साल, सिमल, सतीसाल, विजयसाल र ओखर प्रजातिका रूखहरू सङ्कलन, उपयोग, बिक्री वितरण, ओसारपसार र विदेश निकासीमा प्रतिबन्ध लगाएको

देखिन्छ । सो प्रतिबन्धलाई नेपाल राजपत्रको खण्ड ५० संख्या ४३ भाग ३ मिति २०५७।११।१ को राजपत्रको सूचनाले निरन्तरता दिएको र त्यसपछि खण्ड ५१, संख्या ३६ भाग ३ मिति २०५८।९।१६ को सूचना र तत्पश्चात् खण्ड ५७ संख्या २९, भाग ३ मिति २०६४।७।१९ को नेपाल राजपत्रले जैविक विविधता र वातावरण संरक्षण गर्नका लागि साल र अस्ना प्रजातिका रूखहरूलाई निरन्तर प्रतिबन्ध लगाएको देखियो।

१६. वन तथा भूसंरक्षण मन्त्रालयले नेपाल राजपत्रमा मिति २०५८।९।१६ मा प्रकाशित सूचना विधायिकाले निर्माण गरेको वन ऐन, २०४९ को दफा ७०क अन्तर्गत प्रत्योजित व्यवस्थापन (Delegated legislation) को रूपमा प्रकाशन भएको देखियो । यसरी ऐनको अधीनमा रही प्रकाशित गरिएको सूचनाले कानूनसरह मान्यता पाउँछ । त्यसैले नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयले मिति २०५८।९।१६ मा प्रकाशित भएको सूचना कानूनअनुसार प्रकाशित भएको देखिँदा उक्त सूचनालाई कानूनविपरीत भयो भनी मान्न मिल्ने देखिँदैन। निवेदकले उक्त प्रकाशित नेपाल राजपत्रको सूचनालाई चुनौती दिई बदरका लागि माग गरेकोसमेत देखिँदैन । उक्त कानूनअनुरूप प्रकाशित भएको सूचनाले निजी जग्गामा भएको वन पैदावारको निजीरूपमा उपभोग गर्न पाउने भए तापनि व्यापारिक प्रयोजनका लागि रूख कटान गर्न, एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्न, कुनै अर्कोरूपमा सट्टापट्टा परिवर्तन गर्न वा विदेश निकासी गर्नसमेत प्रतिबन्ध लगाएको देखिन्छ।

१७. निवेदकतर्फका कानून व्यवसायीले विवादित रूखहरू निजी जग्गामा रहेका हुन् । वन क्षेत्रभित्रका रूखहरू नभएकाले व्यावसायिक प्रयोजनका लागिसमेत कटान एवं ओसारपसार गर्न पाउनु पर्छ भन्ने जिकिर लिएको देखियो । यस सन्दर्भमा विचार गर्दा नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको मिति २०५८।९।१६ को सूचनाले कुनै खास स्थानमा लगाइएका वन पैदावारमाथि मात्र प्रतिबन्ध लगाएको भन्ने देखिँदैन। केही रूखहरू जस्तै चाँप, खयर, साल, सिमल आदिको कटान तथा ओसारपसारमा प्रतिबन्ध लगाई सो सूचना जैविक विविधता र वातावरण संरक्षण गर्ने प्रमुख उद्देश्यका साथ जारी भएको र यसको संरक्षणमा प्रतिकूल प्रभाव पार्ने गरी कसैले व्यापारिक प्रयोजनका लागि तोकिएका रूखहरू कटान गर्न पाउँछ भनी अर्थ गर्न मिल्दैन। जैविक विविधता र वातावरण संरक्षणको लागि जुनसुकै क्षेत्र चाहे त्यो सार्वजनिक वन होस् वा निजी वन नै किन नहोस् तोकिएका वन पैदावारमा व्यापारिक प्रयोजनका लागि कटान एवं ओसार पसारमा प्रतिबन्ध लगाउन सक्ने नै देखिँदा विद्वान् कानून व्यवसायीको बहस बुँदामा सहमत हुन सकिएन।

१८. अब निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो, होइन सो सम्बन्धमा विचार गर्नुपर्ने देखियो। वन तथा भूसंरक्षण मन्त्रालयले मिति २०५८।९।१६ मा प्रकाशित सूचना राष्ट्रिय वनको वन पैदावारको हकमा मात्र लागू हुने हो । निजी आवादी जग्गामा लगाएको साल, अस्ना जातका रूखहरू वन पैदावार होइनन् । ती रूखहरू कटान ओसारपसार गर्न पाउने हो भन्ने निवेदकको निवेदन माग रहेको देखियो । तत्कालीन श्री ५ को सरकार वन तथा भूसंरक्षण मन्त्रालयले मिति २०५८।९।१६ मा नेपाल राजपत्रको खण्ड ५१, संख्या ३६, भाग ३ मा प्रकाशित सूचना हेर्दा "श्री ५ को सरकारले वन ऐन, २०४९ को दफा ७०क ले दिएको अधिकार प्रयोग गरी जैविक विविधता र वातावरण संरक्षणको लागि देहायबमोजिमको वन पैदावारमा प्रतिबन्ध लगाइएको छ" भनी सूचना प्रकाशित भएको देखियो। सो सूचनाको बुँदा नं. ५ मा देहायका रूखहरू व्यापारिक प्रयोजनका लागि कटान, ओसारपसार र विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको देखिन्छ । ती रूखहरूमा (क) चाँप (Michelia champaka

m. Kisopa) (ख) खयर (Acacia catechu) (ग) साल (Shorea gobusta) (घ) सिमल (Bombax Ceiba) (ङ) सतिसाल (Dalbergia Latifulia) (च) विजयसाल (Pterocarpus marsupium) (छ) ओखर (Juglans regia) प्रजातिका रूखहरू कटान, मुछान, ओसारपसार र बिक्री वितरणमा प्रतिबन्ध लगाएको छ । जैविक विविधता भन्नाले संसारमा विद्यमान सम्पूर्ण प्राणी, वनस्पती तथा सूक्ष्म जीवाणुमा पाइने प्रजातीय भिन्नता तिनीहरू बीचको अन्र्तसम्बन्ध हो ।

१९. वन ऐन, २०४९ को दफा २(क) ले वनको परिभाषा गरेको छ । दफा २(क) बमोजिम "वन" भन्नाले पूर्ण वा आंशिकरूपमा रूखहरूले ढाकिएको क्षेत्र सम्झनु पर्छ" भन्ने उल्लेख भएको छ । यस परिभाषाले वन भन्नाले सरकारी वन, निजी वन, सामूदायिक वन, संरक्षित वन, कबुलियत वन तथा राष्ट्रिय वन आदि विविध वनका प्रकारहरूलाई समेटेर समग्र वनको परिभाषित गरेको छ । चाहे त्यो सरकारी वन होस् वा निजी वन नै किन नहोस् पूर्ण वा आंशिकरूपमा रूखहरूले ढाकिएको क्षेत्रलाई वन ऐनअनुसार वन सम्झनु पर्दछ । यस परिभाषाबाट निजी जग्गामा आंशिक वा पूर्णरूपमा रूखहरूले ढाकिएको क्षेत्रलाई वन ऐनअनुसार वन भनी मान्नुपर्ने देखिन्छ ।

२०. त्यसैगरी वन ऐन, २०४९ को दफा २(ग) मा "वन पैदावार" को परिभाषा गरेको छ । वन पैदावार भन्नाले "वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावारलाई सम्झनुपर्छः-

(१) काठ दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला पिपली वा
(२) रूख, पात, फल, फूल, मौवा, चिराइतो, कुटकी र सबै प्रकारका जंगली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा अंश" ......... भनी परिभाषित गरेको छ ।

२१. नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयद्वारा राजपत्रमा प्रकाशित सूचनाले निजी हकको जग्गामा रहेका साल जातका रूखलाई निजी प्रयोजनमा लगाउन (उपभोग गर्न) प्रतिबन्ध लगाएको देखिएन । सम्बन्धित वन कार्यालयबाट अनुमति लिई तोकिएको सर्त पालना गर्दै निजी हक स्वामित्वको जग्गामा रहेको वन पैदावार व्यापारिक प्रयोजनमा ल्याउने, ओसार पसार गर्ने, निकासी गर्ने वा कुनैरूपमा सट्टपट्टा गर्ने जस्ता माध्यमबाट कारोबार गर्ने कुरामा बाहेक निजी घरबास वा उपभोगमा ल्याउन पाउने नै देखियो । सो हदसम्म बाहेक वन ऐन, २०४९ को दफा ७०क बमोजिम प्रकाशित सूचनाअनुसार निषेधित साल जातका रूखहरू आफूखुशी व्यापारिक रूपमा उपभोग गर्न, बिक्री वितरण गर्न र ओसारपसार गर्न पाउँ भन्ने निवेदकको माग कानूनसङ्गत देखिएन ।

२२. अतः माथि विवेचित आधार र कारणसमेतबाट निजी हकको जग्गामा रहेका रूखहरू व्यापारिक प्रयोजनका लागि बाहेक निजी प्रयोजनका लागि उपभोग वा प्रयोग गर्न पाउने नै हुन्छ । यस अदालतबाट निवेदक उज्जर सिंह घर्तीसमेत विरूद्ध जिल्ला वन कार्यालय दाङसमेत भएको २०५७ सालको रिट नं. २९६९ को उत्प्रेषणयुक्त परमादेश (स. अ. बुलेटिन, वर्ष १०, अङ्क १७, पूर्णाङ्क २२७, पुस १-१५, २०५८ पृ. ९) र निवेदक झलककुमारी पौडेल विरूद्ध नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयसमेत भएको ०६९-WO-०७३४ उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा निवेदकका निजी जग्गामा रहेका रूखहरू व्यापारिक प्रयोजनका लागि बाहेक निजी प्रयोजनका लागि उपभोग गर्न रोक्न नमिल्ने भनी यस अदालतबाट भएको निर्णयाधार र व्याख्यासँग यो इजलास सहमत छ । यसरी भएको ब्याख्या र कायम गरिएको सिद्धान्तलाई अन्यथा ठहर गरी रहनु पर्ने कुनै उचित कारण देखिएन । व्यापारिक प्रयोजनका लागि निजी जग्गामा रहेका निजी वन पैदावारको कटान,

उपभोग र बिक्री वितरण गर्न पाउने गरी निवेदक ज्ञानेन्द्रप्रसाद थपलिया विरूद्ध वन तथा भूसंरक्षण मन्त्रालय सिंहदरबार काठमाडौंसमेत भएको संवत् २०६० सालको रिट नं. ३४८२, निवेदक मदनबहादुर शाह समेत विरूद्ध जिल्ला वन कार्यालय, कैलाली धनगढीसमेत भएको संवत् २०६२ सालको रिट नं. २५९३, निवेदक हरिप्रसाद अधिकारी विरूद्ध श्री ५ को सरकार, वन तथा भूसंरक्षण मन्त्रालय बबरमहल काठमाडौंसमेत भएको संवत् २०५८ सालको रिट नं. २९१४ को उत्प्रेषणयुक्त परमादेश (*ने.का.प.*२०६३, अंक २, नि.नं.७६५७, पृ.२७०) समेतको विवादका सन्दर्भमा उल्लेख भएको निर्णयाधार, व्याख्या र निर्णयसँग यो इजलास सहमत हुन सकेन। उल्लिखित विवादहरूका सन्दर्भमा यस अदालतबाट कायम गरिएका सिद्धान्तहरू प्रस्तुत निर्णयको परिणामस्वरूप प्रतिस्थापित र अमान्य (Over-rule) भएको भनी घोषित गरिदिएको छ।

२३. अतः नेपाल सरकारबाट राजपत्रमा प्रकाशन गरिएको सूचनाबाट साल जातको रूख कटान गरी निजी प्रयोगमा लगाउन (सम्बन्धित व्यक्तिले आफैं उपभोग गर्न) प्रतिबन्ध लगाएको देखिएन। सम्बन्धित वन कार्यालयबाट अनुमति लिई तोकिएको सर्तको पालना गरी निजी हक स्वामित्वको जग्गामा रहेको वन पैदावार निजी घरबास वा उपभोगमा ल्याउन पाउने नै देखियो। सो हदसम्म बाहेक त्यस्तो वन पैदावार व्यापारिक प्रयोजनमा ल्याउन वा ओसारपसार गर्न वा निकासी गर्न वा कुनैरूपमा सट्टापट्टा जस्ता माध्यमबाट कारोबार गर्न प्रतिबन्ध लगाउने गरी नेपाल सरकारले वन ऐन, २०४९ को दफा ७०क समेतका कानूनद्वारा प्रदत्त अख्तियारीको परिधिभित्र रहेर राजपत्रमा सूचना प्रकाशित गरी निषेध गरेको देखियो। निषेधित साल जातका रूखहरू कटान गरी व्यापारिक उपभोगमा ल्याउन, बिक्री वितरण, सट्टापट्टा, ओसारपसार गर्न पाउँ भन्ने निवेदकको दाबी कानूनअनुकूल देखिएन। रिट निवेदन खारेज हुने ठहर्छ। दायरीबाट प्रस्तुत रिट निवेदनको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा हाम्रो सहमती छ।
न्या. ईश्वरप्रसाद खतिवडा
न्या. सपना प्रधान मल्ल

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने
इति संवत् २०७३ साल फाल्गुन १२ गते रोज ५ शुभम्।

## निर्णय नं. ९८८६

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७३।१२।२०
०७३-WO-०४२२

विषय : उत्प्रेषण / प्रतिषेध / परमादेश

निवेदक : का.जि.का.म.न.पा. वडा नं. २९ ठमेल स्थायी ठेगाना भई हाल विशेष अदालत बबरमहलमा टा.ना.सु. पदमा कार्यरत शर्मिला महर्जनसमेत

बिरूद्ध

विपक्षी : लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत

- **प्रत्यायोजित विधायनको मुख्य मान्यता भनेको यो संशोधनको हिसाबले नरम (Flexible) हुन्छ भने यो नियन्त्रित**

**(Controlled) कानून हो । जहिले पनि प्रत्यायोजित विधायन जनक कानून (Parent Law) को विपरीत बनाउन नसकिने हुन्छ । प्रत्यायोजित विधायन निर्माण गर्दा जहिले पनि प्रशासनिक कानूनका आधारभूत सिद्धान्तलाई स्वीकार गरेरै बनाउनुपर्ने हुन्छ । न्यायका मान्य सिद्धान्तविपरीत प्रत्यायोजित विधायन निर्माण गर्न सकिँदैन । सर्वोच्च विधायनले प्रत्यायोजन नगरेको विषयमा व्यवस्था गर्न सकिँदैन । प्रत्यायोजित विधायन सर्वोच्च विधायनको उद्देश्यअनुसारको हुनुपर्ने ।**

- **निजामती सेवा ऐन, २०४९ को दफा २१ ले स्पष्टरूपमा बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीमुनिको पदको लागि आवश्यक शैक्षिक योग्यता न्यूनतम पुग्नुपर्ने व्यवस्था गरेकोमा निजामती सेवा नियमावली, २०५० को नियम ८८(३) ले मूल ऐन (Parent law) को व्यवस्थालाई संकुचन गर्न सक्ने होइन । निजामती सेवा ऐन साधारण कानून र नियम विशेष कानून मान्न सकिँदैन । ऐनले तोकेको योग्यताविपरीतको नियम र त्यस्तो नियमअन्तर्गत निवेदकहरूलाई उम्मेदवारको सूचीमा समावेश नगर्ने गरी गरिएको विज्ञापनलाई कानूनअनुरूपको मान्न नसकिने ।**

(प्रकरण नं. ८)

निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता कृष्णप्रसाद सापकोटा तथा विद्वान् अधिवक्ताहरू भीमार्जुन आचार्य, रामप्रसाद प्रजापति र शंकर सुवेदी

विपक्षीको तर्फबाट : विद्वान् न्यायाधिवक्ता रेवतीराज त्रिपाठी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**न्या. सपना प्रधान मल्ल** : नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

हामी निवेदक नेपाली नागरिक हौं । हामी हाल नेपाल सरकारको निजामती कर्मचारीअन्तर्गत नेपाल प्रशासन सेवाको टाइपिष्ट ना.सु. (रा.प. अनंकित प्रथम श्रेणी) पदमा ५ वर्षभन्दा बढी अवधिदेखि एउटै पदमा विभिन्न कार्यालयमा कार्यरत छौं । हामी सबैले प्रमाण पत्र तहको शैक्षिक योग्यता हासिल गरेका छौं । निजामती सेवा ऐन, २०४९ (यसपछि ऐन भनिने) को दफा २४घ १क मा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने व्यवस्था गरेको र सो दफाको उपदफा १ खण्ड (ग) ले राजपत्राङ्कित पदको लागि योग्यता तोकी देहाय खण्ड १ ले राजपत्राङ्कित तृतीय श्रेणीको पदको लागि सम्बन्धित विषयमा कम्तीमा प्रमाण पत्र तह वा सोसरहको शैक्षिक योग्यता हुनुपर्ने व्यवस्था गरेको छ ।

हामी निवेदक जस्तै प्रमाण पत्र तह मात्र उत्तीर्ण गरेका टाइपिष्ट ना.सु. हरूलाई विगतका रा.प. तृतीय श्रेणीको पदमा बढुवा सिफारिस गरी नियुक्ति दिएका कैयौं उदाहरण छन् । सोसम्बन्धी कागजात पनि यसैसाथ पेस गरेका छौं । प्रकरण नं. १ मा उल्लिखित कानूनी व्यवस्थाअनुसार विपक्षी लोक सेवा आयोगले विगतमा टाइपिष्ट ना.सु. लाई राजपत्राङ्कित तृतीय श्रेणीमा बढुवा गर्दा प्रमाण पत्र तह उत्तीर्ण गरेकालाई सम्भाव्य उम्मेदवार मानी विज्ञापन गरेको र सोही शैक्षिक योग्यता भएका राजभाइ श्रेष्ठ (कर्मचारी संकेत नं. १६९३८१), गोविन्दप्रसाद खतिवडा (कर्मचारी संकेत नं. १७२६१६) लगायतहरूलाई हाल बहाल

रहेको नियमअन्तर्गत नै रा.प. तृतीय श्रेणीको पदमा बढुवा सिफारिस गरी नियुक्ति पनि दिइसकेको छ।

यस क्रममा विपक्षी लोक सेवा आयोग सूचना तथा प्रकाशन शाखाले रा.प. तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरहको पदमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवारबाट दरखास्त आह्वान गरी सूचना नं. ५१४।०७२।७३ मिति २०७२।८।२३ मा प्रकाशित गरेको थियो। सो सूचनाअनुसार मिति २०७२।९।२८ सम्म दरखास्त दिने म्याद तोकिएको थियो। सो सूचना नं. ५१४।०७२।७३ बमोजिम हामी निवेदकहरू मध्ये शर्मिला महर्जन लगायतले सम्भाव्य उम्मेदवारको योग्यता पुगेको हुँदा दरखास्त दिन जाँदा टाइपिष्ट ना.सु. को हकमा निजामती सेवा नियमावली, २०५० को नियम ८८(३) ले स्नातक उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था भएको भनी हामी प्रमाण पत्र तह उत्तीर्ण गरेका निवेदकहरूको दरखास्त दर्ता गर्न इन्कार गरियो। यो इन्कारीले हामी टाइपिष्ट ना.सु. पदमा लामो समयदेखि कार्यरत कर्मचारीहरू ऐनको दफा २४घ १क (१) को देहाय खण्ड (ग) बमोजिम अन्य सेवा समूहका ना.सु. कर्मचारीले उपभोग गरेको हकको प्रचलनबाट हामीलाई वञ्चित गरी विभेदकारी, असमान व्यवहार गरियो। वृत्ति विकासको अवसरबाट वञ्चित गर्ने काम गरियो। यस सन्दर्भमा सूचना नं. ५१४ लाई स्पष्ट गर्ने क्रममा विपक्षी नं. १ ले मिति २०७२।८।२९ मा निर्णय गरी निर्णय कार्यान्वयनको लागि विपक्षी नं. ४ लाई च.नं. ३५ मिति २०७२।८।२९ को पत्र पठाएको रहेछ। यस सूचनाउपर विविध सेवाका कम्प्युटर अपरेटर ना.सु. सरहले सो सूचनाबमोजिम बढुवाको दरखास्त लिई समावेश गर्न इन्कार गरेको भनी सम्मानित अदालतमा रिट निवेदन दायर गरेको र अदालतको अन्तरिम आदेशले सो सूचनाबमोजिम बढुवा प्रक्रिया रोकिएको थियो।

ना.सु. सरहका कम्प्युटर अपरेटरहरूले दायर गरेको मुद्दामा भएको अन्तरिम आदेशबाट रोकिएको बढुवा प्रक्रिया सम्मानित अदालतबाट मिति २०७३।७।२ मा परमादेश जारी भएपछि हाल कम्प्युटर अपरेटरहरूलाई पनि सम्भाव्य उम्मेदवारमा समावेश गर्ने गरी हाल विपक्षी लोक सेवा आयोगद्वारा मिति २०७३।७।१० मा सूचना नं. ३१८/०७३/७४ को सूचना गोरखापत्र दैनिकमा प्रकाशित गरेको छ। सो सूचनाको पुनश्च खण्ड (घ) मा पनि प्रमाण पत्र तह उत्तीर्ण गरेका व्यक्ति सम्भाव्य उम्मेदवार हुने भनी उल्लेख छ। तर पनि प्रमाण पत्र तह उत्तीर्ण गरेका हामी टा.ना.सु. निवेदकहरूले सम्भाव्य उम्मेदवारको रूपमा सामेल हुन नपाउने गरी पुनः प्रकाशित गरेको पछिल्लो सूचना पनि कानून तथा संविधानविपरीत छ। विपक्षीको काम कारवाहीबाट समानताको संवैधानिक हक कुण्ठित भएकोले अन्य प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था नभएकोले विपक्षीउपर यो निवेदन गर्न आएका छौं।

समान अवस्थाका अरू टाइपिष्ट ना.सु. लाई प्रदान गरेको हक हामीलाई प्रदान नगर्ने राज्यको नीति विभेदकारी छ। कानूनको समान संरक्षण पाउने हकबाट हामी वञ्चित भएका छौं। वृत्ति विकासको समान अवसरबाट वञ्चित भएका छौं। मौलिक हकको प्रचलनमा बाधा पुर्‍याएको छ। मौलिक हक कुण्ठित भएको छ। त्यस्तो काम कारवाहीले संवैधानिक मान्यता पाउन सक्दैन। कानूनको वैधानिकताको विषयमा सम्मानित अदालतमा मुद्दा विचाराधीन हुँदाहुँदै हामीलाई समावेश नगर्ने गरी सूचना प्रकाशित गर्नु कानूनविपरीत छ। नेपालको संविधानको धारा १७(१) (च), धारा १८(१), धारा २५(१), धारा ३३, ३४, ३६ ले प्रत्याभूत गरेका हक हामी निवेदकले प्रचलनमा रोक लगाउने पूर्ण आशंका विद्यमान छ।

हामी निवेदकलाई सम्भाव्य सूचीमा समावेश नगरी विपक्षी आयोगद्वारा मिति २०७३।७।१० मा प्रकाशित सूचना नं. ३१८/०७३/७४ को सूचना



नेपाल कानून पत्रिका

हामीलाई सम्भाव्य सूचीमा समावेश नगर्ने हदसम्म उत्प्रेषणको आदेशले बदर गरी सो सूचनाबमोजिम बढुवा प्रक्रिया अगाडि नबढाउनु भनी प्रतिषेधको आदेश जारी गरिपाऊँ । हामी निवेदकको समेत दरखास्त बुझी प्रतियोगिताबाट निवेदकहरूलाई समेत सामेल गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी गरिपाऊँ । विपक्षीद्वारा बढुवा प्रक्रिया अगाडि बढाउने प्रवल आशंका रहेकोले प्रस्तुत मुद्दाको अन्तिम किनारा नलागेसम्म निवेदकहरूलाई बाहेक गरी सूचना नं. ३१८/०७३/७४ अन्तर्गत बढुवासम्बन्धी कारवाही अगाडि नबढाउनु र बढुवा प्रक्रियाबाट पदपूर्ति गर्ने प्रक्रिया रोक्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ अन्तर्गत अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? निवेदन मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू ।

अन्तरिम आदेश दिने नदिने सम्बन्धमा छलफल गर्न मिति २०७३।८।१० गतेको विपक्षीहरूलाई सूचना दिनु भन्नेसमेत व्यहोराको मिति २०७३।८।७ को यस अदालतको एक न्यायाधीशको इजलासबाट भएको आदेश ।

लोक सेवा आयोगद्वारा मिति २०७३।७।१० मा प्रकाशित सूचना नं. ३१८।०७३-०७४ को सूचनाको पुनश्च खण्ड (घ) मा निवेदकहरूलाई बाहेक गरी प्रमाण पत्र तह उत्तीर्ण गरेका कम्प्युटर अपरेटरलाई सम्भाव्य उम्मेदवार हुने भनी उल्लेख गरी बढुवा गर्ने गरी गरेको विज्ञापनमा दरखास्त फाराम लिन मिल्ने देखिएन भनी लोक सेवा आयोगले प्रकाशित गरेको सूचनासम्बन्धी विषय छ, निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) मा बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदको लागि तोकिएबमोजिमको शैक्षिक योग्यता र देहायबमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनुपर्नेछ भनी सो उपदफाको देहाय (क) मा राजपत्र अनङ्कित पदको निमित्त तीन वर्ष र खण्ड (ख) मा राजपत्राङ्कित पदको निमित्त पाँच वर्ष उल्लेख भएको छ । साथै उक्त दफाको उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, आदिवासी / जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएको निजामती कर्मचारीहरूको उल्लिखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने व्यवस्था रहेको छ । त्यसैगरी निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (१) मा यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवाका रिक्त टाइपिष्ट पदहरूको पूर्ति र टाइपिष्ट पदमा कार्यरत निजामती कर्मचारीको बढुवा "टाइपिष्ट वर्गीकरण योजना" र समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको कार्यविधिबमोजिम गरिनेछ भन्ने व्यवस्था रहेको र उपनियम (२) मा उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि टाइपिष्ट निजामती कर्मचारी सम्बन्धित सेवाको अप्राविधिकतर्फको राजपत्रअनङ्कित पदको बढुवामा सम्भावित उम्मेदवार हुन पाउनेछन् भन्ने व्यवस्थाका अतिरिक्त सोही उपनियमको प्रतिबन्धात्मक वाक्यांशमा "तर कार्य सम्पादन तथा अनुभवको आधारमा बढुवा हुन यस नियमको व्यवस्थाले बाधा पुर्‍याउने छैन" भनी उल्लेख भएको छ । साथै उक्त नियमावलीको उपनियम (३) मा उपनियम (२) बमोजिमको सम्भाव्य उम्मेदवार हुन सम्बन्धित निजामती कर्मचारीले नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायबाट सञ्चालित सेवासँग सम्बन्धित कम्तीमा एक महिनाको

तालिम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्ने कानूनी व्यवस्था रहेको छ । जहाँसम्म लोक सेवा आयोगद्वारा मिति २०७३।७।१० मा प्रकाशित सूचना नं. ३१८।०७३-७४, को सूचनासम्बन्धी विषय छ, उक्त सूचनाबमोजिमको सम्भाव्य उम्मेदवारहरूको सम्बन्धमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा यस कार्यालयको लिखित जवाफमा केही उल्लेख गरी रहनु परेन । रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट परेको लिखित जवाफ।

निजामती सेवा ऐन, २०४९ को दफा २१ ले बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदको लागि सेवा प्रवेशका निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भएका व्यक्ति उक्त पदका लागि उम्मेदवार बन्न सक्ने व्यवस्था गरेको, निजामती सेवा नियमावली, २०५० को नियम ८७ ले आन्तरिक प्रतियोगितामा समावेश हुनका लागि एक तह मुनिको पदका निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भएमा योग्य हुने व्यवस्था गरेको सन्दर्भमा नियम ८८ को उपनियम (३) को अपव्याख्या गरी बढुवा हुने पदको न्यूनतम शैक्षिक योग्यता आवश्यक पर्ने भनी उल्लेख गरेको निर्णय बदर गरी पाउन रिट निवेदकहरूको मुख्य मागदाबी रहेको छ । सो माग दाबीमा नै उल्लिखित नियम ८८ को उपनियम (३) को अपव्याख्या गरी निवेदकहरूलाई उम्मेदवार हुनबाट वञ्चित गरेको भन्ने देखिएको तर नियम ८८ को उपनियम (३) मा कुनै व्याख्याको गुञ्जायस नभई स्पष्ट र बोधगम्य प्रावधान रहेबाट सो प्रावधानको अपव्याख्या गर्ने प्रश्न नै रहँदैन । सो प्रावधान स्पष्ट रहेको र सोबमोजिम रिट निवेदकहरू उल्लिखित विज्ञापनको पदका निमित्त उम्मेदवार हुन अयोग्य रहेको अवस्था छ।

निजामती सेवा ऐन, २०४९ को दफा २१ को (१) ले समग्र निजामती सेवामा बढुवाका लागि शैक्षिक योग्यताको व्यवस्था गरेको देखिन्छ । जसअनुसार सामान्यतयाः बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदको शैक्षिक योग्यता भएका व्यक्ति उम्मेदवार हुन पाउँछन्। सो ऐनको दफा ७५ ले "नेपाल सरकारले सबै निजामती सेवामा सामान्यरूपमा लागू हुने वा बेग्लाबेग्लै सेवा वा समूहको लागि पृथकरूपले लागू हुने नियमहरू बनाउन सक्ने" भन्ने व्यवस्था गरेको र सोबमोजिम टाइपिष्ट र कम्प्युटर अपरेटरलाई मात्र लागू हुने गरी निजामती सेवा नियमावली, २०५० को नियम ८८ को व्यवस्था भएको छ। सो नियमले टाइपिष्ट र कम्प्युटर अपरेटर पदको बढुवाको व्यवस्था गरेको छ। निजामती सेवा ऐन, २०४९ को दफा २१ को सामान्य प्रावधान हो र दफा ७५ ले दिएको अधिकारबाट व्यवस्था भएको निजामती सेवा नियमावली, २०५० को नियम ८८ को विशेष प्रावधान हो । विशेष प्रावधान विशेष सेवा समूहलाई लागू हुने हो । रा.प. तृतीय श्रेणीको उही एउटै पदमा प्रशासन सेवाको रा.प.अनं. प्रथम श्रेणीको कार्यरतका हकमा बढुवाको शैक्षिक योग्यताको सन्दर्भमा नियममा छुट्टै विशेष व्यवस्था नभएबाट निजहरूका हकमा ऐनको दफा २१ आकर्षित हुने हो। तर ऐनले दिएको अधिकारअन्तर्गत नियमले विशेष व्यवस्था गरेका कम्प्युटर अपरेटर र टाइपिष्ट पदबाट प्रशासन सेवाको माथिल्लो पदमा बढुवाका लागि शैक्षिक योग्यताका सम्बन्धमा नियममा भएको विशेष व्यवस्था मुताबिक नै हुनुपर्ने हुन्छ। तसर्थः विशेष र सामान्य व्यवस्थाका बीच असमानता कायम भएको भन्न मिल्दैन । निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (२) ले टाइपिष्टको सम्बन्धित सेवाको अप्राविधिकतर्फ पनि उम्मेदवार हुन पाउने व्यवस्था गरेकोमा उपनियम (३) ले "कम्तिमा १ महिनाको तालिम लिएको र बढुवा हुने पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ" भनी बढुवा हुने पदको लागि आवश्यक पर्ने

नेपाल कानून पत्रिका

न्यूनतम शैक्षिक योग्यता हुनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । टाइपिष्टको बढुवासम्बन्धी उक्त विशेष व्यवस्था कम्प्युटर अपरेटरका हकमा समेत लागू हुने भनी उपनियम (६) ले उल्लेख गरेबाट नेपाल प्रशासन सेवाको रा.प. तृतीय श्रेणीको शाखा अधिकृत पदमा बढुवा हुन कम्प्युटर अपरेटरले पनि कम्तीमा स्नातक उत्तीर्ण गरेको हुनुपर्ने विशेष व्यवस्था उक्त उपनियमले गरेको देखिन्छ । नियमले नै टाइपिष्ट तथा विविध सेवाका कर्मचारीलाई प्रशासन सेवामा बढुवा गर्दा फरक योग्यता आवश्यक पर्ने गरी विशेष व्यवस्था गरेको अवस्थामा रिट निवेदकहरूले ऐनको सामान्य व्यवस्था देखाई एउटै पदमा बढुवाका लागि फरक योग्यता कायम गर्ने गरी आयोगले गरेको निर्णय कानूनसम्मत् भएन भन्ने जिकिर लिएको हुँदा निवेदकहरूको जिकिर नै उपर्युक्त कानूनी प्रावधानहरूको विपरीत रहेकाले उक्त रिट निवेदन खारेज भागी रहेको छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको दरखास्त व्यवस्थापन केन्द्रको तर्फबाट उपसचिव शिवकुमार कार्कीको लिखित जवाफ।

निजामती सेवा ऐन, २०४९ को दफा २१ ले बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदको लागि सेवा प्रवेशका निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भएका व्यक्ति उक्त पदका लागि उम्मेदवार बन्न सक्ने व्यवस्था गरेको, निजामती सेवा नियमावली, २०५० को नियम ८७ ले आन्तरिक प्रतियोगितामा समावेश हुनका लागि एक तह मुनिको पदका निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भएमा योग्य हुने व्यवस्था गरेको सन्दर्भमा नियम ८८ को उपनियम (३) को अपव्याख्या गरी बढुवा हुने पदको न्यूनतम शैक्षिक योग्यता आवश्यक पर्ने भनी उल्लेख गरेको निर्णय बदर गरी पाउन रिट निवेदकहरूको मुख्य मागदाबी रहेको छ । सो माग दाबीमा नै उल्लिखित नियम ८८ को उपनियम (३) को अपव्याख्या गरी निवेदकहरूलाई उम्मेदवार हुनबाट वञ्चित गरेको भन्ने देखिएको तर नियम ८८ को उपनियम (३) मा कुनै व्याख्याको गुञ्जाइस नभई स्पष्ट र बोधगम्य प्रावधान रहेबाट सो प्रावधानको अपव्याख्या गर्ने प्रश्न नै रहँदैन । सो प्रावधान स्पष्ट रहेको र सोबमोजिम रिट निवेदकहरू उल्लिखित विज्ञापनको पदका निमित्त उम्मेदवार हुन अयोग्य रहेको अवस्था छ।

निजामती सेवा ऐन, २०४९ को दफा २१ को (१) ले समग्र निजामती सेवामा बढुवाका लागि शैक्षिक योग्यताको व्यवस्था गरेको देखिन्छ । जसअनुसार सामान्यतयाः बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदको शैक्षिक योग्यता भएका व्यक्ति उम्मेदवार हुन पाउँछन्। सो ऐनको दफा ७५ ले "नेपाल सरकारले सबै निजामती सेवामा सामान्यरूपमा लागू हुने वा बेग्लाबेग्लै सेवा वा समूहको लागि पृथकरूपले लागू हुने नियमहरू बनाउन सक्ने" भन्ने व्यवस्था गरेको र सोबमोजिम टाइपिष्ट र कम्प्युटर अपरेटरलाई मात्र लागू हुने गरी निजामती सेवा नियमावली, २०५० को नियम ८८ को व्यवस्था भएको छ। सो नियमले टाइपिष्ट र कम्प्युटर अपरेटर पदको बढुवाको व्यवस्था गरेको छ। निजामती सेवा ऐन, २०४९ को दफा २१ को सामान्य प्रावधान हो र दफा ७५ ले दिएको अधिकारबाट व्यवस्था भएको निजामती सेवा नियमावली, २०५० को नियम ८८ को विशेष प्रावधान हो । विशेष प्रावधान विशेष सेवा समूहलाई  लागू हुने हो । रा.प. तृतीय श्रेणीको उही एउटै पदमा प्रशासन सेवाको रा.प.अनं. प्रथम श्रेणीको कार्यरतका हकमा बढुवाको शैक्षिक योग्यताको सन्दर्भमा नियममा छुट्टै विशेष व्यवस्था नभएबाट निजहरूका हकमा ऐनको दफा २१ आकर्षित हुने हो। तर ऐनले दिएको अधिकारअन्तर्गत नियमले विशेष व्यवस्था गरेका कम्प्युटर अपरेटर र टाइपिष्ट पदबाट प्रशासन सेवाको माथिल्लो पदमा बढुवाका लागि शैक्षिक योग्यताका सम्बन्धमा नियममा भएको विशेष व्यवस्था मुताबिक नै हुनुपर्ने हुन्छ । तसर्थः विशेष र सामान्य व्यवस्थाका बीच असमानता कायम भएको

भन्न मिल्दैन । निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (२) ले टाइपिष्टको सम्बन्धित सेवाको अप्राविधिकतर्फ पनि उम्मेदवार हुन पाउने व्यवस्था गरेकोमा उपनियम (३) ले "कम्तिमा १ महिनाको तालिम लिएको र बढुवा हुने पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने छ" भनी बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हुनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । टाइपिष्टको बढुवासम्बन्धी उक्त विशेष व्यवस्था कम्प्युटर अपरेटरका हकमा समेत लागू हुने भनी उपनियम (६) ले उल्लेख गरेबाट नेपाल प्रशासन सेवाको रा.प. तृतीय श्रेणीको शाखा अधिकृत पदमा बढुवा हुन कम्प्युटर अपरेटरले पनि कम्तीमा स्नातक उत्तीर्ण गरेको हुनुपर्ने विशेष व्यवस्था उक्त उपनियमले गरेको देखिन्छ । नियमले नै टाइपिष्ट तथा विविध सेवाका कर्मचारीलाई प्रशासन सेवामा बढुवा गर्दा फरक योग्यता आवश्यक पर्ने गरी विशेष व्यवस्था गरेको अवस्थामा रिट निवेदकहरूले ऐनको सामान्य व्यवस्था देखाई एउटै पदमा बढुवाका लागि फरक योग्यता कायम गर्ने गरी आयोगले गरेको निर्णय कानूनसम्मत भएन भन्ने जिकिर लिएको हुँदा निवेदकहरूको जिकिर नै उपर्युक्त कानूनी प्रावधानहरूको विपरीत रहेकाले उक्त रिट निवेदन खारेज भागी रहेको छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको लोक सेवा आयोगतर्फबाट र सचिव मधुप्रसाद रेग्मीको तर्फबाट परेको लिखित जवाफ।

निजामती सेवा नियमावली, २०५० को नियम १८ को उपनियम (३) मा उपनियम (२) बमोजिम सम्भाव्य उम्मेदवार हुन सम्बन्धित निजामती कर्मचारीले नेपाल सरकारले तोकेको निकायबाट सञ्चालित सेवासँग सम्बन्धित कम्तीमा एक महिनाको तालिम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक प्राप्त गरेको हुनुपर्ने व्यहोरा उल्लेख भएको छ । यस कानूनी व्यवस्थाअनुसार टाइपिष्ट निजामती कर्मचारी सम्बन्धित सेवाको अप्राविधिकतर्फको बढुवामा सम्भावित उम्मेदवार हुन बढुवा हुने पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने देखिन्छ । लोक सेवा आयोगले सोही कानूनी व्यवस्थाअनुसार योग्यता पुगेको उम्मेदवारको दरखास्त स्वीकृत गरेको र योग्यता नपुगेको हकमा दरखास्त दर्ता नगरेको सम्बन्धमा यस मन्त्रालयसमेतलाई विपक्षी बनाएको कार्य कानूनसम्मत देखिँदैन । यस मन्त्रालयको कुन कार्य वा निर्णयबाट रिट निवेदकहरूको हक अधिकारमा हनन् पुग्न गएको हो, सो विषयमा समेत खुलाउन सकेको नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ। रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको सामान्य प्रशासन मन्त्रालयका तर्फबाट सचिव पूर्ण चन्द्र भट्टराईको तर्फबाट परेको लिखित जवाफ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा तथा विद्वान् अधिवक्ताहरू श्री भिमार्जुन आचार्य, श्री रामप्रसाद प्रजापति तथा श्री शंकर सुवेदीले निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क. बमोजिम बढुवाको लागि मिति २०७३।७।१२ को गोरखापत्र दैनिकको सूचनामा सम्भाव्य उम्मेदवारहरूले बढुवा हुने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने र रा.प.अ. प्रथम श्रेणीमै कार्यरत टाइपिष्ट नायब सुब्बा र नेपाल विविध सेवाको कम्प्युटर अपरेटर पदको हकमा निजामती सेवा नियमावली, २०५० को नियम ८८ बमोजिम योग्यता हुनुपर्ने छ भनी एउटै पदमा फरक फरक योग्यता तोकी रिट निवेदकहरूलाई संविधानद्वारा प्रत्याभूत समानताको हकबाट वञ्चित गरिएकोले ऐनको प्रावधानविपरीत नियमावलीमा फरक योग्यताको व्यवस्था गराई समान अवस्थाका व्यक्तिहरूबीचमा

असमान व्यवहार भएकोले उक्त सूचना उत्प्रेषणको आदेशद्वारा बदर गरी रिट निवेदकहरूलाई पनि विज्ञापनबमोजिमको पदमा सम्भाव्य उम्मेदवारको सूचीमा सामेल गराई पाउँ भन्नेसमेत व्यहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो।

विपक्षी लोक सेवा आयोगसमेतको तर्फबाट उपस्थित विद्वान् न्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम २ मा सम्भाव्य उम्मेदवार हुन सम्बन्धित निजामती कर्मचारीले नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायबाट सञ्चालित सेवासँगै सम्बन्धित विषयमा एक महिनाको तालिम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्ने भन्ने व्यवस्था उल्लेख भएको र उक्त व्यवस्था नेपाल विविध सेवामा रहेका कम्प्युटर अपरेटर तथा सहायक कम्प्युटर अपरेटर पदको लागिसमेत लागू हुने गरी भएको स्पष्ट कानूनी व्यवस्थाबमोजिम निवेदकहरूको शैक्षिक योग्यता नपुगेको आधारमा दरखास्त अस्वीकार गरिएको हुँदा नियमावलीको व्यवस्थाको नै Clear गरेको विषयमा अपव्याख्या गर्ने प्रश्न नै नहुने भएकाले झुट्टा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो।

उल्लिखित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसमेत सुनी मिसिल संलग्न रिट निवेदन तथा लिखित जवाफसहितका कागजातहरूको अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा लोक सेवा आयोग सूचना तथा प्रकाशन शाखाले रा.प. तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरहको पदमा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवारबाट सूचना नं. ३१८/०७३-०७४ बाट मिति २०७३।७।१० मा दरखास्त आह्वान गरिएकोमा मिति २०७२।९।२८ सम्म दरखास्त दिने म्याद तोकिएमा टाइपिष्ट ना.सु. र विविध सेवाका कम्प्युटर अपरेटर पदका लागि निजामती सेवा नियमावली, २०५० को नियम ८८(३) ले स्नातक उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था रहेको भनी दरखास्त दर्ता गर्न अस्वीकार गरेको र अन्य सेवा समूहका ना.सु. कर्मचारीलाई प्रविणता प्रमाण पत्र तह भए बढुवाको सम्भाव्य उम्मेदवार बन्न पाउने कानूनी व्यवस्था राखी हामी टाइपिष्ट र विविध सेवाका कम्प्युटर अपरेटरलाई नियमावलीको नियम ८८(३) बमोजिम विभेदकारी व्यवस्था गरेकाले उक्त सूचना उत्प्रेषणको आदेशले बदर गरी हामी निवेदकलाई समेत सम्भाव्य उम्मेदवारको सूचीमा सामेल गराउन परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन रहेको देखिन्छ।

३. विपक्षी लोक सेवा आयोगसमेतको लिखित जवाफ हेर्दा निजामती सेवा ऐन, २०४९ को दफा २१ ले बढुवा हुने पदभन्दा १ श्रेणी मुनिको पदको लागि सेवा प्रवेशका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भएका व्यक्ति उक्त पदको लागि उम्मेदवार बन्न सक्ने व्यवस्था गरेको, निजामती सेवा नियमावली, २०५० को नियम ८७ ले आन्तरिक प्रतियोगितामा समावेश हुनका लागि एक तह मुनिको पदका निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भएका व्यक्ति उम्मेदवार हुन पाउने छन् भन्ने व्यवस्था गर्नुका साथै ऐनको दफा ७५ ले नेपाल सरकारले सबै निजामती सेवामा सामान्यरूपमा लागू हुने वा बेग्लाबेग्लै सेवा वा समूहको लागि पृथकरूपले लागू हुने नियमहरू बनाउन सक्ने" भन्ने व्यवस्था गरेको र सोबमोजिम टाइपिष्ट र कम्प्युटर अपरेटरलाई मात्र लागू हुने गरी निजामती सेवा नियमावली, २०५० को नियम ८८ को व्यवस्था भएको र ऐनको दफा २१ को व्यवस्था सामान्य व्यवस्था रहेको र नियम ८८ को व्यवस्था

विशेष व्यवस्था भएकोले कम्प्युटर अपरेटर र टाइपिष्ट पदबाट प्रशासन सेवाको माथिल्लो पदमा बढुवाका लागि नियममा भएको व्यवस्था मुताबिक नै हुने हुँदा निवेदकहरूको जिकिर नै उपर्युक्त कानूनी व्यवस्थाको प्रतिकूल भएकोले रिट निवेदन खारेजभागी छ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

४. निवेदक कम्प्युटर अपरेटरहरू निजामती सेवा ऐन, २०४९ को दफा ३ मा उल्लिखित नेपाल विविध सेवाअन्तर्गतको राजपत्र अनङ्कित प्रथम श्रेणीको निजामती कर्मचारी भएकोमा विवाद देखिँदैन । निजामती सेवा नियमावली, २०५० को नियम ७६ बमोजिम पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह, उपसमूहको बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा कार्यरत हुनुपर्ने देखिन्छ । यी कम्प्युटर अपरेटरहरू विविध सेवामा कार्यरत रहेको र निजहरू कार्यरत विविध सेवा समूहमा बढुवाका लागि माथिल्लो पद नभएकोले निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (२) मा उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि टाइपिष्ट निजामती कर्मचारी सम्बन्धित सेवाको अप्राविधिकतर्फको पदको बढुवामा सम्भावित उम्मेदवार हुन पाउनेछन् भन्ने व्यवस्था उल्लेख भएको देखिन्छ । त्यसैगरी सोही नियमको उपनियम (६) मा उपनियम (१)(२) र (३) मा रहेको बढुवासम्बन्धी व्यवस्था नेपाल विविध सेवामा रहेका कम्प्युटर अपरेटर तथा सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत निजामती कर्मचारीको हकमा समेत लागू हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त व्यवस्थाले टाइपिष्ट र विविध सेवाका कम्प्युटर अपरेटरहरूलाई अप्राविधिकतर्फको बढुवामा सहभागी हुन सक्ने नै देखियो।

५. निवेदकहरूले निवेदनमा एउटै पदमा बढुवा हुन प्रशासनतर्फको नायब सुब्बाको हकमा बढुवा हुने पदभन्दा एकतह मुनिको पदको लागि चाहिने शैक्षिक योग्यता भए हुने र टाइपिष्ट र विविध सेवाका कम्प्युटर अपरेटरको हकमा बढुवा हुने पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता आवश्यक पर्ने भनी निजामती सेवा नियमावली, २०५० को नियम ८८(३) ले विभेदकारी व्यवस्था गरेको भनी उठाएको जिकिरका सम्बन्धमा विचार गर्दा निजामती कर्मचारीको बढुवाको सम्बन्धमा के कस्तो योग्यता आवश्यक पर्ने हो त भन्ने सम्बन्धमा निजामती सेवा ऐनको दफा २१ मा भएको व्यवस्थालाई हेर्नुपर्ने हुन्छ । उक्त ऐनको दफा २१ठ मा बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदको लागि तोकिएबमोजिमको शैक्षिक योग्यता राजपत्र अनंकित पदको निमित्त सेवा अवधि तीन वर्ष र राजपत्राङ्कित पदको निमित्त पाँच वर्षको सेवा अवधि पूरा गरेको हुनुपर्ने प्रावधान उल्लेख भएको देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा २४घ(१क) ले बढुवा हुने पदको एक तह मुनिको पदमा आवश्यक शैक्षिक योग्यता भए बढुवा हुन सम्भाव्य उम्मेदवार बन्न सक्ने देखिन्छ । निवेदकहरूसँग एक तह मुनिको शैक्षिक योग्यता र सेवा अवधिसमेत पुरा भएको विषयमा विवाद देखिँदैन।

६. जहाँसम्म प्रशासन सेवाका निजामती कर्मचारीहरूको हकमा बढुवा हुने पदभन्दा एक तह मुनिको पदको लागि आवश्यक पर्ने शैक्षिक योग्यता भए हुने र टाइपिष्ट र विविध सेवाका कम्प्युटर अपरेटरहरूको हकमा सेवा प्रवेशको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता नै आवश्यक पर्ने भनी निजामती सेवा नियमावलीको नियम ८८(३) मा गरिएको व्यवस्था विभेदकारी व्यवस्था हो होइन भन्ने सम्बन्धमा विचार गर्नुपर्ने हुन आयो । खासगरी निजामती सेवा ऐन विधायिकाद्वारा निर्मित कानून भएको र निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले अधिकार प्रत्यायोजन

गरी निजामती सेवा नियमावली, २०५० बनेको देखिन्छ । ऐनले अधिकार प्रत्यायोजन गरेको विषयमा नियमावलीमा कार्यविधिगत र प्रक्रियागत विषयहरू राख्न सकिने र ऐनले अधिकार नदिएको विषयमा नियमावलीले थप व्यवस्था गर्न सक्दैन भन्ने कानून तर्जुमाको सामान्य सिद्धान्त हो ।

७. ऐनमा उल्लेख भएबमोजिमको योग्यता र सेवा अवधि पूरा गरिसकेको अवस्थामा निजामती सेवा नियमावली, २०५० को नियम ८८(३) ले ऐनले गरेको बढुवा हुने पदको लागि आवश्यक पर्ने ऐनको दफा २१ को व्यवस्थालाई संकुचन गर्ने गरी निवेदकहरूको हकमा मात्र शैक्षिक योग्यता बढुवा हुने पदको लागि सेवा प्रवेश गर्दा आवश्यक पर्ने शैक्षिक योग्यता नै आवश्यक रहेको भनी छुट्टै योग्यताको माग गरेको देखिन आयो । खासगरी विधायीकाले अधिकार प्रत्यायोजन गरेर के कस्ता विषयमा नियमावली बन्न सक्ने हो त भन्ने सम्बन्धमा विचार गर्नुपर्ने भई सो सम्बन्धमा सैद्धान्तिक विषयमा समेत विश्लेषण गर्नुपर्ने देखिन आयो ।

८. प्रत्यायोजित विधायनको मुख्य मान्यता भनेको यो संशोधनको हिसाबले नरम (Flexible) हुन्छ भने यो नियन्त्रित (Controlled) कानून हो । जहिले पनि प्रत्यायोजित विधायन जनक कानून (Parent Law) को विपरीत बनाउन नसकिने हुन्छ । प्रत्यायोजित विधायन निर्माण गर्दा जहिले पनि प्रशासनिक कानूनका आधारभूत सिद्धान्तलाई स्वीकार गरेरै बनाउनुपर्ने हुन्छ । न्यायका मान्य सिद्धान्तविपरीत प्रत्यायोजित विधायन निर्माण गर्न सकिँदैन । सर्वोच्च विधायनले प्रत्यायोजन नगरेको विषयमा व्यवस्था गर्न सकिँदैन । प्रत्यायोजित विधायन सर्वोच्च विधायनको उद्देश्यअनुसारको हुनुपर्ने हुन्छ (Delegated legislation has to be in conformity with the objective of the parent Act) । प्रस्तुत विवादको सन्दर्भमा निजामती सेवा ऐन, २०४९ को दफा २१ ठ मा बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता सम्बन्धमा व्यवस्था गरेको देखिन्छ । उक्त व्यवस्थालाई हेर्दा समान अवस्थाका कर्मचारीहरू बीच असमान व्यवहार गरेको देखिन आयो । यस्तो अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा २१ ले स्पष्टरूपमा बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदको लागि आवश्यक शैक्षिक योग्यता न्यूनतम पुग्नुपर्ने व्यवस्था गरेकोमा निजामती सेवा नियमावली, २०५० को नियम ८८(३) ले मूल ऐन (Parent law) को व्यवस्थालाई संकुचन गर्न सक्ने होइन । निजामती सेवा ऐन साधारण कानून र नियम विशेष कानून मान्न सकिँदैन । ऐनले तोकेको योग्यताविपरीतको नियम र त्यस्तो नियमअन्तर्गत निवेदकहरूलाई उम्मेदवारको सूचीमा समावेश नगर्ने गरी गरिएको विज्ञापनलाई कानूनअनुरूपको मान्न सकिँदैन ।

९. मुख्य ऐनले नै बढुवाको लागि उम्मेदवार हुन रोक नलगाएको अवस्थामा सोअन्तर्गतको नियमले ऐनबमोजिम योग्य उम्मेदवारलाई अयोग्य निर्धारण गर्न सक्दैन । त्यसरी ऐनको विपरीत बनेको नियमावलीको व्यवस्थालाई टेकेर विपक्षीमध्येको लोक सेवा आयोगले सूचना नं. ३१८/०७३-०७४ बाट गरेको विज्ञापनलाई कानूनअनुरूपको मान्न सकिएन ।

१०. अतः माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणहरू समेतबाट लोक सेवा आयोगद्वारा मिति २०७३।७।१० मा प्रकाशित सूचना नं. ३१८/०७३/७४ को निवेदकहरूलाई सम्भाव्य सूचीमा समावेश नगर्ने गरी प्रकाशन गरेको सूचना सो हदसम्म उत्प्रेषणको आदेशले बदर हुन्छ । अब निवेदकहरूलाई समेत समावेश गर्ने गरी निजहरूको समेत दरखास्त बुझी बढुवामा समावेश गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी गरिदिएको

छ। आदेशको जानकारी विपक्षीहरूलाई दिनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
स.प्र.न्या. सुशीला कार्की

इजलास अधिकृतः रामप्रसाद बस्याल
इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

## निर्णय नं. ९८८७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश गोपाल पराजुली
माननीय न्यायाधीश दीपकराज जोशी
फैसला मिति : २०७१।०७।२८
०६९-WO-०५६५

मुद्दा : उत्प्रेषण

निवेदक : बर्दिया जिल्ला मोतिपुर गाउँ विकास सिमित वडा नं. ६ बस्ने सूर्य बहादुर सिंहको श्रीमती वर्ष ४० कि पद्म कुमारी शाही

विरूद्ध

प्रत्यर्थी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **निवेदकको संविधान प्रदत्त सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेचबिखन गर्ने हकाधिकारमा अनुचित प्रतिवन्ध लगाएको निर्णयले वैधानिक आधार ग्रहण गर्न नसक्ने।**
- **नेपाल सरकारले निवेदकलाई १० वर्ष जग्गा बिक्री गर्न नपाउने गरी निर्णय गराई सो निर्णयको पालना गरिरहेको निवेदकलाई विभागीय मन्त्रीस्तरीय निर्णयबाट मन्त्रिपरिषद्को निर्णयको प्रतिकूल अनन्तकालसम्म निवेदकलाई असर पर्ने गरी जग्गा सुक्रीबिक्री, दान दातव्य, धितो जमानत राख्न निषेध गरेको भूमिसुधार तथा व्यवस्था मन्त्रीस्तरको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।**

(प्रकरण नं. ६)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ताद्वय विश्वेश्वरप्रसाद गौतम र रक्षा बस्याल
प्रत्यर्थीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता कुलप्रसाद पाण्डे
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या. गोपाल पराजुली :** नेपालको अन्तरिम संविधानको धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा एवं ठहर यसप्रकार रहेको छ :–

म निवेदकको नाउँमा जिल्ला बर्दिया मोतिपुर गा.वि.स. वडा नं.६ / ग को कि.नं.९८ ज.वि.०-१-० र ऐ.ऐ. कि.नं. १०२ को ०-२-० समेतको जग्गामा एकलौटी हकभोग कायम छ । उक्त जग्गाहरू मैले २०२८ सालदेखि आवाद गरी, २०४८ सालमा घर बनाई, २०५० सालमा नाप नक्सा गराई २०५५ सालमा सुकुम्बासी समस्या समाधान आयोगबाट

जग्गाधनी दर्ता प्रमाण पुर्जासमेत प्राप्त गरिसकेको छु। मैले प्राप्त गरेको उक्त जग्गाधनी दर्ता प्रमाण पुर्जामा मालपोत कार्यालयले स्रेस्ता कायम गरेको मितिले १० वर्षसम्म उक्त जग्गा बेचबिखन तथा दान दातव्य गर्न नपाउने लगायतका सर्तहरू राखिएको थियो र मालपोत कार्यालय बर्दियाबाट सो सर्तहरू मिति २०५५।८।१५ गतेबाट लागू हुने निर्णयसमेत भइसकेको छ।

मेरो सो पुर्जामा तोकिएको सर्त अवधि मिति २०६५।८।१४ गते समाप्त भइसकेको छ र उक्त प्रकरणमा उल्लेख गरेको जग्गामध्ये कि.नं. ९८ को ज.वि. ०-१-० मध्ये ०-०-१४ जग्गा तिलक बुढा क्षेत्रीलाई र बाँकी ०-०-६ जग्गा कमला रावतलाई बिक्री गर्न भनी राजीनामाको लिखतसहित मालपोत कार्यालय बर्दियामा जाँदा सो लिखतको रजिष्ट्रेशन नगरी "सुकुम्बासी समस्या समाधान आयोगबाट कार्य सम्पन्न नहुँदा सम्मको लागि प्रमाण पुर्जामा तोकिएको अवधि व्यतित भइसके पनि त्यस्तो जग्गा बेचबिखनसमेत गर्न नपाउने गरी उक्त प्रतिबन्ध यथावत् राख्ने नेपाल सरकार मन्त्रीस्तरको मिति २०६८।३।२८ को निर्णय अनुसार" भन्ने आधारमा मेरो उक्त जग्गाको रजिष्ट्रेशन नगरी मिति २०६९।६।२१ मा दरपिठ गरियो। उक्त दरपिठ आदेश संवैधानिक तथा कानूनी दृष्टिकोणबाट समेत बदर भागी छ भनी निम्नानुसारको निवेदन गर्दछु।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा धारा १९(१) ले प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हकको ग्यारेन्टी गरेको छ। नेपाल सरकारलाई मेरो सम्पत्तिउपर अनुचित बन्देज लगाउन सक्ने कुनै अधिकार छैन। मिति २०६८।३।२८ को निर्णय कानूनी बलहीन भएको हुँदा उक्त निर्णय खारेज भागी छ। नागरिकको सम्पत्तिउपर बिना कानून अतिक्रमण गर्न पाइँदैन र मौलिक हकउपर अनुचित बन्देज लगाउन नपाउने अधिकारलाई हाम्रो संविधानले आत्मसाथ समेत गरेको छ। सरकारले नागरिकको सम्पत्ति यसरी रोक्का राख्ने वा राख्न सक्ने कुनै पनि कानूनको विद्यमानता छैन। साथै, मैले उक्त जग्गाहरूमा आफ्नो परिश्रम, मेहेनत तथा सम्पत्तिसमेत लगाई घर तथा अन्य भौतिक संरचनाको निर्माण गरेको छु। मेरो सो सम्पत्ति रोक्का गर्ने अधिकार विपक्षीहरूलाई छैन। नेपाल सरकारको उक्त निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२) को प्रतिकूल छ र सो निर्णयले कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भन्ने संवैधानिक व्यवस्थाको प्रतिकुल छ। साथै उक्त निर्णय मालपोत ऐन, २०३४ को दफा ८(ख) को प्रतिकूलसमेत छ। उक्त दफाअनुसार मात्र घर जग्गा रोक्का रहन सक्छ। सरकारले रोक्का राख्ने भनी गरेको निर्णय र मालपोत कार्यालयले गरेको उक्त दरपिठसमेत कानूनसम्मत छैन।

तसर्थ विपक्षीहरूबाट भए गरेको उल्लिखित कार्यले मेरो मौलिक हकमा गम्भीर आघात पारेको र प्रचलित कानूनविपरीतको कार्यसमेत भई स्वतन्त्रता, समानताको हक तथा मेरो सम्पत्तिको हकमा अंकुश लगाउने तथा सरकारको उक्त निर्णय स्वेच्छाचारिसमेत भएको हुँदा सो सम्बन्धमा अन्य वैकल्पिक एवं प्रभावकारी उपचारको बाटो नभएकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम सरकारको उक्त मिति २०६८।३।२८ को निर्णय तथा सो निर्णयका आधारमा भए गरेका पत्राचार तथा सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी मेरो उक्त राजीनामाको लिखत कानूनबमोजिम पारित गर्नु गराउनु भनी परमादेशलगायत अन्य उपयुक्त आज्ञा आदेश र पुर्जीसमेत जारी गरी न्याय पाऊँ। साथै प्रस्तुत मुद्दाको प्रकृति अनुसार शीघ्रातिशीघ्र अन्त्य हुनुपर्ने भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३८ र ६३ बमोजिम अग्राधिकारको आदेशसमेत

जारी गरिपाउँ भन्ने रिट निवेदन।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भन्ने विपक्षीहरूको नाउँमा यस अदालतबाट जारी भएको मिति २०६९।८।१९ को कारण देखाउ आदेश।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६८।८।२० को निर्णयानुसार मुलुकमा रहेको वास्तविक सुकुम्बासीहरूको पहिचान गरी तिनीहरूको समस्या समाधानको निमित्त जग्गासमेत वितरण गर्ने गरी सुकुम्बासी समस्या समाधान आयोग गठन भई सो आयोग कार्यरत रहेको अवस्थामा यस अगाडि सुकुम्बासीको हैसियतले जग्गा प्राप्त गरेका र जग्गाधनी दर्ता स्रेस्ता प्रमाण पुर्जामा हक हस्तान्तरण गर्ने अवधि व्यतित भइसकेका व्यक्तिहरूले सो जग्गा बिक्री वितरण गरी पुन: सुकुम्बासी बन्ने तथा सुकुम्बासीको हैसियतले पुन: जग्गा प्राप्त गर्नेतर्फ कारवाही अगाडि बढाउने र सुकुम्बासी बन्दै जाने प्रवृत्तिले प्रोत्साहन पाउन सक्ने देखिएकोले सुकुम्बासी समस्या समाधान आयोगबाट कार्य सम्पन्न नहुँदासम्म तत्कालको लागि सुकुम्बासीको हैसियतले प्राप्त गरेको जग्गाको हकमा जग्गाधनी दर्ता स्रेस्ता प्रमाण पुर्जामा तोकिएको अवधि व्यतित भइसके पनि त्यस्तो जग्गाको बेचबिखन वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न वा कुनै बैंक तथा वित्तीय संस्थामा धितोबन्धक गर्न नपाउने गरी उल्लिखित प्रतिबन्ध यथावत राखी सोअनुसार गर्नु गराउनु हुन नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६९।३।२८ मा निर्णय भई मिति २०६९।४।२ गते भूमिसुधार तथा व्यवस्थापन विभागको च.नं. ५५ बाट परिपत्र भएको हो। विपक्षी रिट निवेदकले माथि उल्लिखित जग्गा विगतको सुकुम्बासी समस्या समाधान आयोगबाट प्राप्त गरेको र सुकुम्बासी समस्या समाधान आयोग कार्यरत रहेको अवस्था हुँदा विभागको सो परिपत्रअनुसार हाललाई राजीनामा लिखत पारित हुन नसक्ने भनी कार्यालयबाट दरपिठ गरी दिएको भन्ने मालपोत कार्यालय, बर्दियाको लिखित जवाफ।

सुकुम्बासीलाई वितरण भएको जग्गाको यसरी तोकिएको अवधि व्यतित भई हक हस्तान्तरण गर्न दिँदा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।८।२० को निर्णयानुसार मुलुकमा रहेका वास्तविक सुकुम्बासीहरूको पहिचान गरी यिनीहरूको समस्या समाधानको निमित्त जग्गासमेत वितरण गर्ने गरी यस सुकुम्बासी समस्या समाधान आयोग गठन भई आयोग कार्यरत रहेको अवस्थामा यस अगाडि सुकुम्बासीको हैसियतले जग्गा प्राप्त गरेका र जग्गाधनी स्रेस्ता / प्रमाण पुर्जामा हक हस्तान्तरण गर्ने अवधि व्यतित भइसकेका व्यक्तिहरूले सो जग्गा बिक्री वितरण गरी पुन: सुकुम्बासी बन्ने तथा सुकुम्बासीको हैसियतले पुन: जग्गा प्राप्त गर्नेतर्फ कारवाही अगाडि बढाउने र सुकुम्बासी बन्दै जाने प्रवृत्तिले प्रोत्साहन पाउन सक्ने देखिएकोले गठित सुकुम्बासी समस्या समाधान आयोगबाट कार्य सम्पन्न नहुँदासम्मका लागि सुकुम्बासीको हैसियतले प्राप्त गरेको जग्गाको हकमा मात्र जग्गाधनी दर्ता स्रेस्ता / प्रमाण पुर्जा तोकिएको अवधि व्यतित भइसकेपनि त्यस्तो जग्गाको बेचबिखन वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न वा धितो बन्धक राख्न रोक लगाउने विषयको नेपाल सरकार मन्त्रीस्तरको मिति २०६९।३।२८ को निर्णय पूर्णत: कानूनसम्मत भएको व्यहोरा सम्मानित अदालतसमक्ष सादर अनुरोध छ। सुकुम्बासीको हैसियतले प्राप्त गरेको जग्गा आयोगको कार्य जारी रहेकै अवस्थामा बिक्री वितरणलगायतका हक हस्तान्तरणसम्बन्धी कार्य गर्न दिने हो भने सो जग्गा बिक्री गरी पुन: सुकुम्बासी बन्दै जाने प्रवृत्तिले प्रोत्साहन पाई सुकुम्बासी समस्या समाधान गर्ने राज्यको नितिलाई नै अस्तव्यस्त पारी यो समस्या झन विकराल हुँदै जाने हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ। खारेज गरिपाउँ भन्नेसमेत

व्यहोराको सुकुम्बासी समस्या समाधान आयोगका तर्फबाट ऐ. का अध्यक्ष भक्तिप्रसाद लामिछानेको लिखित जवाफ।

विपक्षी निवेदकले दाबी लिनु भएको विषयमा यस कार्यालयको के, कस्तो संलग्नता रहेको हो भन्ने समबन्धमा कुनै कुरा उल्लेख गर्नुभएको छैन । यस कार्यालयलाई विपक्षी बनाउन पर्नाको कुनै कारण र आधार निवेदनमा उल्लेख गरिएको छैन । विवादको विषयवस्तुसँग कुनै सम्बन्ध नै नरहेको र संविधान तथा कानूनबमोजिम पूरा गर्नुपर्ने के, कुन दायित्व पूरा नगरेको कारण यस कार्यालयलाई प्रत्यर्थी बनाउनु परेको हो भन्ने आधारभूत तथ्य नै स्थापित हुन नसकेको प्रस्तुत निवेदन प्रथम दृष्टिमा नै खारेज भागी हुँदा खारेज गरिपाऊँ । नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा प्रचलित नेपाल कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण एवं सम्बर्द्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा प्रतिबद्ध रहेको छ । जहाँसम्म रिट निवेदकले दाबी लिएको विषय छ, तत्सम्बन्धमा सो कार्य यस कार्यालयबाट नभई माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीज्यूको निर्णयका कारण विपक्षी निवेदकको हक, हितमा असर परेको भनी विपक्षी निवेदक स्वयम्ले आफ्नो निवेदनमा उल्लेख गर्नु भएको हुँदा यस कार्यालयसँग पूर्णत: असम्बन्धित सो विषयका सम्बन्धमा प्रस्तुत लिखित जवाफमा केही उल्लेख गरिरहन आवश्यक भएन । विवादको विषयका सम्बन्धमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने नै छ । अत: उपर्युक्त आधार र कारणसमेतबाट निवेदन मागबमोजिम यस कार्यालयका नाउँमा कुनै आदेश जारी हुन नसक्ने भएकोले यस कार्यालयलाई प्रत्यर्थी कायम गरेको हदसम्म रिट निवेदन खारेज भागी हुँदा खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट ऐ. का सचिव राजुमानसिंह मल्लको लिखित जवाफ।

सुकुम्बासीलाई वितरण भएको जग्गाको यसरी तोकिएको अवधि व्यतित भई हक-हस्तान्तरण गर्न दिँदा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।८।२० को निर्णयानुसार मुलुकमा रहेका वास्तविक सुकुम्बासीहरूको पहिचान गरी यिनीहरूको समस्या समाधानको निमित्त जग्गासमेत वितरण गर्ने गरी सुकुम्बासी समस्या समाधान आयोग गठन भई सो आयोग कार्यरत रहेको अवस्थामा यस अगाडि सुकुम्बासीको हैसियतले जग्गा प्राप्त गरेका र जग्गाधनी दर्ता स्रेस्ता / प्रमाण पुर्जामा हक हस्तान्तरण गर्ने अवधि व्यतित भइसकेका व्यक्तिहरूले सो जग्गा बिक्री वितरण गरी सुकुम्बासी बन्ने तथा सुकुम्बासीको हैसियतले पुन: जग्गा प्राप्त गर्नेतर्फ कारवाही अगाडि बढाउने र सुकुम्बासी बन्दै जाने प्रवृत्तिले प्रोत्साहन पाउन सक्ने देखिएकोले गठित सुकुम्बासी समस्या समाधान आयोगबाट कार्य सम्पन्न नहुँदासम्मका लागि सुकुम्बासीको हैसियतले प्राप्त गरेको जग्गाको हकमा मात्र जग्गाधनी दर्ता स्रेस्ता / प्रमाणपुर्जामा तोकिएको अवधि व्यतित भइसकेपनि त्यस्तो जग्गाको बेचबिखन वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न वा धितो बन्धक राख्न रोक लगाउने विषयको नेपाल सरकार मन्त्रीस्तरको मिति २०६९।३।२८ को निर्णय पूर्णत: कानूनसम्मत भएको व्यहोरा सम्मानित अदालतसमक्ष सादर अनुरोध छ । सुकुम्बासीको हैसियतले प्राप्त गरेको जग्गा आयोगको कार्य जारी रहेको अवस्थामा बिक्री वितरणलगायतका हक हस्तान्तरणसम्बन्धी कार्य गर्न दिने हो भने सो जग्गा बिक्री गरी पुन: सुकुम्बासी बन्दै जाने प्रवृत्तिले प्रोत्साहन पाई सुकुम्बासी समस्या समाधान गर्ने राज्यको नीतिलाई नै अस्तव्यस्त पारी यो समस्या झन विकराल हुँदै जाने हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ । खारेज गरिपाउँ भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको तर्फबाट ऐ. का

सचिव सुशील घिमिरेको लिखित जवाफ।

यसमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।३।२८ को सक्कल निर्णय झिकाई पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।३।२७ को आदेशबमोजिम भूमिसुधार तथा व्यवस्था मन्त्रालयको च.नं. २२४७ मिति २०७१।७।२५ को पत्रसाथ मन्त्रिपरिषद्को मिति २०६८।८।२० को निर्णयको प्रतिलिपिका साथै भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६९।३।२७, २०६९।६।२२, २०७०।३।२० र २०७०।४।२९ का निर्णयसहितको सक्कल मिसिल महान्यायाधिवक्ताको कार्यालयमार्फत प्राप्त हुन आएको।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री विश्वेश्वरप्रसाद गौतम र श्री रक्षा बस्यालले निवेदकले सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला कार्य समिति बर्दियाबाट विधिवत् प्राप्त गरेको जग्गा आयोगले बेचबिखन गर्न रोक लगाएको अवधि भुक्तान भइसकेपछि आफूखुसी बेचबिखन गरी हक हस्तान्तरण गर्न पाउनु पर्नेमा मालपोत कार्यालयमा पेस भएको राजीनामाको लिखत दरपिठ गरिदिँदा निवेदकको आफ्नो दर्ता स्रेस्ता कायम रहेको सम्पत्ति बेचबिखन गरी हक हस्तान्तरण गर्न निषेध गरेको कार्यबाट संविधान प्रदत्त हकाधिकारमा अनुचित बन्देज लाग्न गएको देखिन्छ। अतः विपक्षी मन्त्रिपरिषद्को उक्त मिति २०६८।३।२८ को गैरकानूनी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदन मागबमोजिम परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेतले र विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री कुलप्रसाद पाण्डेले नेपाल सरकारले देशको सुकुम्बासी समस्या समाधान गर्न केन्द्रीय स्तर र जिल्ला स्तरमा समेत सुकुम्बासी समस्या समाधान आयोग गठन गरी भूमिहीन नागरिकहरूलाई बसोबासका लागि जग्गा वितरण गर्दै आएको र त्यसरी वितरण गरिएका जग्गा प्राप्त गर्ने व्यक्तिहरूले त्यस्तो जग्गा बेचबिखन गरी पुन: सुकुम्बासी बन्ने अवस्था सृजना नहोस् भनी निश्चित अवधिका लागि जग्गा बेचबिखनमा रोक लगाउने निर्णय गरेको हो, घर जग्गाविहीन नागरिकलाई राज्यले जग्गा दिँदै जाने र जग्गा प्राप्त गर्ने व्यक्तिले त्यसरी प्राप्त गरेको जग्गा बेचबिखन गर्दै जाने हो भने सुकुम्बासी समस्या कालान्तरसम्म पनि निराकरण हुन सक्ने देखिँदैन। सुकुम्बासी नागरिकको हित संरक्षणकै लागि सरकारले उक्त निर्णय गरेको हुँदा रिट निवेदन जारी हुने अवस्था छैन भन्नेसमेतले गर्नुभएको बहस जिकिर सुनियो।

उल्लिखित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर सुनी मिसिल संलग्न रिट निवेदनलगायत लिखित जवाफसमेत अध्ययन गरी हेर्दा यसमा निवेदन मागदाबीबमोजिमको आदेश जारी हुने हो, होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा जि. बर्दिया मोतिपुर गा.वि.स. वडा नं. ६(ग) कि.नं. ९८ क्षेत्रफल ०-१-० बिगाहा र कि.नं. १०२ क्षेत्रफल ०-२-० बिगाहा जग्गा मैले २०५५ सालमा सुकुम्बासी समस्या समाधान आयोगबाट जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरी मेरो एकलौटी हक भोग स्वामित्व रहेको जग्गा हो। सो जग्गा १० वर्षसम्म बेचबिखन गर्न नपाउने सर्त रहेकोमा सो अवधि मिति २०६५।८।१४ मै समाप्त भइसकेको छ। उक्त जग्गा बेचबिखनका लागि राजीनामाको लिखतसहित मालपोत कार्यालय, बर्दियामा जाँदा सो लिखतको रजिष्ट्रेशन नगरी मन्त्रीस्तरको मिति २०६८।३।२८ को निर्णयबमोजिम रजिष्ट्रेशन गर्न नमिल्ने भनी मिति २०६९।६।२१ मा दरपिठ गरिएको कार्यबाट मेरो संविधान प्रदत्त सम्पत्ति आर्जन गर्ने, भोग गर्ने तथा बेचबिखन गर्ने हकमा प्रतिकूल असर पर्न गएको हुँदा मन्त्रीस्तरको उक्त मिति २०६८।३।२८ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी मेरो

कानूनबमोजिमको राजीनामाको लिखत पारित गर्नु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराले पद्मकुमारी शाहीको रिट निवेदन पेस भएकोमा सुकुम्बासी समस्या समाधान आयोगले वास्तविक सुकुम्बासी पहिचान गरी सुकुम्बासी समस्या दीर्घकालीनरूपमा निराकरण गर्न वितरण गरिएका जग्गा निश्चित अवधिसम्म बेचबिखन गर्न रोक लगाइएको र हाल गठित आयोगले समेत सुकुम्बासीहरूलाई जग्गा वितरण गर्ने कार्य गरिरहेको छ । पूर्व आयोगले वितरण गरेका जग्गा बेचबिखन गर्न रोक लगाएको अवधि समाप्त भइसकेको भए तापनि जग्गाधनीलाई त्यस्ता जग्गा बेचबिखन गर्न अनुमति दिँदा सुकुम्बासीको हैसियतले प्राप्त गरेको जग्गा बिक्री गरी पुन: सुकुम्बासीकै अवस्थामा आउने र यो समस्या दीर्घकालसम्म पनि निराकरण हुन नसक्ने हुँदा नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६९।३।२८ को निर्णयले सुकुम्बासी समस्या समाधान आयोग कार्यरत रहेको अवधिसम्म त्यस्तो जग्गा बेचबिखन गर्न वा अन्य किसिमले हक हस्तान्तरण गर्न प्रतिबन्ध लगाउने गरी निर्णय भएको हो भन्नेसमेत व्यहोराको सुकुम्बासी समस्या समाधान आयोग, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, मालपोत कार्यालय, बर्दियाको एकै मिलानको लिखित जवाफ रहेको देखिन्छ भने विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रस्तुत विवादको सम्बन्धमा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीज्यूको निर्णयको कारण विपक्षी निवेदकको हक हितमा असर परेको भन्ने स्वयम् निवेदकको भनाई रहेको हुँदा सो सम्बन्धमा केही भनिरहन परेन, सो विषय सम्बन्धमा सम्बन्धित निकायबाटै स्पष्ट हुनेछ भन्नेसमेत व्यहोराको लिखित जवाफ पेस हुन आएको देखियो ।

३. यसमा रिट निवेदनको प्रकरण २ मा "सुकुम्बासी समस्या समाधान आयोगबाट कार्य सम्पन्न नहुँदासम्मको लागि प्रमाण पुर्जामा तोकिएको अवधि व्यतित भइसकेपनि त्यस्तो जग्गा बेचबिखन गर्न नपाउने गरी उक्त प्रतिबन्ध यथावत राख्ने नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६८।३।२८ को निर्णयानुसार" भन्ने उल्लेख भएको तथा भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सुकुम्बासी समस्या समाधान आयोग र मालपोत कार्यालय बर्दियाको लिखित जवाफको प्रकरण २ मा समेत "प्रमाण पुर्जामा तोकिएको अवधि व्यतित भइसकेपनि त्यस्तो जग्गाको बेचबिखन गर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न वा कुनै बैंक तथा वित्तीय संस्थामा धितोबन्धक गर्न नपाउने गरी लगाइएको प्रतिबन्ध यथावत राखी सोअनुसार गर्नु गराउनु हुन नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६८।३।२८ मा निर्णय भएको" भन्ने उल्लेख भएको देखिन्छ तर यस अदालतको मिति २०७१।३।२७ को आदेशानुसार उल्लिखित मिति २०६८।३।२८ को निर्णयसहितको सक्कल मिसिल पठाइदिन माग गरिएकोमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०७०।७।२५ को पत्रसाथ प्राप्त सक्कल निर्णयसहितको मिसिल अध्ययन गरी हेर्दा सुकुम्बासीहरूलाई पूर्व आयोगले वितरण गरेका जग्गा बेचबिखन गर्न लगाएको प्रतिबन्धको अवधि भुक्तान भइसकेको भए तापनि हाल गठित सुकुम्बासी समस्या समाधान आयोग कार्यरत रहेको अवस्थामा त्यसरी जग्गा बेचबिखन गर्न अनुमति दिने हो भने जग्गा प्राप्त गर्ने सुकुम्बासीले प्राप्त गरेका जग्गा बेचबिखन गरी पुनः सुकुम्बासी बन्दै जाने र सुकुम्बासीको समस्या कालान्तरसम्म पनि निराकरण हुन नसक्ने हुँदा त्यस्ता जग्गा बेचबिखन गर्न वा अन्य किसिमले हक हस्तान्तरण गर्न रोक लगाउने गरी माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीज्यूबाट मिति २०६९।३।२७ मा निर्णय भएको देखिँदा रिट निवेदन र लिखित जवाफमा नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६८।३।२८ को निर्णय भनिए तापनि सक्कल मिसिलबाट देखिएको निर्णय मिति २०६९।३।२७ नै कायम हुने देखियो ।

४. देशमा उपलब्ध साधन र स्रोतको न्यायोचित वितरण गरी समुन्नत समाजको निर्माण गर्नु लोक कल्याणकारी राज्यको प्रमुख दायित्व हो । सोहीअनुरूप नै जग्गा जमिन र घरबासको व्यवस्था नभएका वास्तविक सुकुम्बासीहरूको पहिचान गरी साधन स्रोतले भ्याएसम्म त्यस्ता व्यक्तिहरूलाई न्यूनतम् जीविकोपार्जन र बसोबासका लागि जग्गा उपलब्ध गराउन विभिन्न चरणमा केन्द्रीय स्तर तथा जिल्ला स्तरमा सुकुम्बासी समस्या समाधान आयोग गठन गरी जग्गा वितरण हुँदै आएको पाइन्छ । वास्तवमा भूमिहीन व्यक्तिहरूलाई राज्यले जग्गा जमिन उपलब्ध गराउनु नै पर्ने भन्ने बाध्यात्मक (mandatory) व्यवस्था भने होइन, तथापि नागरिकको न्यूनतम् जीविकोपार्जन र बसोबासको व्यवस्था गर्नु राज्यको प्रमुख कर्तव्य पनि हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(झ) ले "सुकुम्बासी, कमैया, हलिया, हरवा चरवा लगायतका आर्थिक, सामाजिकरूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यस्था गर्ने नीति लिने" भन्ने राज्यको दायित्व उल्लेख भएको र सोही दायित्वअन्तर्गत सरकारले सुकुम्बासी समस्या निराकरण गर्न यी निवेदक जस्ता भूमिहीन नागरिकहरूलाई छनौट गरी जग्गा जमिन वितरण गर्ने नीति अख्तियार गरेको देखिन्छ ।

५. यी निवेदकलाई २०५५ सालमा सुकुम्बासी समस्या समाधान आयोगबाट जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको र त्यसरी वितरण गरिएको जग्गा १० वर्षसम्म बेचबिखन गर्न वा अन्य कसिमले हक हस्तान्तरण गर्न रोक लगाएकोमा सो अवधि मिति २०६५।८।१४ मै समाप्त भइसकेको भन्ने उल्लेख भएको देखियो । यसरी प्राप्त भएको जग्गा १० वर्षपछि सुक्रीबिक्री गर्न पाउने गरी वितरण भएकोमा तोकिएको समयावधि समाप्त भइसकेपछि पनि पुन: त्यस्तो जग्गा बिक्री वितरण गर्नमा रोक लगाइएको निर्णयमा तत्कालको लागि रोक्का राखेको भनेपनि कहिलेसम्म बिक्री वितरण गर्न नपाउने हो, प्रष्ट हुन आएको देखिएन । सुकुम्बासीको समस्या कहिलेसम्ममा समाधान भइसक्ने हो? त्यसको गुरू योजना के हो? निवेदकको जग्गा रोक्का राखिएकै कारणले मात्र सुकुम्बासी समस्या समाधान हुने हो भन्ने प्रष्ट आधार र कारण पनि खुली आएको देखिएन । सुकुम्बासीको अर्थ, परिभाषा, उनीहरूको रोजगार वा जग्गाविहीन, पेसाविहीन, गरिब, निमुखा, असहायको लागि राज्यले निति मिति निर्धारण गर्दा आफ्नो नीति प्रष्ट गर्नुपर्ने हुन्छ तथापि यी निवेदकको पुरै जग्गा रोक्का राख्ने गरेको कार्यले नेपाल सरकारले पूर्ववत्‌रूपमा दिएका सर्त पालना भएको अवस्थामा अनिश्‍चित कालसम्म बेचबिखन गर्न वा अन्य प्रक्रियाले हक हस्तान्तरण गर्न रोक लगाउने गरेको कार्य औचित्यपूर्ण देखिएन ।

६. रिट निवेदकले भूमिसुधार तथा व्यवस्था मन्त्रीस्तरको मिति २०६८।३।२८ को निर्णयले आफ्नो जग्गा बेचबिखन गर्न रोक लागाएको हुँदा सो निर्णय बदर गरिपाउँ भनी रिट निवेदन गरेको देखिए तापनि विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त सक्कल मिसिलसहितको टिप्पणी आदेश हेर्दा पूर्व सुकुम्बासी समस्या समाधान आयोगले १० वर्षका लागि बेचबिखन गर्न नपाउने सर्त राखी वितरण गरेका जग्गा सो अवधि भुक्तान भइसकेपछि पनि बेचबिखन गर्न वा अन्य किसिमले हक हस्तान्तरण गर्न पुनः रोक लगाउने गरी नेपाल सरकार मन्त्रीस्तरबाट मिति २०६९।३।२७ मा निर्णय भएको देखियो । जुनसुकै मितिको निर्णय भए तापनि त्यस्तो निर्णयले निवेदकको संविधान प्रदत्त सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेचबिखन गर्ने हकाधिकारमा अनुचित प्रतिबन्ध लगाएको देखिँदा त्यस्तो निर्णयले वैधानिक आधार ग्रहण गर्न सक्दैन । विधिवत्‌रूपमा प्राप्त गरेको जग्गा तोकिएको अवधिसम्म बेचबिखन नगरी बसेका यी निवेदकले सो अवधिपछि पनि जग्गा बेचबिखन गर्न वा अन्य किसिमले हक हस्तान्तरण गर्न नपाउने हो

भने निजको सम्पत्तिसम्बन्धी अधिकार संकुचित हुन जाने देखिन्छ। तसर्थ नेपाल सरकारले यी निवेदकलाई १० वर्ष जग्गा बिक्री गर्न नपाउने गरी निर्णय गराई सो निर्णयको पालना गरिरहेको निवेदकलाई विभागीय मन्त्रीस्तरीय निर्णयबाट मन्त्रिपरिषदको निर्णयको प्रतिकूल अनन्तकालसम्म निवेदकलाई असर पर्ने गरी जग्गा सुक्री बिक्री, दान दातव्य, धितो जमानत राख्न निषेध गरेको भूमिसुधार तथा व्यवस्था मन्त्रीस्तरको मिति २०६९।३।२७ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ।

७. निवेदकले विपक्षी मालपोत कार्यालय, बर्दियामा जग्गा पारितका लागि पेस गरेको लिखत सम्बन्धमा कानूनको रीत पुगेको, अन्य कारणले रोक्का नरहेको वा माथि उल्लिखित मन्त्रिपरिषद्को निर्णयबाहेक अन्य कारणबाट रोक्का नरहेको र कानूनको रीत पुऱ्याई लिखत पारितको लागि माग गरेमा त्यस्तो लिखत कानूनबमोजिमको दस्तुर लिई पारित गरिदिनु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी हुनेसमेत ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिनू। रिट निवेदन दर्ताको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपकराज जोशी

इजलास अधिकृतः केशवप्रसाद घिमिरे
इति संवत् २०७१ साल कात्तिक २८ गते रोज ६ शुभम्।

## निर्णय नं. ९८८८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
आदेश मिति : २०७४।०२।०७
०६९-WO-१२५३

विषयः उत्प्रेषण

निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १९ मरूहिटी बस्ने वर्ष ६३ को अमृतमान राजभण्डारीसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत

- **धार्मिक परोपकारी कार्य गर्नको लागि राखेको गुठी जग्गामा सडक निर्माण भएको अवस्थामा त्यसको मुआब्जासमेत नपाउने हो भने गुठीको आम्दानीको स्रोत गुम्न पुगी जुन उद्देश्यबाट गुठी राखिएको हो त्यसको पूर्ति हुन नसकी प्रतिकूल असर पर्न जाने देखिन्छ। जसको परिणामस्वरूप गुठीको उद्देश्य नै पराजित भई धर्मलोपको अवस्था उत्पन्न हुने जाने हुन्छ र धार्मिक स्वतन्त्रता, स्वधर्मको कार्यमा प्रतिकूल असर पर्न गई धार्मिक आस्थामा चोट पुग्न सक्ने।**

(प्रकरण नं. ३)

- **सार्वजनिक प्रयोगका लागि राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि अधिकार ग्रहण गर्न सक्छ तर यसरी निजी सम्पत्ति**

सर्वोच्च अदालत

**प्राप्त गर्दा कानूनबमोजिमको उचित क्षतिपूर्ति दिनुपर्ने हुन्छ । विना क्षतिपूर्ति राज्यले व्यक्तिको सम्पत्ति प्राप्त गर्न नसक्ने ।**

(प्रकरण नं. ४)

- **एउटै विषयमा कसैलाई मुआब्जा दिने कसैलाई नदिने गरी राज्यबाट असमान व्यवहार गरिनु स्वीकार्य हुन नसक्ने ।**

(प्रकरण नं. ५)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ताद्वय विश्व भट्टराई र हरिहर पौडेल
विपक्षीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या. दीपकराज जोशी :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र परी दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

हामी दाजुभाइहरूको संयुक्त नाममा मालपोत कार्यालय, कलंकी काठमाडौंमा दर्ता हक रहेको हामीहरूको पूर्ण हकभोग स्वामित्वको काठमाडौं जिल्ला छैमले गा.वि.स. वडा नं. ४ट कित्ता नं. ३२ क्षेत्रफल रोपनी ३-८-०-०, ऐ.ऐ. कि.नं. ४५ क्षेत्रफल रोपनी १०-०-०-०, ऐ.ऐ. कि.नं. ४३ क्षेत्रफल रोपनी ०-१२-०-० र ऐ.ऐ. वडा नं. ४ठ कित्ता नं. २८ क्षेत्रफल रोपनी ४-१०-०-० जग्गा हामीहरूको निजी गुठी चलाउने प्रयोजनको लागि राखिएको निजी गुठीअन्तर्गतको जग्गा हो । उक्त जग्गाको आयस्ताबाट वर्षेनी वैशाख पूर्णिमाका दिन नारायण भगवानको पूजाआजा गरी दाजुभाइहरू भेला भई भोज (प्रसाद) खाँदै आइरहेको छौं । जसअनुसार सो निजी गुठी हामीहरूले सञ्चालन गर्दै गुठी धर्म संस्कृतिको संरक्षण हामीहरूले यद्यपि गरी आएका छौं ।

हामी निवेदकको पूर्ण हकभोग स्वामित्वको निजी गुठीको उक्त जग्गामध्ये कित्ता नं. ४५ क्षेत्रफल रोपनी १०-०-०-० मध्ये ७-११-०-० बाँकी कि.नं. ३२, कि.नं. २८ पूरै गरी जम्मा क्षेत्रफल रोपनी १५-१३-०-० जग्गा विपक्षी नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६६।११।४ को मन्त्रीस्तरीय निर्णयअनुसार काठमाडौं-तराई फाष्ट ट्र्याक आयोजनाको लागि जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा अधिग्रहण भई विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०६८।४।१८ को गोरखापत्र दैनिकमा मुआब्जाको लागि प्रकाशित सूचनाअनुसार विपक्षीले अधिग्रहणमा लिएको अवस्था छ ।

जग्गा प्राप्ति सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट प्रकाशित सूचनाअनुसार अधिग्रहणमा परेको उक्त जग्गाको हामी निवेदकहरूले पाउनुपर्ने मुआब्जा रकमको सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम मुआब्जा निर्धारण समितिको मिति २०६८।८।५ को बैठकद्वारा रू.७८,९६,०००।- मुआब्जा रकम निर्धारण भएको थियो । जसअनुसार फाष्ट ट्र्याक सडक योजनाले जिल्ला प्रशासन कार्यालयलाई हामीले पाउने मुआब्जा रकम किटान गरी सोको भुक्तानी गरिदिनको लागि लेखेको उक्त पत्रको सम्बन्धमा उल्लिखित कित्ता जग्गाको हामी निवेदकहरूको नाममा दर्ता रहेको जग्गाधनीको नाम लगत कट्टा गरी काठमाडौं तराई मधेश फाष्ट ट्र्याक सडक आयोजनाको नाममा जग्गाधनी दर्ता प्रमाण पत्र कायम गरिदिनुका साथै बाँकी रहने जग्गा फुकुवा गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ भनी मालपोत कार्यालयलाई पत्राचार गरी दिएको छ । जिल्ला प्रशासन कार्यालयले लेखेको उक्त

मिति २०६९।३।११ को पत्रको सम्बन्धमा मालपोत कार्यालयले विपक्षी जिल्ला प्रशासन कार्यालयलाई मिति २०६९।३।१२ को पत्रमार्फत अधिग्रहणमा परेको निवेदकको माथि उल्लिखित कित्ता जग्गाहरू निजी गुठी जनिएको देखिएको र उक्त प्रकृतिको जग्गा सम्मानित सर्वोच्च अदालतको मिति २०६४।१०।१० को फैसला तथा भूमिसुधार तथा व्यवस्था विभागको मिति २०६४।१०।२९ को पत्रअनुसार सट्टा पट्टा, रजिष्ट्रेशन गरी हक हस्तान्तरण गर्न रोक्का भइरहेकोले निजी गुठी हटाई उक्त जग्गा आयोजनाको नाममा लगत कट्टा गर्न नमिल्ने भनी जिल्ला प्रशासन कार्यालयलाई जवाफी पत्र पठाई सोहीबमोजिमको जानकारी सडक आयोजनाको मिति २०६९।१२।१४ को पत्रबाट हामी निवेदकलाई दिइएको अवस्था छ।

विपक्षीले अधिग्रहण गरेको निवेदकको जग्गाको मुआब्जा कानूनबमोजिम निवेदकले प्राप्त गर्नबाट वञ्चित गराइएको र यसबाट निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३, १७(३), १९, २३ समेतद्वारा प्रदत्त समानताको हक, संस्कृतिसम्बन्धी हक, सम्पत्तिको हक, धर्मसम्बन्धी हकमाथि आघात पुऱ्याउने कार्य भएको र सोको प्रचलनको लागि अन्य वैकल्पिक उपचारको मार्गसमेत पर्याप्त नभएको हुँदा धारा ३२, १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत यो निवेदन लिई उपस्थित भएका छौं। निवेदकलाई मुआब्जा दिनबाट वञ्चित गराउने गरी भएका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी मुआब्जा दिनु भन्ने परमादेशको आदेश जारी हुनुपर्दछ भनी निम्न निवेदन गर्दछौं।

अधिग्रहणमा परेको जग्गा निवेदकको निजी गुठी जग्गा भएकोमा विवाद छैन। सोको आयस्थाबाट हाम्रो गुठी चलाउनुपर्ने हुन्छ। निजी गुठी निवेदकको धर्म, संस्कृतिसँग जोडिएको सम्पत्तिसमेत हो। विपक्षीले मुआब्जा रकम निवेदकलाई दिएको अवस्थामा सो मुआब्जा रकमको आम्दानीबाट हामी निवेदकको निजी गुठी धर्म संस्कृतिको निरन्तरता कायम हुनसक्ने हुन्छ । सरकारले नागरिकको सम्पत्ति अधिग्रहण गर्दा कुनै मुआब्जा तथा कुनै क्षतिपूर्ति नदिई गर्न पाइँदैन । निजी गुठीको जग्गामा यस अदालतको फैसलाको आधार देखाई निवेदकलाई मुआब्जा दिनबाट वञ्चित गर्न मिल्ने हुनै सक्दैन । जग्गामा सडक खुली मोटर गुडिसकेको हुँदा न त कुनै आयस्ता आउने अवस्था छ, न त अधिग्रहणको मुआब्जा रकम नै विपक्षीबाट प्राप्त हुन सकेको छ। यस स्थितिमा हामी निवेदकको निजी गुठी पूजा धर्म संस्कृतिको निरन्तरता दिनलाई आयस्ताको अभावमा कठिनाई पर्न गई सोको लोप हुन जाने अवस्था टड्कारो रूपमा आएको छ।

साथै यस अदालतको मिति २०६४।१०।१० को फैसलाले गुठी संस्थान ऐन, २०३३ को दफा २५(२)(ग) र दफा ३६, संविधानसँग बाझिएको हुँदा अमान्य र बदर घोषित भएको हो। निवेदकको जग्गा ऐनको दफा २(ञ) ले परिभाषा गरेअनुसार कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको गुठी तैनाथी जग्गा होइन। उक्त जग्गा निवेदकको निजी गुठी सम्पत्ति भएको हुँदा गुठी संस्थान मातहतको जग्गा होइन । साथै मुआब्जा निर्धारण समितिले मुआब्जा रकम निर्धारण गरी निकासा भइसकेको अवस्था छ। विपक्षीले स्वयम् सरकारी गुठी जग्गाको हकमा मुआब्जा रकम भुक्तानी दिने तर हामी निवेदक सर्वसाधारण नागरिकको गुठी संस्थान मातहत हुँदै नभएको नितान्त निजी गुठी सम्पत्तिको जग्गाको मुआब्जा रकम भने विभिन्न वहाना गरी गलत आधार र कारण देखाई मुआब्जा दिनबाट वञ्चित गराउने घोर अन्यायपूर्ण कार्य विपक्षीबाट भएको छ । जुन कार्य समानताको हक विरूद्ध भई कानूनको दृष्टिमा विभेदकारिसमेत छ । नागरिकको सम्पत्ति मुआब्जा अर्थात् क्षतिपूर्ति नदिइकन सार्वजनिक हितको लागि विपक्षी नेपाल सरकारले अधिग्रहण वा प्राप्त गर्न सक्ने

व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ तथा अन्य प्रचलित कुनै पनि कानूनले गरेको छैन।

अतः निवेदकलाई मुआब्जा दिनबाट वञ्चित गराउने गरी काठमाडौं तराई मधेश फाष्ट ट्र्याक सडक योजनाले निवेदकलाई जानकारी गराएको च.नं. २०३, मिति २०६९।१२।१४ को पत्रलगायत यस सम्बन्धमा निवेदकको हक हितमा असर पार्ने गरी विपक्षीहरूबाट जे जति निर्णय आदेश काम कारवाही तथा पत्राचार भएका छन् सोसमेत सम्पूर्ण उत्प्रेषणको आदेशद्वारा बदर गरी निर्धारण भइसकेको मुआब्जा रकम अविलम्ब निवेदकलाई भुक्तानी दिनु दिलाउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने व्यहोराको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि प्रस्तुत निवेदनलाई अग्राधिकार दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट भएको आदेश।

जग्गा प्राप्ति र मुआब्जा दिने विषय कानूनबमोजिम हुने हुँदा यस कार्यालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ।

रिट निवेदकको दाबीको जग्गा अधिग्रहण सम्बन्धमा यस विभागबाट कुनै निर्णय नभएको र रिट निवेदनमा उल्लिखित यस विभागको मिति २०६४।१०।२९ को पत्राचार सम्मानित सर्वोच्च अदालतको मिति २०६४।१०।२२ को पत्रबाट लेखी आएबमोजिम भएको हुँदा प्रस्तुत विषयमा यस विभागलाई विपक्षी बनाइरहनुपर्ने अवस्था नहुँदा विना आधार यस विभागलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत भूमिसुधार तथा व्यवस्थापन विभागको तर्फबाट पेस भएको लिखित जवाफ।

निवेदकले माग गरेको विषय यस कार्यालयको कार्य क्षेत्रभित्र नपर्ने भएको हुनाले गलत मनसायले दुःख दिने नियतले यस कार्यालयलाई विपक्षी बनाएको उक्त दाबी खारेज गरिपाउँ भन्ने नापी कार्यालय, कलंकीको लिखित जवाफ।

काठमाडौं-तराई फाष्ट ट्र्याक आयोजनाले मुआब्जा उपलब्ध नगराउँदा गुठी धर्म संस्कृतिको संरक्षण गर्न समस्या भएको भनी निवेदकले उल्लेख गरेकोमा निजहरूले मुआब्जा प्राप्त गर्न यस मन्त्रालयको के कुन निर्णय आदेशले के कस्तो बाधा परेको हो? रिट निवेदनमा कहिँकतै उल्लेख भएको छैन। तसर्थ विना आधार र प्रमाण विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ।

निवेदक प्रकाशमणि शर्मा विरूद्ध नेपाल सरकारसमेत भएको २०५८ सालको रिट नं. ७७ को निवेदनउपर सुनुवाइ भई सम्मानित सर्वोच्च अदालतबाट मिति २०६४।१०।१० मा उक्त ऐनको दफा २५ उपदफा (२) खण्ड (ग) र दफा ३६ अमान्य बदर घोषित भएकोले सोही आदेशका आधारमा भूमिसुधार तथा व्यवस्था विभागको मिति २०६४।१०।२९ को पत्रबाट गुठी रैतानी जग्गाको नामसारी, दा.खा. रजिष्ट्रेशन कित्ताकाट गरी हक हस्तान्तरण गर्न रोक्का भइरहेको परिप्रेक्ष्यमा उक्त जग्गाको कित्ताकाट गरी आयोजनाको नाममा हक हस्तान्तरण, नामसारी दाखिल खारेज गर्ने काम कारवाही अघि बढाउन नसकिएको हो। तसर्थ प्रस्तुत रिट निवेदन औचित्यपूर्ण नहुँदा खारेज गरिपाउँ भन्नेसमेत काठमाडौं तराई-मधेश फास्ट ट्र्याक सडक आयोजना र भौतिक पूर्वाधार तथा यातायात व्यवस्था

मन्त्रालयको एकै व्यहोराको छुट्टाछुट्टै लिखित जवाफ ।

नागरिकका संविधान तथा कानून प्रदत्त हक अधिकारको सम्मान संरक्षण एवं सम्बर्द्धन गरी उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा नेपाल सरकार कटिबद्ध रहेको छ । जहाँसम्म निजी गुठीसम्बन्धी विषय छ, तत् सम्बन्धमा निवेदक प्रकाशमणि शर्मासमेत विरूद्ध नेपाल सरकार मन्त्रिपरिषद्समेत विपक्षी भएको संवत् २०५८ सालको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट गुठी संस्थान ऐन, २०३३ को दफा २५ को उपदफा (२) को खण्ड (ग) र ऐ. दफा ३६ फैसला भएको मिति २०६४।१०।१० देखि अमान्य र बदर घोषित भएको छ । गुठी जग्गाको संरक्षण गर्ने दायित्व नेपाल सरकारको भएकोले राजगुठी, निजी गुठी वा छुट गुठी कुनै पनि किसिमको गुठी जग्गा कुनै पनि किसिमले बिक्री वितरण वा हक हस्तान्तरण गर्न, सट्टापट्टा गर्न वा अक्षयकोष खडा गरी गुठी जग्गा रैतानी नम्बरमा परिवर्तन गरी लिन नपाउने व्यवस्था गर्नु भनी आदेश जारी भएको छ । निजी गुठीका सम्बन्धमा सम्मानित अदालतबाट भएको उल्लिखित आदेशको सबैले पालना गर्नु नै पर्ने हुन्छ । अतः उपर्युक्त आधार र कारणसमेतबाट मागबमोजिमको आदेश जारी हुन नसक्ने भई विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मूद्दामा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री विश्व भट्टराई, श्री हरिहर पौडेलले निवेदकको निजी गुठीको जग्गा विपक्षी काठमाडौं तराई मधेश फास्ट ट्र्याक सडक आयोजनाका लागि अधिग्रहण भएकोमा त्यसको मुआब्जा दिन नमिल्ने भनी विपक्षीबाट भएको निर्णय संविधान र प्रचलित कानूनविपरीत भएको हुँदा बदर गरी निर्धारण भएको मुआब्जा रकम दिनु भनी परमादेशको आदेश जारी हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

विद्वान् अधिवक्ताहरूद्वारा प्रस्तुत भएको उपर्युक्त बहस सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो ।

२. निर्णयतर्फ विचार गर्दा काठमाडौं जिल्ला छैमले गा.वि.स. वडा नं. ४ ट कि.नं. ३२ को क्षेत्रफल ३-८-०-०, ऐ. ऐ. कि.नं. ५५ को १०-०-० मध्ये क्षेत्रफल ७-११-०, कि.नं.३२ को ३-८-० जग्गा नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयको निर्णयानुसार काठमाडौं तराई / मधेश फास्ट ट्र्याक आयोजनाको लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०६८।४।१८ को निर्णयानुसार अधिग्रहण भएकोमा विवाद छैन । उक्त जग्गा अधिग्रहण भएपश्चात् मुआब्जा निर्धारण समितिको मिति २०६८।८।५ को निर्णयानुसार रू.७८,९६,०००।- मुआब्जा रकम निर्धारण गरी भुक्तानीका लागि सडक आयोजनाले मिति २०६९।३।८ को पत्रद्वारा जिल्ला प्रशासन कार्यालयलाई लेखी पठाएकोमा सोहीबमोजिम अधिग्रहणमा परेका निवेदकहरूको नामको जग्गाको लगत कट्टा गरी सडक आयोजनाको नाममा जग्गाधनी प्रमाण पुर्जा कायम गरी दिनु भनी मालपोत कार्यालयलाई लेखी पठाएकोमा उल्लिखित जग्गाहरू निजी गुठी जनिएको हुँदा सर्वोच्च अदालतको मिति २०६४।१०।१० को फैसला र भूमिसुधार व्यवस्था विभागको मिति २०६४।१०।२९ को पत्रानुसार निजी गुठी हटाई सडक आयोजनाका नाममा लगत कट्टा गर्न नमिल्ने व्यहोराको मालपोत कार्यालय, कलंकीको पत्रानुसार मुआब्जा वितरणको कार्य रोकिएको देखिन्छ । यसरी निवेदकको जग्गा सडक आयोजनाको लागि विधिवत् अधिग्रहण भई मुआब्जा रकमसमेत निर्धारण भइसकेकोमा अन्तिम समयमा आएर सर्वोच्च अदालतबाट भएको फैसलाको कारण देखाई मुआब्जा रकम दिन इन्कार गरेको देखियो ।

३. विवादित जग्गा निजी गुठीको हो भन्नेमा द्विविधा रहेको छैन। यही गुठीको आम्दानीबाट वैशाख पूर्णिमाका दिन नारायण भगवान्को पूजाआजा गरी धर्म संस्कृतिको संरक्षण गरिरहेको भन्ने निवेदकको भनाई रहेको देखिन्छ। यसरी देवी देवताको पूजाआजा गरी धर्म संस्कृतिको संरक्षण गर्ने प्रयोजनका लागि उक्त जग्गाको आयस्ता खर्च भइरहेकोमा विवादित जग्गा सडक आयोजनाभित्र परेबाट गुठीको आम्दानीको स्रोत नै गुमेको भन्नेमा पनि अन्यथा तर्क गर्ने ठाउँ छैन। धार्मिक परोपकारी कार्य गर्नको लागि राखेको गुठी जग्गामा सडक निर्माण भएको अवस्थामा त्यसको मुआब्जासमेत नपाउने हो भने गुठीको आम्दानीको स्रोत गुम्न पुगी जुन उद्देश्यबाट गुठी राखिएको हो त्यसको पूर्ति हुन नसकी प्रतिकूल असर पर्न जाने देखिन्छ। जसको परिणामस्वरूप गुठीको उद्देश्य नै पराजित भई धर्मलोपको अवस्था उत्पन्न हुने जाने हुन्छ र धार्मिक स्वतन्त्रता, स्वधर्मको कार्यमा प्रतिकूल असर पर्न गई धार्मिक आस्थामा चोट पुग्न सक्छ। परापूर्वकालदेखि चलेको धार्मिक कार्यको सञ्चालन सुव्यवस्थित गरी सामाजिक, धार्मिक प्रतिष्ठालाई यथासम्भव संरक्षण र सम्बर्द्धन गर्नु अहिलेको आवश्यकता पनि हो। धर्म संस्कृतिको संरक्षण नहुँदा सामाजिक मूल्य मान्यता रहन नसकी धार्मिक सहिष्णुतामा प्रतिकूल असर पर्न जाने कुरामा सचेत हुनुपर्ने हुन्छ।

४. सार्वजनिक प्रयोगका लागि राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि अधिकार ग्रहण गर्न सक्छ तर यसरी निजी सम्पत्ति प्राप्त गर्दा कानूनबमोजिमको उचित क्षतिपूर्ति दिनुपर्ने हुन्छ। बिना क्षतिपूर्ति राज्यले व्यक्तिको सम्पत्ति प्राप्त गर्न सक्दैन। जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा नेपाल सरकारले कुनै सार्वजनिक कामको लागि कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐनबमोजिमको मुआब्जा दिने गरी जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ को उपधारा (२) मा "सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर कुनै प्रकारले कुनै अधिकारको सृजना गर्ने छैन" भन्ने व्यवस्था रहेको छ भने उपधारा (३) मा राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा कानूनबमोजिम क्षतिपूर्ति दिइने छ भन्ने व्यवस्था रहेको छ। उपर्युक्त संवैधानिक एवं कानूनी व्यवस्थाअनुसार पनि सार्वजनिक प्रयोगका लागि आवश्यक भएमा राज्यले कसैको पनि सम्पत्ति अधिग्रहण गर्न सक्ने तर यसरी अधिग्रहण गर्दा सम्बन्धित जग्गाधनीलाई मुआब्जा दिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिन्छ।

५. सडक आयोजनाभित्र परी अधिग्रहणमा परेका नेपाल सरकारका गुठीले समेत कानूनबमोजिम मुआब्जा रकम पाइसकेका छन् भन्ने निवेदकको दाबीलाई विपक्षीतर्फबाट खण्डन हुन सकेको देखिँदैन। यसरी एउटै विषयमा कसैलाई मुआब्जा दिने कसैलाई नदिने गरी राज्यबाट असमान व्यवहार गरिनु स्वीकार्य हुन सक्दैन। जहाँसम्म यस अदालतको फैसलाबाट गुठी जनिएका जग्गाहरूको कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्न, धितो जमानी दिन र सट्टापट्टालगायतका कार्य गर्न निषेध गरेको भन्ने प्रश्न छ उक्त आदेशमा गुठी संस्थान ऐन, २०३३ को दफा २५ को उपदफा (२) को खण्ड (ग) र ऐ. दफा ३६ बदर घोषित भएको देखिन्छ। जुन गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको गुठी तैनाथी जग्गाको सन्दर्भमा भएको हो। प्रस्तुत विवाद गुठी संस्थान मातहतको जग्गाको नभई निवेदकको निजी गुठी सम्पत्ति भएको हुँदा उक्त आदेशको कारणबाट निवेदकलाई निजबाट जग्गाको तिरो यथावत् हुने गरी जग्गा अधिग्रहण गर्ने र लगतसमेत कट्टा नगर्ने प्रकारको जानकारीको पत्राचार भएको देखिँदा त्यस्तो कार्यलाई बदर गराई रहनु पर्ने नै नभई स्वतः बदर हुने नै हुन्छ। तसर्थ निवेदकहरूलाई

आफ्नो निजी गुठीको जग्गाबाट मुआब्जा पाउनबाट वञ्चित गराउन मिल्ने देखिँदैन ।

६. माथि उल्लिखित आधार कारणबाट निवेदकहरूको जग्गा काठमाडौं-तराई मधेश फाष्ट ट्र्याक सडक आयोजनाभित्र परी अधिग्रहण भई उक्त जग्गाहरूबाट फाष्ट ट्र्याक सडक तयारसमेत भई यातायात सुचारू भइसकेको सन्दर्भमा विपक्षी आयोजनाले निर्धारित गरेको मुआब्जा रकम यी निवेदकले पाउनु पर्ने नै देखिँदा निर्धारित मुआब्जा रकम यथाशीघ्र निवेदकलाई भुक्तानी दिनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत: सुरेशराज खनाल
इति संवत् २०७४ साल जेठ ७ गते रोज १ शुभम् ।

## निर्णय नं. ९८८९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७४।०५।०४

मुद्दाः- अपहरण तथा शरीर बन्धक

०७१-CR-१३८७

पुनरावेदक / प्रतिवादी : जिल्ला पर्सा वीरगञ्ज उपमहानगरपालिका वडा नं. १३ मा घर भई हाल कारागार कार्यालय पर्सा वीरगञ्जमा कैदमा बसेको पन्नालाल सहनी

विरूद्ध

प्रत्यर्थी / वादी : अशोक अग्रवालको जाहेरीले नेपाल सरकार

०७१-CR-१५६८

पुनरावेदक / प्रतिवादी : जिल्ला पर्सा वीरगञ्ज उपमहानगरपालिका वडा नं.१३ को हाल कारागार कार्यालय, पर्सा वीरगञ्जमा कैदमा रहेको कुनाल अग्रवाल

विरूद्ध

प्रत्यर्थी / वादी : अशोक कुमार अग्रवालको जाहेरीले नेपाल सरकार

०७१-CR-१६२१

पुनरावेदक / प्रतिवादी : जिल्ला पर्सा वीरगञ्ज उपमहानगरपालिका वडा.नं.१४ हाल वडा नं.१३ घर भई कारागार कार्यालय पर्सामा कैदमा रहेको राजन बाबु बानिया

विरूद्ध

प्रत्यर्थी / वादी : अशोक अग्रवालको जाहेरीले नेपाल सरकार

०७३-CR-०१०९

पुनरावेदक / प्रतिवादी : जिल्ला पर्सा वीरगञ्ज उपमहानगरपालिका वडा नं.१३ घर भई कारागार कार्यालय पर्सामा कैदमा रहेको सिकेन्दर यादव

विरूद्ध

प्रत्यर्थी / वादी : अशोक अग्रवालको जाहेरीले नेपाल सरकार

- **अपहरण तथा शरीर बन्धक लिने अपराध संगठित तवरले हुने गरकोले त्यस्तो अपराधमा प्रायः एकभन्दा बढी व्यक्तिको संलग्नता रहेको हुन्छ । यस्ता प्रकृतिको अपराधमा विभिन्न व्यक्तिहरूको विभिन्न भूमिका हुन सक्ने र मुख्य वारदात घटाउने स्थलमा वास्तविकरूपमा वारदातमा संलग्न व्यक्तिहरू भन्दा कम संख्यामा व्यक्तिहरू उपस्थित भई वारदात घटाएको हुने । तर यस्तो वारदातमा घटनास्थलमा नदेखिने व्यक्तिहरूको भूमिका गौण वा सहायक नहुने । निजहरूको भूमिका वारदात स्थलमा देखिने व्यक्तिहरूको जत्तिकै वा अझै महत्त्वपूर्ण हुने ।**

(प्रकरण नं. १२)

- **अपहरणसम्बन्धी अपराध मानवता विरूद्धको अपराध भएको र त्यस प्रकृतिको अपराधमा संलग्न व्यक्तिहरूको पृथकपृथक भूमिका रहने हुँदा वारदात स्थलबाट पक्राउ नपर्दैमा कसुरमा संलग्न रहेको छैन भनी निष्कर्षमा पुग्न नमिल्ने ।**

- **अपहरित नाबालकलाई उद्धार गर्ने क्रममा भएको गोली हानाहानबाट दुईजनाको मृत्यु भई नाबालकको उद्धार गरी ल्याइएको तथ्य प्रहरी कर्मचारीहरूको बकपत्रबाट समर्थित भइरहेकोमा जाहेरवाला र पीडितको बकपत्र नहुँदैमा कसुर नै स्थापित नभएको भन्न नमिल्ने ।**

(प्रकरण नं. १४)

पुनरावेदक / प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता रामाशिष यादव र वैतनिक अधिवक्ता शोभा कार्की

प्रत्यर्थी / वादीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता रमा पराजुली

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री अमृतबहादुर बस्नेत

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री डिल्लीराज आचार्य

माननीय न्यायाधीश श्री विनोदप्रसाद शर्मा

फैसला

**न्या. ओमप्रकाश मिश्र :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर भई यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

मेरो नाति वर्ष ८ को श्लोक अग्रवाल मिति २०६९।१०।१३ को बेलुका ५ बजेतिर वीरगञ्ज १३ स्थित टाउन हल नजिक बालमन्दिरमा खेल्ने क्रममा हराएकोले उसको साथीहरू तथा आफ्ना आफन्त, साथी, नातेदारकहाँ सोधपुछ गर्दासमेत कहीँ कतै नरहेकोले हराएको हुँदा खोजतलास गरिपाउँ

भन्नेसमेत व्यहोराको गोवर्धनलाल अग्रवालले जिल्ला प्रहरी कार्यालय, पर्सामा मिति २०६९।१०।१४ मा दिएको निवेदन।

जिल्ला पर्सा, भेडिहारी गा.वि.स., वडा नं.९ स्थित रामनाथ गिरीको घरआँगनमा अर्धचेतन अवस्थामा रहेको अन्दाजी वर्ष २५ को घाइते व्यक्तिको दाहिने हातले समाती राखेको अवस्थामा कट्टुवा बन्दुक नाल-१ र निजले लगाएको पाइन्टको अगाडिको दाहिने खल्तीमा गोली ३ राउण्ड साथै अर्धचेतन अवस्थामा रहेको अन्दाजी वर्ष २२ को घाइते अर्को व्यक्तिको दाहिने हातले समाती राखेको अवस्थामा कट्टुवा बन्दुक नाल-१ र निजले लगाएको पाइन्टको अगाडि दाहिने खल्तीमा गोली राउण्ड २ फेला पारी घरको कोठाको कुनामा पीडित श्लोक अग्रवाललाई फेला पारेको भन्नेसमेत व्यहोराको घटनास्थल तथा बरामदी मुचुल्का।

अशोक अग्रवालको छोरा वर्ष ८ को श्लोक अग्रवाललाई अपहरणकारीले अपहरण गरी बन्धक बनाई राखेको भन्ने सूचनाको आधारमा मेरो कमाण्डको टोलीले मिति २०६९।१०।२२ को बिहान ४ बजेको समयमा जिल्ला पर्सा, भेडिहारी गा.वि.स., वडा नं.९ गदियानी टोलमा पुग्दा एक्कासी गोली फायर गरेकोले प्रहरीले पनि गोली फायर गर्दै अगाडि बढ्दै जाँदा केही व्यक्तिहरू सो घरबाट निस्की भाग्न सफल भएका र दुईजनालाई घरआँगनमा घाइते अवस्थामा तथा एकजना महिला र एकजना पुरूषलाई समेत घरआँगनमा फेला पारेको हो। फेला पारेको महिला तथा पुरूष सोही घरधनी रामनाथ गिरीको श्रीमती रम्भा देवी र छोरा अजय गिरी भनी बताएको, घाइतेहरू दुवैजनाको साथबाट गोली फायर भई खोका चेम्बरमा अड्किएको अवस्थामा रहेको कट्टुवा बन्दुक नाल-२ र गोली राउण्ड-५ समेत फेला परेको, सो घरको कोठाभित्र अपहरित श्लोक अग्रवाल फेला परेको हो। पीडित तथा पक्राउ परेका व्यक्तिहरूबाट खुल्न आएका श्लोक अग्रवाललाई अपहरण गर्ने कार्यमा संलग्न रहेका कुनाल अग्रवाल, राजनबाबु बानिया, पन्नालाल सहनी, सिकिन्दर यादव, रम्भादेवी गिरी र अजय गिरिसमेतलाई पक्राउ गरी बरामद हतियार र गोलीसमेत दाखिला गरेको छु भन्नेसमेत व्यहोराको प्र.नि. मनोहरप्रसाद भट्टले जिल्ला प्रहरी कार्यालय, पर्सामा पेस गरेको प्रतिवेदन।

मेरो छोरा वर्ष ८ को श्लोक अग्रवाल मिति २०६९।१०।१३ दिनको १७:३० बजेबाट हराएकोमा निजलाई अपहरणकारीले अपहरण गरी बन्धक बनाई राखेकोले मिति २०६९।१०।२२ को बिहान ४ बजे प्रहरीले छोरालाई सकुशल उद्धार गरी ल्याएको हो। छोरालाई उद्धार गर्न प्रहरी टोली पर्सा जिल्लाको भेडियारी गा.वि.स., वडा नं. ९ मा पुग्दा अपहरणकारीले प्रहरीलाई गोली फायर गरेकोले प्रहरीतर्फबाट पनि गोली फायर भएकोमा केही अपहरणकारी भाग्न सफल भएका र दुईजनालाई घाइते अवस्थामा हातहतियारसहित फेला पारेको, घरधनी रम्भादेवी गिरी र निजकै छोरा अजय गिरिसमेतलाई नियन्त्रणमा लिएको छ। पीडित छोरालाई सकुशल उद्धार गरी ल्याएको भन्ने थाहा पाई आई छोरालाई भेटी बुझ्दा छोरालाई अपहरण गर्नेमा रम्भा देवी, अजय गिरी, कुनाल अग्रवाल, राजनबाबु बानिया, पन्नालाल सहनी, सिकिन्दर यादवसमेतको संलग्नता रहेको भन्ने बुझिएकोले कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको अशोक अग्रवालले जिल्ला प्रहरी कार्यालय, पर्सामा दिएको जाहेरी दर्खास्त।

मिति २०६९।१०।१३ का दिन वीरगञ्ज स्थित घर अगाडि बाल मन्दिरको कम्पाउण्डमा खेली कपडा फेर्न घरमा गएको अवस्थामा काका कुनाल अग्रवालले एरोप्लेन किनी दिन्छु भनी मलाई ठाकुर राम क्याम्पसको लेडिज होस्टल पछाडिसम्म पुऱ्याई सो ठाउँमा भएका दुईजना मानिसलाई देखाई तिमीलाई यिनीहरूले एरोप्लेन किनी दिन्छन्, तिमी यिनीहरूसँग जाउँ भनी काका साइकल चढी घरतिर

आउनु भएको हो। मलाई मोटरसाइलको बीचमा राखी दुवैजना मोटरसाइकलमा चढी लिएर गएको र साँझपख एउटा घरको छेउ बाटोमा पुऱ्याई एकजना निलो पाइन्ट लगाउने पुरूष व्यक्तिलाई जिम्मा दिई यसको काकालाई लिएर आउँछु भनी दुवै जना फर्की आएका हुन्। निलो पाइन्ट लगाउने मानिसले मलाई नजिकै रहेको घरमा लिएर जाँदा सो घरमा ३ जना पुरूष र एक जना महिला थिए। मैले उनीहरूलाई एरोप्लेन किनिदिनु भनेकोमा काका आउँछ, भोली बिहानै तिमीलाई एरोप्लेन किनी दिन्छु, रोए गोली हानी दिन्छु भनी सानो बन्दुकसमेत देखाएका थिए । चाउचाउ दिएकोले चाउचाउ खाँदाखाँदै टेबलेट भेटेकोले निकाली फाली दिई सोही घरमा सुतेकोमा भोलिपल्ट मेरो आमा बुबासँग पैसा माग्नुछ, आमा बुबाको सम्पर्क नम्बर माग्दा मलाई याद नभएकोले ठुलोबुबाको ९८०४२२९८१० नं. को नम्बर बताई दिएको हुँ। सो घरमा रहेकी महिलाले खाना पकाई दिने गरेकी थिइन्। मिति २०६९।१०।२२ का दिन एक्कासी गोली फायर भएको आवाज सुनी कुनामा लुकी बसेकोमा प्रहरी पुगी मलाई उद्धार गरी लिई आएको हो भन्नेसमेत व्यहोराको पीडित श्लोक अग्रवालले अनुसन्धानको क्रममा गरेको कागज।

अपहरण भएको श्लोक अग्रवाललाई रम्भादेवी गिरीको घरमा बन्धक बनाई राखेको अवस्थामा मिति २०६९।१०।२२ गते अपहरणमुक्त गराउने क्रममा आँगनमा फेला परेको पुरूष व्यक्तिहरूको उपचारको क्रममा मृत्यु भएको, लासहरू मध्ये एउटा लास रम्भादेवी गिरीको छोरा संजय गिरीको र अर्को लास विनेश महरा (राम) को हो, हेरी चिनी सनाखत गरी दिएँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू राजनबाबु बानिया, अजय गिरी, रम्भादेवी गिरी, सिकिन्दर यादव, पन्नालाल सहनी र कुनाल अग्रवालले गरेको सनाखत कागज।

मिति २०६९।१०।१३ का दिन मेरो छोरा संजय गिरी र एकजना केटाले बच्चा लिई मेरो घरमा आएकोले मैले "को हो? किन ल्याएको?" भन्दा हामीहरू मिली वीरगञ्जबाट माडवारीको छोरा उठाई ल्याएकोले यसलाई यहाँ बन्धक बनाई राखी यसको आमा बुबासँग पैसा मागी पैसा दिएपछि छोडी दिने र पैसा बाँडी लिने खाने भन्ने सल्लाह भएको छ। यो बच्चालाई खाना बनाई दिने काम तिम्रो भएकोले तिमीले पैसा पाउँछ्यौ भनेकोले मैले पनि श्लोक अग्रवाललाई मिति २०६९।१०।१३ को साँझदेखि मेरो घरमा बन्धक बनाई राख्दा खाना बनाई दिएको हुँ। मिति २०६९।१०।२२ का दिन बिहान म सुतिरहेको बेलामा गोली पड्केको आवाज सुनी उठी बाहिर आउँदा मेरो छोरा सञ्जय गिरी तथा छोराको साथीसमेतलाई घाइते अवस्थामा देखेकी हुँ। निजहरूको साथबाट प्रहरीले कटुवा बन्दुक र गोलीसमेत बरामद गरी बच्चाको उद्धार गरी मलाईसमेत पक्राउ गरी ल्याएको हो। घाइते छोरा र निजको साथी विनेश महराको उपचारको क्रममा मृत्यु भएको भन्ने कुरा थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी रम्भादेवी गिरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

म भिष्वा बजारमा डेरा कोठा लिई त्यहीँ बसी उ.मा.वि. भिष्वा, पर्सामा ९ कक्षामा पढ्छु। मिति २०६९।१०।२१ राति ८ बजेतिर घरमा आउँदा आमा, दाई संजय गिरी, अर्को एकजना पुरूष व्यक्ति र सानो बच्चासमेत रहेकोले मैले यो बच्चा कसको हो ? किन ल्याई राखेको? भन्दा आमा, दाई र अर्को पुरूष व्यक्तिले यो बच्चाको बारेमा तिमीले जानकारी लिनुपर्ने आवश्यकता छैन भनी भनेकोले थप कुरा बुझ्न सकिन। खाना खाई सुतेकोमा मिति २०६९।१०।२२ को बिहान ४:०० बजे अँध्यारोमा एक्कासी गोली फायर भएको आवाज सुनी उठ्दा दाई संजय र उसको साथीले हान हान भन्दै ढोकातिर भागी दौड्दै गर्दा गोली फायर गरी बाहिर निस्कँदै गरेको देखी म डरले घरको कुनामा लुकी बसेँ। गोली फायर बन्द भएपछि बाहिर आउँदा आमा रम्भादेवी पनि घर बाहिर आई पुगेकी

थिइन् । प्रहरीले आमा र मलाई नियन्त्रणमा लिएका हुन् । दाई संजय गिरी र निजको साथी घाइते अवस्थामा घर आँगनमा थिए । निजहरूको हातबाट प्रहरीले कटुवा बन्दुक गोलीसमेत बरामद गरी घरभित्र भएको बच्चालाई उद्धार गरी ल्याएका हुन् । प्रहरीले सोधपुछ गर्दा ती बच्चा श्लोक अग्रवाल रहेको भन्ने थाहा पाएको हुँ । निज बच्चालाई मिति २०६९।१०।१३ देखि दाई संजय गिरिसमेतले अपहरण गरी बन्धक बनाई राखेको भन्ने कुरा पछि मात्र थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी अजय गिरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

जाहेरवालाको छोरा श्लोक अग्रवाललाई अपहरण गरी बन्धक बनाई राखेको वारदातमा म, पन्नालाल सहनी, राजनबाबु बानिया, कुनाल अग्रवाल, रम्भादेवी गिरी तथा संजय गिरी, विनेश महरा, सुरेश राम, विनोद राम र मोहन वर्णवालसमेतको संलग्नता छ । हामी साथीहरूले मिति २०६९।९।२० मा वीरगञ्ज स्थित बौद्धीमाई मन्दिरमा बसी सल्लाह गरी निज श्लोक अग्रवाललाई अपहरण गरी लगी बन्धक बनाई राखी फिरौती रकम लिई छाड्ने र पैसा बाँडी लिने खाने भनी योजना बनाई मिति २०६९।१०।१३ मा अपहरण गरी लिई गएको हो । अपहरण गर्दा मैले प्रहरीको गतिविधि बुझ्ने काम गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी सिकिन्दर यादवले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

साथीहरू कुनाल अग्रवाल, पन्नालाल सहनी, सुरेश राम, विनोद राम, विनेश महरा, मोहन वर्णवाल, सिकिन्दर यादव, संजय गिरी र मसमेत मिति २०६९।९।२० तिर बौद्धीमाई मन्दिरनिर बसी वीरगञ्जबाट कुनै पैसावाला मानिस अपहरण गरी फिरौती रकम लिई बाँडी खाने भन्ने कुराको योजना बनाएका हौं । मिति २०६९।१०।२ मा पनि हामी सबैजना सोही मन्दिरमा बसी कुनाल अग्रवालको भतिजो श्लोक अग्रवाललाई अपहरण गर्ने भनी सबै जनाबीच कुरा भई बच्चालाई घरबाट ल्याउने काम कुनालले गर्ने, पन्नालाल र मैले संजय गिरीको घरसम्म पुऱ्याउने, संजय गिरी र विनेश महराले बच्चालाई बन्धक बनाई राख्ने, अरू साथीहरूले प्रहरीको गतिविधिबारे बुझी खबर गर्ने, सुरेश रामले सो काम गर्न आवश्यक पर्ने कटुवा बन्दुक गोली तयार गर्ने भनी सल्लाह गरी सोही दिन मोहन वर्णवालको घरमा सबै जना बसी सल्लाह गरी आ-आफ्नो सम्पर्क नम्बर दिई लिई सबैजना तयारीमा बस्नु भनी घरमा गएको हौं । मिति २०६९।१०।६, ऐ.१० गते र ऐ.१२ गते पनि प्रयास गर्दा काम हुन नसकेकोले ऐ.१३ गते बिहान १०/११ बजेतिर पन्नालालले बौद्धीमाई मन्दिरमा आउनु भनी सबैजना बसी कुरा हुँदा आज काम भएन भने श्लोक अग्रवाल भोली भारत जाँदै छ, आज जसरी पनि काम गर्नुपर्छ भनी सल्लाह गरी बसेका थियौं । सो दिनको पौने चार बजेतिर पन्नालाल र कुनाल अग्रवालले मलाई फोन गरी मोटरसाइकल लिई ठाकुरराम क्याम्पस पछाडि ज्योतीनगर पुलमा आउनु भनेकोले म सो ठाउँमा पुग्दा पन्नालाल पनि साइकलमा पुगेको र कुनाल अग्रवालले श्लोकलाई पैदल लिई सो ठाउँमा आई पुगेको हुँदा पूर्व सल्लाह योजनाबमोजिम कुनाल अग्रवालले श्लोक अग्रवाललाई राम्रो एरोप्लेन किनी दिनु भनी हामीलाई जिम्मा लगाई निज कुनाल फर्किएका थिए । पन्नालालले श्लोक अग्रवाललाई मोटरसाइकलमा लगी संजय गिरीको घर छेउमा पुऱ्याई विनेश महरा र संजय गिरीलाई जिम्मा लगाउँदा पनि एरोप्लेन किनी दिँदै गर्नु यसको अंकल कुनाललाई लिई आउँछु भनी फर्की आएको हो । मेरो काम श्लोक अग्रवाललाई संजय गिरीको घरसम्म पुऱ्याउने जिम्मा रहेकोले पुऱ्याई घरमा आई बसेको हो । मिति २०६९।१०।२२ को बिहान श्लोक अग्रवाललाई प्रहरीले उद्धार गर्दा संजय गिरी र विनेश महरा घाइते भई उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले संजयको आमा र भाइ तथा मलाईसमेत पक्राउ गरी ल्याएको

हो । श्लोक अग्रवाललाई अपहरण गरी मेरो आफ्नै ना.२३ प. ७०३३ नं. को मोटरसाइकलमा राखी लगेको हो । श्लोक अग्रवाललाई अपहरण गरी बन्धक बनाई राखी रू.२५/३० लाख रूपैयाँसम्म फिरौती रकम माग्ने जिम्मा सुरेशराम र विनोदरामसमेतलाई दिएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी राजनबाबु बानियाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

श्लोक अग्रवाललाई अपहरण गरी बन्धक बनाई राख्ने कार्यमा पन्नालाल सहनी, राजनबाबु बानिया, सिकिन्दर यादव, रम्भा देवी गिरी, संजय गिरी, विनेश महरा, सुरेश राम, विनोद राम, मोहन वर्णवाल र मसमेतको संलग्नता छ। म तथा पन्नालालसमेतले कुनै पैसावाला व्यक्तिलाई अपहरण गरी बन्धक बनाई राखी पैसा लिई बाँडी खाने सल्लाह गरी निज पन्नालालले कुनै पैसावाला छ भने पत्ता लगाउनु भनेकोले मिति २०६९।९।२९ मा दाई अशोक अग्रवालको घरमा पुगी भेटघाट गरी आउँदा निज पन्नालालले तिम्रो दाईकै छोरा उठाई लगेपछि राम्रो पैसा आउँछ, दाईको छोरा उठाउन सजिलो पनि हुन्छ, कुनै सामान किनी दिन्छु भने बच्चा साथमा आई हाल्छ, घर बाहिर ल्याउने काम तिम्रो, अरू काम हामी गरी हाल्छौं भन्ने कुरा गरेका थिए । सोहीअनुसार मिति २०६९।१०।६, ऐ.१० गते, ऐ.१२ गते समय नमिलेकोले ऐ. १३ गते दिनको पौने चार बजेतिर श्लोक अग्रवाललाई मैले राम्रो एरोप्लेन किनाई दिन्छु भनी लिई गई पन्नालाल र राजनबाबुसँग फोन सम्पर्क गरी ठाकुरराम क्याम्पस पछाडि ज्योतिनगर पुल छेउमा पुऱ्याउँदा पन्नालाल र राजनबाबु आई पुगेकोले उनीहरूसँग भएको सल्लाहअनुसार श्लोकलाई अंकलहरूले राम्रो एरोप्लेन किनी दिन्छन् भनी मोटरसाइकल चढाई पठाई म घरमा आई बसेको हो । मैले श्लोकलाई घरबाट लिई गई उनीहरूको जिम्मा लगाएको हुँ। पैसा माग्नेलगायतका सबै काम पन्नालाल, सुरेश राम, विनोद रामसमेतको भएकोले त्यसपछि के कसो गरे मलाई थाहा भएन । श्लोक अग्रवाललाई बन्धक बनाई राखी रू.२५/३० लाखसम्म रकम मागी लिई बाँडी लिने खाने भनेको थियो। मिति २०६९।१०।२२ मा प्रहरीले भतिजोलाई उद्धार गरी ल्याएपछि मलाईसमेत पक्राउ गरी ल्याएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी कुनाल अग्रवालले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

वीरगञ्जका कुनै पैसावाला व्यक्तिलाई अपहरण गरी बन्धक बनाई पैसा लिनुपर्छ, पत्ता लगाउँदै गर्नु भनी मैले कुनाल अग्रवाललाई भनेकोमा दाईकै छोरा अपहरण गरौं भनी बौद्धीमाई मन्दिरमा बसी सबै साथीहरूबीच सल्लाह भएकोले कुनाल अग्रवालले श्लोक अग्रवाललाई सिर्सियाखोला एरियासम्म पुऱ्याउने, सो ठाउँबाट म र राजन बानियाले संजय गिरीको घरमा पुऱ्याउने, संजय गिरी र विनेश रामले श्लोक अग्रवाललाई सुरक्षित राख्ने, हतियारको व्यवस्था सुरेशराम र मसमेतले गर्ने, अरू साथीहरूले अपहरण गर्दा प्रहरीको गतिविधि बुझ्ने र फिरौती रकम माग्ने भन्ने सल्लाह भई आ-आफ्नो सम्पर्क नम्बर लिई दिई जिम्मेवारी तोकिएको थियो। मिति २०६९।१०।६, ऐ.१० र ऐ.१२ गते पनि तयारी भई अपहरण गर्ने योजना बनाएकोमा ती दिन कुनाल अग्रवालले बच्चा ल्याउन नसकेकोले मिति २०६९।१०।१३ गते १०/११ बजेतिर सबैजना बौद्धीमाई मन्दिरमा जम्मा भई मोहन वर्णवालको घरमा बसी छलफल गरी आज उठाएनौं भने भोलि श्लोक अग्रवालसमेत भारत जाने हुँदा आज जसरी पनि उठाउने भन्ने तयारी गरी करिब ४ बजेतिर कुनाल अग्रवालले मलाई फोन गरी राजनबाबु बानिया र तिमी छिटो आउ भनी भनेकोले राजन र म फोन सम्पर्क गर्दै ज्योतिनगर पुलमा पुग्दा कुनालले श्लोक अग्रवाललाई लिई आएको हुँदा पूर्व सल्लाह अनुसार एरोप्लेन किनी दिन्छु भनी मोटरसाइकलमा राखी म र राजनबाबुले लिई संजय गिरीको घर छेउमा पुऱ्याउँदा निज संजय गिरी, विनेश महरासमेत आई पुगेकोले निजहरूलाई

पनि एरोप्लेन किनी दिनु भनी जिम्मा लगाई आएको हो। श्लोक अग्रवाललाई अपहरण गरी २५/३० लाख फिरौती रकम मागी बाँडी लिने खाने भनी कुरा भएको हो। पैसा माग्ने र हतियार गोलीसमेतको व्यवस्था निज सुरेश रामसमेतले नै जिम्मा लिएको थियो भन्नेसमेत व्यहोराको प्रतिवादी पन्नालाल सहनीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

जिल्ला पर्सा, वीरगञ्ज उपमहानगरपालिका, वडा नं.१३ स्थित राजनबाबु बानियाको घरको प्यासेजबाट ना.२३ प ७०३३ नं. को मोटरसाइकल बरामद भएको भन्नेसमेत व्यहोराको बरामदी मुचुल्का।

मिति २०६९।१०।१३ दिनको १७:०० बजेको समयमा जाहेरवालाको छोरा वर्ष ८ को श्लोक अग्रवाललाई कुनाल अग्रवाल, पन्नालाल सहनी, सिकिन्दर यादव, संजय गिरी, विनेश महरा चमार, विनोद राम, सुरेश राम, मोहन वर्णवालसमेतले अपहरण गरी रम्भादेवीसमेतले बन्धक बनाई राख्न सहयोग गरेकोमा मिति २०६९।१०।२२ को बिहान प्रहरी पुगी दोहोरो फायर भई संजय गिरी र विनेश रामसमेत घाइते भएकोमा निजहरूको नेशनल मेडिकल कलेजमा उपचार हुँदाहुँदै मृत्यु भएको भन्ने थाहा पाएको हुँ। निज प्रतिवादीहरू अवैध हातहतियार साथमा राखी अपहरण गर्ने कार्यमा संलग्न भई हिँड्ने व्यक्तिहरू भएकोले निजहरू उपर कारवाही हुनुपर्छ भन्नेसमेत व्यहोराको श्यामप्रसाद कुर्मी, दिपेन्द्र कुमार खेतान र हरिकिशोर चौरसियाले लेखाइदिएको वस्तुस्थिति मुचुल्का।

मिति २०६९।१०।१३ का दिन अपहरण भएको श्लोक अग्रवालको उद्धार गर्न प्र.नि. मनोहरप्रसाद भट्टको कमाण्डमा खटिएको प्रहरी टोलीले मिति २०६९।१०।२२ को बिहान ४:०० बजे जिल्ला पर्सा, भेडिहारी गा.वि.स. वडा नं.९ मा पुग्दा एक्कासी गोली फायर गरेकोले जवाफी गोली फायर गर्दै क्रोलिङ गर्दै रम्भादेवी गिरीको घर आँगनमा पुग्दा २ जनालाई घाइते अवस्थामा हातमा कट्टुवा बन्दुक, गोली तथा गोलीका खोकासमेत फेला पारी बरामद गरी निजहरूलाई नियन्त्रणमा लिई सो घरबाट रम्भादेवी गिरी र अजय गिरीलाई नियन्त्रणमा लिई श्लोक अग्रवालको उद्धार गरेको हो भन्नेसमेत व्यहोराको प्र.ज.बोधबहादुर तामाङ र सुर्यबहादुर थापाले गरेको घटना विवरण कागज।

मिसिल संलग्न गोवर्धनलाल अग्रवालको निवेदन, बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, जाहेरी दरखास्त, श्लोक अग्रवालको कागज, लासजाँच मुचुल्का, प्रतिवादीहरूको सनाखत कागज, प्रतिवादीहरूको बयान कागज, बरामदी मुचुल्का, वस्तुस्थिति मुचुल्कासमेतका आधार प्रमाणबाट प्रतिवादीहरू कुनाल अग्रवाल, सिकिन्दर यादव, राजनबाबु बानिया, पन्नालाल सहनी, सुरेश राम, विनोद राम, मोहन वर्णवाल, रम्भादेवी गिरी र अजय गिरिसमेतले जाहेरवालाको नाबालक छोरा वर्ष ८ को श्लोक अग्रवाललाई अपहरण गरी लगी बन्धक बनाई राखी मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १,२ र ३ नं. को कसुर अपराध गरेकोमा निज अपहरणकारीमध्ये अजय गिरी र विनेश महराको उद्धारको क्रममा दोहोरो भिडन्तमा परी मृत्यु भएकोले निजहरूको हकमा मुलुकी ऐन, १७६ नं. आकर्षित हुने हुँदा कुनै दाबी लिई रहनु परेन। अन्य प्रतिवादीहरू कुनाल अग्रवाल, सिकिन्दर यादव, राजनबाबु बानिया, पन्नालाल सहनी, सुरेश राम, विनोद राम, मोहन वर्णवाल, रम्भादेवी गिरी र अजय गिरिसमेतले धेरैजना मिली संगठित तवरले नाबालक श्लोक अग्रवाललाई अपहरण गरी बन्धक बनाएकोले निजहरूलाई सोही महलको ३ नं. अनुसार सजाय र ७ नं. र ९ नं. बमोजिम थप सजायसमेत गरी सोही महलको १२ नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई पाऊँ । साथै फरार रहेका प्रतिवादीहरू मोहन वर्णवाल, सुरेश राम र विनोद रामउपर अदालतबाट कानूनबमोजिम म्याद जारी गरिपाउँ भन्नेसमेत

व्यहोराको अभियोग पत्र।

मिति २०६९।१०।२१ का दिन मैले नचिनेका मानिसहरूले एकजना बच्चालाई मेरो घरमा ल्याई छोडी गएका थिए । त्यसको भोलिपल्ट मिति २०६९।१०।२२ को बिहान प्रहरी आई मलाईसमेत पक्राउ गरी लगेका हुन् । जाहेरी व्यहोरा झुठा हो । जाहेरवालाको छोरालाई अपहरण गर्ने कार्यमा मेरो कुनै संलग्नता छैन। दाबीको कसुर मैले नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी रम्भा देवीले पर्सा जिल्ला अदालतमा गरेको बयान।

मिति २०६९।१०।२२ का दिन मेरो घरबाट प्रहरीले मलाई पक्राउ गरेको हो। मेरो दाईले बच्चा अपहरण गरी घरमा राखेको कुरा मलाई थाहा थिएन । म २०६९।१०।२१ को राति घरमा आई बसेको हो। उक्त घटनाबारे मलाई केही थाहा थिएन। भोलिपल्ट बिहान प्रहरी आई मलाईसमेत पक्राउ गरी ल्याएको हो। को-को व्यक्ति मिली के उद्देश्यले बच्चा अपहरण गरी घरमा ल्याई राखेको हो मलाई थाहा छैन । मैले अपहरण गरेको छैन । मउपरको जाहेरी व्यहोरा झुठा भएकोले मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी अजय गिरीले पर्सा जिल्ला अदालतमा गरेको बयान।

मलाई आजभन्दा ३२ दिन अगाडि वीरगञ्जको प्रगतिनगरबाट पक्राउ गरेको हो । किन पक्राउ गरेको हो थाहा छैन। मउपरको किटानी जाहेरी झुठा हो। अभियोग दाबीबमोजिमको कसुर मैले नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी पन्नालाल सहनीले पर्सा जिल्ला अदालतमा गरेको बयान।

मिति २०६९।१०।२२ को दिन आदर्श नगरबाट मलाई प्रहरीले पक्राउ गरेको हो। किन पक्राउ गरेको हो थाहा छैन। जाहेरी व्यहोरा गलत हो। मैले श्लोक अग्रवाललाई अपहरण गरेको छैन । अभियोग दाबीबमोजिमको कसुर मैले नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सिकेन्द्र यादवले पर्सा जिल्ला अदालतमा गरेको बयान।

मिति २०६९।१०।२२ का दिन बिहान ७ बजे मेरो आफ्नै घरबाट मलाई प्रहरीले पक्राउ गरेकोले किन पक्राउ गरेको हो मलाई थाहा छैन। जाहेरी व्यहोरा झुठा हो। वारदात मिति र समयमा म आफ्नो पसल खोली बसेको थिएँ। वारदातमा मेरो कुनै संलग्नता नभएकोले मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी राजनबाबु बानियाले पर्सा जिल्ला अदालतमा गरेको बयान।

मलाई मेरो आफ्नै घरबाट प्रहरीले पक्राउ गरेकोले पक्राउ गरेको बारे मलाई थाहा छैन। जाहेरी व्यहोरा झुठा हो । पन्नालाल सहनी र राजनबाबु बानियासमेतलाई मैले चिनेको छैन। उक्त वारदातमा मेरो संलग्नता छैन । अभियोग दाबी झुठा भएकोले सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कुनाल अग्रवालले पर्सा जिल्ला अदालतमा गरेको बयान।

प्रतिवादी मोहन वर्णवाल, विनोद राम र सुरेश रामको नाममा सुरू अदालतबाट जारी भएको म्याद प्रतिवादी मोहन वर्णवालको नाममा मिति २०७०।१।४ मा तथा प्रतिवादी विनोद राम र सुरेश रामको नाममा मिति २०७०।२।२९ मा तामेल भएको तामेली समाह्वान म्याद।

जाहेरवालाको छोरा श्लोक अग्रवाललाई अपहरणकारीले अपहरण गरी लगेको हो होइन मलाई थाहा छैन भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका श्यामप्रसाद कुर्मीले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

श्लोक अग्रवाललाई अपहरणकारीहरूले अपहरण गरी प्रतिवादी रम्भादेवीको घरमा बन्धक बनाई राखेका थिए। मसमेतको टोलीले निज श्लोक अग्रवाललाई अपहरणमुक्त गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवेदक प्र.ना.नि. मनोहरप्रसाद भट्टले

पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

श्लोक अग्रवाललाई अपहरणकारीहरूले अपहरण गरी प्रतिवादी रम्भादेवीको घरमा बन्धक बनाई राखेका थिए। मससमेतको टोलीले निज श्लोक अग्रवाललाई अपहरणमुक्त गरेको हो भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने सूर्यबहादुर थापाले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

मिति २०६९।१०।२२ को बिहान म भेडियाहीमा अपहरण भएको बच्चालाई उद्धार गर्न गएको थिएँ। बच्चाको नाम मलाई याद भएन भन्नेसमेत व्यहोराको घटना विवरण कागज गर्ने बोधबहादुर तामाङले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

जाहेरवालाको छोरा श्लोक अग्रवाललाई अपहरणकारीले अपहरण गरी लगेको हो होइन मलाई थाहा छैन भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका व्यक्ति हरिकिशोर चौरसियाले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

यी प्रतिवादी अपहरण गर्ने बन्धक बनाउने जस्ता कार्य गर्ने खालका मानिस होइनन् भन्नेसमेत व्यहोराको प्रतिवादी राजनबाबु बानियाका साक्षी रामायण दासले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी कुनाल अग्रवालले जाहेरवालाको छोरा श्लोक अग्रवाललाई अपहरण गरेका होइनन् भन्नेसमेत व्यहोराको प्रतिवादी कुनाल अग्रवालको साक्षी राजबहादुर प्रसादले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी रम्भादेवी आफ्नो घर गृहस्थी गर्ने खालकी मानिसहरू हुन्। अपहरण गरी शरीर बन्धक बनाउने कार्य गरेकी छैनन् भन्नेसमेत व्यहोराको प्रतिवादी रम्भादेवी र अजय गिरिसमेतका साक्षी रामउद्देश्य गिरीले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी सिकेन्द्र यादव अपहरण गर्ने कार्यमा संलग्न छैनन् भन्नेसमेत व्यहोराको प्रतिवादी सिकेन्द्र यादवका साक्षी लक्ष्मण साहले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी पन्नालाल सहनीले अपहरण गरी जाहेरवालाको छोरालाई लगेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी पन्नालाल सहनीका साक्षी राधे सहनीले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

यसमा प्रतिवादीहरू सुरेश राम, विनोद राम र मोहन वर्णवाल अदालतबाट म्याद जारी हुँदासमेत हाजिर हुन नआई फरार रहेको देखिँदा वारदातमा निजहरूको संलग्नता नरहेको भए निजहरू फरार हुनुपर्ने अन्य कुनै कारण देखिँदैन। प्रतिवादीहरूले श्लोक अग्रवालको बाबुसँग फिरौती रकम मागी सो बाँडी खाने भनी निजहरू बीच भएको योजना, सल्लाह र सहमति र सहयोगबाट संगठितरूपमा निजहरूले गर्नुपर्ने कामको जिम्मेवारीबमोजिम मिति २०६९।१०।१३ मा ललाई फकाई श्लोक अग्रवाललाई अपहरण गरी लगी प्रतिवादी रम्भादेवीको घरमा राखेको अवस्थामा मिति २०६९।१०।२२ का दिन प्रहरीले श्लोक अग्रवालको उद्धार गरेको भन्ने तथ्य पुष्टि हुन आएकोले प्रतिवादीहरू कुनाल अग्रवाल, राजनबाबु बानिया, पन्नालाल सहनी, सिकेन्द्र यादव, रम्भादेवी गिरी, सुरेश राम, विनोद राम र मोहन वर्णवालले मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र ३ नं. बमोजिमको कसुर गरेको ठहर्छ। निजहरूलाई सोही महलको ३ नं. बमोजिम जनही ७(सात) वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने साथै निजहरूले वर्ष ८ को नाबालक श्लोक अग्रवालालाई संगठितरूपमा अपहरण गरी बन्धक बनाएको देखिन आएकोले निजहरूलाई सोही महलको ७ नं. र ९ नं. बमोजिम २।२ वर्षका दरले जनही ४ (चार) वर्ष थप कैदसमेत हुने ठहर्छ र सोही महलको १२ नं. बमोजिम श्लोक अग्रवाल अपहरण भएको मिति २०६९।१०।१३ देखि निजले अपहरणबाट छुटकारा पाएको मिति २०६९।१०।२२

सम्मको जम्मा दिन १० को प्रतिदिन रू.५००।- का दरले हुन आउने जम्मा रू.५०००।- (पाँच हजार) जनही प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्तिबापत दिलाई भराई दिने ठहर्छ । अर्का प्रतिवादी अजय गिरीले कसुरमा इन्कार रही बयान गरेको अवस्था र जाहेरी दरखास्तमा निजको नाम विरूद्ध खण्डमा उल्लेख भए तापनि निजको भूमिकाको बारेमा केही उल्लेख हुन सकेको देखिएन । अपहरित बालक श्लोक अग्रवालले गरेको कागजबाट निजलाई अपहरण गर्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहे भएको भन्ने देखिन आएन । अन्य प्रतिवादीहरूले गरेको बयानमा अपहरण गर्ने योजना, सहमति, सल्लाह र अपहरण कार्यमा समेत यी प्रतिवादीको संलग्नता रहेको भनी यी प्रतिवादीलाई पोल गरेको पनि नदेखिएकोले यी प्रतिवादीलाई कसुरदार ठहर गर्नु न्यायोचित हुने नदेखिँदा प्रमाणको अभावमा प्रतिवादी अजय गिरीले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ भन्नेसमेत व्यहोराको पर्सा जिल्ला अदालतबाट भएको फैसला ।

कुनै व्यक्तिउपर अभियोग लगाउनु मात्र कसुरदार ठहर गर्न र साजय गर्नको लागि पर्याप्त हुँदैन । सो कुरा स्वतन्त्र, ठोस तथा शंकारहित प्रमाणहरूबाट पुष्टि हुनुपर्छ । प्रस्तुत मुद्दामा म प्रतिवादी पन्नालाल सहनीले जाहेरवालाको नाबालक छोरा श्लोक अग्रवाललाई अपहरण गरी बन्धक बनाई राखेको भन्ने कुरा कुनै सबुद प्रमाणबाट प्रमाणित छैन । मिति २०६९।१०।१४ का दिन गोवर्धनलाल अग्रवालले खोजतलास गरिपाउँ भनी दिएको निवेदनमा म प्रतिवादी पन्नालाल सहनीसमेतले श्लोक अग्रवाललाई अपहरण गरी बन्धक बनाई राखेको कुरा उल्लेख नगरी मेरो नाति वर्ष ८ को श्लोक अग्रवाल हराएको भनी उल्लेख गरेको र निज गोवर्धनलाल अग्रवाल अदालतमा साक्षीको रूपमा उपस्थित नभएको हुँदा प्रमाणको रूपमा ग्रहण गर्न नसकिने सो निवेदनसमेतलाई आधार लिइएको छ । मिति २०६९।१०।२२ को घटनास्थल खानतलासी तथा बरामदी मुचुल्काबाटै पनि श्लोक अग्रवाल फेला परेको घर मेरो नभएको उक्त घर गाउँमा म नरहेको, नभएको, बरामद भएको कट्टुवा बन्दुक तथा गोली मेरो नभएको, श्लोक अग्रवाललाई मैले अपहरण नगरेको, निज श्लोक अग्रवाललाई मैले उक्त गाउँ घरसम्म नपुर्‍याएको तथा मैले बन्धक नबनाएको भन्ने कुरा स्पष्ट हुँदाहुँदै सो घटनास्थल खानतलासी तथा बरामदी मुचुल्कालाई मेरो विरूद्धमा प्रमाण लिइएको छ । मिति २०६९।१०।२२ प्र.नि. मनोहरप्रसाद भट्टले दिनुभएको प्रतिवेदन तथा निजले अदालतमा गरेको बकपत्रमा श्लोक अग्रवाललाई अपहरण गर्ने वारदातमा पन्नालाल सहनीसमेत संलग्न रहेको भनी उल्लेख गरे तापनि उनको त्यस प्रतिवेदन तथा बकपत्रलाई प्रमाणमा लिन मिल्दैन । किनकी उनी प्रत्यक्ष प्रमाण होइनन् । प्रस्तुत मुद्दामा जाहेरवालाको छोरा श्लोक अग्रवाललाई मैले अपहरण गरी बन्धक बनाई राखेको वा अन्य कुनै किसिमले उक्त वारदातमा मेरो संलग्नता रहेको भन्ने कुरा यी प्रतिवेदकले प्रत्यक्षरूपमा देखेको, सुनेको वा थाहा पाएको हो भनी लेख्न लेखाउन नसकेकोले उक्त प्रतिवेदन तथा बकपत्रलाई मेरो विरूद्धमा प्रमाणमा लिन नमिल्ने हुँदा मलाई कसुरदार ठहर गरी सुरू अदालतबाट भएको फैसला उल्टी गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी पन्नालाल सहनीको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र ।

मउपर लगाइएको अभियोग दाबी प्रमाणित हुने कुनै पनि स्वतन्त्र प्रमाण वादी पक्षले प्रस्तुत मुद्दामा दाखिल गर्न सकेको छैन । मिति २०६९।१०।१३ का दिन बेलुका ५ बजे श्लोक बालमन्दिरमा खेल्ने क्रममा हराएको भनी मौखिक सूचना जिल्ला प्रहरी कार्यालय, पर्सामा मिति २०६९।१०।१४ मा जाहेरवालाको पिता गोवर्धन अग्रवालले निवेदन दिनुभएको थियो । मिति २०६९।१०।२२ मा श्लोक अग्रवालको पिताले जाहेरी दरखास्त दिँदा श्लोक अग्रवाल घरबाट अपहरण भएको भन्दै मसमेतको नाम उल्लेख गरेका छन् ।

मौकामा जाहेरवालाको पिताले दिनुभएको निवेदन र पछिबाट अर्थात् विलम्ब गरी नवौं दिनमा जाहेरवालाले दिएको जाहेरी दर्खास्तमा उल्लिखित व्यहोरा परस्पर एक आपसमा बाझिएको, त्यस्तो बाझिएको जाहेरीको आधारले दोषी ठहर गर्न मिल्दैन। त्यसैले सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी कुनाल अग्रवालको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र।

प्रतिवादी अजय गिरीकै घरमा बालकलाई अपहरण गरी १० दिनसम्म राखेको देखिन्छ । १० दिनसम्म निजको घरमा पीडित बालकलाई राख्दा निजलाई अपहरण गरेको तथा बन्धक बनाई राखेको सम्बन्धमा थाहा जानकारी रहेको भन्ने स्पष्ट देखिएको छ। निजका आमा तथा दाजुसमेत मिली अपहरण गरी राखेको देखिई सकेपछि निजलाई सो बारेमा केही थाहा जानकारी नहुने भन्ने कुरा विश्वासलायक देखिँदैन । निज मौकामा घटनास्थलबाट पक्राउ परेको देखिएको तथा मौकाको घटनास्थल मुचुल्काको रोहबरमा बसी सहिछापसमेत गरेको देखिन्छ । निजसमेत उपर किटानी जाहरी परेको देखिई अपहरित बालक श्लोक अग्रवालको कागजबाट समेत मलाई पक्राउ गर्नेमा यी प्रतिवादीको समेत संलग्नता रहेको भन्ने व्यहोरा लेखाई दिएको समेतका मिसिल संलग्न आधार प्रमाणहरूबाट निज प्रतिवादीको समेत नाबालक श्लोक अग्रवाललाई अपहरण गर्ने कार्यमा संलग्न रहेको भन्ने प्रमाणित भएको अवस्थामा निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको फैसला बदरभागी रहेको छ । यी प्रतिवादी अजय गिरी र कसुर ठहर भएका प्रतिवादीहरू समानस्तरका कसुरदार रहेको देखिएको अवस्थामा अन्य प्रतिवादीहरूलाई सजाय गरी समानस्तरका यी प्रतिवादीलाई अन्य प्रतिवादीहरू सरह सजाय गर्नुपर्नेमा सो नगरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म उल्टी गरी निजलाई समेत कसुरदार ठहर गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र।

जाहेरी दर्खास्त, पीडित श्लोक अग्रवालको कागज र अधिकारप्राप्त अधिकारीसमक्ष भएको भनिएको बयान कागजलाई आधार लिई मलाईसमेत कसुरदार ठहर गरी फैसला गरिएको छ। सो जाहेरी अन्य कुनै प्रमाणबाट पुष्टि भएको छैन। श्लोक अग्रवाललाई मैले अपहरण गरेको वा शरीर बन्धक बनाई राखेको भनी उक्त जाहेरीमा उल्लेख भएकोसमेत छैन। प्रहरीमा भएको साबितीकै आधारमा कसैलाई दोषी ठहर गर्न मिल्दैन । म प्रतिवादीले अभियोग दाबीअनुसारको कुनै कसुर अपराध नै गरेको होइन भनी अदालतसमक्ष ईन्कार रही बयान गरेको छु। मेरो ईन्कारी बयान वादी पक्षकै साक्षीले गरेको बकपत्रबाट प्रमाणित भइरहेको छ । मलाई सफाई दिने गरी फैसला गर्नुपर्नेमा सो नगरी कैद र जरिवाना गरी मबाट क्षतिपूर्तिसमेत भराई दिने ठहऱ्याएको सुरूको फैसला त्रुटिपूर्ण छ । सनाखत कागजलाई मेरो विरूद्धमा प्रमाणमा ग्रहण गर्न मिल्दैन । काकाले श्रिसियाको पुलसम्म पुऱ्याएपछि एरोप्लेन किनी दिन्छु भनी मोटरसाइकलमा राखेको र घरसम्म लाने व्यक्तिमध्येका यिनी पनि हुन् भनी सनाखत कागजमा उल्लेख भए पनि सो कुरा अन्य प्रमाणबाट पुष्टि भएको छैन। उक्त सनाखत कागज अ.बं. को १७३ नं. विपरीत छ। श्लोक अग्रवाल बरामद भएको कोठामा मेरो उपस्थिति भएको वा सो घर कोठाबाट म पक्राउ परेको वा मेरो ना.२३ प.७०३३ नं. को मोटरसाइकल बरामद भएको भन्ने कुरा खानतालसी तथा बरामदी मुचुल्काबाट देखिँदैन । जाहेरी पर्नुभन्दा पूर्व गोवर्धन अग्रवालले मिति २०६९।११।१४ मा दिनुभएको निवेदनमा मेरो नाउँ उल्लेख छैन । पीडित श्लोक अग्रवालले मिति २०६९।१०।२२ मा गरेको कागजमा मेरो नाउँ उल्लेख नभएको हुँदा मलाई कसुरदार ठहर गरेको सुरू फैसला उल्टी गरी सफाई पाउँ भन्नेसमेत

व्यहोराको पुनरावेदक प्रतिवादी राजनबाबु बानियाको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र।

जाहेरवालाको छोरा श्लोक अग्रवालको अपहरण अपराधमा मेरो संलग्नता थिएन । मेरो संलग्नता भएको भनी कसैले भनेको पनि छैन । नाबालकलाई अपहरण गर्ने कार्यमा म संलग्न रहे भएको प्रमाणबाट पुष्टि भएको छैन। अपहरण कार्यलाई सघाउ पुऱ्याउने किसिमको कुनै कुकृत्य मैले गरेको छैन । बच्चा ल्याई राख्नु पर्ने कारण मलाई नबताई राखेकोले मैले बच्चालाई खाना बनाई खुवाएको थिएँ। खानाबाट बच्चाको स्वास्थ्यमा प्रतिकूल असर नपरेको, बच्चालाई कुटेको, दुःख दिएको, रूपैयाँ मगाउ भनी भनेको छैन। मैले कसुर गरेको भनी कुनै साक्षीले पनि नभनेकोले अपहरण कार्यमा जानिजानी मेरो संलग्नता भएको देखिने आधार प्रमाण नभई मलाई कसुरदार ठहऱ्याउने गरी सुरूबाट भएको फैसला न्यायोचित नहुँदा उल्टी गरी आरोपित कसुरबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी रम्भादेवी गिरीको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र।

प्रस्तुत मुद्दामा सर्वप्रथम अनुसन्धान अधिकृतले मिति २०६९।१०।२२ मा जिल्ला पर्सा गा.वि.स. भेडिहारी वडा नं. ९ स्थित खडा गरेको घटनास्थल, खानतलासी तथा बरामदी मुचुल्कामा म प्रतिवादीको उपस्थिति छैन र मेरो रोहबरमा भएको पनि होइन। पीडित भनिएका नाबालक वर्ष ८ को श्लोक अग्रवालले मलाई अपहरण गरी बन्धक बनाई राख्ने कार्यमा मेरो संलग्नता रहेकोमा विश्वास लाग्छ भनी शंकाको आधारमा देखाएका मात्र छन्। सो सनाखत कागजमा निज नाबालकलाई सनाखत नै नगराई सहिछाप गर्न भन्दा मैले सहिछाप गर्न इन्कार गर्दा मलाई प्रहरी हिरासतमा कुटपिट गरी म पढ्ने लेख्ने व्यक्तिको हात समाती बुढी औंलाको ल्याप्चे लगाइएको छ। सो कथित सनाखत कागज कुन दर्जाको प्रहरी कर्मचारी वा कुन प्रहरी कर्मचारीले तयार गरेको हो उल्लेख नभएबाट सो सनाखत कागज सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १६(१) को विपरीत बेरीतको सनाखत कागज हो। श्लोक अग्रवालले जिल्ला अदालतमा उपस्थित भई बकपत्र गरे नगरेकोतर्फ समेत मूल्याङ्कन नै नगरी अभियोग दाबीबमोजिम म प्रतिवादीलाई सजाय हुने गरी भएको फैसला त्रुटिपूर्ण छ। प्रस्तुत मुद्दामा बेरीतको गैरकानूनी सनाखतको कागजको आधारमा अनुसन्धान अधिकृतले मलाई हिरासतमा राखी अधिकारप्राप्त अधिकारीसमक्ष म प्रतिवादी सिकेन्दर यादवलगायत अन्य सम्पूर्ण प्रतिवादीहरूलाई बयान नै नगराई निर्ममतापूर्वक कुटपिट गरी कागजमा जबरजस्ती सहिछाप गराइएको छ । पीडित भनिएका नाबालक वर्ष ८ को श्लोक अग्रवालसँग अनुसन्धान अधिकृतले मिति २०६९।१०।२२ मा घटना विवरणको कागज गराउँदा म प्रतिवादी सिकेन्दर यादवको उक्त अपहरण गर्ने कार्यमा यो यस्तो कार्य गरेको थियो वा निजको उपस्थिति यस प्रकारको थियो भनी भन्न र लेखाउन नसकेकोबाट म प्रतिवादी सिकेन्दर यादव निर्दोष रहेको प्रमाणित छ। मलाईसमेत कसुरदार ठहर गरिएको सुरू फैसला नमिलेको हुँदा मेरो हकमा उल्टी गरी सफाई पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी सिकेन्दर यादवको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र।

प्रतिवादीहरूले सामुहिक योजना र कार्यविभाजन तथा कार्यान्वयनका साथ ८ वर्षीय नाबालक श्लोक अग्रवाललाई अपहरण गरी बन्धक बनाउने कसुर गरेकोमा अधिकारप्राप्त अधिकारीसमक्ष साबित भई परस्पर पोल गर्ने प्रतिवादीहरूको मौकाको साबितीलाई प्रतिवेदकसमेतका व्यक्तिहरूको बकपत्रले समर्थन गरिरहेको देखिन आएकोले प्रतिवादीहरू रम्भादेवी गिरी, कुनाल अग्रवाल, राजनबाबु बानिया, पन्नालाल सहनी, सिकेन्द्र यादव, सुरेश राम, विनोद राम तथा मोहन वर्णवालले अभियोग दाबीबमोजिमको

कसुर गरेको ठहऱ्याई निजहरूलाई जनही ११ (एघार) वर्ष कैद तथा रू.५०,०००।- (पचास हजार रूपैयाँ) जनही जरिवाना हुने र पीडितले यी प्रतिवादीहरूबाट जनही रू.५,०००।- (पाँच हजार रूपैयाँ) क्षतिपूर्ति भराई लिन पाउने ठहऱ्याई प्रतिवादीमध्येका अजय गिरीलाई मात्र अभियोग दाबीबमोजिमको कसुरबाट सफाई दिने गरेको पर्सा जिल्ला अदालतको फैसला न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला।

जाहेरवालाको नाबालक छोरा श्लोक अग्रवाललाई अपहरण गरी लगी बन्धक बनाई राखेको घटना वारदातमा म प्रतिवादीको संलग्नता रहेको भन्ने कुरा वादी नेपाल सरकारले कुनै सबुत प्रमाणबाट "अदालतमा" पुष्टि गर्न सकेको छैन। श्लोक अग्रवाल फेला परेको घर मेरो नभएको, उक्त घर गाउँमा म नरहेको, नभएको उक्त घर गाउँमा म प्रकाउ नपरेको, बरामद भएको कट्टुवा बन्दुक तथा गोली मेरो नभएको, श्लोक अग्रवाललाई मैले अपहरण नगरेको, निज श्लोक अग्रवाललाई मैले उक्त गाउँ घरसम्म नपुऱ्याएको तथा मैले बन्धक नबनाएको भन्ने कुरा स्पष्ट छ। उक्त वारदातमा मेरो संलग्नता रहेको भन्ने कुरा प्रतिवेदकले प्रत्यक्षरूपमा देखेको, सुनेको वा थाहा पाएको हो भनी लेख्न लेखाउन सकेका छैनन्। जाहेरवाला साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान नभएकोले उक्त जाहेरी दरखास्तको व्यहोराले अपराध पुष्टि गर्ने प्रमाणिक महत्त्व ग्रहण गर्न सक्दैन। घटना विवरण कागज तथा सनाखत कागज गर्ने व्यक्ति श्लोक अग्रवाल अदालतमा उपस्थित भई आफ्नो सो मौकामा व्यक्त गरेको कुरालाई समर्थन गर्ने गरी बयान बकपत्र गर्न सकेको अवस्था छैन। यस स्थितिमा उक्त पीडितको घटना विवरण कागज तथा सनाखत कागजमा उल्लिखित कुराले म प्रतिवादीसमेतको विरूद्धमा प्रमाणमा लगाउन नमिल्ने प्रष्ट छ। त्यस्तै गरी मुद्दाको वारदात स्थापित हुनु र प्रतिवादी उपरको कसुर प्रमाणित हुनु भनेको अलगअलग विषय भएकोले पीडित श्लोक अग्रवाललाई प्रतिवादी रम्भा देवीको घरबाट प्रहरीले फेला पारेको भन्ने तथ्यमा विवाद नभए तापनि सो तथ्यले म प्रतिवादीसमेतले योजना बनाई सल्लाह सहमति गरी फिरौती रकम लिने उद्देश्यले श्लोक अग्रवाललाई अपहरण गरी लगि बन्धक बनाई राखेको भन्ने कुरा पुष्टि हुँदैन। अनुसन्धानको क्रममा भएको बयान व्यहोरा प्रहरी आफैँले लेखेर मलाई डराई धम्काई जबरजस्ती सहिछाप गराएको हो। प्रहरीले यस्तै गरी अन्य प्रतिवादीहरूले पनि मसमेतलाई पोल गरी कसुरमा साबित भई आफ्नो स्वेच्छाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान नगरेकोले म प्रतिवादी पन्नालाल सहनीसमेतलाई कसुरदार ठहऱ्याई सजाय दिने गरी भएको फैसला न्याय तथा कानूनको विपरीत भई त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी पन्नालाल सहनीको यस अदालतमा परेको पुनरावेदन पत्र।

श्लोक अग्रवाललाई अपहरण गरेको वारदातमा म संलग्न नरहेको, प्रस्तुत मुद्दामा अनुसन्धानको सिलसिलामा तयार भएका लिखतहरू कुनै पनि स्वतन्त्र एवं वस्तुनिष्ठ प्रमाणबाट मउपरको अभियोग प्रमाणित भएको छैन। सबुद प्रमाणको समुचितरूपमा मूल्याङ्कन एवं विवेचनासमेत नगरी फौजदारी न्यायका सिद्धान्त एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत हचुवा र अनुमानको भरमा अनुसन्धान अधिकारीद्वारा जबरजस्ती गराइएको साबितीलाई आधारमानी मउपर लाग्नै नसक्ने मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १ नं. र ३ नं. बमोजिमको कसुर ठहऱ्याई भएको फैसला कानूनसम्मत नरहेकोले उक्त फैसला उल्टी गरी मलाई अभियोगबाट सफाई दिलाई

पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी कुनाल अग्रवालको यस अदालतमा परेको पुनरावेदन पत्र।

प्रस्तुत वारदातको जाहेरी दरखास्त, पीडितले अनुसन्धानको क्रममा गरेको कागज तथा अनुसन्धान अधिकारीसमक्ष भएको बयान मिसिल संलग्न अन्य कुनै कागजबाट प्रमाणित भएको छैन। श्लोक अग्रवाललाई मैले अपहरण गरेको वा शरीर बन्धक बनाई राखेको भनी उक्त जाहेरीमा उल्लेख भएकोसमेत छैन। प्रहरीमा भएको साबितीकै आधारमा कसैलाई दोषी ठहर गर्न मिल्दैन । म प्रतिवादीले अभियोग दाबीअनुसारको कुनै कसुर अपराध नै गरेको होइन भनी अदालतसमक्ष ईन्कार रही बयान गरेको सो मेरो ईन्कारी बयान वादी पक्षकै साक्षीले गरेको बकपत्रबाट पुष्टि प्रमाणित भइरहेको छ । सनाखत कागजमा पीडितलाई मोटरसाइकलमा राखी मससमेतले लगेको भन्ने कुरा देखाइए पनि सो पुष्टि छैन। के कति नम्बरको मोटरसाइकलमा लगिएको हो सो सनाखत कागजबाट खुल्दैन। पीडित भनी नामाकरण गरिएका श्लोक अग्रवाल बरामद भएको कोठामा मेरो उपस्थिति भएको वा सो घर कोठाबाट म पक्राउ परेको वा मेरो ना.२३ प ७०३३ नं. को मोटरसाइकल बरामद भएको भन्ने कुरा खानतलासी तथा बरामदी मुचुल्काबाट देखिँदैन। सहअभियुक्तहरूको पोल अन्य प्रमाणबाट पुष्टि भएको छैन। निज प्रतिवादीहरू अदालतमा बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्षको बयान हाम्रो होइन । प्रहरीले जबरजस्ती सहिछाप गराएका छन् भनी अदालतमा इन्कारी बयान गरेका रहेछन् । मेरो ना.२३ प.७०३३ नम्बरको मोटरसाइकल मेरो घरबाट र मलाई पनि मेरै घरबाट पक्राउ गरिएको कुरा मिति २०६९।१०।२८ मा भएको खानतलासी तथा बरामदी मुचुल्काबाट प्रमाणित छ भने मोटरसाइकलमा राखी पीडितलाई पुर्‍याएको भनी मउपर आरोप लगाएपनि सो आरोप वादी पक्षले शंकारहित तवरबाट पुष्टि प्रमाणित गर्न नसकेको हुँदा पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी राजनबाबु बानियाको यस अदालतमा परेको पुनरावेदन पत्र।

प्रस्तुत मुद्दामा बेरीतको गैरकानूनी सनाखतको कागजको आधारमा अनुसन्धान अधिकृतले मलाई हिरासतमा राखी अधिकारप्राप्त अधिकारीसमक्ष मलगायत अन्य सम्पूर्ण प्रतिवादीहरूलाई बयान नै नगराई निर्ममतापूर्वक कुटपिट गरी जबरजस्ती सहिछाप गराएको हो। पीडित भनिएका नाबालक वर्ष ८ को श्लोक अग्रवालसँग अनुसन्धान अधिकृतले मिति २०६९।१०।२२ मा घटना विवरणको कागज गराउँदा म प्रतिवादी सिकेन्दर यादव उक्त अपहरण गर्ने कार्यमा यो यस्तो कार्य गरेको थियो वा निजको उपस्थित यस प्रकारको थियो भनी भन्न र लेखाउन सकेका छैनन्। म प्रतिवादी सिकेन्दर यादवले निज नाबालक वर्ष ८ को श्लोक अग्रवालको अपहरण कार्यमा के काम गरेको जसबाट अभियोग दाबी समर्थित भइरहेको छ भनी फैसलामा वा अभियोग दाबीमा समेत उल्लेख नभए पनि गोश्वारारूपमा अन्य प्रतिवादीहरूलाई सजाय गर्दा म निर्दोष व्यक्तिलाई समेत अभियोग दाबीबमोजिम सजाय भएको रहेछ । वस्तुनिष्ठ सबुत प्रमाणको अभावमा गैरकानूनी तवरबाट प्रस्तुत मुद्दाका अभियोग दाबीबमोजिम मलाई कैद र जरिवानाको सजाय हुने गरी भएको फैसला कानून तथा न्यायको सर्वमान्य सिद्धान्तसमेत विपरीत भएकोले बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सिकेन्दर यादवले यस अदालतमा दिएको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागज अध्ययन गरियो। प्रतिवादी पन्नालाल सहनीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामाशिष यादव र वैतनिक अधिवक्ता श्री शोभा कार्कीले प्रतिवादी पन्नालाल सहनीले के कस्ता अपराध गरेका

हुन् भनी अभियोग दाबीबाट देखिँदैन । पीडितले अदालतमा आएर बकपत्र गर्न सकेको अवस्थासमेत छैन । मौकामा कागज गर्ने प्रहरी जवानहरू अदालतमा उपस्थित भई बकपत्र गर्दा पन्नालाल सहनीलाई वारदात स्थलमा देखेको छैन । निजलाई त्यहाँबाट पक्राउ गरेको होइन भनी लेखाएका छन् । पीडितले प्रतिवादीलाई सनाखत गरेको भनी देखाइएको कागज कानूनको रीत पुऱ्याई गरेको देखिँदैन । यसरी वस्तुनिष्ठ प्रमाणको अभावमा निज प्रतिवादीलाई सजाय गर्ने गरी भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला उल्टी गरी प्रतिवादी पन्नालाल सहनीले आरोपित कसुरबाट सफाई पाउने पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित रहनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री रमा पराजुलीले प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा आरोपित कसुरमा साबित रही एक अर्कालाई पोल गर्दै बयान गरेका रहेछन् । बालक श्लोक अग्रवाललाई अपहरण गरेपश्चात् प्रतिवादी रम्भादेवी गिरीको घरमा लगेर राखेको अवस्थामा प्रहरीले उद्धार गर्न जाँदा दोहोरो झडपमा फायरिङ हुँदा संजय गिरी र विनेश रामलाई गोली लागि उपचारको क्रममा निजहरूको मृत्यु भएको थियो । संजय गिरी प्रतिवादी रम्भादेवी गिरीको छोरा हुन् । पीडितले प्रतिवादी रम्भादेवीसमेतलाई पहिचान गरेको व्यहोरासाथ आफू अपहरण पर्दादेखि मुक्त हुँदासम्मको घटना क्रममा उल्लेख गरी कागज गरेकोसमेतबाट प्रतिवादीहरूले आरोपित कसुर गरेको देखिएकोले पुनरावेदन अदालतको फैसला उल्टी हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

उपर्युक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? साही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू कुनाल अग्रवाल, सिकिन्दर यादव, राजनबाबु बानिया, पन्नालाल सहनी, सुरेश राम, विनोद राम, मोहन वर्णवाल, रम्भा देवी गिरी र अजय गिरीसमेतले वर्ष ८ को श्लोक अग्रवाललाई अपहरण गरी लगी बन्धक बनाई राखी मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १,२ र ३ नं. को कसुर गरेकोमा निज प्रतिवादीहरूलाई सोही महलको ३ नं. अनुसार सजाय गरी ऐजनको ७ नं. र ३ नं. अनुसार थप सजाय हुन माग दाबी लिई अभियोग पत्र दायर भएको रहेछ । प्रतिवादीहरू रम्भादेवी गिरी, सिकिन्दर यादव, राजनबाबु बानिया, कुनाल अग्रवाल, पन्नालाल सहनीले आरोपित कसुर स्वीकार गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेपछि अदालतमा उपस्थित भई बयान गर्दा आरोपित कसुरमा इन्कार रहेका छन् । पर्सा जिल्ला अदालतबाट प्रतिवादीहरू कुनाल अग्रवाल, राजनबाबु बानिया, पन्नालाल सहनी, सिकेन्द्र यादवसमेतले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. र ३ नं. बमोजिमको कसुर गरेकोले सोही ३ नं. बमोजिम ७ वर्ष कैद र रू.५०,०००।- जरिवाना तथा ऐजनको ७ नं. र ९ नं. बमोजिम २/२ वर्षका दरले जनही ४ वर्ष थप कैद सजाय हुने रू.५,०००।- जनही प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्ति भराइदिने ठहरी फैसला भएकोमा सोउपर पुनरावेदन परी पुनरावेदन अदालत, हेटौंडाबाट जिल्ला अदालतको फैसला सदर हुने ठहरी फैसला भएको मा सोउपर प्रतिवादीहरू सिकेन्द्र यादव, पन्नालाल सहनी, राजन बाबु बानिया र कुनाल अग्रवालको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो ।

३. गोवर्धनलाल अग्रवालले मिति २०६९।१०।१४ मा वर्ष ८ को श्लोक अग्रवाल मिति २०६९।१०।१३ देखि हराएको र फेला नपरेकोले खोजतलास गरिपाउन जिल्ला प्रहरी कार्यालय,

पर्सामा निवेदन दिएको देखिन्छ । प्रहरीले खोजतलास गर्दै जाँदा भएको फायरिङमा गोली लागि संजय गिरी र विनेश महराको मृत्यु भएको र सोही ठाउँ जिल्ला पर्सा गा.वि.स. भेडीहारी वडा नं. ९ स्थित रामनाथ गिरीको खपडाको छानो इँट्टाको पर्खाल भएको घरको पूर्व उत्तरपट्टीको कोठामा पीडित बच्चा श्लोक अग्रवाल फेला परेको भने खान तलासी तथा बरामदी मुचुल्काबाट देखिन्छ । बच्चा बरामद भएपछि अशोक अग्रवालले प्रतिवादीहरूको नामसमेत उल्लेख गरी मिति २०६९।१०।१३ मा प्लेन किनिदिन्छु भनी अपहरण गरी लगेका हुन् भनी जाहेरी दिएका छन् । पीडित श्लोक अग्रवालले एरोप्लेन किनिदिन्छु भनी ठाकुर राम बहुमुखी क्याम्पस पछाडि लगी अर्को व्यक्तिको जिम्मा लगाई त्यहाँबाट बन्धक बनाई राखेको ठाउँ पर्सा जिल्लाको भेडीहारी गा.वि.स.को ९ नं. वडा गदियानी टोलमा ल्याई पुऱ्याएको हो भनी आफ्नो व्यहोरा लेखाएका छन् । यसरी खोजतलास गर्न दिएको निवेदन, खानतलासी तथा बरामदी मुचुल्का, जाहेरी दर्खास्त तथा पीडितको कागजसमेतबाट वर्ष ८ को नाबालक श्लोक अग्रवाललाई अपहरण गरी बन्धक बनाएको वारदात स्थापित भएको छ ।

४. उक्त वारदातमा यस अदालतमा पुनरावेदन गर्ने प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको छ भन्ने सन्दर्भमा हेर्दा, प्रतिवादीहरू राजनबाबु बानिया, पन्नालाल सहनी, सिकिन्दर यादव र कुनाल अग्रवाल पीडित श्लोक अग्रवाल फेला परेकै दिन मिति २०६५।१०।२२ मा पक्राउ परेको देखिन्छ । पीडित श्लोक अग्रवालका बुबा अशोक अग्रवालले जाहेरी दिँदा कुनाल अग्रवालले छोरालाई एरोप्लेन किनी दिने बहानामा मिति २०६९।१०।१३ मा घरबाट लगी वीरगञ्ज स्थित ठाकुर राम बहुमुखी क्याम्पस पछाडि पुऱ्याएर प्रतिवादीहरू राजनबाबु बानिया र पन्नालाल सहनीसमेतको जिम्मा लगाएको निजहरूले पर्सा जिल्ला गा.वि.स. भेडियारी वडा नं. ९ गादियानी टोल पुऱ्याएपछि अर्को अपहरणकारीको जिम्मा लगाएको ती अपहरणकारीले प्रतिवादी रम्भादेवी गिरी र अजय गिरीको घरमा लगी बन्धक बनाई राखेको अवस्थामा प्रहरीले उद्धार गर्दा दुई जना अपहरणकारीलाई गोलीसमेत लागेको थियो भनी उल्लेख गरेका छन् ।

५. प्रतिवादीहरूलाई पीडित बालकले अनुसन्धानको क्रममा यी प्रतिवादीहरूसमेत निजलाई अपहरण गर्ने कार्यमा संलग्न रहेको भनी प्रतिवादीहरूलाई सनाखत गरिदिनुका साथै अनुसन्धानको क्रममा कागज गर्दा मिति २०६९।१०।१३ का दिन काका नाता पर्ने कुनाल अग्रवाल एरोप्लेन किनी दिन्छु भनी वीरगञ्ज स्थित ठाकुर राम बहुमुखी क्याम्पसको लेडिज होस्टेल पछाडि पुऱ्याएपछि एक जना मोटरसाइकल र एक जना साइकलमा चढी आएका मान्छेहरूको जिम्मा लगाई यिनीहरूले एरोप्लेन किनी दिन्छन्, म घरमा गएर पैसा लिएर आउँछु भनी साइकल लिएर गएछ । अर्को मोटरसाइकल लिएर आएको मान्छेले मोटरसाइकल चलाएको र साइकल लिएर आएको मान्छे पछाडि बसी बीचमा मलाई राखी लिएर गए । तिनीहरूले पनि मलाई मुक्त गराइएको ठाउँमा पुऱ्याई एक जना निलो पाइन्ट लगाएको व्यक्तिलाई जिम्मा लगाई एरोप्लेन किनी देउ हामी यसको काकालाई लिएर आउँछौं भनी गए । ती केटाले नजिकै भएको घरमा लिएर गएको र रोइस् कराइस् भने गोली मारिदिन्छु भनी सानो बन्दुकसमेत देखाएको थियो । मिति २०६९।१०।२२ मा प्रहरीले उद्धार गरेको थियो । मलाई बन्धक बनाई राखेको घरमा भएकी महिलाको नाम रम्भादेवी गिरी र निजका छोरा अजय गिरीलाई प्रहरीले पक्राउ गरी ल्याएको हो भनी वारदातको सिलसिलेवार तरिकाले वर्णन गर्दै कागज गरिदिएका छन् ।

६. प्रतिवादी सिकेन्द्र यादवले प्रतिवादीहरू कुनाल अग्रवाल, पन्नालाल सहनी, राजनबाबु बानिया र निजसमेत भई श्लोक अग्रवाललाई अपहरण गर्ने योजना बनाएको र अपहरणको दिन निजले आफ्नो

घरमा बसी प्रहरीको गतिविधि हेरेको भनी आरोपित कसुरमा साबित रही अनुसन्धानको क्रममा बयान गरेका छन् । प्रतिवादी राजनबाबु बानियाले श्लोक अग्रवाललाई अपहरण गरी बन्धक बनाई राखेको वारदातमा मलगायत पन्नालाल सहनी, सिकिन्दर यादव, कुनाल अग्रवाल र पन्नालाल सहनीले पनि आरोपित कसुर स्वीकार गरी एक अर्कालाई पोल गर्दै बयान गरेको देखिन्छ । पीडित श्लोक अग्रवाललाई उद्धार गर्न खटिएका प्रहरी कर्मचारीहरूले खोजतलास गर्दै जाँदा जिल्ला पर्सा गा.वि.स. भेडिहारी वडा नं. ९ स्थित प्रतिवादी रम्भादेवी गिरीको घरमा पीडितलाई बन्धक बनाई राखेको भनी सुराकी पाई उद्धार गर्न जाँदा प्रहरी टोलीउपर नै फायरीङ्ग खोलेकोले प्रहरीले समेत आत्म सुरक्षाको लागि फायरीङ्ग गर्दा प्रहरीको गोली लागि सञ्जय गिरी र विनेस महरा घाइते भएकोमा निजहरूको उपचारको क्रममा मृत्यु भएको मिसिल संलग्न कागजबाट देखिन्छ । रम्भादेवी गिरीको घरबाट निजलाई र अजय गिरीलाई नियन्त्रणमा लिई पीडित बालक श्लोक अग्रवाललाई उद्धार गरेको हो भनी उद्धारमा खटेका प्रहरी कर्मचारीहरूले घटना विवरण कागज गरिदिएका छन् ।

७. प्रतिवादीहरू कुनाल अग्रवाल, सिकिन्दर यादव, पन्नालाल सहनी र राजनबाबु बानियाले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार गरेको देखिन्छ । मिसिल संलग्न प्रतिवादीहरूका साक्षीहरूले निजहरूको अदालतसमक्ष भएको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरेको देखिए पनि पीडितलाई उद्धार गर्ने बेला पक्राउमा परेकी अर्का प्रतिवादी रम्भादेवी गिरीले आफ्नो घरबाट पीडित बालकलाई प्रहरीले फेला पारेको हो भनी बयान गरेको देखिन्छ । त्यस्तै पीडितको उद्धारमा खटिएका सुरक्षाकर्मीहरू मनोहरप्रसाद भट्ट र सूर्यबहादुर थापाले अदालतमा उपस्थित भई बकपत्र गर्दा श्लोक अग्रवाललाई रम्भादेवी गिरीको घरबाट उद्धार गरिएको सोही क्रममा अपहरणकारी र सुरक्षाकर्मी बीच दोहोरो गोली हानाहान हुँदा २ जना अपहरणकारी घाइते भएको र उपचारको क्रममा मृत्यु भएको तथा प्रतिवादीहरू रम्भा गिरी र निजका छोरा अजय गिरीलाई तत्काल नियन्त्रणमा लिएको हो भनी लेखाई दिएको देखिन्छ ।

८. पीडित नाबालक श्लोक अग्रवाललाई प्रतिवादी रम्भादेवी गिरीको घरबाट फेला पारी प्रहरीबाट उद्धार गरिएको तथ्यमा विवाद भएन । पीडितलाई फेला पारेकै बखत प्रतिवादी रम्भादेवी गिरी र अजय गिरीलाई पक्राउ गरी ल्याएको कुरा प्रतिवादी रम्भा देवीले अनुसन्धानको क्रममा एवं अदालतमा समेत स्वीकार गरेर बयान गरेको देखिन्छ । यद्यपि निज अदालतमा बयान गर्दा आफू आरोपित कसुरमा इन्कार रहेको देखिन्छ । निजले अनुसन्धानको क्रममा बयान गर्दा आरोपित कसुर स्वीकार गर्दै यी पुनरावेदक प्रतिवादीहरूलाई समेत पोल गरिदिएको देखिन्छ । पीडित श्लोक अग्रवालले अनुसन्धानको क्रममा कागज गर्दा प्रतिवादी कुनाल अग्रवालले निजलाई घरबाट लिएर गएको र वीरगञ्ज स्थित ठाकुर राम बहुमुखी क्याम्पसको लेडिज होस्टेल पछाडि लगी अन्य दुई जना व्यक्तिको जिम्मा लगाएको भनी लेखाएका छन् । प्रतिवादी कुनाल अग्रवालले आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरेपनि अनुसन्धानको क्रममा कसुरमा साबित रहेका छन् । अनुसन्धानको क्रममा भएको सो बयान जबरजस्ती गराइएको हो भन्ने कुराको प्रमाण निजले पेस गर्न सकेका छैनन् । यसका अतिरिक्त निज आरोपित कसुर नगरेको भए जाहेरवाला र पीडित बालकले निजलाई किटान गरी जाहेरी दिनु र अनुसन्धानको क्रममा कागज गर्नुको अन्य कुनै कारण मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन ।

९. त्यस्तै प्रतिवादी सिकिन्दर यादव प्रतिवादी कुनाल अग्रवालले पीडितलाई निजको घरबाट लिएर गइरहेको अवस्थामा चोकमा बसी प्रहरी आए नआएको निगरानी गरेर बसेका थिए भन्ने कुरा कुनाल अग्रवालको

अनुसन्धानको क्रममा भएको बयानबाट देखिन्छ । यी प्रतिवादीले पनि अनुसन्धानको क्रममा बयान गर्दा सो कुरा स्वीकार गरेका छन् । अदालतमा इन्कार रही अनुसन्धानको उक्त बयान प्रहरीले पहिलेदेखि तयार गरेर राखेको र सहिछाप मात्र गराएको हो भनी जिकिर लिएका छन् । तर अधिकारप्राप्त अधिकारीसमक्षको साबित डर त्रासबाट भएको कुरालाई प्रमाणित गर्न कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन ।

१०. प्रतिवादीहरू पन्नालाल सहनीसमेतले कुनाल अग्रवालले श्लोक अग्रवाललाई ठाकुरराम क्याम्पसको लेडिज होस्टेल पछाडि ल्याएपछि मोटर साइकलमा राखी संजय गिरीको घरसम्म पुऱ्याएको भनी निजहरूको अनुसन्धानको क्रममा भएको बयान पीडित श्लोक अग्रवालको अनुसन्धानको क्रममा भएको कागज एवं अशोक अग्रवालको जाहेरी दरखास्त व्यहोराबाट समर्थित भएको देखिन्छ। यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा भएको उक्त बयान आफ्नो इच्छाविपरीत भएको हो भनी अदालतसमक्ष बयान गर्दा उल्लेख गरेको भएपनि उक्त बयान इच्छाविपरीतको हो भन्ने तथ्यलाई प्रमाणित गर्ने कुनै प्रमाण प्रस्तुत गरेको पाइँदैन ।

११. यसरी मिसिल संलग्न जाहेरी दरखास्त, बरामदी मुचुल्का, पीडित अग्रवालको कागज, घटना विवरण कागज, प्रतिवादीहरूको अनुसन्धानको क्रममा भएको बयानसमेतबाट मिति २०६९।१०।१३ मा श्लोक अग्रवालको अपहरण भएको, प्रहरीले मिति २०६९।१०।२२ को दिन पर्सा जिल्ला भेडिहारी गा.वि.स. वडा नं. ९ गदियानी टोल स्थित प्रतिवादी रम्भादेवी गिरीको घरबाट श्लोक अग्रवाललाई उद्धार गरिएको र उद्धारको क्रममा भएको दोहोरो भिडन्तमा प्रतिवादी रम्भादेवी गिरीको छोरा संजय गिरी र विनेश राम प्रहरीको गोली लागि घाइते भई उपचारको क्रममा मृत्यु भएको तथ्य स्थापित भएको छ । उक्त वारदातमा प्रतिवादी कुनाल अग्रवालले श्लोक अग्रवाललाई घरबाट ल्याई प्रतिवादीहरू पन्नालाल सहनी र राजनबाबु बानियाको जिम्मा लगाएको निज प्रतिवादीहरूले पीडित बालकलाई संजय गिरीको घरसम्म पुऱ्याएको देखिएबाट प्रतिवादीहरूले पूर्वयोजना एवं तयारीका साथ नाबालक श्लोक अग्रवाललाई संगठितरूपमा अपहरण गरी ल्याई बन्धक बनाएको देखियो । सो कार्यमा प्रतिवादी सिकिन्दर यादवले प्रहरी आए नआएको निगरानी गरी बसेको देखिन्छ ।

१२. प्रतिवादी सिकिन्दर यादवले यस अदालतमा पुनरावेदन गर्दा आफू वारदात स्थानमा उपस्थित नभएका पीडितले आफूलाई सनाखत गर्न नसकेको प्रहरीले वारदात स्थलबाट आफूलाई पक्राउ गर्न नसकेकोले आफू निर्दोष रहेको भनी जिकिर लिएको देखिन्छ । अपहरण तथा शरीर बन्धक लिने अपराध संगठित तवरले हुने गरकोले त्यस्तो अपराधमा प्रायः एकभन्दा बढी व्यक्तिको संलग्नता रहेको हुन्छ । संगठितरूपमा गरिने यस्ता अपराधहरूमा संलग्न सबै व्यक्तिहरू एकैचोटी वारदात स्थलमा देखापर्नु आवश्यक हुँदैन । यस्ता प्रकृतिको अपराधमा विभिन्न व्यक्तिहरूको विभिन्न भूमिका हुनसक्ने र मुख्य वारदात घटाउने स्थलमा वास्तविकरूपमा वारदातमा संलग्न व्यक्तिहरू भन्दा कम संख्यामा व्यक्तिहरू उपस्थित भई वारदात घटाएको हुन्छन् । तर यस्तो वारदातमा घटनास्थलमा नदेखिने व्यक्तिहरूको भूमिका गौण वा सहायक हुँदैन । निजहरूको भूमिका वारदातस्थलमा देखिने व्यक्तिहरूको जत्तिकै वा अझै महत्त्वपूर्ण हुन्छ । मिसिल संलग्न कागजबाट पनि यी प्रतिवादी वारदात स्थलमा कहीँ पनि उपस्थिति रहेको देखिँदैन तर निजले सुराकी बसी प्रहरी आएको नआएको हेरी अन्य प्रतिवादीहरूलाई सोको सूचना दिन बसेको देखिन्छ ।

१३. प्रतिवादी कुनाल अग्रवालले यस अदालतमा पुनरावेदन गर्दा आफू वारदातमा संलग्न नभएको भनी जिकिर लिए पनि पीडित नाबालकले नै निज प्रतिवादीले पीडितलाई घरबाट लगी पन्नालाल

सहनी र राजनबाबु बानियाको जिम्मा लगाएको देखिन्छ । निज प्रतिवादीले पनि अनुसन्धानको क्रममा भएको बयान आफ्नो स्वेच्छाले नभई कुटपिट गरी सहिछाप गराएका हुन् भनी जिकिर लिए पनि सोलाई प्रमाणित गर्ने प्रमाणहरू पेस गर्न सकेका छैन । प्रतिवादीहरू पन्नालाल सहनी र राजनबाबु बानिया पीडितलाई कुनाल अग्रवालबाट लिई पर्सा जिल्ला भेडिहारी गा.वि.स. वडा नं. ९ स्थित रम्भादेवी गिरीको घरमा पुऱ्याएको देखिएबाट प्रस्तुत वारदातमा यी पुनरावेदक प्रतिवादीहरूले संगठितरूपमा कार्य विभाजन गरी पीडित वर्ष ८ को श्लोक अग्रवालको अपहरण गरेको देखिन आयो ।

१४. आरोपित कसुरमा इन्कारी रही अदालतमा बयान गर्ने कुनाल अग्रवाल, पन्नालाल सहनी, सिकेन्द्र यादवसमेतका प्रतिवादीहरू मौकामा पक्राउ नपरेका र पीडित नाबालक श्लोक अग्रवाल र जाहेरवालाको अदालतमा बकपत्र हुन सकेको नपाइए पनि प्रतिवादीहरू कसुरमा अधिकारप्राप्त अधिकारीसमक्ष साबित रही बयान गरेको रहेछन भने सो साबिती स्वेच्छाबाट नभएको सम्बन्धमा कुनै प्रमाण निजहरूबाट प्रस्तुत भएको पाइँदैन । अपहरणसम्बन्धी अपराध मानवता विरूद्धको अपराध भएको र त्यस प्रकृतिको अपराधमा संलग्न व्यक्तिहरूको पृथकपृथक भूमिका रहने गरेको हुँदा वारदात स्थलबाट पक्राउ नपर्दैमा कसुरमा संलग्न रहेको छैन भनी निष्कर्षमा पुग्न मिल्दैन । अपहरित नाबालकलाई उद्धार गर्ने क्रममा भएको गोली हानाहानबाट दुईजनाको मृत्यु भई नाबालकको उद्धार गरी ल्याइएको तथ्य प्रहरी कर्मचारीहरूको बकपत्रबाट समर्थित भइरहेकोमा जाहेरवाला र पीडितको बकपत्र नहुँदैमा कसुर नै स्थापित नभएको भन्न मिल्दैन ।

१५. सजाय सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा अपहरण गर्ने वा शरीर बन्धक लिने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुईलाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ । यसका अतिरिक्त सोही महलको ७ नं. मा संगठितरूपमा त्यस्तो काम गर्ने व्यक्तिलाई थप दुई वर्ष कैद तथा ९ नं. मा त्यस्तो कसुर महिला वा नाबालक विरूद्ध भएमा थप दुई वर्ष सजाय गर्नुपर्ने व्यवस्था रहेको छ । प्रस्तुत वारदातमा प्रतिवादीहरू दुई जनाभन्दा बढी भई संगठित रूपमा ८ वर्षको नाबालकलाई अपहरण गरेको र बन्धक बनाई मिति २०६९।१०।१३ देखि २०६९।१०।२२ सम्म प्रहरीले उद्धार नगरून्जेलसम्म बन्धक बनाई राखेको देखिएकोले मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं.को अतिरिक्त ऐजनको ७ र ९ नं. समेत आकर्षित हुने देखियो ।

१६. अब यी प्रतिवादीहरूलाई हुने सजायतर्फ विचार गर्दा, प्रतिवादी राजनबाबु बानियाको यस अदालतमा पुनरावेदन परेपछि निज कैदमा रहेको कारागार कार्यालयमा पेसीको जानकारी पठाउँदा कारागार कार्यालय जगन्नाथ देवल, काठमाडौंबाट प्रतिवादी राजनबाबु बानियाको मिति २०७३।१०।१८ मा वीर अस्पतालमा मृत्यु भएको भनी जानकारी प्राप्त भएकोले निजको हकमा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको १७६ नं.ले खतबात नलाग्ने हुँदा निजको हकमा केही गरिरहनु परेन । प्रतिवादीहरू कुनाल अग्रवाल, पन्नालाल सहनी र सिकिन्दर यादव क्रमश २०,१९ र १८ वर्षका रहेका छन् । निजहरूले यसभन्दा अगाडि पनि कुनै अपराध गरेको नदेखिएकाले निजहरू पटके अपराधी रहेको देखिँदैन । यसका साथै निजहरूले पीडितसँग क्रूरतापूर्वक व्यवहार गरेको वा पीडितलाई कुटपिटसमेत गरेको देखिँदैन । बन्धक बनाएर राखेको ठाउँमा प्रहरी उद्धार गर्न जाँदा प्रतिकार गर्ने व्यक्तिहरूमा निजहरूको

संलग्नता रहेको नदेखिएको हुँदा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. ले तोकेको न्यूनतम् सजाय अर्थात् ७ वर्ष कैद र रू.५०००।- जरिवाना गर्दासमेत यी प्रतिवादीहरूलाई सजायको मात्रा पर्याप्त हुन गई कानूनको मनसायसमेत पूरा हुने देखिन्छ । यसको अतिरिक्त दुईजनाभन्दा बढी व्यक्ति भई संगठितरूपमा वारदात घटाएकोले ऐजन महलको ७ नं. बमोजिम थप दुई वर्ष कैद तथा प्रस्तुत वारदात ८ वर्षको नाबालक विरूद्ध घटाइएकोले ऐजन महलको ९ नं. बमोजिम थप २ वर्ष कैद गरी जम्मा कैद वर्ष ११ तथा पीडित श्लोकलाई मिति २०६९।१०।१३ देखि २०६९।१०।२२ सम्म जम्मा १० दिन बन्धक बनाई राखेकोले ऐजन महलको १२ नं. बमोजिम निजलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिसमेतलाई विचार गर्दा प्रतिदिन रू.५००।- का दरले हुन आउने रू.५०००।- प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्तिबापत भराई दिएको फैसलालाई अन्यथा गरिरहन परेन। आरोपित कसुरबाट सफाई पाउनु पर्दछ भनी प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१७. तसर्थ, माथि विवेचित आधार कारण एवं प्रमाणबाट पुनरावेदक प्रतिवादीहरू कुनाल अग्रवाल, सिकेन्दर यादव, पन्नालाल सहनीसमेतले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर्‍याई निजहरूलाई जनही ११ (एघार) वर्ष कैद तथा जनही रू.५०,०००।- जरिवाना हुने र पीडितले प्रतिवादीहरूबाट रू.५०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहर्‍याई पर्सा जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१०।१३ को फैसला यस अदालतमा पुनरावेदन गर्ने प्रतिवादीहरू कुनाल अग्रवाल, पन्नालाल सहनी र सिकेन्दर यादवको हकमा मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको पुनरावेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार यस अदालतको अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. सपना प्रधान मल्ल

इजलास अधिकृतः रामु शर्मा
इति संवत् २०७४ साल भदौ ४ गते रोज १ शुभम्।

## निर्णय नं. ९८९०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
फैसला मिति : २०७४।०३।१९

मुद्दाः अपहरण तथा कर्तव्य ज्यान

०७१-CR-०९४१

पुनरावेदक / प्रतिवादी : जिल्ला सुनसरी इनरूवा नगरपालिका वडा नं. १ घर भई हाल कारागार कार्यालय मोरङ विराटनगरमा थुनामा रहेको सञ्जयकुमार पोद्दार

विरूद्ध

प्रत्यर्थी / वादी : भुवनेश्वर यादवको जाहेरीले नेपाल सरकार

०६९-CR-०४९८

पुनरावेदक / वादी : भुवनेश्वर यादवको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला सुनसरी इनरूवा नगरपालिका वडा नं.१ बस्ने सञ्जय कुमार पोद्दार

- **वारदातमा नेपालबाट नाबालकलाई अपहरण गरी भारत पुऱ्याई भारतमा नै रहेको अवस्थामा ज्यान मारेकोले कर्तव्य गरी ज्यान मारेको कसुरमा समेत बहिर्क्षेत्रीय क्षेत्राधिकार लागू हुने अवस्था रहने भएकोले नेपालकै अदालतको बहिर्क्षेत्रीय क्षेत्राधिकार (Extraterritorial jurisdiction) लागू हुने ।**

(प्रकरण नं. ६)

- **अभियोग दाबीअनुसारको कसुरगरेबापत हुने सजायबारे विवेचना नगरी अधिकतम सजाय हुने कसुरसम्मको सजाय हुने भनी ठहर गर्नुलाई कानूनअनुरूपको निर्णयको संज्ञा दिन सकिँदैन । धेरै कसुरबापत भएको सजायको हद तोक्ने सम्बन्धमा प्रचलित कानूनबमोजिम सजाय गाभिन सक्ने हुँदा कसुरदारले आरोपित कसुरहरू गरे नगरेको कुरा ठहर गर्नु न्यायकर्ताको कर्तव्य हुन आउने ।**

(प्रकरण नं. ७)

- **कर्तव्य ज्यानको कसुरमा जन्म कैदको सजाय भइसकेको र दण्ड सजायको ८ र ४१ नं. बमोजिम सानो खतको कैद खापिने भएकोले अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३, ७ र ९ नं. बमोजिमको कैद सजाय थप गरिरहन नपर्ने ।**

(प्रकरण नं. ८)

पुनरावेदक / प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता सुरेश महतो

प्रत्यर्थी / वादीको तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री रामप्रसाद अधिकारी

पुनरावेदन तहमा फैसला गर्नेः

मा.मुख्य न्यायाधीश श्री गोपाल पराजुली

माननीय न्यायाधीश श्री गिरिराज पौड्याल

फैसला

**न्या. ओमप्रकाश मिश्र :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन अदालत, विराटनगरको मिति २०६९/२/३० को फैसलाउपर पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

मिति २०६७।३।१९ गते बेलुकी अं. ३,४ बजेको समयमा मेरो नाति वर्ष ७ को निरन्जन यादवलाई ट्याक्टरमा खेत जोत्न लागेको छ कुन खेत जोत्ने हो हजुरआमालाई सोधेर आइज भनी निजको आमाले पठाएकोमा हजुरआमा खेतबाट फर्की आउँदा नाति खोई भनी निजलाई सोध्दा मैले देखिन भनेपछि खोजतलास गर्दै जाँदा बाटोमा सेतो सर्ट, क्याप टोपी, फुल पाइन्ट लगाएको अं. २०-३० वर्षजतिको अपरिचित पुरूष मानिसले निरन्जन यादवलाई साइकलमा राखी लगेको भन्ने थाहा पाई बुझ्दै जाँदा भारत सुपोल जिल्ला मोतीपुर पञ्चायत हरिपुर गाउँमा

सर्वोच्च अदालत

एकजना मृत बालकको लास छ भन्ने कुरा थाहा पाई सो स्थानमा गई हेर्दा मेरो नाति निरन्जन यादवको घाँटीमा धारिलो हतियारले रेटी विभत्स हत्या गरेको हुँदा अपराधीहरू पत्ता लगाई हदैसम्मको कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको भुवनेश्वर यादवको जाहेरी दर्खास्त।

जिल्ला सुनसरी इनरूवा न.पा.१ स्थित जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको शवगृहको स्लाइडमा उत्तानो अवस्थामा रहेको मृतक निरन्जन यादवको लासलाई ओल्टाई पल्टाई हेर्दा दुवै कानबाट रगत निस्की सुकेको, लासको घाँटीमा ८ इन्च लम्बाई, ४ इन्च चौडाई र ५ इन्च चौडाई भई काटिएको, मृतकको अनुहारमा रगत लतपत्तिएको, गाला खुट्टा तथा शरीरको अन्य भागमा पोलेको जस्तो कालो फोकाहरू देखिएको भन्ने घटनास्थल लास जाँच मुचुल्का।

जिल्ला सुनसरी भोक्राहा ७ स्थित पूर्वमा नारायण यादवको घर पश्चिममा इस्रीलाल कामतको नास्ता पसल, उत्तरमा केशव गुप्ताको घर, दक्षिणमा बलराम यादवको २ तल्ले पक्की घर सो घरको रेखदेख मुन्नादेवले गरेको, घरको भित्तामा सञ्जय पोद्दारले राखेको ATLAS लेडिज साइकल प्रहरीले बरामद गरेको ४ किल्लासहितको बरामदी मुचुल्का।

मिति २०६७।३।१९ गते म आफ्नो घरमै थिएँ, म घरबाहिर निस्कँदा एकजना सेतो क्याप टोपी, कालो जिन्स पाइन्ट आकासे सेतो सर्ट लगाएको अ.२०-२५ वर्षको मानिसले बीचमा निलो हरियो, अगाडि पछाडि स्टील दराज कलर भएको लेडिज साइकलको पछाडि केरियरमा निरन्जन यादवलाई राखी हाँस्दै गफ गर्दै गएको देखेको हुँ, उक्त साइकल हाँक्ने व्यक्तिलाई मैले चिन्न सकिन र बच्चा घरमा आएन, कहाँ गयो भनी हल्ला हुँदा निज मानिसले लगेको भन्ने थाहा पाएको हुँ भन्ने मिना मगरले गरिदिएको घटना विवरण कागज।

मिति २०६७।३।१९ गते म आफ्नो घरैमा थिएँ, बुबा भुवनेश्वर यादव खेतमा जानुभएको थियो र अ. दिनको ३:३० बजेको समयमा इनरूवा १ बस्ने सञ्जयकुमार पोद्दार घरमा आए, उहाँ अगाडि पनि आउने जाने गर्नुहुन्थ्यो र नानीहरूलाई चकलेट दिनुहुन्थ्यो त्यो दिन केही पनि ल्याउनु भएको रहेनछ। निजले गफ गर्दै जाँदा मेरो मोबाइल नम्बर मागे र तपाईको नम्बर दिनुहोस् भन्दा उहाँले ९८४२०९३०४३ नं. बताई निज जान लाग्दा मेरो छोराले मिठाई किन्न पैसा दिनु भनेपछि म किनी दिन्छु भनेर ताने केहिछिन पछि सप्तरीको ट्याक्टरवाला खेत जोताउने छैन - के कति जोत्नु छ भनी सोधेपछि मैले मेरो छोरा निरन्जन यादवलाई जा हजुरआमालाई खेत जोताउने मानिस आएको छ भन् भनी बोलाउन पठाएँ र निज हजुरआमालाई बोलाई फर्की आएनन। हजुरआमा घर आएपछि नाति कहाँ छ भनी सोध्दा मैले देखिन भनेपछि कता गयो भनी सोधखोज गर्दै जाँदा एकजना सेतो क्याप टोपी, कालो जिन्स पाइन्ट, आकासे सेतो सर्ट लगाएको अ. २०-२५ वर्षो मानिसले बीचमा निलो हरियो, अगाडि पछाडि स्टील दराज कलर भएको लेडिज साइकलको पछाडि केरीयरमा निरन्जन यादवलाई राखी हाँस्दै गफ गर्दै गएको भन्ने कुरा थाहा पाएँ बच्चा बेलुकासम्म नआए पछि खोजतलास भइरहेको थियो। मिति २०६७।३।२१ गते भारत सुपौल करजाइनमा छोरा निरन्जन यादवको मृत लास फेला परेको हो, त्यसरी मेरो छोराको घाँटी रेटी विभत्स हत्या भएको हुँदा अपराधी पत्ता लगाई कारवाही गरिपाउँ भनी तारादेवी यादवले प्रहरीमा गरिदिएको कागज।

जाहेरवालाको घर र मेरो घर नजिकै छ, मिति २०६७।३।१९ गते आफ्नो धान खेतमा म काम गर्दै थिएँ त्यसैबेला निरन्जन यादवलाई एकजना सेतो क्याप टोपी, जिन्स पाइन्ट, आकासे सेतो सर्ट लगाएको अं. २०।२५ वर्षे मानिसले बीचमा निलो हरियो अगाडि पछाडि स्टिल दराज कलर फरक भएको लेडिज साइकलको पछाडि केरियरमा निरन्जन

यादवलाई राखी हाँस्दै गफ गर्दै जाँदै गरेको देखेकी हुँ, बच्चा बेलुकीसम्म घरमा नआए पछि खोजतलास भइरहेको थियो । मिति २०६७।३।२१ गते भारत सुपौल करजाइनमा निरन्जन यादवको मृत लास फेला परेको भन्ने सुनेकी हुँ भनी गितादेवी उरावले गरी दिएको कागज।

मिति २०६७।३।१९ गते म आफ्नो पि.सि.ओ.मा थिएँ । सोहीबेला इनरूवा १ बस्ने सञ्जयकुमार पोद्दार मेरो पि.सि.ओ.मा निलो हरियो अगाडि पछाडि स्टील दराज कलर फरक भएको लेडिज साइकलमा भीमनगरबाट ७:३० बजे बेलुका आई साइकल राखी दिनुहोस् म इनरूवा जान्छु भनेपछि बलराम यादवको घरमा साइकल राखी दिएको हो। सञ्जयकुमार पोद्दार मेरो सालोको छोरा हो चिनजान भएकोले मात्र साइकल राखी दिएको हुँ भनी मुन्नाकुमार देवले गरेको कागज।

मिति २०६७।३।१९ गते बेलुकी अ. ३।४ बजेको समयमा मेरो नाति वर्ष ७ को निरन्जन यादवलाई ट्याक्टरबाट खेत जोत्ने मानिस आएको छ हजुरआमालाई सोधेर आइज भनी पठाएकोमा हजुरआमा खेतबाट फर्कि आउँदा नाति खोई भनी निजलाई सोध्दा नाति मैले देखिन भनेपछि खोजतलास गर्दै जाँदा बाटोमा सेतो सर्ट, क्याप टोपी, फुल पाइन्ट लगाएको अ. २०-३० वर्षजतिको अपरिचित पुरूष मानिसले निरन्जन यादवलाई साइकलमा राखी लगेको भन्ने थाहा पाई कारवाहीका लागि मिति २०६७।३।२२ गते नै जाहेरी दर्खास्त दिइसकेको छु, मिति २०६७।३।१९ गते मेरो घरमा सेतो क्याप टोपी सेतो सर्ट, कालो पाइन्ट, लेडिज साइकल लिई आएका जिल्ला सुनसरी इनरूवा न.पा. १ बस्ने श्याम पोद्दारको छोरा भएको र गाउँलेहरूले उक्त हुलिया भएको व्यक्तिले नै मेरो नातिलाई साइकलमा राखी लगेको कुरा खुल्न आएको र उक्त स्थानबाट अरूण झासमेत मिली राजमार्गको पश्चिम हुँदै अपहरण गरी लगेको कुरा आएकोले के कुन उद्देश्यले अवोध बालकलाई अपहरण गरी लगी भारतको करजाइनमा पुऱ्याई धारिलो हतियार प्रयोग गरी कर्तव्य गरी मारेका हुन् कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने भुवनेश्वर यादवको जाहेरी दर्खास्त।

भुवनेश्वर यादवको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सञ्जयकुमार पोद्दारसमेत भएको अपहरण तथा कर्तव्य ज्यान मुद्दामा वारदात मितिदेखि फरार रहेको प्रतिवादी सञ्जय पोद्दार इनरूवा १ मा लुकीछिपी हिँडिरहेको अवस्थामा पक्राउ गरी दाखिला गरेको हो भन्ने प्रहरीको प्रतिवेदन।

जिल्ला सुनसरी इनरूवा १ स्थित रहेको पूर्व फर्किएको काठको घरको माथि उत्तर फर्किएको कोठामा सञ्जय पोद्दार सुत्ने र बस्ने गरेको कोठामा खानतलासी गर्दा ७२१० मोडेलको प्रीपेड सिमसहितको नोकिया मोबाइल सिम नं. ९८४२०९३०४३ को मोबाइल थान १ बरामद भएको ठिक साँचो हो भन्ने बरामदी मुचुल्का।

मिति २०६७।३।१९ गते म भोक्राहा ७ स्थित रहेको भुवनेश्वर यादवको घर गएको थिएँ र म पहिलादेखि नै निजको घर गई बस्ने निरन्जन यादवसँग बोल्ने हाँस्ने चकलेट दिने गर्दथेँ र सो काम मैले निज निरन्जन यादवलाई अपहरण गर्न सजिलो हुन्छ भन्ने मनसायले गरेको थिएँ र सो दिन निजको घरमा एकछिन बसी गफ गरी घरबाट मान्छेहरू काम विशेषले बाहिर गएको मौका छोपी निरन्जनलाई ललाई फकाई घुमाउन लान्छु भनी हाँस्दै बोल्दै अपहरण गरी भारतसम्म लगेको हो। निजलाई अपहरण गर्ने योजना १ हप्ता अगाडि नै इनरूवा ६ बस स्टैण्ट घर भई भारत सुपौल बनेलीपट्टी झाजी टोल बस्ने अ. वर्ष२८।२९ को अरूण झासँग सल्लाह भएको थियो। अपहरणका दिन मैले अरूण झालाई ९८४१६७५८९३ मा फोन गरेँ र निजले मेरो घर छेउको बस चोकमा आइज भने र म उक्त ठाउँमा गएँ । दुवै जना सुनसरी खोलाको

पुलसम्म सँगै गयौँ । पुलको छेउमा पुगेपछि म घरमा गएर बच्चालाई लिएर आउँछु तिमी यहाँबाट हिँडेर वैष्णव पेट्रोल पम्पमा बसिराख्नु भनेर म निरन्जनको घरमा गएँ र निरन्जन यादवको आमासँग गफगाफ गरी मैले मेरो मोबाइल ९८४२०९३०४३ नम्बरको फोन निरन्जनको आमालाई टिपाएँ र आँखा छली बच्चालाई मैले अपहरण गरी भारतको बसमतीयाको रोड हुँदै भीमनगरमा ल्याएँ र मैले अरूण झालाई तैँले यो काम सल्टाउनु पर्छ भनेर निज निरन्जन यादवलाई अरूण झाको जिम्मा लगाए । अरूण झाले बच्चा निरन्जनलाई करजायनको नहर हुँदै एउटा गाउँ छ त्यहीँ आफन्तकोमा राख्छु भनेर मलाई भनेका थिए । हामीहरू बीच निजलाई अपहरण गरी बन्धक बनाई रकम असुल्ने र आधा आधा बाँड्ने सल्लाह भएको थियो । मिति २०६७।३।२० गते अपराधबाट बच्नको लागि आमा र भाइसँग भुवनेश्वर यादवको घर गएँ र गाउँलेहरूले मलाई शंका गरेका रहेछन् । उता बच्चा धेरै रूने कराउने गरेकोले लुकाई राख्न गाऱ्हो भयो भनी अरूण झासँग फोनमा कुरा भएको र मलाई समेत शंका गरी गाउँमा हो हल्ला भई तहल्का मच्चिएपछि म आत्तिई डर लागी अपराधबाट बाँच्नलाई बच्चालाई मारी एकान्त ठाउँमा फाली दिनु भनी अरूण झालाई फोन गरी भनेको थिएँ । मिति २०६७।३।२१ गते अरूण झालाई फोन गर्दा बच्चा कहाँ छ भनी सोध्दा निजले निरन्जन यादवलाई मारी नहरको छेउमा खाल्डो खनेर पुरेको छु भन्यो । यसरी हामीले निज बच्चाको हत्या गरेको हो र म लुकीछिपी हिँडेको अवस्थामा मिति २०६६।३।२४ गते बिहान प्रहरीले पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको सञ्जय कुमार पोद्दारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६७।३।१९ गते म आफ्नै घरमा नै थिएँ र गर्मी भएकोले घर छेउको रूखमुनी बसी रहेको थिएँ त्यही बेला निरन्जन यादवलाई एकजना सेतो क्याप टोपी, जिन्स पाइन्ट र आकासे सेतो सर्ट लगाएको अ. २०।२५ वर्षे मानिसले बीचमा निलो हरियो अगाडि पछाडि स्टिल दराज कलर फरक भएको लेडिज साइकलको पछाडि केरियरमा राखी हाँस्दै गफ गर्दै जाँदै गरेको देखेको हुँ । बच्चा बेलुकासम्म नआए पछि खोजतलास भइरहेको थियो । मिति २०६७।३।२१ गते भारत सुपौल करजाइनमा निरन्जन यादवको मृत लास फेला परेको भन्ने सुनेको हुँ भनी सितादेवी झाले गरेको घटना विवरण कागज ।

मिति २०६७।३।१९ गते म आफ्नो घरमा थिएँ । छिमेकी मिना मगरको घर आँगन छेउमा भएको छहारीको मुनि सितलमा बसिरहेको थिएँ, त्यही बेला निरन्जन यादवलाई एकजना सेतो क्याप टोपी, जिन्स पाइन्ट र आकासे सेतो सर्ट लगाएको अ. २०।२५ वर्षको मानिसले बीचमा निलो हरियो अगाडि पछाडि स्टिल दराज कलर फरक भएको लेडिज साइकलको पछाडि केरियरमा राखी हाँस्दै गफ गर्दै जाँदै गरेको देखेको हुँ र बच्चा बेलुकासम्म नआएपछि खोजतलास भइरहेको थियो । मिति २०६७।३।२१ गते भारत सुपौल करजाइनमा निरन्जन यादवको मृत लास फेला परेको सुनेको हुँ भन्ने व्यहोराको लाहारी उँरावले गरिदिएको घटना विवरण कागज ।

मिति २०६७।३।२१ गते म आफ्नो पि.सि.ओ.मा थिएँ, सोही बेला इनरूवा १ बस्ने सञ्जयकुमार पोद्दारले मेरो पि.सि.ओ. बाट फोन गरिरहेका थिए, इन्टरनेटबाट फोन गरेको हुँदा विदेश नै गरेको हुनुपर्छ, निजले के कहाँ फोन गरेका हुन् - के के कुरा गरे सो मलाई थाहा भएन भन्नेसमेत व्यहोराको अशोक साहले गरिदिएको घटना विवरण कागज ।

मिति २०६७।३।१९ गते जाहेरवालाको नाति निरन्जन यादवलाई अपहरण गरी साइकलमा हाली लाने व्यक्ति को हो भनी जिल्ला प्रहरी कार्यालय, सुनसरीको अपराध अनुसन्धान शाखाको कोठाको पश्चिम साइडको भित्तामा एकै लाइनमा ४ जनालाई राखी सोधनी गरिएकोमा सोही लाइनमा पूर्व मोहडा

बनाई उभ्याई सञ्जयकुमार पोद्दारलाई बायाँबाट तेस्रो र दायाँबाट दोस्रोमा राखी पालैपालो मिना मगर, लहरी उँराव, सितादेवी झा, उपेन्द्र उरावलाई सनाखत गरिदिनुहोस् भनी चिनाउँदा बायाँबाट तेस्रो, दायाँबाट दोस्रो स्थानमा उभिएका व्यक्तिले नै बच्चालाई साइकलमा राखी गफ गर्दै अपहरण गरी लिई गएका हुन् भनी गरिदिएको सनाखत कागज।

प्रतिवादी सञ्जय कुमार पोद्दारले उल्लेख गरेका मोबाइल नम्बरहरूबाट पटकपटक फोन भएको देखिएको पाना ३ को Call detail रहेको।

Death is Caused By Cut throat injury भन्ने निरन्जन यादवको शव परीक्षण प्रतिवेदन।

सञ्जय पोद्दार, अरूण झा र गुड्ढ भन्ने गौरी झासमेतको संलग्नतामा उल्लिखित घटना घटेको हुँदा अरूण झा र गौरी झालाई खोजतलास गर्दा फेला पार्न नसकिएको भन्ने प्र.ना.नि. मनोज पौडेलको प्रतिवेदन।

मिति २०६७।३।१९ गते हामी बाटोमा थियौं, त्यहीबेला निरन्जन यादवलाई एक जना सेतो क्याप टोपी, कालो जिन्स पेन्ट, आकासे सेतो सर्ट लगाएको अ. २०।२४ वर्षो मानिसले बीचमा निलो हरियो अगाडि पछाडि स्टिल दराज कलर फरक भएको लेडिज साइकलको पछाडि केरीयरमा निरन्जन यादवलाई राखी हाँस्दै गफ गर्दै जादै गरेको देखेको हुँ र बच्चा बेलुकासम्म नआएपछि खोजतलास भइरहेको थियो । मिति २०६७।३।२१ गते भारत सुपौल करजाइनमा निरन्जन यादवको मृत लास फेला परेको सुनेको हुँ र निज बालकलाई सञ्जय कुमार पोद्दार, अरूण झासमेतले अपहरण गरी घाँटी रेटी कर्तव्य गरी मारेको हुँदा कानूनबमोजिम कडा कारवाही गरिपाउँ भन्ने वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले गरिदिएको कागज।

मिति २०६७।३।१९ गते जिल्ला सुनसरी भोक्राहा घर भएका निरन्जन यादवलाई निजैको घरबाट अपहरण गरी धारिलो हतियारले घाँटी रेटी विभत्स हत्या गरेको वारदात स्थापित हुन आएकोले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १, ३, ७, ९ र १२ नं. बमोजिम कसुर गरेको देखिँदा ऐ. को ३ नं. बमोजिम प्रतिवादीहरूलाई सजाय गरी ऐ. महलको ७ र ९ नं. बमोजिम थप सजाय हुन ऐ. १२ नं. बमोजिम क्षतिपूर्ति भराई पाउन र प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) र १३(४) नं. को कसुरसमेत गरेकोले प्रतिवादी अरूण झालाई सोही महलको १३(१) नं. बमोजिम सजाय हुन, सञ्जयकुमार पोद्दार र गौरी झालाई ऐ.महलको १३(४) नं. बमोजिम सजाय हुन साथै निजहरूले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(ग) को कसुर गरेको हुँदा ऐ. को दफा १५(ग) बमोजिम सजाय हुन र फरार प्रतिवादी अरूण झाको नाउँमा कानूनबमोजिम म्याद जारी हुन र गौरी झा विदेश भएकोले निज नेपाल सरहदमा फेलापरे यसै अभियोगबाट कारवाही हुन मागदाबी लिई पेस भएको अभियोग पत्र।

मृतक निरन्जन यादवलाई निजकै घरभन्दा केही टाढा खेतबाट म र सहअभियुक्त अरूण झा भई मिति २०६७।३।१९ गते अ.४ बजेतिर अपहरण गरी लगेका हौं । मैले निज बच्चालाई घुम्न जाउँ भनेर साइकलमा हामीले निजलाई काखमा राखेर अरूण झाले देखाएको बाटो हुँदै भारतको भीमनगरसम्म पुऱ्याएका हौं । उक्त स्थानबाट म फर्किई आएँ निज अरूण झाले के कहाँसम्म लगे थाहा भएन, बच्चालाई निजले नै कर्तव्य गरे गराएका हुन् कर्तव्य गरी मार्नमा मेरो संलग्नता छैन, अपहरण गरी फिरौती माग्नुपर्छ र सो रकमको आधा रकम तिमीलाई दिन्छु भनेकोले मैले निजलाई अपहरण गर्न सहयोगसम्म गरेको हुँ । म भीमनगरबाट फर्केर आएपछि निज अरूण झालाई फोनबाट कुरा गर्दा बच्चा मऱ्यो भन्यो र के भएर मऱ्यो भन्दा बच्चा निकै रोयो तसर्थ निजलाई मैले विषालु पदार्थ खुवाएँ तत्पश्चात् उ मऱ्यो भन्यो, घटनामा गौरी

झा संलग्न थिए वा थिएनन मलाई थाहा भएन, गल्ती भएको हुँदा कानूनले जो ठहर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी सञ्जय कुमार पोद्दारले अदालतमा गरेको बयान।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादी सञ्जय कुमार पोद्दारलाई पुर्पक्षको निमित्त अ.बं. ११८ को देहाय दफा २ नं. बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने मिति २०६७।४।१८ गते को सुरू अदालतको थुनछेक आदेश।

प्र. अरूण झाको नाउँमा यस अदालतबाट जारी भएको ७० दिने म्याद मिति २०६७।५।२२ मा तामेल भएकोमा निज उपस्थित नभई सुरू म्याद गुजारी फरार रहेको । आदेशानुसार जाहेरवाला भुवनेश्वर यादव, वस्तुस्थिति मुचुल्काका मानिस र मौकामा कागज गर्ने मानिसहरू तारादेवी, सीतादेवी मगर, गीता उराव, सत्यदेव यादवले यी प्रतिवादीसमेतका मिलोमतोवाट मृतक निरन्जन यादवलाई अपहरण गरी कर्तव्य गरी मारेको हो भनी गरिदिएको बकपत्र मिसिल सामेल रहेको।

फरार प्रतिवादी अरूण झाका हकमा अ.बं. १९० नं. बमोजिम मुल्तबी राख्दै अर्का प्रतिवादी सञ्जयकुमार पोद्दारले दाबीबमोजिम कसुर गरेको देखिँदा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. एवं ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम कसुर गरेको देखिँदा निजलाई जन्म कैदसमेतको सजाय हुने ठहर्छ भन्नेसमेतको सुनसरी जिल्ला अदालतको फैसला।

घटनापछि गाउँ समाजको ठूलो दबाब र आफ्नो तथा परिवारको सुरक्षाको खातिर बाध्य भएर अपहरणसम्ममा आफ्नो संलग्नता स्वीकार गरे पनि नाबालकलाई कर्तव्य गरी मारेको भन्ने कुरा मिसिल संलग्न कुनै पनि तथ्य तथा प्रमाणले पुष्टि गरेको अवस्था छैन । केवल जाहेरवालालगायत वादीका एकतर्फी भनाईहरू र जबरजस्ती मलाई गराइएको साबितीको आधारमा कसुरदार ठहर गरिएको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण रहेको हुँदा उल्टी गरी सफाई पाउँ भन्ने पुनरावेदक प्रतिवादी सञ्जयकुमार पोद्दारको पुनरावेदन अदालतमा परेको पुनरावेदन पत्र।

सुरू जिल्ला अदालतको अभियोग दाबीबमोजिम अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नं. र ज्यानसम्बन्धी महलको १३(४) नं. को कसुर स्थापित गरिसकेपछि उल्लिखित आधारहरूबाट प्रतिवादी सञ्जयकुमार पोद्दारलाई सोही महलको ७ र ९ नं. हुने थप सजाय तथा १२ नं. बमोजिम क्षतिपूर्ति भराई दिने र मानव बेचबिखन ओसार पसार (नियन्त्रण) ऐन, २०३४ को दफा ४(ग) को कसुरमा ऐ. दफा १५(ग) को अभियोग दाबीतर्फ सजाय गर्नुपर्नेमा सो नगरिएको हदसम्मको सुरूको फैसला त्रुटिपूर्ण रहेकोले उल्टी गर्दै अभियोग मागदाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन अदालतमा परेको पुनरावेदन पत्र।

जाहेरवालाले अदालतमा आई गरेको किटानी बकपत्र, वस्तुस्थिति मौकामा कागज गर्ने व्यक्तिहरूले गरेको बकपत्र र यी प्रतिवादीले अदालतमा गरेको बयानको आधार र प्रमाणबाट यी प्रतिवादीसमेत संलग्न भई मृतक निरन्जन यादवलाई चकलेट खुवाउँछु भनी ललाई फकाई अपहरण गरी भारतको भीमनगर पुऱ्याई हल्ला हुने डरले घाँटी रेटी हत्या गरेको अभियोग पुष्टि हुन आयो । यसरी प्रतिवादी सञ्जयकुमार पोद्दारले दाबीबमोजिम कसुर गरेको देखिँदा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. एवं ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम निजलाई जन्म कैदसमेतको सजाय गर्ने गरी सुरू जिल्ला अदालतले गरेको फैसला अन्यथा मान्न मिल्ने देखिएन । तसर्थ: पुनरावेदक प्रतिवादी सञ्जयकुमार पोद्दारलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. तथा ज्यानसम्बन्धी महलको १३(४) नं. को कसुरमा जन्मकैद सजाय हुने ठहऱ्याई सुरू सुनसरी जिल्ला अदालतवाट मिति

२०६८।३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९/२/३० को फैसला।

मैले नै जाहेरवालाको नाति मृतक निरन्जनलाई साइकलमा लगेको हो भनी देख्ने कोही छैन। साइकल दशीको रूपमा बरामद भएको पनि छैन। मलाई चिनाई सनाखतसमेत गराइएको अवस्था छैन। जाहेरीमा मेरो भूमिका के हो ? सो पनि खुलाएको छैन यस्तो अवस्थामा किटानी जाहेरी मानेर मलाई सजाय गरेको कानूनसम्मत छैन। वारदातपछि गाउँ समाजको दबाबबाट मलाई अदालतमा अपहरण गरेको स्वीकार गर्न लगाई बयान गराइएको हो। त्यसमा पनि मैले स्वीकार गरेको अपहरणभन्दा बढी कसुर कायम गरी सजाय गरिएको छ। सोसमेत कानूनविपरीत छ। अतः म विरूद्ध कुनै पनि ठोस प्रमाण नरहेको अवस्थामा मलाई जन्मकैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, विराटनगरसमेतको फैसला उल्टी गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सञ्जयकुमार पोद्दारको यस अदालतमा परेको पुनरावेदन पत्र।

प्रतिवादी / प्रत्यर्थीलाई ज्यानसम्बन्धी महलको दाबीअनुसार कसुर ठहर भएको छ तथा अपहरण तथा शरीर बन्धकको हकमा ३ नं. बमोजिम कसुरसमेत ठहर भएको छ तर सोही महलको ७ नं. बमोजिम २ जना भई अपराध गरेबापत र ९ नं. बमोजिम नाबालक विरूद्ध अपराध गरेबापत थप सजाय दिनेतर्फ तथा १२ नं. बमोजिम क्षतिपूर्ति भराई दिनेतर्फ फैसला मौन छ। मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को ४(ग) को कसुरमा १५(ग) को मागदाबीतर्फ समेत मौन रहेकोसमेतको हदसम्म फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ। कसुर कायम भएपछि सजाय तोकिनुपर्नेमा सो नभएको र हुनपर्ने थप सजायहरू नगरेको फैसला त्रुटिपूर्ण रहेकोले बदर गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट पर्न आएको पुनरावेदन पत्र।

यसमा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम कसुर ठहर भएपछि सोही नं. बमोजिम प्रतिवादीलाई जरिवाना गर्नुपर्नेमा सो गरेको नदेखिनुको साथै, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को कसुरमा दाबी गरेको सम्बन्धमा समेत केही नबोली भएको पुनरावेदन अदालत, विराटनगरको फैसला मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. तथा अ.बं. १९२ नं. को त्रुटि भई फरक पर्ने देखिँदा र दुवै पक्षको पुनरावेदन परेको देखिँदा परस्पर सुनाई पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७४/१/६ को आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुरेश महतोले अदालतमा प्रतिवादी पूर्णरूपमा साबित छैनन्। प्रहरिसमक्षको साबितीलाई ठोस प्रमाणद्वारा पुष्टि गर्न सकेको अवस्था पनि छैन। यस्तोमा नेपाल सरहद बाहिर भएको वारदातको सम्बन्धमा समेत प्रतिवादीलाई कसुरदार कायम गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले उल्टी गरिपाउँ भनी गर्नुभएको बहस सुनी मिसिलसमेत अध्ययन गरी विचार गर्दा पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको छ, छैन भनी निर्णय दिनुपर्ने देखिन आयो।

२. यसमा निर्णयतर्फ विचार गर्दा, प्रतिवादी सञ्जय कुमार पोद्दारसमेत भई ७ वर्षको नाबालक निरञ्जन यादवलाई अपहरण गरी विदेश भारत पुऱ्याई घाँटी काटी ज्यान मारेकोले अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १, ३, ७, ९ र १२ नं. को कसुरमा ऐ. को ३ नं. बमोजिम सजाय गरी ऐ. को ७ र ९ नं. बमोजिम थप सजाय गरी १२ नं. बमोजिम क्षतिपूर्तिसमेत भराई पाउन र यी पुनरावेदक प्रतिवादीलाई १ र १३(४) नं. को कसुरमा सजाय गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण)

ऐन, २०६४ को दफा ४(ग) को कसुरमा दफा १५(ग) बमोजिमसमेत सजाय हुन माग भई अभियोग पत्र दायर भएकोमा सुरू जिल्ला अदालतबाट यी पुनरावेदक / प्रतिवादीलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. एवं ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिमको कसुरमा जन्मकैदको सजाय हुने ठहऱ्याई फैसला भएको र सोउपर वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन अदालतमा पुनरावेदन परेकोमा सुरू फैसला सदर हुने ठहरी पुनरावेदन अदालतबाट भएको फैसलाउपर वादी तथा प्रतिवादी सञ्जयकुमार पोद्दारको यस अदालतमा दोहोरो पुनरावेदन पर्न आएको देखियो।

३. जाहेरवाला भुवनेश्वर यादवले दिएको २०६७/३/२२ को जाहेरी दरखास्तमा नाबालक नाति मृतक निरञ्जन यादवलाई २०६७/३/१९ गते दिउसो अपरिचित व्यक्तिले साइकलमा राखी लिई गएको तथा पछि निज नाबालकको लास विदेश भारतमा फेला परेको भन्ने उल्लेख छ । पछि पुनः दिएको दोस्रो जाहेरीमा यी पुनरावेदक प्रतिवादी सञ्जय कुमार पोद्दारले नाति निरञ्जनलाई साइकलमा राखी लगेको भन्ने किटानी गरी लेखाई दिएको देखिन्छ। नाबालक निरञ्जन यादवलाई सेतो क्याप लगाएको व्यक्तिले लेडिज साइकलमा राखी लगेको भन्ने घटनास्थल मुचुल्का रहेको र सुनसरी जिल्ला हरिपुर ९ स्थित मुन्ना देवले रेखदेख गरेको घरभित्र सञ्जय पोद्दारले राखेको ATLAS लेखिएको बीचमा हरियो निलो रङ्ग भएको लेडिज साइकल बरामद भएको तथ्य बरामदी मुचुल्काबाट देखिन्छ । मृतकको दुवै कानबाट रगत निस्की सुकेको, घाँटीमा धारिलो हतियारले काटेको गहिरो घाउचोट रहेको भन्ने लासजाँच मुचुल्काबाट देखिन्छ । तथा घाँटीमा काटेको कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएको अवस्था छ। प्रतिवादी सञ्जय कुमार पोद्दारले अनुसन्धानमा गरेको बयान, अदालतको बयान तथा बुझिएका मिना मगर, चित्रदेवीलगायतका व्यक्तिहरूको कागज र बकपत्र व्यहोरासमेतको आधारबाट नाबालक वर्ष ७ को निरञ्जन यादवलाई अपहरण गरी घाँटी काटी ज्यान मारिएको भन्ने वारदात पुष्टि हुन आयो।

४. अब प्रस्तुत वारदातमा यी पुनरावेदक/ प्रतिवादीको के कस्तो संलग्नता छ र के कस्तो सजाय हुनुपर्ने हो भन्नेतर्फ विचार गर्दा, बुझिएका मिना मगर, गीता उरावले २०/२५ वर्षको मानिसले बीचमा निलो हरियो रङ्ग भएको लेडिज साइकलमा निरञ्जन यादवलाई राखी लगेको देखेको हो भनी कागज गरिदिएको तथा मृतककी आमा तारादेवीले २०६७/३/१९ गते प्रतिवादी सञ्जय पोद्दार दिउँसो घरमा आएका र फोन नम्बर दिई गएका थिए भनी खुलाएको देखिन्छ । बुझिएका मुन्नाकुमार देवले प्रतिवादी सञ्जयले आफ्नो पिसिओबाट विदेश फोन गरेको र साइकल राखिदिनु भनेकोले राखिदिएको थिएँ भनी कागज गरिदिएको समेत देखिएको छ । यी पुनरावेदक प्रतिवादी सञ्जय कुमार पोद्दारले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा फिरौती माग्ने सल्लाह भएबमोजिम नाबालक निरञ्जन यादवलाई आफैँले अपहरण गरी साइकलमा राखी लगेको र अरूण झासमेतको साथ भई भारत पुऱ्याई छाडेको र पछि बच्चाले धेरै हल्ला गर्न रून कराउन थालेपछि फोनबाट निजलाई मारिदिने सल्लाह भएअनुसार मारेको हो भनी बयान गरेको देखिन्छ। बुझिएका असोक शाह, चित्रादेवी मगरसमेतका व्यक्तिहरूले साइकलमा राखी नाबालक निरञ्जनलाई लिई जाने व्यक्तिलाई देखेको हो, देखे चिन्नसक्छु भन्नेसमेतको व्यहोरा लेखाई कागज गरिदिएको देखिन्छ । सोबमोजिम चित्रदेवी, गिता उरावसमेतका व्यक्तिहरूबाट सनाखत गराउँदा निज प्रतिवादी सञ्जय पोद्दारलाई चिनी सनाखतसमेत गरिदिएको देखिन्छ । बुझिएका हरिनारायण पोद्दार, गंगा यादव, लक्ष्मी मण्डलसमेतका व्यक्तिहरूले यी पुनरावेदक प्रतिवादीले मृतकको अपहरण गरी ज्यान

मारेको हो भनी लेखाइदिएको देखिएको र प्रतिवादी सञ्जय कुमार पोद्दारले अदालतमा आई बयान गर्दासमेत मृतकलाई आफैँले अपहरण गरी लगेको हो भनी लेखाई दिएको देखिन्छ।

५. मृतक निरञ्जन यावदलाई लेडिज साइकलमा राखी सेतो क्याप लगाएको व्यक्तिले लगेको देखेको भनी मिना मगरसमेतका व्यक्तिहरूले भनेकोमा त्यसरी लैजानेले व्यक्ति यी पुनरावेदक प्रतिवादी सञ्जय पोद्दार रहेको कुरा सनाखत कागज तथा हरिनारायण पोद्दारसमेतका बुझिएका व्यक्तिहरूको कागजबाट पुष्टि भएको देखिन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा अपहरण गर्न मात्र संलग्न भएको ज्यान मार्ने कुरामा सहमति थिएन भनी भने तापनि अधिकारप्राप्त अधिकारीसमक्षको बयान करकाप वा डरत्रासबाट भएको देखिने आधार छैन । ज्यान मार्ने कुरामा सहमति थिएन भनी भने तापनि अर्का प्रतिवादी अरूण झासमेतको सल्लाहबमोजिम फिरौती लिने योजना बनाई आफैँले निज मृतक निरञ्जन यादवलाई घरबाट लिई गएको तथा प्रतिवादी अरूण झासँग राजमार्गमा भेट भई निजसमेत सँगै भई भारत पुऱ्याएको भन्ने प्रतिवादीको बयानबाट खुल्न आएको छ । प्रतिवादी अरूण झासँग मृतक रहेको र निजसँग यी पुनरावेदक प्रतिवादीको पटकपटक फोन सम्पर्क भएको तथ्य मिसिल संलग्न call detail बाट देखिएको हुँदा फोनबाटै नाबालकलाई मार्ने सल्लाह भएको भन्ने यी पुनरावेदकको अनुसन्धान अधिकारीसमक्षको बयान तथ्यपरकरूपबाट पुष्टि भइरहेको देखिन्छ । निजले अपहरणमा प्रयोग गरेको लेडिज साइकल मुन्नादेवलाई भनी निजकै पि.सि.ओ. नजिकको घरमा राखेको भन्ने कुरा साइकलको बरामदी मुचुल्का तथा मुन्नादेवको कागजसमेतबाट पुष्टि भइरहेको देखिएको छ । बुझिएका सत्यदेव यादव, गीता उराव, चित्रादेवी मगर, तारादेवीलगायतका व्यक्तिहरू तथा जाहेरवालासमेतले अदालतमा आई बकपत्र गरी अनुसन्धानको क्रममा भएको कागज समर्थन गरी बकपत्र गरिदिएको तथा लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका यावत् तथ्य प्रमाणको आधारमा यी पुनरावेदक प्रतिवादी सञ्जय कुमार पोद्दारसमेत भई फिरौती माग्ने योजना बनाई नाबालक वर्ष ७ को निरञ्जन यादवलाई अपहरण गरी भारत पुऱ्याई पुनरावेदककै योजना र वचनमा घाँटी काटी ज्यान मारे मराएको भन्ने सप्रमाण पुष्टि हुन आयो।

६. अब प्रस्तुत वारदात विदेश भारतमा भएकोले नेपाल कानूनबमोजिम क्षेत्राधिकारभित्र नपर्ने हो कि भन्नलाई प्रस्तुत अपराध नाबालकलाई संरक्षकको मन्जुरीबेगर अपहरण गरी भारत पुऱ्याई ज्यान मारेको कसुरको वारदात भएको देखिएको हुँदा सो कसुर अपराधमा लागू हुने मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ११ नं. को कानूनी व्यवस्थासमेतलाई अवलोकन गर्नुपर्ने हुन्छ। उक्त ११ नं. मा उल्लेख भएअनुसार "कसैले कुनै व्यक्तिलाई नेपाल बाहिर लगी यस महलबमोजिम अपहरण गर्ने वा शरीर बन्धक लिने वा नेपाल नागरिकलाई नेपाल बाहिर यस महलबमोजिम अपहरण गर्ने वा शरीर बन्धक लिने कार्य गरे गराएको रहेछ भने निजले नेपालभित्रै कसुर गरेसरह मानी त्यस्तो व्यक्तिलाई यस महलबमोजिम सजाय गर्नुपर्छ" भन्ने बहिर्क्षेत्रीय प्रभाव (extraterritorial jurisdiction) प्रदान गर्ने गरी कानूनी व्यवस्था रहेको देखियो। उल्लिखित कानूनी व्यवस्थाको विवेचना गरी हेर्दा नेपाल बाहिर बसी अपहरण तथा शरीर बन्धक लिने महलअन्तर्गतको कसुर गरेमा नेपालभित्रै कसुर गरेसरह मानिने र कसैले नेपाली नागरिकउपर नेपाल बाहिर यस महलबमोजिमको कसुर गरेको अवस्थामा पनि नेपालभित्रै कसुर गरेसरह मानी सजाय गर्ने व्यवस्थासमेत गरेको देखिन्छ । यसरी नेपाल बाहिर बसी नेपालमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअनुसारको कसुर गर्ने र जहाँसुकै बसी नेपाली नागरिक विरूद्ध अपहरण गर्ने तथा शरीर बन्धक

लिनेको महलअनुसारको कसुर गरेमा नेपालभित्रै गरेको मानी क्षेत्राधिकार कायम हुने गरी कानूनी व्यवस्था गरेको देखियो । सोही महलको ८ नं. ले "कसैले कुनै व्यक्तिलाई अपहरण गरी वा शरीर बन्धक लिई निजउपर प्रचलित कानूनबमोजिम सजाय हुने अन्य कुनै कसुर गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई यस महलबमोजिम हुने सजायको अतिरिक्त सो कानूनबमोजिम हुने सजायसमेत गर्नुपर्छ" भन्ने व्यवस्था रहेबाट अपहरण गरी बन्धक बनाएको व्यक्तिउपर अन्य कसुर भएमा समेत सोही महलले निर्देश गरेअनुसार सजाय गरिने भएकोले अपहरण गर्ने तथा शरीर बन्धक लिने कसुरसँगै भएका अन्य कसुरका हकमा समेत बहिर्क्षेत्रीय क्षेत्राधिकार लागू हुने स्पष्ट देखिन्छ । प्रस्तुत वारदातमा नेपालबाट नाबालकलाई अपहरण गरी भारत पुर्‍याई भारतमा नै रहेको अवस्थामा ज्यान मारेकोले कर्तव्य गरी ज्यान मारेको कसुरमा समेत बहिर्क्षेत्रीय क्षेत्राधिकार लागू हुने अवस्था रहने भएकोले नेपालकै अदालतको बहिर्क्षेत्रीय क्षेत्राधिकार (Extra Territorial Jurisdiction) लागू हुने देखिएकोले सुनसरी जिल्ला अदालतको क्षेत्राधिकारको अभाव रहेको भन्ने पुनरावेदकतर्फको कानून व्यवसायीको जिकिरसँग सहमत हुन सकिएन ।

७. प्रतिवादीउपर अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं., ७ नं. र ९ नं. समेतको कसुरमा सजायको माग दाबी रहेको सन्दर्भमा उक्त ३ नं. को कानूनी व्यवस्था हेर्दा "कसैलाई ज्यान लिने, कुटपिट गरी चोट पुर्‍याउने... छुटकारा रकम (फिरौती) लिने वा शरीर बन्धकमा लिएको व्यक्ति वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने... उद्देश्यले यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना र लेखिएबाहेक अन्य उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा चार वर्षदेखि आठ वर्षसम्म कैद र पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । तथा सोही महलको ७ नं. मा "दुई वा दुईभन्दा बढी व्यक्ति मिली वा संगठितरूपमा कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए सो काममा संलग्न सबै व्यक्तिलाई यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेकोले अपहरण गर्ने तथा शरीर बन्धक लिने कसुर एकभन्दा बढी व्यक्ति मिलेर गरेको वा संगठितरूपमा गरेको अवस्थामा अन्य सजायको अतिरिक्त थप २ वर्ष कैद हुने देखिन्छ । त्यस्तै गरी ९ नं. मा रहेको व्यवस्था हेर्दा "यस महलको १,२ वा ३ नं. बमोजिमको कसुर महिला वा नाबालक विरूद्ध गरिएको भए यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ" भनी नाबालक र महिला विरूद्ध अपहरण गर्ने तथा शरीर बन्धक लिने कसुर भएमा थप २ वर्ष सजाय गर्नुपर्ने गरी कानूनी व्यवस्था गरेको देखियो । ७ नं. र ९ नं. मा "गर्नुपर्छ" भन्ने वाक्यांश रहेकोले थप सजाय गर्ने उक्त कानूनी व्यवस्थाहरू बाध्यात्मक रहेकोसमेत देखिन आउँछ । अभियोग दाबीअनुसारको कसुर गरेबापत हुने सजायबारे विवेचना नगरी अधिकतम सजाय हुने कसुरसम्मको सजाय हुने भनी ठहर गर्नुलाई कानूनअनुरूपको निर्णयको संज्ञा दिन सकिँदैन । धेरै कसुरबापत भएको सजायको हद तोक्ने सम्बन्धमा प्रचलित कानूनबमोजिम सजाय गाभिन सक्ने हुँदा कसुरदारले आरोपित कसुरहरू गरे नगरेको कुरा ठहर गर्नु न्यायकर्ताको कर्तव्य हुन आउँछ ।

८. अतः माथि विवेचित तथ्य प्रमाणको आधारमा पुनरावेदक प्रतिवादी सञ्जय कुमार पोद्दारले नाबालक वर्ष ७ को निरञ्जन यादवलाई संरक्षकको मन्जुरी बेगर अपहरण गरी कर्तव्य गरी ज्यान मारेको तथ्य पुष्टि भएको हुँदा निज प्रतिवादी सञ्जय कुमार पोद्दारलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम कसुर कायम गरिसकेपछि कानूनले निर्धारित सजाय गर्नुपर्नेमा सोबमोजिम सजाय नगरेको

र ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिमको कसुरमा जन्मकैद हुने मात्र ठहऱ्याई भएको सुनसरी जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।२।३० को फैसला केही उल्टी भई निज पुनरावेदक / प्रतिवादी सञ्जय कुमार पोद्दारलाई ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैद हुने तथा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ७ वर्ष कैद हुन्छ। दुई जना वा सोभन्दा बढी व्यक्ति मिली अपहरण गरेको देखिएकोले ऐ. महलको ७ नं. बमोजिम थप २ वर्ष कैद र नाबालक विरूद्ध कसुर गरेकोसमेत देखिएकोले ऐ. महलको ९ नं. बमोजिम थप २ वर्ष कैद हुने र ऐ. महलको ३ नं. बमोजिम निज प्रतिवादीलाई रू.५०,०००/- जरिवाना हुने र ऐ. महलको १२ नं. बमोजिम प्रतिवादीबाट मृतकका हकदारले प्रतिदिन रू.२,०००/- का दरले क्षतिपूर्तिसमेत भराई पाउने ठहर्छ। कर्तव्य ज्यानको कसुरमा जन्मकैदको सजाय भइसकेको र दण्ड सजायको ८ र ४१ नं. बमोजिम सानो खतको कैद खापिने भएकोले अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३, ७ र ९ नं. बमोजिमको कैद सजाय थप गरिरहन परेन । मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(ग) अनुसारको कसुर भएको पुष्टि हुन नसकेकोले त्यसतर्फ समेत सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

पुनरावेदक / प्रतिवादी सञ्जय कुमार पोद्दारलाई ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैद हुने तथा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम ७ वर्ष कैद तथा ऐ. को ७ र ९ नं. बमोजिम थप ४ वर्ष कैद हुने ठहरेकोमा दण्ड सजायको ८ र ४१ नं. बमोजिम सानो खतको कैद खापिने भएकोले जन्मकैदको लगत राखी असुल गर्नु भनी सुरू जिल्ला अदालतमा लेखी पठाइ दिनू .............................१

मृतकका हकवालाले पुनरावेदक प्रतिवादीबाट प्रतिदिनको रू.२,०००/- का दरले हुने जरिवाना प्रतिवादीबाट दिलाई भराई पाउँ भनी नेपाल सरहदको जेथा देखाई दरखास्त दिएमा कानूनबमोजिम भराई दिन लगत राख्नु भनी सुरू अदालतमा लेखी पठाइ दिनू .........................................................२

प्रस्तुत फैसलाको जानकारी पुनरावेदक प्रतिवादीलाई दिई मुद्दाको दायरी लगत कट्टा गरी अभिलेख शाखामा बुझाइ दिनू ..................................................३

उक्त रायमा सहमत छु।
न्या. तेजबहादुर के.सी.

इजलास अधिकृत: सुमनकुमार न्यौपाने
इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

## निर्णय नं. ९८९२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
फैसला मिति : २०७३।०५।१६
०७०-CR-०१३६

मुद्दाः नकबजनी चोरी

पुनरावेदक / वादी : सुजन ढुंगानाको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : नुवाकोट जिल्ला आप्रा गा.वि.स. वडा नं. ३ बस्ने नगेन्द्र खनालसमेत

- **अनुसन्धानको क्रममा लेखाई दिएको व्यहोरालाई नै सर्वोत्तम प्रमाण मानी त्यसैको आधारमा प्रतिवादीहरूलाई सजाय गर्न मिल्दैन । सो अनुसन्धानको क्रममा लेखाइएको व्यहोरा आफैँमा निष्पक्ष प्रमाण हुन सक्दैन । त्यस्ता साक्षी प्रमाणलाई प्रतिवादीहरूले समेत परीक्षण गर्न मौका पाएको खण्डमा मात्र सोलाई विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने ।**

(प्रकरण नं. ४)

पुनरावेदक / वादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता सुरेन्द्र थापा
प्रत्यर्थी / प्रतिवादीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः
मा.जिल्ला न्यायाधीश श्री सुष्मालता माथेमा
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री केशरीराज पण्डित
माननीय न्यायाधीश श्री विष्णुदेव पौडेल

फैसला

**न्या. चोलेन्द्र शमशेर ज.ब.रा.:** न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भई पुनरावेदनको रोहमा दर्ता भई यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ:-

मिति २०६१।६।१८ का बिहान राति २:३० बजेको समयमा चोरहरू आई घरको गारो भत्काई भित्र पसी मोटरसाइकलको हेण्डल लक तोडी चोरी गरी लगेको कुरा बिहान उठेपछि मात्र थाहा पाएको हो । उक्त मोटरसाइकल खोजतलास गर्दा फेला पार्न नसकेकोले मोटरसाइकल पता लगाई पाउँ भनी सुजन ढुंगानाको मिति २०६१।६।१८ को जाहेरी दर्खास्त ।

काठमाडौं जिल्ला महाँकाल गा.वि.स. वडा नं. ७ स्थित जाहेरवाला सुजन ढुंगानाको घरभित्र राखिएको ठाउँबाट बा.१६प. ९०१० नं. को मोटरसाइकल हराएको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६१।३।१८ मा बा.१६प.९०१० नं. को मोटरसाइकल घरबाटै चोरी भएको भनी जाहेरी दर्खास्त दिएपश्चात् चोरी गर्ने व्यक्तिहरूको खोजी गर्ने क्रममा नगेन्द्र खनाल, महेश दुलाल, राजु पण्डित, किशोर अधिकारी, विनोद पण्डितसमेतले चोरी गरेको यकिन हुन आएकोले निज विनोद पण्डितसमेतलाई पक्राउ गरी चोरीको महलअनुसार कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको सुजन ढुंगानाको मिति २०६१।७।१२ को जाहेरी दरखास्त ।

मिति २०६१।६।१८ को राति सुजन ढुंगानाको नाउँमा रहेको बा.१६प.९०१० नं. को मोटरसाइकल नम्बर प्लेट परिवर्तन गरी बिक्री वितरणको सरसल्लाहको लागि मोटरसाइकल कोटेश्वर चोकको उत्तर पूर्वतर्फको बसस्टपको पार्किङको सडक पेटीमा राखी नगेन्द्र खनाल, महेश दुलाल, राजु पण्डित उभिरहेको अवस्थामा फेला पारी पक्राउ गरी दाखिला गर्न ल्याएका भन्ने प्रहरी प्रतिवेदन तथा बरामदी मुचुल्का ।

मिति २०६१।६।१७ को राति अर्थात् मिति २०६१।६।१८ को १:०० बजेको समयमा म महेश दुलाल, किशोर अधिकारीसमेत ३ जना किशोर अधिकारीको घरबाट चप्पल कारखाना गई सो स्थानमा राजु पण्डित, विनोद पण्डित अर्को नाम थाहा नभएको व्यक्तिसँग भेट भई जाहेरवालाको घरमा गई

म, विनोद पण्डित र महेश दुलाल बाहिर बसी कोही आउँछ कि भनी घर बाहिर बस्यौं । अन्य नाम थाहा नभएको मानिस जाहेरवालाको घरभित्र पसी उक्त घरको ४ इन्चको गाह्रोसमेत तोडी जाहेरवालाको घरमा भएको बा.१६प.९०१० नं. को मोटरसाइकल निकाली सोही स्थानबाट ५०० मिटरसम्म डोऱ्याई उक्त मोटरसाइकल बिक्री गरी पैसा बाँडी लिने सहमतिमा म महेश दुलाल र किशोर अधिकारी मोटरसाइकल चढी किशोर अधिकारीको घरमा गयौं, पछि विनोद पण्डितले मोटरसाइकल किन्ने मानिस लिई आउँछु भनेकोले मोटरसाइकल देखाउन कोटेश्वर चोकमा लाँदा प्रहरीद्वारा पक्राउमा परी आएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी नगेन्द्र खनालले अनुसन्धानको क्रममा गरेको बयान ।

मिति २०६१।६।१७ को राति अर्थात् मिति २०६१।६।१८ को १:०० बजेको समयमा म, नगेन्द्र खनाल, किशोर अधिकारीसमेत ३ जना किशोर अधिकारीको घरबाट चप्पल कारखाना गई सो स्थानमा राजु पण्डित, विनोद पण्डित अर्को नाम थाहा नभएको व्यक्तिसँग भेट भई जाहेरवालाको घरमा गई म, विनोद पण्डित र महेश दुलाल कोही आउँछ कि भनी घर बाहिर बस्यौं । अन्य नाम थाहा नभएको मानिस जाहेरवालाको घरभित्र पसी उक्त घरको ४ इन्चको गाह्रोसमेत तोडी जाहेरवालाको घरमा भएको बा.१६प.९०१० नं. को मोटरसाइकल निकाली सोही स्थानबाट ५०० मिटरसम्म डोऱ्याई उक्त मोटरसाइकल बिक्री गरी पैसा बाँडी लिने सहमतिमा म, नगेन्द्र खनाल र किशोर अधिकारी मोटरसाइकल चढी किशोर अधिकारीको घरमा गयौं, पछि विनोद पण्डितले मोटरसाइकल किन्ने मानिस लिई आउँछु भनेकोले मोटरसाइकल देखाउन कोटेश्वर चोकमा लाँदा प्रहरीद्वारा पक्राउमा परी आएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी महेश दुलालले अनुसन्धानको क्रममा गरेको बयान ।

विनोद अधिकारीले एउटाको घरबाट मोटरसाइकल ल्याउनु पर्छ जानुपर्छ है भनेकाले मिति २०६१।६।१७ को बेलुका अं. २४:०० बजेको समयमा विनोद पण्डितसमेत भई चोरी गरेका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी राजु पण्डितले अनुसन्धानको क्रममा गरेको बयान ।

मिति २०६१।७।१८ दिन जाहेरवालाको मोटरसाइकल चोरी भएको हो । सो मोटरसाइकल खोजतलास गर्दै जाँदा त्यसको नम्बर परिवर्तन गरी बिक्री गर्न हिँडेको बेला मोटरसाइकलसहित मानिसहरू पक्राउ परेका हुन् भनी जाहेरवालाले भनेपछि थाहा पाएको हो भन्नेसमेत व्यहोराको पारस कोइरालाले अनुसन्धानको क्रममा गरिदिएको कागज ।

मिति २०६१।७।१८ मा जाहेरवालाको मोटरसाइकल चोरी भएको कुरा पारस कोइरालाले भनेपछि थाहा पाएको हो । पछि उक्त मोटरसाइकल सहित मानिसहरू समेत पक्राउ परेका हुन् भनी थाहा पाएँ भन्नेसमेत व्यहोराको निराजन भट्टराइले अनुसन्धानको क्रममा गरेको कागज ।

मिति २०६१।६।१८ को बिहान राति २:३० बजेको समयमा प्रतिवादीहरू किशोर अधिकारी, नगेन्द्र खनाल, महेश दुलाल, राजु पण्डित र विनोद पण्डितले जाहेरवालाको घरमा गई पर्खाल भत्काई बा.१६प. ९०१० नं. को मोटरसाइकल चोरी गरी लिएको हुँदा प्रतिवादीहरूको कार्य चोरीको महलको १ र ३ नं. बमोजिमको कसुर देखिन आएकोले प्रतिवादीहरू नगेन्द्र खनाल, महेश दुलाल, राजु पण्डित र विनोद पण्डितलाई सोही महलको १४(१) नं. बमोजिम सजाय हुन तथा प्रतिवादीहरू महेश दुलाल र नगेन्द्र खनालको उमेर १५ वर्ष भन्ने देखिँदा निजहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुने र जाहेरवालाको मोटरसाइकल बा.१५प.३३५४ जाहेरवालालाई फिर्ता दिलाई पाउँ भन्नेसमेत व्यहोराको अभियोग माग दाबी ।

मेरो कोठासँगै मासु पसल गरी बस्ने किशोर

अधिकारीले दोकान लोकन्थलीमा सर्ने भएकोले हामी सामान ओसार्न गयौं । बेलुका फर्कंदा ढिलो भएकोले किशोर अधिकारीले मोटरसाइकल लिई जाउँ भनेकोले नगेन्द्र खनाल र म मोटरसाइकलमा आउँदा लोकन्थलीमा चेक हुँदा हामीसँग कागजपत्र नभएकोले प्रहरीले पक्राउ गरेको हो । मोटरसाइकल किशोर अधिकारीले आफ्नै हो भन्थ्यो पछि चोकीमा आएपछि उसको मोटरसाइकल होइन रहेछ भन्ने थाहा भयो । राजु पण्डितलाई पछि समातेको हो, उक्त मोटरसाइकल मैले चोरी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी महेश दुलालले काठमाडौं जिल्ला अदालतमा गरेको बयान।

म र साथी महेश दुलाल, किशोर अधिकारीको पसल सार्न सहयोग गर्न लोकन्थली गयौं, फर्कंदा ढिलो भएकोले र गाडी नपाएकोले किशोरले उसको मोटरसाइकल लिएर जाउ भनी दियो । महेशले मोटरसाइकल चलायो म पछाडि बसेर आउँदा लोकन्थलीमा चेकिङमा पर्दा हामीसँग कागजात लाइसेन्स केही नभएकोले प्रहरीले पक्राउ गरेको हो । पछि किशोरको मोटरसाइकल होइन रहेछ भन्ने थाहा पाएँ, किशोरले मेरो मोटरसाइकल भन्थ्यो, उसले कहाँबाट ल्यायो थाहा भएन । मैले मोटरसाइकल चोरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी नगेन्द्र खनालले काठमाडौं जिल्ला अदालतमा गरेको बयान।

म एक ड्राईभर पदमा बैंकमा जागिर खाने व्यक्ति, मलाई असोज २२ गते राति घरबाट ८:३० बजे सोधपुछको लागि भनी सिभिलमा गएका प्रहरीले ल्याएर चार हात खुट्टा आँखामा पट्टी बाँधेर कुटे । तैंले कतिवटा मोटरसाइकल चोरी गरिस् भनी एक रात इन्स्पेक्टरको कोठामा राखी भोलिपल्ट वडा प्रहरी कार्यालय, ठिमीमा पठाई मलाई प्रहरीले कुटपिट गरेर चोरी मुद्दा लगाएको हो । जाहेरवालालाई म चिन्दिन, विनोद पण्डित मेरो भाइ हो ऊ बसुन्धारामा कोठामा बस्छ, हाल ऊ कहाँ छ थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी राजु पण्डितले काठमाडौं जिल्ला अदालतमा गरेको बयान।

प्रतिवादी राजु पण्डितलाई मिति २०६१।६।२२ मा प्रहरीले निजको घर धापासीबाट पक्राउ गरेको हो। निज कृषि विकास बैंकमा काम गर्ने व्यक्ति भएकोले निजलाई मोटरसाइकल चोरी गरी रहनु पर्ने कुनै आवश्यकता नै छैन भन्नेसमेत व्यहोराको प्रतिवादी राजु पण्डितका साक्षी शिवराम थापाले काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र।

राजु पण्डितलाई प्रहरीले निजको घर धापासीबाट पक्राउ गरेको हो । निज मोटरसाइकल चोरी गरी रहने खालका मानिस होइनन् भन्नेसमेत व्यहोराको प्रतिवादी राजु पण्डितका साक्षी रामु पण्डितले काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र।

यो मोटरसाइकल किशोर अधिकारीले प्रतिवादीलाई दिएको हो । कोठाको समान सार्दा फर्कने बेलामा ढिलो भएको हुँदा निजले दिएको हो। सो मोटरसाइकल लिएर आउँदा कुनै कागज पत्र नभएकोले चेक जाँच गर्दा प्रहरीले लोकन्थलीबाट समातेको हो। प्रतिवादीले मोटरसाइकल चोरी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी महेश दुलालको साक्षी हरि दुलालले काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र।

महेश दुलाल र नगेन्द्र खनालले किशोर अधिकारीलाई कोठा सार्न गएकोमा सो दिन ढिलो भएकोले निज किशोर अधिकारीले आफूले प्रयोग गरिरहेको मोटरसाइकल निज प्रतिवादीहरूलाई दिएकोमा सो मोटरसाइकल लिएर आइरहेको बेला कागज नभएकोले चेकजाँचको क्रममा प्रहरीले पक्राउ गरेको हो । प्रतिवादी नगेन्द्र खनालले मोटरसाइकल चोरी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी नगेन्द्र खनालले काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र।

मिति २०६२।८।१३ मा काठमाडौं जिल्ला अदालतबाट फैसला हुँदा प्रतिवादीहरू महेश दुलाल, नगेन्द्र खनाल र राजु पण्डितले अभियोगबाट सफाई पाउने ठहरेको र विनोद पण्डितको हकमा प्रस्तुत मुद्दा तामेलीमा रहेकोमा निज प्रतिवादी विनोद पण्डितका नाउँमा समाह्वान जारी गरी अ.बं. ११० नं. समेतको रीत पुऱ्याई तामेल गरी गराई निजको हकमा र अन्य प्रतिवादीहरूको हकमा समेत जो जे बुझ्नु पर्ने आवश्यक हुन्छ बुझी सबुद प्रमाणहरूको विवेचना र मूल्याङ्कन गरी सबै प्रतिवादीहरूलाई सुरूको तारेख तोकी प्रस्तुत मुद्दाको सुरू मिसिल काठमाडौं जिल्ला अदालतमा पठाई दिने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनबाट फैसला भई पुनः मिति २०६४।९।२० मा जिल्ला अदालत दर्ता भई कारवाही अगाडि बढेकोमा प्रतिवादी विनोद पण्डितका नाउँमा म्याद मिति २०६४।१०।४ मा निजको घर दैलोमा तामेल भएकोमा निजले सोको म्याद गुजारी बसेको मिसिल सामेल रहेको।

प्रतिवादीमध्येका राजु पण्डितलाई आफ्नो कोठाबाट पक्राउ गरी लगेको देखिएको र प्रतिवादी महेश दुलाल र नगेन्द्र खनालको साथबाट चोरीको मोटरसाइकल बरामदसम्म भएकोमा सो मोटरसाइकल किशोर अधिकारीले चलाउन दिएको भनी कसुरमा इन्कार रही गरेको बयान साक्षीबाट समेत समर्थित भइरहेको अवस्थामा निजहरूले चोरी गरी प्रयोग गरेको भन्ने पुष्टि हुने ठोस प्रमाणको अभावमा वादी दाबी पुग्न नसकी सफाई पाउने ठहर्छ, प्रतिवादीमध्येका विनोद पण्डितको हकमा निजका नाममा जारी भएको म्याद गुजारी बसेको देखिँदा निज हाजिर वा पक्राउ भएका बखत कारवाही गर्ने गरी चोरीको १०(१) नं. बमोजिम मुलतबी राखी दिने ठहर्छ भन्नेसमते व्यहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१।१८मा भएको फैसला।

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा साबिती बयान गरेको र जाहेरवालाले प्रतिवादीहरूको नामसमेत लेखाई जाहेरी दिएको अवस्थामा जाहेरवाला र बरामदी मुचुल्काका मानिस अदालतमा बकपत्र गर्न आउन नसक्दैमा दसीका सामानसहित पक्राउ परेका प्रतिवादीहरूले इन्कारी बयान दिँदैमा सफाई नपाउने हुँदा सुरूको त्रुटिपूर्ण फैसला बदर गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत, पाटनमा पर्न आएको पुनरावेदन पत्र।

प्रतिवादीहरूले मोटरसाइकल चोरी गरेकोमा साबिती भई मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान र निज प्रतिवादीहरूबाट चोरीको मोटरसाइकल बरामद भएको बरामदी मुचुल्कासमेतको परिप्रेक्ष्यमा सफाई दिने गरी भएको काठमाडौं जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि प्रत्यर्थी झिकाउनु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको आदेश।

प्रतिवादीहरूले चोरी गरेको देख्ने प्रत्यक्षदर्शी साक्षी कोही देखिएको छैन। प्रतिवादीहरू आरोपित कसुरमा इन्कार रहेका छन्। चोरीको मोटरसाइकलसहित पक्राउ परेका महेश र नगेन्द्रले आफ्नो साथमा चोरीको मोटरसाइकल रहन आएको अवस्था स्पष्ट गरेका छन्। चोरीको मोटरसाइकल प्रतिवादी महेश र नगेन्द्रको साथबाट बरामद भएकोबाट सो चोरी कार्य यी प्रत्यर्थी प्रतिवादीहरूले गरेका रहेछन् कि भनी आशंका गर्न सकिने हुन्छ। तर त्यस्तो आशंकाको भरमा मात्र फौजदारी अभियोग स्थापित हुन सक्ने हुँदैन। शंकाको सुविधा अभियुक्तले पाउँछ। चोरीको मोटरसाइकल आफूहरूसँग बरामद हुनुपर्ने कारण भनी प्रतिवादीहरूले देखाएको कारण असत्य हो र यी प्रतिवादीहरूले नै जाहेरवालाको मोटरसाइकल चोरी गरेका रहेछन् भनी शंकारहित तवरले विश्वस्त हुन सकिने सम्मको वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस हुन सकेको पाइएन। यस स्थितिमा

प्रतिवादी महेश दुलाल, नगेन्द्र खनाल र राजु पण्डितले अभियोग दाबीबाट सफाई पाउने ठहराएकोसमेत काठमाडौं जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनबाट भएको फैसला।

जाहेरवालाले मिति २०६१।८।४ को दिन अदालतमा आई चोरीको मोटरसाइकल सनाखत गरी, चोरी गरी मोटरसाइकल लिई हिँड्ने प्रतिवादीहरूको नामसमेत किटानीसाथ लेखाई दिएको देखिन्छ । चोरीको सामान साथमा लिई हिँडेका प्रतिवादीहरूले किशोर अधिकारीले दिएको मोटरसाइकल भनी उल्लेख गरे तापनि उक्त व्यक्ति देखाउन, पक्राउन तथा नजिकै पसलको सामान बोकेको भनी दाबी गर्नेले निजको पसलसमेत देखाउन नसकेको अवस्थामा आफ्नो साथबाट बरामद भएको मोटरसाइकल आफूहरूले चोरेको होइन भन्ने प्रतिवादीहरूको अप्रमाणित बयान तथा चोरी गरेको देख्ने प्रत्यक्षदर्शी नभएको भन्ने हचुवा निर्णयाधार आधार लिई प्रतिवादीहरूलाई सफाई दिने गरी भएको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत, पाटनको उक्त फैसलामा मुलुकी ऐन, चोरीको महलको दफा १ र ३ नं. को कानूनको व्याख्याको गम्भीर त्रुटि भएकोले मुद्दा दोहऱ्याई हेरी अभियोग मागदाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकारले यस अदालतमा परेको निवेदन पत्र।

यसमा प्रतिवादीहरू महेश र नगेन्द्र खनालका साथबाट जाहेरवालाको चोरी भएको भनिएको मोटरसाइकल विना कागजात बरामद भएको देखिन्छ । बरामद भएको मोटरसाइकल आफूहरूले बिक्री गरी आएको रकम बाँड्ने उद्देश्यले उक्त मोटरसाइकल लिएर जाने सिलसिलामा पक्राउ परेको पाइन्छ। सजायबाट छुट पाउँ भन्ने प्रतिवादीले प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम सोको प्रमाण पुऱ्याउने भार निज प्रतिवादीमा रहने हुँदा निजले सो दायित्व पूरा गरेको देखिएन । मोटरसाइकल चोरी भएको अवस्थामा यी प्रतिवादीहरूलाई पुनरावेदन अदालत, पाटनले अभियोग दाबीबाट सफाई दिने ठहऱ्याएको फैसलामा मुलुकी ऐन, चोरीको महलको १ र ३ नं. तथा प्रमाण ऐन, २०३१ को दफा ३, ७(क) र २७(१), ५४ र मुलुकी ऐन, अ.बं. १८४क, १८५ र *ने.का.प.* २०६७ अंक ८ नि.नं. ८४४४ पृष्ठ १३९६ मा प्रतिपादित सिद्धान्तका समेतको त्रुटि रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम निस्सा प्रदान गरिएको छ भन्नेसमेत व्यहोराको यस अदालतबाट भएको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री सुरेन्द्र थापाले जाहेरवालाको चोरी भएको मोटरसाइकलको नम्बर परिवर्तन गरेको अवस्थामा प्रतिवादीहरूबाट बरामद भएको कुरा बरामदी मुचुल्काबाट देखिएको हुँदा उक्त मोटरसाइकल प्रतिवादीहरूले बेची खाने उद्देश्यले चोरी गरेको प्रमाणित भइरहेको छ। प्रतिवादीहरूले उक्त मोटरसाइकल बेची खाने उद्देश्यले चोरेको भनी निजहरूको अनुसन्धानको क्रममा भएको बयान व्यहोराबाट पनि प्रष्ट भइरहेको अवस्थामा निज प्रतिवादीहरूको इन्कारी बयानको आधारमा मात्र निजहरूलाई सफाई दिने गरी भएको फैसलामा प्रमाणको उचित मूल्याङ्कन नभएको हुँदा सो फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू नगेन्द्र खनाल, महेश दुलाल, राजु पण्डित र विनोद पण्डितले जाहेरवालाको घरमा गई पर्खाल भत्काई बा.१६प.९०१० नं. को मोटरसाइकल चोरी गरेकोले चोरीको महलको १३ नं. को कसुरमा १४(१) नं. बमोजिम सजाय मागदाबी गरी अभियोग पत्र दायर भएको देखियो । प्रतिवादीहरू नगेन्द्र खनाल, महेश दुलाल र राजु पण्डितले अनुसन्धानको क्रममा आरोपित कसुर स्वीकार गरी बयान गरे पनि अदालतमा आरोपित इन्कार रही बयान गरेकोमा निज प्रतिवादीहरूले आरोपित कसुरबाट सफाई पाउने ठहऱ्याई भएको सुरू फैसला पुनरावेदन अदालतबाट सदर हुने ठहरेकोमा सोउपर वादीको यस अदालतमा दोहोऱ्याई पाउँ निवेदन परी निस्सा प्रदान भई पुनरावेदनको रोहमा प्रस्तुत मुद्दा पेस हुन आएको देखियो ।

३. प्रस्तुत मुद्दाको अनुसन्धान कार्य सुजन ढुंगानाको मिति २०६१।६।१८ को जाहेरी दरखास्त परेपछि प्रारम्भ भएको पाइन्छ । मिति २०६१।७।१२ मा प्रतिवादीहरू महेश दुलाल, नगेन्द्र खनाल र राजु पण्डितबाट चोरीको उक्त बा.१६प.९०१० नं. को YBX यामाहा मोटरसाइकल बरामद भएको खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन्छ । बरामदी मुचुल्का तयार भएकै मितिमा जाहेरवालाले यी प्रतिवादीहरूलाई समेत किटान गरी अर्को जाहेरी दिएका छन् । प्रतिवादी नगेन्द्र खनाल, महेश दुलाल र राजु पण्डितले अनुसन्धानको क्रममा बयान गर्दा आरोपित कसुरमा स्वीकार रही बयान गरेका छन् । अदालतमा आई प्रतिवादी महेश दुलालले निजको कोठासँगै मासु पसल गरी बस्ने किशोर अधिकारी मासु पसल लोकन्थली सार्न लाग्दा सामान सार्न गएको बेला ढिलो भएकोले निज किशोर अधिकारीले मोटरसाइकल लिएर जाउ भनी आफ्नो मोटरसाइकल दिएकोले नगेन्द्र खनाल र निज चढेर आएकोमा निजहरूसँग कुनै कागज नभएकोले पक्राउ गरेको हो भनी बयान गरेको देखिन्छ । सोही व्यहोरालाई समर्थन हुने गरी नगेन्द्र खनालले समेत बयान गरेको देखिन्छ । त्यस्तै अर्का प्रतिवादी राजु पण्डित पनि आरोपित कसुरमा इन्कार रही प्रहरीले अनुसन्धानको क्रममा कुटपिट गरेको कुरासमेत लेखाएको देखिन्छ । अनुसन्धानको क्रममा कागज गर्ने निराजन भट्टराई र पारस कोइरालाले मोटरसाइकल चोरी भएको थाहा पाएको भनी लेखाएको देखिए पनि कसले चोरेको हो भन्ने कुरा लेखाउन सकेको देखिँदैन । यसका साथै यी कागज गर्ने मानिसहरू घटनाको प्रत्यक्षदर्शी रहेको देखिँदैन । अनुसन्धानको क्रममा कागज गर्ने मानिसहरूले सोलाई पुष्ट्याईं हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरेकोसमेत पाइँदैन । प्रतिवादीहरूले अदालतसमक्ष गरेको इन्कारी बयानलाई प्रतिवादीहरूका साक्षीले समर्थन हुने गरी अदालतसमक्ष बकपत्र गरिदएका छन् ।

४. प्रतिवादीहरूबाट बरामद भएको भनिएको मोटरसाइकल प्रतिवादीहरूको सँगसाथमा कसरी आयो भनी हेर्दा प्रतिवादीहरू नगेन्द्र खनाल र महेश दुलाल निजहरूका साथी किशोर अधिकारीको मासु पसल सार्न जाँदा फर्कने बेलामा ढिलो भएकोले निजले आफ्नो सँगसाथमा भएको मोटरसाइकल लिएर जान भनेकाले मोटरसाइकल प्रतिवादीहरू नगेन्द्र खनाल र महेश दुलालले लिएर आएको अवस्था देखिन्छ । त्यस्तै प्रतिवादी राजु पण्डितलाई प्रहरीले बरामदी मुचुल्कामा उल्लेख गरेको दिन पक्राउ नगरी मिति २०६१।६।२२ मा निजको घरबाट पक्राउ गरेको कुरा निजको बयान एवं साक्षीहरूले अदालतमा गरेको बकपत्रबाट देखिएको तर बरामदी मुचुल्कामा बसेका साक्षीहरूले अदालतमा उपस्थित भई बकपत्रसमेत नगरेकोले उक्त बरामदी मुचुल्का पनि शंकास्पद रहेको देखियो । अनुसन्धानको क्रममा लेखाई दिएको व्यहोरालाई नै सर्वोत्तम प्रमाण मानी त्यसैको आधारमा प्रतिवादीहरूलाई सजाय गर्न मिल्दैन । सो अनुसन्धानको क्रममा लेखाइएको व्यहोरा आफैँमा निष्पक्ष प्रमाण हुन सक्दैन । त्यस्ता

साक्षी प्रमाणलाई प्रतिवादीहरूले समेत परीक्षण गर्न मौका पाएको खण्डमा मात्र सोलाई विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्न मिल्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरू नगेन्द्र खनाल र महेश दुलालको साथबाट उक्त चोरीको मोटरसाइकल बरामद भएको भनी बरामदी मुचुल्काबाहेक अन्य कुनै प्रमाणबाट निज प्रतिवादीहरूले उक्त मोटरसाइकल चोरेको भनी प्रमाणित भएको देखिँदैन । तर उक्त बरामदी मुचुल्का पनि शंकास्पद रहेको एवं यी प्रतिवादीहरूले उक्त मोटरसाइकल निजहरूको सँगसाथबाट बरामद हुनुको कारणसमेत आफ्नो अदालतसमक्षको बयानमा उल्लेख गराएको एवं सो बयान व्यहोरा निजहरूको साक्षीबाट पुष्टिसमेत भएको अवस्थामा शंकास्पद बरामदी मुचुल्कालाई नै कसैलाई कसुरदार ठहर गर्न पर्याप्त प्रमाण मान्न मिल्दैन ।

५. यसरी प्रस्तुत वारदातको प्रत्यक्षदर्शी कोही नभएको जाहेरवाला आफैँ पनि प्रत्यक्षदर्शी नभएको, मिति २०६१।७।१२ मा तयार भएको भनिएको बरामदी मुचुल्का पनि शंकास्पद देखिएको, प्रतिवादीहरू नगेन्द्र खनाल र महेश दुलालको साथबाट बरामद भएको मोटरसाइकल निजहरूसँग आउनु पर्ने अवस्था निजहरूले आफ्नो अदालतमा भएको बयानमा उल्लेख गरिसकेको देखिएकोले निजहरू उपर लगाइएको अभियोग शंकारहित तवरले प्रमाणित हुन आएको देखिएन । फौजदारी मुद्दाको प्रतिवादीहरू उपर लगाइएको आरोप शंकारहित तवरले पुष्टि नभएको अवस्थामा शंकाको सुविधा अभियुक्तले पाउने हुँदा प्रतिवादीहरूलाई सफाई दिने गरी भएको फैसलालाई अन्यथा मान्न मिलेन । अभियोग दाबीबमोजिम सजाय हुनुपर्दछ भन्ने वादीको जिकिर एवं यस अदालतबाट मिति २०७०।३।२६ मा मुद्दा दोहऱ्याई हेर्ने निस्सा प्रदान गर्दा उल्लेख भएको आधारसँग सहमत हुन सकिएन ।

६. तसर्थ माथि विवेचित आधार कारण एवं प्रमाणबाट वादी दाबी नपुग्ने गरी प्रतिवादीहरू राजु पण्डित, महेश दुलाल र नगेन्द्र खनालले सफाई पाउने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।३।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृत: रामु शर्मा
इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम् ।

## निर्णय नं. ९८९२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
आदेश मिति :२०७४।०४।२९
०७३-WO-०९०४

मुद्दा : उत्प्रेषण

निवेदक : France २० Avenue Every ७५०१३ Paris घर भई हाल कारागार कार्यालय जगन्नाथदेवलमा कैदमा रहेका चार्ल्स गुरूमुख शोभराज (Charles Gurumukh Shovaraj)

विरूद्ध

विपक्षी : भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत

- **मुलुकी ऐन, दण्ड सजायको ८ नं. को कानूनी व्यवस्थाअनुसार सर्वस्वसहित जन्मकैदको सजाय भएको मितिमा थुनाबाट भागेको वा छुटेको अवस्थामा अर्को कसुर गरेको अवस्थामा बाहेक सर्वस्वसहित जन्मकैद भएपछि थप सजाय हुने नदेखिने ।**

(प्रकरण नं. ९)

- **मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को अन्तिम वाक्यांश र दण्ड सजायको ८ नं. को व्यवस्थाको संयुक्त अध्ययन गर्दा सर्वस्वसहित जन्मकैद हुने ठहरी फैसला भइसकेपछि अर्को सर्वस्वसहित जन्मकैद हुने कसुर गरेकोमा सो कसुरबापत थप कैद ठेक्न मिल्ने नदेखिने ।**

(प्रकरण नं. १०)

- **कानूनको शासनमा कानून सर्वोपरी हुन्छ । कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कायम रहेको कानूनले तोकेभन्दा बढी सजाय गर्न मिल्दैन । प्रचलित कानूनको अख्तियारी बिना वा कानूनभन्दा बाहिर गई सजाय हुनु र गरिनु कानूनको शासनविपरीत हुन जाने ।**

(प्रकरण नं. ११)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ताद्वय सकुन्तला थापा र रामबन्धु शर्मा
विपक्षीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता सन्जिवराज रेग्मी
अवलम्बित नजिर :

- *ने.का.प.* २०७२, अंक ११, नि.नं.९५००

सम्बद्ध कानून :

आदेश

**न्या.डा. आनन्दमोहन भट्टराई :** नेपालको संविधानको धारा ४६ तथा १३३(२)(३) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :-

भक्तपुर जिल्ला अदालतको ०७०-CR-००९३ को कर्तव्य ज्यान मुद्दामा मिति २०७१।६।१ मा फैसला हुँदा म निवेदकलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी फैसला भएको थियो । सो फैसलाको तपसिल खण्डमा म निवेदक थुनामा परेको मिति २०६०।०६।०२ हुनुपर्नेमा अर्थात् २०७०।०३।०१ को आदेशले थुनामा परेको देखिँदा सोही मितिबाट कैद कट्टा हुने गरी थुनामा राख्न लगत कसी कैदी पुर्जी दिनु भनी उल्लेख भएको रहेछ। सो फैसलाबमोजिमको कैदी पुर्जी मलाई दिइएको थियो । सो फैसलाको तपसिल खण्ड संशोधन गरी हिरासत मिति सच्याई पुनः कैदी पुर्जी पाउँ भनी मैले भक्तपुर जिल्ला अदालतमा निवेदन

दिएँ। जिल्ला अदालत नियमावली, २०५२ को नियम ५३ अनुसार फैसला संशोधन गर्न मिल्ने देखिएन भनी भक्तपुर जिल्ला अदालतबाट आदेश भयो । सो आदेशउपर मैले उच्च अदालत, पाटनमा अ.बं. १७ नं. बमोजिम निवेदन दिएकोमा पनि जिल्ला अदालतको आदेशलाई सदर गरियो । उक्त आदेश कानूनसम्मत नभएको, सो आदेशले मेरो मौलिक हक हनन भएको र अन्य सामान्य उपचारको व्यवस्था पनि नभएकोले यो निवेदन लिई आएको छु।

म निवेदक मिति २०६०।०६।०२ देखि नै लगातार थुनामा रहेको छु । यसस्थितिमा मुलुकी ऐन, अ.बं. १२० नं. दण्ड सजायको ८, १० र ४१ नं. र *ने.का.प.* २०७२, अंक ११, नि.नं. ९५०० अनुसार मिति २०६०।६।२ देखि असुल हुने गरी तपसिल खण्डमा संशोधन हुनेअन्तर्गतको विषय भई जिल्ला अदालत नियमावली, २०५२ को नियम ५१, ५२ र ५३ ले संशोधन गर्ने प्रश्नमा कुनै विवाद नै छैन् । कानूनले संशोधन गर्न सकिनेमा संशोधन नगरिएबाट मेरो नेपालको संविधानको धारा १६,१७,१८ र २० बमोजिमको मौलिक हक उल्लङ्घन भएकोले धारा ४६ र १३३ बमोजिम उक्त आदेश बदर गरी उक्त फैसलाको तपसिल खण्डमा मेरो निवेदनबमोजिम मिति २०६०।०६।०२ देखि गणना गर्ने गरी परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरिपाउँ भन्नेसमेतको निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूबाट लिखित जवाफ लिनु भन्नेसमेतको व्यहोराको यस अदालतको मिति २०७३।१२।०६ को आदेश।

वादी नेपाल सरकार प्रतिवादी चार्ल्स शोभराज गुरूमुख भएको ०७०-CR-००९३ को कर्तव्य ज्यान मुद्दामा प्रतिवादी चार्ल्स गुरूमुख शोभराजले मृतक आरमण्ड लरेन्ट क्यारियरेलाई कर्तव्य गरी मारेको कुरा पुष्टि भएको हुँदा प्रतिवादी चार्ल्स शोभराज गुरूमुखलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहरी मिति २०७१।०६।०१ मा यस अदालतबाट फैसला भएको देखिन्छ । सो फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०८।०८ मा फैसला भएको देखिन्छ। प्रतिवादी चार्ल्स गुरूमुख शोभराजले अ.बं. १२० नं. बमोजिम थुनामा परेको मिति सच्याई पाउँ, मुलुकी ऐन दण्ड सजायको महलको ४१ नं. बमोजिम ठूलो कैद / एकै वारदातको कैद हद गरी संशोधित कैद म्याद ठेकिएको पत्र दिलाई पाउँ र फैसला संशोधन गरी हिरासत मिति सच्याई पाउँ भनी कारागार कार्यालय जगन्नाथदेवलबाट अलगअलग तीनवटा निवेदन परेको थियो। ती निवेदन इजलाससमक्ष पेस हुँदा, प्रस्तुत मुद्दाको फैसलाको उल्लिखित तथ्यबाट उक्त फैसलाको सामान्य त्रुटि संशोधन गर्ने जिल्ला अदालत नियमावली, २०५२ को नियम ५१ र ५२ अनुसारको विषय देखिँदैन । फैसलामा स्पष्ट किटान गरी कारण र अवस्था तिथि मिति र सो मिति उल्लेख भएको कारणसमेत लेखिएको कुरालाई कुनै टाइप वा लेखनको सामान्य त्रुटि भन्न मिलेन । सो कारण अवस्था लेखिएको ज्यान मुद्दाको फैसलाको अभिन्न अंग भएको तपसिल खण्ड र सो फैसलामा उल्लिखित विषय सो फैसला गर्ने न्यायाधीशसँग समानस्तरको न्यायाधीशबाट जिल्ला अदालत नियमावली, २०५२ को नियम ५३ अनुसार फैसला हेरफेर संशोधन गर्न मिल्ने देखिएन । कानूनबमोजिम गर्नु भनी मिति २०७३।०७।१२ मा आदेश भयो । सोउपर यी निवेदकले उच्च अदालत, पाटनमा अ.बं. १७ नं. को निवेदन गरी सो निवेदनमा यस अदालतबाट मिति २०७३।०७।१२ मा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहन परेन भनी मिति २०७३।०९।०७ मा आदेश भएको पाइन्छ। तसर्थ उल्लिखित भए गरिएका काम कारवाहीबाट रिट निवेदकको कुनै पनि हक

अधिकारको हनन नभएको हुँदा यस अदालतसमेतलाई विपक्षी बनाई दिएको रिट जारी हुन सक्ने अवस्था विद्यमान नभएको हुँदा विपक्षीबाट दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको भक्तपुर जिल्ला अदालतको लिखित जवाफ।

निवेदन दाबीको कर्तव्य ज्यान मुद्दामा फैसला संशोधन गरिपाउँ भनी निवेदकले यस अदालतमा दिएको अ.बं. १७ नं. बमोजिमको रिट निवेदनमा निवेदन मागबमोजिम फैसला संशोधन गर्न नमिल्ने भनी भक्तपुर जिल्ला अदालतबाट मिति २०७३।०७।१२ मा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहनु परेन भनी यस अदालतबाट मिति २०७३।०९।०७ मा आदेश भएको र उक्त आदेश कानूनसम्मत भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको उच्च अदालत, पाटनको लिखित जवाफ।

वादी नेपाल सरकार विपक्षी चार्ल्स गुरूमुख शोभराज भएको भक्तपुर जिल्ला अदालतको ०७०-CR-००९३ कर्तव्य ज्यान मुद्दाको फैसलासहितको मिसिल साथै पेस भएको रहेछ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री सकुन्तला थापा र श्री रामबन्धु शर्माले निवेदक मिति २०६०।६।२ देखि नै निरन्तररूपमा थुनामा छन्। भक्तपुर जिल्ला अदालतको ०७०-CR-००९३ को कर्तव्य ज्यान मुद्दामा मिति २०७१।६।१ मा फैसला हुँदा निवेदकलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी फैसला भएको थियो। सो फैसलाको तपसिल खण्डमा निवेदक थुनामा परेको मिति २०६०।०६।०२ हुनुपर्नेमा अर्थात् २०७०।०३।०१ को आदेशले थुनामा परेको देखिँदा सोही मितिबाट कैद कट्टा हुने गरी थुनामा राख्न लगत कसी कैदी पुर्जी दिनु भनी उल्लेख भई सोहीबमोजिमको कैदी पुर्जी निवेदकलाई दिइएको छ। निवेदक मिति २०६०।६।२ देखि नै लगातार थुनामा रहेकोले भक्तपुर जिल्ला अदालतको तपसिल खण्डमा उल्लिखित कुरा मुलुकी ऐन दण्ड सजायको ८ र ४१ नं. मा भएको कानूनी व्यवस्था प्रतिकूल छ। उल्लिखित कानूनी व्यवस्थाबमोजिम भएका काम कारवाहीबाट निवेदकको नेपालको संविधानको धारा १६,१७,१८ र २० बमोजिमको मौलिक हक उल्लङ्घन भएकोले निवेदन मागबमोजिम आदेशको आदेश जारी हुनुपर्दछ भनी बहस गर्नुभयो।

विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री सन्जिवराज रेग्मीले जिल्ला अदालतबाट निवेदकलाई कसुरदार ठहर गरी सजाय गर्ने गरी भएको फैसलालाई पुनरावेदन अदालतले सदर गरी यस अदालतबाट समेत साधक सदर भइसकेको अवस्था छ। यसरी तहतह हुँदै फैसला भई अन्तिम भइसकेको विषयमा रिट क्षेत्राधिकारबाट प्रवेश गर्न मिल्दैन। निवेदक पृथकपृथक वारदातका कर्तव्य ज्यान मुद्दामा कसुरदार ठहर भएका छन्। त्यसैगरी जाली राहदानी, ज्यान मार्ने उद्योग मुद्दामा पनि कसुरदार ठहर भई फैसला भएका छन्। सक्षम निकायबाट फैसला भई अन्तिम भइसकेको विषयमा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

उपर्युक्त बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, म निवेदक मिति २०६०।६।२ देखि निरन्तर थुनामा रही बसी आएको छु। भक्तपुर जिल्ला अदालतको ०७०-CR-००९३ को कर्तव्य ज्यान मुद्दामा मिति २०७१।६।१ मा फैसला हुँदा मलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी फैसला भएको थियो। सो फैसलाको तपसिल

खण्डमा म निवेदक थुनामा परेको उल्लिखित मिति २०६०।०६।०२ हुनुपर्नेमा मिति २०७०।०३।०१ को आदेशले थुनामा परेको देखिँदा सोही मितिबाट कैद कट्टा हुने गरी पुर्जी दिनु भनी उल्लेख भई सोहीबमोजिमको कैदी पुर्जी दिइयो । सो फैसलाको तपसिल खण्ड संशोधन गरिपाउँ भनी मैले भक्तपुर जिल्ला अदालतमा निवेदन गरेकोमा फैसला संशोधन गर्न नमिल्ने भनी आदेश भयो। उच्च अदालतले पनि जिल्ला अदालतकै आदेश सदर गऱ्यो। म निवेदक मिति २०६०।०६।०२ देखि नै लगातार थुनामा रहेकोले उक्त आदेश मुलुकी ऐन अ.बं. १२० नं. दण्ड सजायको ८, १० र ४१ नं. र *ने.का.प.* २०७२, अंक ११, नि.नं. ९५०० अनुसार प्रतिकूल भएकोले मिति २०६०।०६।०२ देखि कैद गणना गर्ने गरी परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी देखियो। कानूनबमोजिम भए गरेका काम कारवाहीबाट निवदकको हक हनन् नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेछ।

३. यसप्रकार निवेदकलाई ठेकिएको कैद प्रचलित कानूनबमोजिम छ छैन ? भन्ने नै प्रस्तुत रिट निवेदनमा निर्णय दिनुपर्ने विषयवस्तु रहेको पाइयो।

४. मुलुकी ऐन, दण्ड सजायको ८ नं. र ४१ नं. ले एकभन्दा बढी कसुर गरेको ठहर भएका कसुरदारलाई के कसरी कैद जरिवाना तोक्ने र सोको हद के कति हुने भन्ने सम्बन्धमा कार्यविधिगत व्यवस्था गरेको पाइन्छ। उपर्युक्त कानूनी व्यवस्थाको अधीनमा रही प्रस्तुत विवादको निर्क्योलमा पुग्नु पर्ने देखियो।

५. त्यसतर्फ हेर्दा मुलुकी ऐन दण्ड सजायको महलको ८ नं.मा "एकै जनाले धेरै पटक सर्वस्वसहित जन्मकैद वा जन्मकैद वा अरू सजाय हुने खत गरेको भए पनि कुनै खतमा सर्वस्वसहित जन्मकैद र जन्मकैदमध्ये ठूलो सजाय भएपछि सानो सजाय हुने खत वा सो सजायहरू मध्ये कुनै सजाय भएपछि अरू सानो सजाय हुने खत खापिँदैन। सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने वा भएको कसैले म्याद गुजारी फरार भएको वा कैद थुनामा बसेको वा कैद थुनाबाट भागेको वा धरौटी जमानी तारिखमा छुटेको अवस्थामा ठूलो सजाय हुने खत गरे सोही ठूलो सजाय गर्नुपर्छ। फेरि जन्मकैदको सजाय हुने खत गरेकोमा जन्मकैद भोगी छुट्न पाउने भएपछि चार वर्ष थपी र घटी सजाय हुने खत गरेकोमा खतअनुसार बढीमा चार वर्षसम्म थपी कैद गर्नुपर्छ।" भन्ने कानूनी व्यवस्था देखिन्छ । त्यसैगरी सोही महलको ४१ नं.मा "एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नु पर्छ। त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नु पर्ने भयो र अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नु पर्छ। अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन। फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमासम्म खुलाई दिनुपर्छ र पछि ठेकिने कलमको हद घटी भए पनि अघि कैद गर्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म पछिल्लो कलममा कैद गर्नुपर्छ। धरै कलमको कैदको हद बराबर हुन आयो भने सोमध्ये एक कलमको कैद ठेक्नु पर्छ। अरू कलमका हकमा फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबसम्म खुलाउनु पर्छ। तर फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्था अर्को कसुरगरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नु पर्छ।" भन्ने कानूनी व्यवस्था देखिन्छ।

६. प्रमाणमा आएको कर्णबहादुर कार्कीको

जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यी निवेदक भएको ०७०-CR-००९३ को कर्तव्य ज्यान मुद्दामा यी निवेदकलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहरी मिति २०७१।०६।०१ मा भक्तपुर जिल्ला अदालतबाट फैसला भएको देखियो । सो फैसलाको तपसिल खण्डमा मिति २०७०।०३।०१ को आदेशले पुर्पक्षको लागि थुनामा परेको देखिँदा सोही मितिबाट कैद कट्टा हुने गरी थुनामा राख्न लगत कसी कैदी पुर्जी दिनु भनी उल्लेख भएको पाइयो । सो फैसला पुनरावेदन अदालत, पाटनको मिति २०७२।०८।०८ को फैसलाले सदर गरेको र मिति २०७३।१२।२५ मा साधक सदरसमेत भई अन्तिम भएको पाइयो ।

७. उल्लिखित मुद्दा पर्नुभन्दा अगावै प्रहरी प्रतिवेदनले वादी श्री ५ को सरकार प्रतिवादी यी निवेदक भएको २०६० सालको स.फौ.नं. ३१६/९०१ को कर्तव्य ज्यान मुद्दामा कोजिनो ब्रोन्जीलाई कर्तव्य गरी मारेको अभियोगमा मुलुकी ऐन ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम निवेदकलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।४।२८ मा फैसला भएको रहेछ । प्रस्तुत मुद्दामा यी निवेदक मिति २०६०।६।२ देखि प्रहरी हिरासतमा रहेको देखिँदा सोही मितिदेखि निजलाई लागेको कैद कट्टी हुने गरी काठमाडौं जिल्ला अदालतले मिति २०६१।६।७ च.नं. ५२६ को पत्रबाट कैद ठेकी पठाएको देखियो । प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतको फैसला पुनरावेदन अदालत, पाटनको मिति २०६२।४।२० र यस अदालतको मिति २०६७।४।१४ को फैसलाले सदर गरी अन्तिम भइसकेको अवस्था रहेछ ।

८. यसप्रकार यी निवेदकउपर मिति २०३२।९।८ को वारदातको विषयलाई लिएर काठमाडौं जिल्ला अदालतमा चलेको कर्तव्य ज्यान मुद्दामा मिति २०६०।०६।०२ देखि नै थुनामा रही बसी आएको तथ्यमा कुनै विवाद देखिन्न । निज थुनामा रहेकै अवस्थामा मिति २०३२।९।६ को वारदातलाई लिएर मुद्दा चली तत्काल अभियुक्त खुल्न नआएको कारण भक्तपुर जिल्ला अदालतबाट मिति २०३३।९।२२ मा मुद्दा तामेलीमा रहेकोमा प्रतिवादी पक्राउ परेपछि पुनः अनुसन्धान भई अभियोग पत्र दायर गरी सर्वस्वसहित जन्म कैद हुने ठहरी फैसला भएको देखियो । उल्लिखित भक्तपुर जिल्ला अदालतमा चलेको पछिल्लो कर्तव्य ज्यान मुद्दामा निवेदकलाई काठमाडौं जिल्ला अदालतमा चलेको अघिल्लो कर्तव्य ज्यान मुद्दामा भएजति नै अर्थात् सर्वस्वसहित जन्मकैदको सजाय भएको पाइयो ।

९. नेपालको प्रचलित कानूनमा सर्वस्वसहित जन्मकैद सबैभन्दा ठूलो सजाय रहेको देखिन्छ । निवेदकलाई पहिला काठमाडौं जिल्ला अदालतमा चलेको कर्तव्य ज्यान मुद्दामा सर्वस्वसहित जन्म कैदको सजाय भएकोमा फैसलानुसारको कैद सजाय भुक्तान गरिरहेको अवस्थामा निवेदकउपर अर्को कर्तव्य ज्यान मुद्दाको कारवाही चली भक्तपुर जिल्ला अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरेको देखिन्छ । निवेदकउपर भक्तपुर जिल्ला अदालतमा चलेको दोस्रो कर्तव्य ज्यान मुद्दा पहिलो कर्तव्य ज्यान मुद्दा चलिरहेको अवस्थामा थुनामा नै वा थुनाबाट भागी घटाएको वारदातउपरको नभई निज पहिलो कर्तव्य ज्यान मुद्दामा पक्राउ पर्नु अगावै घटाएको वारदातको सम्बन्धमा अनुसन्धान भई मुद्दा दायर गरी फैसला भएको देखिन्छ । मुलुकी ऐन दण्ड सजायको ८ नं. को उल्लिखित कानूनी व्यवस्थाअनुसार सर्वस्वसहित जन्मकैदको सजाय भएको मितिमा थुनाबाट भागेको वा छुटेको अवस्थामा अर्को कसुर गरेको अवस्थामा बाहेक सर्वस्वसहित जन्मकैद भएपछि थप सजाय हुने देखिँदैन । तसर्थ मिति २०६०।६।२ मा कर्तव्य ज्यान

मुद्दामा पक्राउ परी निरन्तर थुनामा रहेका निवेदकलाई निज पक्राउ पर्नुभन्दा अगाडि घटाएको वारदातका विषयमा भक्तपुर जिल्ला अदालतमा चलेको कर्तव्य ज्यान मुद्दामा भएका फैसलाअनुसार कैद ठेक्दा सोही पहिले पक्राउ परी थुनामा रहेकै मितिबाट कैद कट्टी हुने गरी कैद ठेक्नु पर्ने हुन्छ । तर, भक्तपुर जिल्ला अदालतले कर्तव्य ज्यान मुद्दामा कैद ठेक्दा उक्त मुद्दामा पुर्पक्षको लागि थुनामा रहेको मिति २०७०।०३।०१ लाई कायम गरी कैद म्याद ठेकेको देखियो ।

१०. मुलुकी दण्ड सजायको ८ नं. मा भएको कानूनी व्यवस्थाले धरौटी जमानीमा छुटेको अवस्थामा फेरी अरू अपराध गरेकोमा फेरी जन्मकैदको सजाय हुने खत गरेकोमा अघिल्लो जन्मकैद भोगी छुट्न पाउने भएपछि ४ वर्ष थपी र घटी सजाय हुने खत गरेकोमा खतअनुसार बढीमा ४ वर्षसम्म कैद गर्नुपर्ने व्यवस्था गरेको पाइयो । त्यसैगरी दण्ड सजायको महलको ४१ नं. को अन्तिम वाक्यांशमा "तर फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्था अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नु पर्छ" भन्ने उल्लेख भएको देखिन्छ । दण्ड सजायको ४१ नं. को उक्त अन्तिम वाक्यांश र दण्ड सजायको ८ नं. को व्यवस्थाको संयुक्त अध्ययन गर्दा सर्वस्वसहित जन्मकैद हुने ठहरी फैसला भइसकेपछि अर्को सर्वस्वसहित जन्मकैद हुने कसुर गरेकोमा सो कसुरबापत थप कैद ठेक्न मिल्ने देखिँदैन । भक्तपुर जिल्ला अदालतमा चलेको कर्तव्य ज्यान मुद्दा काठमाडौं जिल्ला अदालतको फैसलाले कसुरदार ठहर भइसकेपछि घटित वारदातका विषयसँग सम्बन्धित नभई निज काठमाडौं जिल्ला अदालतमा चलेको कर्तव्य ज्यान मुद्दामा पक्राउ पर्नु अगाडि नै घटित वारदातसँग सम्बन्धित देखियो । तसर्थ दण्ड सजायको ८ नं. र ४१ नं. को कानूनी व्यवस्थाबाट निवेदक उपर चलेका उल्लिखित दुईवटा कर्तव्य ज्यान मुद्दाको कैद खापिने नभई गाभिने देखिन आयो ।

११. कानूनको शासनमा कानून सर्वोपरी हुन्छ । कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कायम रहेको कानूनले तोकेभन्दा बढी सजाय गर्न मिल्दैन । प्रचलित कानूनको अख्तियारी बिना वा कानूनभन्दा बाहिर गई सजाय हुनु र गरिनु कानूनको शासनविपरीत हुन जान्छ । धेरै अपराध गरेको आधार र कारणबाट कानूनले तोकेकोभन्दा बढी सजाय गर्ने छुट कानूनले दिँदैन ।

१२. नेपालको संविधानको धारा १७ को उपधारा (१) ले "कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन" भन्ने र धारा २० को उपधारा (४) ले "... कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने संवैधानिक हकको व्यवस्था गरेको देखिन्छ । माथी विवेचित आधार कारणहरूबाट निवेदकको हकमा मुलुकी ऐन, दण्ड सजायको ८ नं. र ४१ नं. ले कैद म्याद ठेक्ने सम्बन्धमा गरेको कानूनी व्यवस्थाको विपरीत हुने गरी भक्तपुर जिल्ला अदालतबाट निवेदकलाई कैद ठेकी पठाएको देखिएकोले निवेदकका हकमा संविधानद्वारा प्रत्याभूत गरिएका उल्लिखित हकको प्रत्यक्ष उल्लङ्घन भएको देखियो ।

१३. तसर्थ निवेदक मिति २०६०।०६।०२ बाट लगातार थुना तथा कैदमा रहेको देखिएकोले भक्तपुर जिल्ला अदालतबाट मिति २०७१।०६।०१ को फैसलाको तपसिल खण्डमा मिति २०७१।३।१ देखि कैद कट्टी हुने भनेको हदसम्म मिलेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुन्छ । अब निवेदकलाई निज थुनामा रहेको मिति २०६०।०६।०२ बाट कैद कट्टा हुने गरी कैद ठेक्नु भनी भक्तपुर जिल्ला अदालतका नाउँमा परमादेश जारी हुने ठहर्छ । यो आदेशको जानकारी

महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. केदारप्रसाद चालिसे

इजलास अधिकृत : आनन्दराज पन्त
इति संवत् २०७४ आश्विन २९ गते रोज १ शुभम्।

## निर्णय नं. ९८९३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७४।०८।०३
०७०-WO-०४८०

विषयः- उत्प्रेषण / परमादेश

निवेदक : जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १६ घर भई तत्काल खाद्य संस्थान अञ्चल कार्यालय, काठमाडौंबाट गैरकानूनीरूपमा सेवाबाट हटाइएको वरिष्ठ अधिकृत देवेन्द्रकुमार सुब्बा

विरूद्ध

विपक्षी : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत

- **वस्तुतः कानूनमा जे जुन कार्य जे जुन पदाधिकारीबाट सम्पन्न गर्नुपर्ने भनी तोकिएको हुन्छ, तत्तत् पदाधिकारीले नै गर्नुपर्ने हुन्छ । कुनै निकायले कुनै कर्मचारीलाई विभागीय कारवाही स्वरूप कुनै सजाय गर्ने निर्णय गरेकोमा सोउपरको पुनरावेदन सुन्ने यो निकाय र पदाधिकारी हुने भनी कानूनमा नै स्पष्ट तोकिएकोमा सोही निकाय र पदाधिकारीले नै पुनरावेदन सुनी निर्णय गर्नुपर्ने ।**
- **कुनै पदाधिकारी विदामा रहेको वा कार्यालयमा अनुपस्थित रहेको अवस्थामा अर्को पदाधिकारीले निमित्त भई दैनिक कार्य सञ्चालन गर्ने भन्ने कुरा प्रशासनिक सहजताको दृष्टिकोणबाट तर्कसङ्गत हुन सक्छ तर त्यसरी निमित्त भई कामकाज गर्ने पदाधिकारीले आफूलाई कानूनले नै अधिकार नदिएको पुनरावेदन सुन्ने जस्तो गम्भीर विषयमा निर्णय गर्ने अधिकार रहेको भनी मान्न नमिल्ने ।**

(प्रकरण नं. ७)

- **सञ्चालक समितिको निर्णयउपर रिट निवेदकले दिएको पुनरावेदन सुन्ने अधिकार भनेको विशुद्ध प्रशासनिक कार्य नभई अर्धन्यायिक प्रकृतिको कार्य हो । यस्तो अधिकार न्यायिक मन लगाएर प्रयोग गरिने अधिकार भएकाले कानूनमा नै स्पष्टरूपमा यो पदाधिकारीले पुनरावेदन सुन्ने भनी तोकिएको हो । यस्तो अधिकार कानूनले तोकिएको अधिकारी बाहेक अरूलाई प्रत्यायोजन हुन सक्तैन र निमित्त भई कामकाज गर्नेले प्रयोग गर्न सक्ने पनि नहुने ।**

(प्रकरण नं. ८)

निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता शेरबहादुर के.सी. तथा विद्वान् अधिवक्ताहरू रामचन्द्र पौडेल र योगेन्द्रबहादुर अधिकारी

विपक्षीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता केशवप्रसाद पन्त, विद्वान् अधिवक्ता युवराज श्रेष्ठ

अवलम्बित नजिर :

- *ने.का.प.* २०६५, अंक २, नि.नं.७९३०

सम्बद्ध कानून :

आदेश

**न्या. सारदाप्रसाद घिमिरे :** तत्कालीन नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ।

**निवेदकको निवेदन व्यहोरा**

म निवेदक मिति २०४६।११।०८ मा वरिष्ठ सहायक पदमा नियुक्त भई सेवारत रहिरहेकोमा मिति २०६४ मा अधिकृत र २०६७ मा वरिष्ठ अधिकृत पदमा पदोन्नती भई निवेदन खण्डमा उल्लिखित स्थानमा सेवारत रहिरहेको थिएँ । सो अवस्थामा नेपाल खाद्य संस्थान विनियमावली, २०६४ को परिच्छेद १२ को विनियम १०७(३)(ख)(ग) को कसुर आरोप लगाई ऐ.विनियम १०६ को उपविनियम १(ग) अनुसार मिति २०६९।९।१ गतेदेखि लागू हुने गरी सेवाबाट हटाउने र रू.१०,२६,६८०/१४ ब्याज भराउने भनी विपक्षी संस्थानको सञ्चालक समितिको मिति २०६९।१२।२२ गतेको १६९४ औं बैठकबाट जानकारी गराइन्छ भनी जानकारी पाइसकेपश्चात् उक्त विपक्षीको अन्यायपूर्ण निर्णय बदर गरी पाउन विनियमावलीको विनियम ११२(क) बमोजिम वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवज्यू समक्ष पुनरावेदन पत्र पेस गरेकोमा विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयका निमित्त सचिव दिपक सुवेदीबाट गैरकानूनीरूपमा हुँदै नभएको क्षेत्राधिकार ग्रहण गरी मिति २०७०।६।१६ मा म पुनरावेदकको पुनरावेदन पत्र अस्वीकृत गरी विपक्षी संस्थानको सञ्चालक समितिको २०६९।१२।२२ गतेको निर्णय सदर गर्ने गरेको जानकारी मिति २०७०।८।३० मा जानकारी पाई उक्त गैरकानूनी निर्णयहरू बदर गरिपाउँन अन्य वैकल्पिक उपचारको अभावमा सम्मानित अदालतसमक्ष प्रस्तुत निवेदन पत्रसाथ उपस्थित भएको छु।

म निवेदकउपर संस्थानलाई प्राप्त भएको रकम प्राप्त भएकै दिन वा भोलिपल्टै बैंकमा दाखिला गर्नुपर्नेमा सो नगरी आफूखुसी घटिबढी दाखिला गर्ने गरेको भनी आरोप लगाइएको छ । संस्थानमा प्राप्त हुने रकम सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्ने गरेको थिएँ। अञ्चल कार्यालयमा प्राप्त हुने रकम नेपाल बैंक लिमिटेडका कर्मचारी आई रकम संकलन हुन नसकेकोसम्म हो । म निवेदक लेखा प्रमुख, ट्रक सञ्चालन शाखा प्रमुख तथा क्यासियरको जिम्मेवारी दिएकोले म एकजना कर्मचारीले अत्याधिक कार्यबोझ व्यहोर्नु पर्ने हुँदा केही रकम जोड घटाउमा तलमाथिसम्म भएको हो । बाँकी रकमसमेत म निवेदकलाई नेपाल खाद्य संस्थानको सेवाबाट हटाउने गरी भएको विपक्षी सञ्चालक समितिको मिति २०६९।१२।२२ गते निर्णय र सोलाई सदर गर्ने गरी विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयका निमित्त सचिवको मिति २०७०।६।१६ गतेको निर्णय न्यायिक मनविपरीत भई त्रुटिपूर्ण छ।

म निवेदकउपर भएको विपक्षी नेपाल खाद्य संस्थान सञ्चालक समितिको निर्णयउपर नेपाल खाद्य संस्थान विनियमावली, २०६४ को विनियम ११२ बमोजिम विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवसमक्ष पुनरावेदन लाग्ने व्यवस्था

छ। म निवेदकले मिति २०७०।१।२६ गते पेस गरेको पुनरावेदन पत्र वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवज्यू समक्ष पेस गरेको छु। यसरी म निवेदकले पेस गरेको पुनरावेदन पत्रउपर विपक्षी मन्त्रालयका सचिवज्यूले निर्णय गर्नुपर्नेमा अधिकार र अख्तियार नपाएका विपक्षी निमित्त सचिव दिपक सुवेदीले मेरो पुनरावेदन पत्र अस्वीकृत गर्ने गरी भएको हो। विपक्षी निमित्त सचिव दिपक सुवेदीलाई म निवेदकको पुनरावेदन पत्रउपर पुनरावेदन सुन्ने अधिकार कुनैपनि कानूनले प्रदान गरेको छैन उक्त अधिकार कहीँकतैबाट प्रत्यायोजनसमेत भएको छैन र प्रत्यायोजन हुन पनि सक्दैन। त्यसैगरी म निवदेकलाई निलम्बन गर्दा मिति २०६९।९।५ को निर्णय भनी त्योभन्दा अघिल्लो मिति २०६९।९।१ गतेबाट लागू हुने गरी भनी निर्णय गरेबाट समेत विपक्षीको कार्य सुरूबाटै त्रुटिपूर्ण रहेको स्पष्ट हुन्छ।

अतः म निवेदकलाई विपक्षी नेपाल खाद्य संस्थानको सेवाबाट हटाउने मिति २०६९।१२।२९ गतेको विपक्षी नेपाल खाद्य संस्थान सञ्चालक समितिको बैठक नं.१६९४ को निर्णय र त्यसलाई सदर गर्नेगरी भएको विपक्षी नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालयका निमित्त सचिव दिपक सुवेदीको मिति २०७०।६।१६ गतेको निर्णयसमेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १८, १९ संस्थान ऐन, २०२१, नेपाल खाद्य संस्थान विनियमावली, २०६४ को विनियम ११२(क) ११३, ११४ साथै सम्मानित सर्वोच्च अदालतबाट *ने.का.प.* ०६७ नि.नं. ८४६५, पृष्ठ ७१३, *ने.का.प.* ०६६ नि.नं. ८०७१ पृष्ठ २१६ सर्वोच्च अदालत बुलेटिन वर्ष १९ अंक २० पृष्ठ ४ मा प्रतिपादित नजिर सिद्धान्त एवम् न्यायिक मनविपरीत एवम् क्षेत्राधिकारविहीन भएकोले उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई पूर्ववतः सेवामा बहाल गराई निलम्बन भएको अवधिदेखि पुनर्वहाली भएको मितिसम्मको नियमानुसार पाउने तलब, भत्ता तथा अन्य सुविधासमेत प्रदान गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिपाउँ। साथै प्रस्तुत विवादमा म निवेदकको पेसा रोजगारीको विषय जोडिएकोले अग्राधिकार दिई सुनुवाइ गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन पत्र।

**यस अदालतको प्रारम्भिक आदेश**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? निवेदन मागबमोजिमको आदेश जारी हुननपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरूका नाममा सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू। प्रस्तुत रिट निवेदन कर्मचारीलाई सेवाबाट हटाएउपर पर्न आएकोले छिटो निरूपण हुनुपर्ने अवस्था देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(च५) बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ भन्नेसमेत व्यहोराको यस अदालतबाट मिति २०७०।१०।६ गते भएको आदेश।

**विपक्षी नेपाल खाद्य संस्थान सञ्चालक समितिका अध्यक्ष उत्तमकुमार भट्टराईको लिखित जवाफ**

विपक्षी संस्थानको सातौं तहको वरिष्ठ अधिकृतको रूपमा संस्थान अञ्चल कार्यालय, थापाथलीमा कार्यरत रहँदा संस्थानको नगदलगायतको हिसाब किताब विभिन्न खातामा प्रविष्ट गर्ने, संस्थानले प्राप्त गरेको रकम बुझ्ने, बैंकमा जम्मा गर्नेलगायतका कार्यहरू गर्नुहुन्थ्यो। विपक्षीले यसरी संस्थानको नगदसम्बन्धी कारोबार गर्ने गरेकोमा आ.व. २०६८।०६९ मा संस्थानको आन्तरिक लेखापरीक्षण हुने क्रममा संस्थानको रू.५५,४८,२५५।- बराबरको हिसाब मिलान हुन नसकेकोमा विपक्षीले मिति २०६९।९।१, २०६९।९।४ र २०६९।९।५ मा

उक्त मिलान हुन नसकेको रकम जिल्ला प्रशासन कार्यालयको रोहबरमा संस्थानमा दाखिला गर्नुभएको थियो । यसबाट विपक्षीले अर्कोतर्फ संस्थानको रकम समयमै बैंकमा जम्मा नगरेको कारण संस्थानले आफूले लिएको कर्जाबापत २०६८ श्रावणदेखि २०६९ मंसिरसम्म करिब रू.१०,२६,६८०।- प्रत्यक्ष रूपले हानि नोक्सानी पर्न गएको स्वतः सिद्ध छ । यसरी संस्थानको नगद हिनामिना गरी संस्थानलाई प्रत्यक्षरूपले हानि नोक्सानी पुऱ्याउने कार्य गर्नेलाई नेपाल खाद्य संस्थान कर्मचारी सेवा सर्तसम्बन्धी विनियमावली, २०६४ को विनियम १०३(ख) ले संस्थानको सेवाबाट हटाउन सकिने व्यवस्था गरेको छ। विपक्षीले संस्थानको नगदी हानि गरेको पुष्टि भइरहेको अवस्थामा संस्थानको सञ्चालक समितिले मिति २०६९।१२।२२ गते संस्थानको विनियमबमोजिमको प्रक्रियाहरू अवलम्बन गरी विपक्षीलाई "संस्थानको सेवाबाट भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट हटाउने" निर्णय भएको थियो । विपक्षीले एकातर्फ संस्थानमा मिति २०६९।११।२८ मा पेस गरेको पहिलो लिखित स्पष्टीकरणको पाँचौ र अन्तिम प्रकरणहरू एवं मिति २०६९।१२।२१ मा पेस गरेको दोस्रो लिखित स्पष्टीकरणको दोस्रो प्रकरणमा आफूले गल्ती गरेको तथ्य प्रत्यक्ष एवं परोक्षरूपमा स्वीकार गर्नुभएको छ। विपक्षीले आफूले हिनामिना गरेको रकम मिति २०६९।९।१, २०६९।९।४ र २०६९।९।५ गते क्रमशः रू.११,००,०००।-, १३,००,०००।- तथा १३,५०,०००।- र १८,००,०००।- समेत गरी जम्मा रू.५५,५०,०००।- संस्थानमा दाखिला गर्नुभएबाट विपक्षीले आफूले आफ्नो पदिय हैसियत एवं जम्मेवारीबमोजिम कार्य नगरी अक्षम्य गल्ती गर्नुभएको पुष्टि हुन्छ । विपक्षीले प्रस्तुत रिटमा यी तथ्यहरू उल्लेख नगरी लुकाउनु भएको देखिन्छ।

विपक्षीले संस्थानमा मिति २०६९।९।१ गते दिनुभएको निवेदनमा आफूले संस्थानलाई तिर्नु बुझाउनुपर्ने रकममध्ये ११,००,०००।- समेत संस्थानमा जम्मा गरेको व्यहोरा उल्लेख गरेको पाइन्छ । यसरी संस्थानसमक्ष आफूले गल्ती स्वीकार गरिसकेपछि संस्थानले स्वभाविकरूपमा छानबिन गर्नका लागि विपक्षीलाई संस्थानको विनियमावली, २०६४ को विनियम १०९ बमोजिम विपक्षीले गल्ती स्वीकार गरेको मिति अर्थात् २०६९।९।१ गते देखि लागू हुने गरी निलम्बन गरेको हो । संस्थानले विनियमावलीको विनियम १०९ बमोजिम विपक्षीलाई निलम्बन गरेको, संस्थानले विपक्षीले गरेको नगद, जिन्सीलगायतका कारोबारहरू सम्बन्धमा वाणिज्य तथा आपूर्ति मन्त्रालयको उपसचिवज्यूको नेतृत्वमा छानबिन गराएको, छानबिन समितिले मिति २०६९।१०।१५ गते पेस गरेको प्रतिवेदनले विपक्षीलाई दोषी किटान गरको, संस्थानबाट विनियमको प्रावधानबमोजिम पटकपटक स्पष्टीकरण सोधी विपक्षीलाई आफ्नो कुरा भन्ने मौकासमेत दिई विपक्षीको स्पष्टीकरण चित्त बुझ्दो नभएकाले संस्थान सञ्चालक समितिबाट संस्थान विनियमावलीको विनियम १०३(ख) बमोजिम विपक्षीलाई "संस्थानको सेवाबाट भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट हटाउने" निर्णय भई सोहीबमोजिम विपक्षीलाई संस्थानको सेवाबाट हटाइएको हो । निजामती सेवा नियमावली, २०५० को नियम ४६ र ४७ बमोजिम सचिवले प्रयोग गर्ने अधिकार निमित्त सचिवले प्रयोग गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । यसबाट निमित्त सचिवज्यूको मिति २०७०।६।१६ को पुनरावेदन निर्णय प्रचलित कानूनअनुरूप भएको पुष्टि हुन्छ । यसरी विभिन्न कागजातहरूबाट दोषी पुष्टि भइरहेको अवस्थामा पनि आफू इमान्दार भएको जिकिर लिई दायर प्रस्तुत रिट निवेदन सफा हातको सिद्धान्तविपरीत रहेको हुँदा खारेजभागी छ खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल खाद्य संस्थान सञ्चालक समितिका अध्यक्ष उत्तमकुमार भट्टराईको लिखित जवाफ।

**विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयको लिखित जवाफ**

नेपाल खाद्य संस्थानको विनियमावली, २०६४ को विनियम १०६ को उपविनियम (१) को खण्ड (ग) अनुसार भविष्यमा संस्थानको सेवाको लागि अयोग्य नठहरिने गरी संस्थानको सेवाबाट हटाउने गरी नेपाल खाद्य संस्थानको सञ्चालक समितिको मिति २०६९।१२।२२ को १६९४ औं बैठकबाट निज रिट निवेदकलाई संस्थानको वरिष्ठ अधिकृतको पदबाट हटाएको निर्णयको विरूद्ध चित्त नबुझेकोले नेपाल खाद्य संस्थान (कार्य सञ्चालन तथा कर्मचारी सेवा सर्त र सुविधासम्बन्धी) विनियमावली, २०६४ को विनियम ११२ बमोजिम यस मन्त्रालयमा पुनरावेदन परेको थियो । सो पुनरावेदनउपर आवश्यक जाँचबुझ गर्दा रिट निवेदकले संस्थानको रकम हिनामिना गरेको कुरामा दुविधा देखिन नआएको र उक्त विनियमावली, २०६४ को विनियम १०७ को उपविनियम (१) को खण्ड (ग) अनुसार भविष्यमा संस्थानको सेवाको लागि अयोग्य नठहरिने गरी संस्थानको सेवाबाट हटाउन सक्ने भन्ने स्पष्ट कानूनी व्यवस्था भएअनुरूप निज रिट निवेदकलाई उचित सुनुवाइको मौका दिई संस्थानको सञ्चालक समितिले पदबाट हटाएको निर्णयको पुनरावेदनउपर पुनः विचार नगरी संस्थानको सञ्चालक समितिको निर्णयलाई सदर गरेको कानूनसम्मत भएकोले रिट निवेदकको जिकिर तर्कसङ्गत नदेखिँदा रिट निवेदन खारेजभागी छ ।

निमित्त सचिवले पुनरावेदनउपर कारवाही गरेको भन्ने सम्बन्धमा कुनै कार्यालयको प्रमुख बिरामी भई वा अन्य कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा निज मातहतको दरबन्दी कर्मचारीमध्ये निकटतम् जेष्ठ निजामती कर्मचारीले निजको निमित्त जनाई कार्य सञ्चालन गर्न सक्ने अधिकार निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० को नियम ४६ बमोजिम मातहतको कर्मचारीलाई कानूनतः प्राप्त भएकै अधिकारअन्तर्गत तत्कालीन सचिव सरूवा भई अर्को सचिवको सरूवा नभएको अवस्थामा मन्त्रालयको दरबन्दीमा कार्यरत सहसचिवहरू मध्ये जेष्ठ कर्मचारीको नाताले गरेको काम कारवाहीलाई अन्यथा भन्न मिल्ने होइन । साथै, निमित्त सचिव रहेको अवस्थामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवस्तरको बैठकमा मन्त्रालयको सचिवको हैसियतले भाग लिने तथा कार्य सम्पादन नियमावली, २०६४ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्मा निमित्त सचिवको हैसियतले प्रस्ताव पठाउनेलगायतका अन्य काम कारवाहीहरू गर्न सक्ने अवस्था कानूनबमोजिम निमित्त सचिवलाई पनि प्राप्त भएअनुरूप रिट निवेदकको पुनरावेदनउपर कानूनसम्मत तवरले गरेको निर्णयलाई अन्यथा भयो भनी लिएको रिट निवेदन जिकिर कानूनसम्मत तथा तर्क र तथ्यसङ्गत नदेखिएकोले रिट निवेदन जिकिर खारेज भागी छ । यसर्थ रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयको लिखित जवाफ ।

**विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव तथा तत्कालीन निमित्त सचिव दिपक सुवेदीको लिखित जवाफ**

नेपाल खाद्य संस्थानको सञ्चालक समितिको मिति २०६९।१२।२२ को १६९४ औं बैठकबाट निज रिट निवेदकलाई संस्थानको वरिष्ठ अधिकृतको पदबाट हटाएको निर्णयको विरूद्ध यस मन्त्रालयमा पुनरावेदन परेको थियो । उक्त पुनरावेदनउपर आवश्यक जाँचबुझ गर्दा नेपाल खाद्य संस्थान कार्य सञ्चालन तथा कर्मचारी सेवा सर्त र सुविधासम्बन्धी विनियमावली, २०६४ को विनियम ११४ बमोजिम पुनरावेदन सुन्ने अधिकारीको हैसियतले उक्त पुनरावेदनउपर पुनः विचार नगरी संस्थानको सञ्चालक समितिको निर्णयलाई सदर

गरेको कानूनसम्मत भएकोले रिट निवेदकको जिकिर तर्कसङ्गत नदेखिँदा रिट निवेदन खारेज भागी छ ।

निमित्त सचिवले पुनरावेदनउपर कारवाही गरेको भन्ने सम्बन्धमा कुनै कार्यालयको प्रमुख कार्यालयमा अनुपस्थित भएमा निज मातहतको दरबन्दी कर्मचारीमध्ये निकटतम् जेष्ठ निजामती कर्मचारीले निजको निमित्त जनाई कार्य सञ्चालन गर्न सक्ने अधिकार निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० को नियम ४६ बमोजिम मातहतको कर्मचारीलाई कानूनतः प्राप्त भएकै हो । सोअन्तर्गत तत्कालीन सचिव सरूवा भई अर्को सचिवको सरूवा नभएको अवस्थामा मन्त्रालयको दरबन्दीमा कार्यरत सहसचिवहरूमध्ये जेष्ठ कर्मचारीको नाताले गरेको काम कारवाहीलाई अन्यथा भन्न मिल्ने होइन । साथै, निमित्त सचिव रहेको अवस्थामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवस्तरको बैठकमा मन्त्रालयको सचिवको हैसियतले भाग लिने तथा कार्य सम्पादन नियमावली, २०६४ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्मा निमित्त सचिवको हैसियतले प्रस्ताव पठाउने लगायतका अन्य काम कारवाहीहरू गर्नसक्ने अवस्था कानूनबमोजिम निमित्त सचिवलाई पनि प्राप्त भएअनुरूप रिट निवेदकको पुनरावेदनउपर कानूनसम्मत तवरले गरेको निर्णयलाई अन्यथा भयो भनी लिएको रिट निवेदन जिकिर कानूनसम्मत तथा तर्क र तथ्यसङ्गत नदेखिएकोले रिट निवेदन जिकिर खारेज भागी छ । यसर्थ रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव तथा तत्कालीन निमित्त सचिव दिपक सुवेदीको लिखित जवाफ ।

**अदालतको आदेश**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस भएको प्रस्तुत निवेदनको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी. तथा विद्वान् अधिवक्ताहरू श्री रामचन्द्र पौडेल र श्री योगेन्द्रबहादुर अधिकारीले निवेदकलाई सेवाबाट हटाउने निर्णयउपर विनियमावलीको विनियम ११२(क) बमोजिम वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवज्यू समक्ष पुनरावेदन गरिएकोमा अधिकार नभएका उक्त मन्त्रालयका निमित्त सचिव दिपक सुवेदीबाट गैरकानूनीरूपमा क्षेत्राधिकार ग्रहण गरी मिति २०६०।६।१६ मा पुनरावेदन पत्र अस्वीकृत हुने गरी निर्णय गरियो । निवेदकको पुनरावेदन पत्रउपर मन्त्रालयका सचिवले नै निर्णय गर्नुपर्छ । अधिकार नपाएका निमित्त सचिवले विनियमावलीको विनियम ११४ को कार्यविधि पालना नगरी निर्णय भएको छ । सो निर्णय नेपाल खाद्य संस्थान (कार्य सञ्चालन तथा कर्मचारी सेवा सर्त र सुविधासम्बन्धी) विनियमावली, २०६४ को विनियम ११२(क), ११३, १४४ समेतको विपरीत छ । निमित्तको हैसियतमा कार्य गर्नेले तत्काल नगरी नहुने दैनिक कार्य सञ्चालन गर्नेसम्मको कार्यमा अधिकार सीमित हुन्छ । सो विनियमावलीबमोजिम सजाय पाएका अधिकृत स्तरका कर्मचारीले सम्बन्धित मन्त्रालयको सचिवसमक्ष पुनरावेदन गर्नुपर्ने भनी स्पष्ट उल्लेख भएको छ । निवेदकलाई नेपाल खाद्य संस्थानको सेवाबाट हटाउने मिति २०६९।१२।२९ को निर्णय र सोलाई सदर गर्ने गरी भएको वाणिज्य तथा आपूर्ति मन्त्रालयका निमित्त सचिव दिपक सुवेदीको मिति २०७०।६।१६ को निर्णय त्रुटिपूर्ण भएकाले उत्प्रेषणको आदेशले बदर गरी सेवामा बहाल गराई निलम्बन भएको अवधिदेखि पुनर्वहाली भएको मितिसम्मको तलब भत्ता तथा अन्य सुविधासमेत प्रदान गर्न परमादेशको आदेश जारी हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो ।

विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री केशवप्रसाद पन्त, विद्वान् अधिवक्ता श्री युवराज श्रेष्ठले निजामती सेवा नियमावलीको

नियम ४६ मा कुनै कार्यालयको प्रमुख अनुपस्थित भएमा निज मातहतको जेष्ठ निजामती कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नुपर्ने व्यवस्था रहेकोले निमित्त सचिवबाट निवेदकलाई नेपाल खाद्य संस्थानको विनियमावली, २०६४ को विनियम १०६ (१)(ग) अनुसार भविष्यमा संस्थानको सेवाको लागि अयोग्य नठहरिने गरी संस्थानको सेवाबाट हटाउने निर्णय भएको हो। निवेदकले नेपाल खाद्य संस्थानको रकम रू.५५,४८,२२५। हिनामिना गरेको हो। पछि कारवाहीको क्रममा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको रोहबरको निवेदकले रकम हिनामिना गरेको स्वीकारी पटक पटक गरी रकम बुझाएको अवस्था पनि छ। निवेदकको पुनरावेदनउपर पुनः विचार नगरी संस्थानको सञ्चालक समितिको निर्णयलाई कानूनसम्मत रूपमा सदर गरेको हो। निवेदक विभिन्न कागजातहरूबाट दोषी पुष्टि भइरहेको अवस्थामा दायर भएको रिट निवेदन स्वतः खारेजभागी हुँदा मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन। रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

उक्त बहससमेत सुनी रिट निवेदन र लिखित जवाफसहितका मिसिल संलग्न कागजात अवलोकन गरी निवेदकको मागबमोजिमको आदेश जारी हुने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा निवेदक आफ्नो सेवामा सेवारत रहिरहेको अवस्थामा नेपाल खाद्य संस्थान विनियमावली, २०६४ को विनियम १०७(३)(ख)(ग) को कसुर आरोप लगाई विनियम १०६ को १(ग) अनुसार मिति २०६९।९।१ गतेदेखि लागू हुने गरी सेवाबाट हटाउने र रू.१०,२६,६८०।१४ ब्याजसमेत भराउने भनी नेपाल खाद्य संस्थानको सञ्चालक समितिबाट मिति २०६९।१२।२२ मा निर्णय गरेको, सो निर्णयउपर वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवसमक्ष पुनरावेदन पत्र पेस गरेको थिएँ। वाणिज्य तथा आपूर्ति मन्त्रालयका निमित्त सचिवबाट नभएको क्षेत्राधिकार ग्रहण गरी संस्थानको सञ्चालक समितिको निर्णय सदर गर्ने गरी मिति २०७०।६।१६ मा निर्णय भयो। आफूले संस्थानलाई तिर्नु बुझाउनुपर्ने रकम दाखिला गरिसकेको अवस्थामा पनि सेवाबाट हटाउने गरी संस्थानबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी वाणिज्य तथा आपूर्ति मन्त्रालयको निमित्त सचिवबाट भएको पुनरावेदन निर्णयसमेत त्रुटिपूर्ण भएकाले बदर गराई पाउँ भन्ने निवेदकको मुख्य रिट निवेदन रहेको देखिन्छ।

३. रिट निवेदकको कारणबाट नेपाल खाद्य संस्थानको खातामा मिलान वा भिडान नभएको रकम रू.५५,४८,२२५।- निवेदकले हिनामिना गरेको कुरा निजले स्वीकार गरेको अवस्था छ। यसरी संस्थानको नगद, जिन्सी हानि नोक्सानी गरेको कसुरमा भविष्यमा संस्थानको सेवाको लागि अयोग्य नठहरिने गरी संस्थानको सेवाबाट हटाउन व्यवस्था भएअनुरूप निवेदकलाई उचित सुनुवाइको मौका दिई संस्थानको सञ्चालक समितिले पदबाट हटाएको हो। सो निर्णयउपर रिट निवेदकले पुनरावेदन गर्दा संस्थानको सञ्चालक समितिको निर्णय सदर भएकोले कानूनसम्मत भएको काम कारवाहीउपर रिट निवेदकको जिकिर तर्कसङ्गत छैन भन्नेसमेत व्यहोराको विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेतको लिखित जवाफ रहेको छ।

४. यी रिट निवेदक विपक्षी खाद्य संस्थानमा कार्यरत रहँदा संस्थानको अञ्चल कार्यालय, काठमाडौंको आ.व. ०६८।६९ को आन्तरिक लेखा परीक्षण गर्ने क्रममा खातापाता उपलब्ध गराई कार्य सम्पन्न गराउन मौखिक तथा लिखित जानकारी गराउँदासमेत कार्यालयमा उपस्थित नहुनु भएकोले उपलब्ध खाता तथा बिल भरपाईको आधारमा संस्थानको करिब रू.५५,४८,२५५।- बराबरको हिसाब मिलान भिडान नभएकोले सो रकम निवेदकबाट हिनामिना भएको हुँदा संस्थानको विनियमावली, २०६४ (संशोधनसहित) को परिच्छेद १२ को

विनियम १०९(१) तथा विनियम ११०(१) मा भएको व्यवस्थाअनुसार मिति २०६९।९।१ देखि नै लागू हुने गरी निवेदकलाई ६० दिन निलम्बनमा राख्ने भनी सञ्चालक समितिको मिति २०६९।९।५ मा बसेको १६८१ औं बैठकबाट निर्णय भएको देखिन्छ। वाणिज्य तथा आपूर्ति मन्त्रालयका पदमनारायण श्रेष्ठको संयोजकत्वमा गठित छानबिन समितिको जाँचबुझको कार्य समाप्त नभएको हुँदा निलम्बनको म्याद समाप्त भएकै मितिदेखि लागू हुने गरी बढीमा ६० दिन निलम्बनको अवधि थप गर्ने गरी सञ्चालक समितिको मिति २०६९।११।१ को १६९० औं बैठकबाट निर्णय भएको देखिन्छ।

५. निवेदकले आफ्नो जिम्मेवारी असल नियतबाट निर्वाह गरेको नदेखिएको स्पष्ट हुँदा निजको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले नपुग रकमको ब्याज रू.१०,२६,५८०।१४ समेत निजबाट असुल गर्ने र निजलाई संस्थानको विनियमावली, २०६४ (संशोधनसहित) को परच्छेद १२ को विनियम १०६ को उपविनियम १(ग) अनुसार भविष्यमा संस्थानको सेवाको लागि अयोग्य नठहरिने गरी संस्थानको सेवाबाट हटाउने गरी सञ्चालक समितिको मिति २०६९।१२।२२ को १६९४ औं बैठकबाट निर्णय गरिएको र सो निर्णयउपर निवेदकले नेपाल खाद्य संस्थान कार्यालय सञ्चालन तथा कर्मचारी सेवा सर्त र सुविधासम्बन्धी विनियमावली, २०६४ को विनियम ११२ बमोजिम वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवसमक्ष पुनरावेदन गरेको देखिन्छ। सो पुनरावेदन सम्बन्धमा निज निवेदकले संस्थानको नगद हानि नोक्सानी गर्ने अभिप्रायले कामकाज गरेको देखिँदा निजलाई नेपाल खाद्य संस्थानको सञ्चालक समितिको मिति २०६९।१२।२२ को निर्णयले भविष्यमा संस्थानको सेवाको लागि अयोग्य नठहरिने गरी संस्थानको सेवाबाट हटाउने गरी गरेको निर्णय मनासिब देखिएको भनी मिति २०७०।६।१६ मा वाणिज्य तथा आपूर्ति मन्त्रालयका निमित्त सचिव दीपक सुवेदीबाट सञ्चालक समितिको निर्णय सदर भएको देखियो। रिट निवेदकले मुख्यरूपमा सोही निर्णयलाई चुनौती दिई निमित्त सचिवबाट आफूले दिएको पुनरावेदनउपर निर्णय गर्ने क्षेत्राधिकार नभएको भन्ने जिकिर लिएको पाइन्छ।

६. यी निवेदकले नेपाल खाद्य संस्थान कार्यालय सञ्चालन तथा कर्मचारी सेवा सर्त र सुविधासम्बन्धी विनियमावली, २०६४ को विनियम ११२ बमोजिम वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवसमक्ष पुनरावेदन गरेकोमा विवाद छैन। उक्त पुनरावेदनउपर निमित्त सचिवले निर्णय गरी पुनरावेदन जिकिर पुग्न नसक्ने ठहर गरेको भन्ने कुरामा पनि विवाद छैन। यस तथ्यका सम्बन्धमा विपक्षीहरूको तर्फबाट प्रस्तुत भएको लिखित जवाफमा समेत अन्यथा भनिएको छैन। नेपाल खाद्य संस्थानको विनियमावली, २०६४ (संशोधनसहित) को विनियम ११२ मा पुनरावेदन सुन्ने अधिकारीअन्तर्गत विभागीय कारवाहीको सजाय पाएकोमा चित्त नबुझ्ने कर्मचारीले पैंतीस दिनभित्र देहायको अधिकारीसमक्ष पुनरावेदन दिन सक्नेछ भनी विनिमय ११२(क) मा यस विनियमावलीबमोजिम सजाय पाएका अधिकृत स्तरका कर्मचारीले सम्बन्धित मन्त्रालयको सचिवसमक्ष तथा विनियम ११२(ख) मा यस विनियमावलीबमोजिम सजाय पाएका सहायक स्तरका कर्मचारीले अध्यक्षमार्फत समितिसमक्ष पुनरावेदन दिन सकिने व्यवस्था रहेको देखिन आयो।

७. वस्तुतः कानूनमा जे जुन कार्य जे जुन पदाधिकारीबाट सम्पन्न गर्नुपर्ने भनी तोकिएको हुन्छ, तत्तत् पदाधिकारीले नै गर्नुपर्ने हुन्छ। कुनै निकायले कुनै कर्मचारीलाई विभागीय कारवाही स्वरूप कुनै सजाय गर्ने निर्णय गरेकोमा सोउपरको पुनरावेदन सुन्ने यो निकाय र पदाधिकारी हुने भनी कानूनमा नै स्पष्ट तोकिएकोमा सोही निकाय र पदाधिकारीले नै पुनरावेदन सुनी निर्णय गर्नुपर्दछ। कुनै पदाधिकारी

बिदामा रहेको वा कार्यालयमा अनुपस्थित रहेको अवस्थामा अर्को पदाधिकारीले निमित्त भई दैनिक कार्य सञ्चालन गर्ने भन्ने कुरा प्रशासनिक सहजताको दृष्टिकोणबाट तर्कसङ्गत हुनसक्छ तर त्यसरी निमित्त भई कामकाज गर्ने पदाधिकारीले आफूलाई कानूनले नै अधिकार नदिएको पुनरावेदन सुन्ने जस्तो गम्भीर विषयमा निर्णय गर्ने अधिकार रहेको भनी मान्न मिल्ने हुँदैन।

८. प्रस्तुत रिट निवेदनमा निवेदकले मुख्यरूपमा आफूले दिएको पुनरावेदनउपर तोकिएको अधिकारीले निर्णय गर्नुपर्नेमा निमित्त भई काम गर्नेले क्षेत्राधिकारविपरीत निर्णय गरिएको भन्ने जिकिर लिएको अवस्था छ। सञ्चालक समितिको निर्णयउपर रिट निवेदकले दिएको पुनरावेदन सुन्ने अधिकार भनेको विशुद्ध प्रशासनिक कार्य नभई अर्धन्यायिक प्रकृतिको कार्य हो । यस्तो अधिकार न्यायिक मन लगाएर प्रयोग गरिने अधिकार भएकाले कानूनमा नै स्पष्टरूपमा यो पदाधिकारीले पुनरावेदन सुन्ने भनी तोकिएको हो । यस्तो अधिकार कानूनले तोकिएको अधिकारीबाहेक अरूलाई प्रत्यायोजन हुन सक्तैन र निमित्त भई कामकाज गर्नेले प्रयोग गर्न सक्ने पनि हुँदैन।

९. *ने.का.प.* २०६५ अंक २ नि.नं. ७९३० मा प्रकाशित निवेदक इन्दिरा झा विपक्षी जिल्ला प्रशासन कार्यालय धनुषासमेत भएको उत्प्रेषणको रिट निवेदनमा "कसैलाई पनि कारवाही गर्ने अधिकार भनेको अधिकारप्राप्त अधिकारीले मात्र प्रयोग गर्नुपर्ने विषय हुँदा सोबाहेक अरूले प्रयोग गरेमा कानूनको दृष्टिमा आपत्तिजनक र दोषपूर्ण हुन जाने र त्यस्तो त्रुटि अधिकार क्षेत्रात्मक त्रुटि हुने र यस्तो अधिकार क्षेत्रात्मक त्रुटि भएको निर्णय कानूनको दृष्टिमा अमान्य हुने" भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ।

१०. विपक्षीहरूको लिखित जवाफमा निजामती सेवा नियमावली, २०५० को नियम ४६ को व्यवस्थाअनुसार निमित्त भई कामकाज गरेको कानूनप्रतिकूल नहुने भनी जिकिर लिएतर्फ सो व्यवस्था सम्बन्धमा हेर्दा कुनै कार्यालयको प्रमुख बिरामी भई वा अन्य कुनै कारणले छोटो अवधिको लागि अनुपस्थित भएमा निज मातहतको दरबन्दी वा विशेष दरबन्दीभित्रको वा रिक्त दरबन्दीमा काजमा खटिएको कर्मचारीमध्ये निकटतम् जेष्ठ निजामती कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नुपर्ने छ भन्ने व्यवस्था गरिएको पाइन्छ। ऐनको उक्त व्यवस्थाअनुसार पनि कार्यालयको दैनिक कार्य सञ्चालन गर्नसम्म निमित्त भई कार्य गर्नेले गर्न पाउने अधिकार रहन्छ । नेपाल खाद्य संस्थानको विनियमावली, २०६४ को विनियम ११२(क) मा विभागीय कारवाहीअन्तर्गत सजाय पाएका अधिकृत स्तरका कर्मचारीले दिएको पुनरावेदनउपर निमित्त सचिवले नभई सम्बन्धित मन्त्रालयको सचिवले नै उक्त पुनरावेदनलाई सदर वा बदर गर्ने अधिकार रहन्छ । तर प्रस्तुत विवादमा निमित्त सचिवबाट रिट निवेदकले दिएको पुनरावेदन सुनी निर्णय गरेको देखिएकोले माथि उल्लेख भएको कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तसमेतको आधारमा उक्त निर्णय त्रुटिपूर्ण भएको देखिन आयो।

११. तसर्थ, माथि विवेचित आधार र कारणसमेतबाट नेपाल खाद्य संस्थानको विनियमावली, २०६४ को विनियम ११२ ले पुनरावेदन सुन्ने अधिकारी सम्बन्धित मन्त्रालयको सचिवलाई तोकिएकोमा निजले नै त्यस्तो पुनरावेदन सुनी निर्णय गर्नुपर्नेमा सो नगरी यी निवेदकले दिएको पुनरावेदन पत्रलाई अधिकार नै नभएको निमित्त सचिवले नेपाल खाद्य संस्थानको सञ्चालक समितिको मिति २०६९।१२।२२ को निर्णयलाई सदर गर्ने गरी मिति २०७०।६।१६ मा गरेको निर्णय अधिकारक्षेत्रको अभावमा त्रुटिपूर्ण देखिएकाले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवदेकको पुनरावेदनमा

कानूनबमोजिम पुनरावेदन सुन्ने अधिकारप्राप्त पदाधिकारीबाट निर्णय गर्नु भनी विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयका नाममा परमादेशसमेत जारी हुने ठहर्छ । यो आदेशको कार्यान्वयनको लागि आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. बमकुमार श्रेष्ठ

इजलास अधिकृतः तारादेवी महर्जन
इति संवत् २०७४ साल मंसिर ३ गते रोज १ शुभम् ।

## निर्णय नं. ९८९४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति :२०७३।०९।२८
०७२-CI-११४५

मुद्दाः- दर्ता बदर दर्ता

पुनरावेदक / वादी : धनुषा जिल्ला, भरतपुर गा.वि.स.वडा नं. २ बस्ने भुपालबहादुर गुरूङ
विरूद्ध
प्रत्यर्थी / प्रतिवादी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयसमेत

- **सरकार तथा यसका निकायहरूले नगर्नुपर्ने काम गरेको वा गर्नुपर्ने काम नगरेको कारणबाट कसैको हक हितमा नै असर पार्नु वा हक अधिकार खोस्नु न्यायोचित नहुने ।**
- **एकपटक कुनै व्यक्तिका नाममा श्री ५ को सरकारको निकायले नै दाखिल खारेज गरिदिएको जग्गालाई हाल आएर पर्ती सरकारी जग्गा हो भनी भनेको आधारमा पर्ती सरकारी जग्गा मानी व्यक्तिलाई हकाधिकारबाट वञ्चित गर्दा व्यक्तिलाई अपूरणीय क्षति हुन जाने ।**
- **श्री ५ को सरकार तथा यसको निकाय मालपोत र जग्गाको आवश्यक व्यवस्था गर्न अधिकारप्राप्त श्री ५ को सरकारको प्रतिनिधिका रूपमा रहने जिम्दार कचहरीले दाखेल खारेज तथा सकार**

सर्वोच्च अदालत

**गरिदिएको त्रुटिपूर्ण नै भएको भए पनि हाल आएर कसैको हक स्वामित्व नै खोसिने कार्य गर्नु न्यायोचित हुन नसक्ने ।**

(प्रकरण नं. ७)

पुनरावेदक / वादीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्यामप्रसाद खरेल

प्रत्यर्थी/प्रतिवादीको तर्फबाट: विद्वान् सहन्यायाधिवक्ता उद्धव पुडासैनी

अवलम्बित नजिर :

- *ने.का.प.* २०४५, नि.नं.३४३८, पृ.४०२
- *ने.का.प.* २०५५, नि.नं.६५७९, पृ.४३६

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने:-

माननीय न्यायाधीश श्री हेमराज पन्त

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही

मा. न्यायाधीश श्री कुमारप्रसाद पोखरेल

फैसला

**न्या. हरिकृष्ण कार्की :** न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम मुद्दा दोहऱ्याई हेर्ने गरी यस अदालतबाट मिति २०७२/०८/२४ मा अनुमति प्राप्त भई पुनरावेदनको रूपमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार रहेको छः-

म फिरादीले जनकपुर नगरपालिका वडा नं.२ मा बस्ने डम्बर जङ्ग राणाको नाउँमा साबिकमा नम्बरी रहेको धनुषा जिल्ला, प्र.त. मौजे भरतपुरको साबिक कि.नं.२२ को ४-१६-१६ र कि.नं.२३ को २-१४-१५ समेत ७-११-११ जग्गा मालपोत बाँकीमा मिति २०२५/०१/२६ मा जिम्दार शेरबहादुरबाट बन्दोबस्तीमा सकार गरी ३८५०।- खर्च लगाई जग्गामा आली धुर बनाई २०२६ सालसम्मको मालपोत बुझाई तत्कालीन माल कार्यालयबाट दाखिल खारेजसमेत गरी भोगचलन गर्दै आएको जग्गा हो । साबिक दर्तावाला डम्बरजङ्ग राणाले मैले पोत बाँकीमा सकार गरेको उपर्युक्त जग्गाको जिम्दारले गरेको पजनी माल सवाल विपरीत भएकोले बदर गरिपाउँ भनी मिति २०२६/०८/०६ मा तत्कालीन अञ्चलाधीश कार्यालय, धनुषामा निवेदन दायर गरेकोमा त्यहाँबाट धनुषा मालमा पठाई धनुषा मालबाट अदालतमा जान भएको मिति २०२७/०५/३० को फैसलाउपर डम्मरजङ्ग राणाले प्रमुख जिल्ला अधिकारीसमक्ष पुनरावेदन गर्दा मालको निर्णय सदर हुने गरी फैसला भएको थियो। सोउपर मध्यमाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन पर्दा सुरूकै सदर हुने ठहरी मिति २०३१/०३/२६ मा फैसला भएको थियो। पछि वादी डम्बरजङ्ग राणा प्रतिवादी भुपालबहादुर गुरूङसमेत भई चलेको बेरीतको बन्दोबस्त बदर गरिपाउँ भन्ने मुद्दा तहतह हुँदै मध्यमाञ्चल क्षेत्रीय अदालतबाट मिति २०४४/०९/२३ मा वादी दाबी खारेज हुने ठहरी अन्तिम फैसला भयो । यसरी म फिरादीले मालपोत बाँकीमा सकार गरी दा.खा. समेत गरी आएको उक्त २ कित्ता जग्गाहरू सर्भे नापीमा धनुषा जिल्ला, भरतपुर गा.वि.स.वडा नं.२(ङ) कि.नं.६७ मा ७–८–६ नापी कायम भएको हो । सो जग्गा मालपोत बाँकीमा सकार गरेको र जग्गा नापीमा छुट हुन गएकोले छुट जग्गा दा.खा. दर्ता गरिपाउँ भनी २०५२ सालमा मालपोत कार्यालय धनुषामा निवेदन दिँदा उक्त कि.नं.६७ को जग्गा श्री ५ को सरकारको मिन्हा महलमा दर्ता स्रेस्ता कायम भइसकेकोले सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता गर्न नमिल्ने भनी मिति २०६१/११/२७ मा निर्णय भयो। कि.नं.६७ को ७-८-६ जग्गा नापीमा श्री ५ को सरकारको नाममा नापी भएको होइन। कुनै व्यक्ति विशेषको जग्गा सोझै श्री ५ को सरकारको मिन्हा महलमा जान सक्दैन । आफ्नो जग्गा व्यक्तिले मिन्हाको लागि कारवाही चलाएको अवस्थामा मात्र

मिन्हा हुनसक्छ । स्रेस्ता राख्ने कार्यालयले व्यक्तिको सम्पत्ति सुरक्षित गर्नुपर्नेमा मेरो सम्पत्ति आफ्नो मनखुशी श्री ५ को सरकारको भन्नु गैरकानूनी हो । मालपोत ऐन, २०३४ को दफा ७(२) अनुसार मैले आफूले मालपोत बाँकीमा सकार गरी दा.खा. समेत गरी आएको कि.नं.२२ र २३ को जग्गा नै सर्भे नापीमा धनुषा जिल्ला, भरतपुर गा.वि.स.वडा नं.२(ङ) कि.नं.६७ मा ज.वि.७-८-६ कायम भई दर्ता छुट भई जग्गाधनीमा श्री ५ को सरकार (मिन्हा महल) मा दर्ता भएकोले उक्त जग्गाको दर्ता बदर गरी मेरो नाममा दर्ता गरिपाउँ भन्नेसमेत व्यहोराको फिराद दाबी ।

वादी दाबीको धनुषा जिल्ला, भरतपुर गा.वि.स.वडा नं.२(ङ) को कि.नं.६७ को ७–८–६ जग्गा मिति २०२४/०१/१५ मा नापनक्सा भई मिति २०२४/०५/२७ मा उक्त जग्गाको जग्गाधनी दर्ता स्रेस्ता श्री ५ को सरकारको नाउँमा (मिन्हा महल) कायम भएको हो । जग्गाको स्वामित्वको प्रमाण जग्गाधनी दर्ता स्रेस्तालाई मान्नुपर्ने भएकोले सोअनुसार उक्त जग्गाको जग्गाधनी श्री ५ को सरकार हो । उक्त जग्गाको फिल्डबुकमा कुनै व्यक्तिको नाउँ उल्लेख नभई जोताहा तथा विरही महलमा “पर्ती” र कैफियत महलमा “आवादीलायक ऐलानी पर्ती” जनिएको समेतबाट उक्त जग्गाको स्वामित्व श्री ५ को सरकारमा हुन्छ । उक्त कि.नं.६७ को जग्गा वादीले बन्दोबस्तीमा सकार गरेको भनिएको मिति २०२५/०१/२६ भन्दा एक वर्ष पहिले नै मिति २०२४/०१/१५ मा नाप नक्सा भई मिति २०२४/०५/२७ मा जग्गाधनी दर्ता स्रेस्ता श्री ५ को सरकारको नाममा (मिन्हा महलमा) कायम भएको हो । दूषित दर्ता भएको होइन । वादीले बन्दोबस्तीमा सकार गरेको जग्गा नै सर्भे नापीको उक्त कि.नं.६७ को जग्गा भए सो जग्गा आफ्ना नाउँमा हक कायम गराई आफ्ना नाउँमा दर्तासमेत गराउनेतर्फ सो बन्दोबस्तीमा सकार गरेकै मिति २०२५/०१/२६ बाट कारवाही चलाउनुपर्ने कारण सिर्जना भएकोमा तत्काल जग्गा पजनीको १७ नं. अनुसार २ वर्षभित्र नालेस उजुर गर्नुपर्नेमा सो म्यादभित्र फिराद दायर नगरी हाल २०६२ सालमा आएर फिराद दाबी गरेको हुँदा फिराद हदम्यादभित्रको छैन, खारेजयोग्य छ भन्नेसमेत व्यहोराको मालपोत कार्यालय धनुषाको प्रतिउत्तर पत्र ।

वादी दाबीको धनुषा जिल्ला, भरतपुर गा.वि.स.वडा नं.२(ङ) साबिक कि.नं.६७ को जग्गा हाल कि.नं.१७१ र १७२ जग्गा भएको हो । उक्त सरकारी पर्ती जग्गाको सर्भे नापी नक्सा मिति २०२४/०१/१५ मा भई सोही समयमा उक्त जग्गा पर्ती जनिएको फिल्डबुक तथा नक्साबाट प्रष्ट देखिन्छ । उक्त जग्गा मिति २०२४/०१/१५ मा नापी भई मिति २०२४/०५/२७ मा स्रेस्ता पुर्जासमेत बनिसकेको अवस्थामा मिति २०२५/०१/१६ मा बन्दोबस्ती गर्दा तत्कालीन नापी गोश्वाराबाट जग्गाको अवस्था र प्रक्रिया मिलाई गर्नुपर्ने थियो । सो नगरी अहिले आएर दाबी गरेको नियमसङ्गत छैन । नाप नक्साको समयमा बाँझो पर्ती नै थियो । फिल्डबुक स्रेस्ताबाट बाँझो पर्ती देखिने उक्त जग्गा वादीलगायतका व्यक्ति विशेषको नभई श्री ५ को सरकारको हुन्छ र वादी दाबी खारेजयोग्य छ भन्नेसमेत व्यहोराको नापी शाखा धनुषाको प्रतिउत्तर पत्र ।

के कस्ता प्रमाणभित्रका जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता हुन्छ, सो सम्बन्धमा निर्णय गर्ने अधिकार जग्गा नाप जाँच ऐन, २०१९ र मालपोत ऐन, २०३४ ले नापी गोश्वारा र मालपोत कार्यालयलाई छ । उक्त कार्यालयहरूबाट उपर्युक्त कानूनी व्यवस्थाअनुसार जग्गा दर्ता गरेकोले उक्त कार्यालयको निर्णयलाई अन्यथा भन्न सक्ने अवस्था रहँदैन । जग्गाको नापजाँच र दर्ताको सन्दर्भमा ऐनले जग्गावालालाई तोकेको कर्तव्य फिरादीले पूरा गरेको देखिँदैन । ऐनको हदम्यादसम्बन्धी कानूनी व्यवस्थालाई उल्लङ्घन गर्नेले न्याय पाउन सक्दैन । फिल्डबुकको कैफियत महलमा आवादलायक भन्ने लेखिँदैमा व्यक्तिको जग्गा

हो भन्ने प्रमाणित हुन सक्दैन । त्यसैले वादीको फिराद खारेजयोग्य छ भन्नेसमेत व्यहोराको भूमि सुधार तथा व्यवस्था मन्त्रालयको प्रतिउत्तर पत्र ।

विपक्षीले यस कार्यालयको के कस्ता काम कारवाहीबाट निजको के-कस्तो हक अधिकार हनन् भएको हो? सो कुराको स्पष्ट जिकिर नलिई विना आधार र कारण यस कार्यालयलाई प्रतिवादी बनाइदिएको फिराद दाबी खारेजयोग्य छ भन्नेसमेत व्यहोराको तत्कालीन श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रतिउत्तर पत्र ।

कानूनले निर्दिष्ट गरेको कार्यविधि पूरा गरी भएको जग्गाको दर्ता प्रक्रियामा चित्त नबुझ्ने पक्षले कानूनले तोकेको मितिभित्र उजुर गर्नुपर्नेमा सो नगरी आधार प्रमाणविना तत्कालीन श्री ५ को सरकारको स्वामित्वमा रहेको जग्गालाई आफ्नो भनी लिएको दाबी खारेजयोग्य छ, साथै नापी विभागलाई विना कारण विपक्षी बनाइएकोले फिराद दाबीबाट फुर्सद पाउँ भन्नेसमेत व्यहोराको नापी विभागको प्रतिउत्तर पत्र ।

वादी दाबीलाई समर्थन गर्दै वादीका साक्षी मोहन महतो, काशीप्रसाद जयसवालको बकपत्र ।

विवादित जग्गा मिति २०२४/०१/१५ मा नापी हुँदा आवादीलायक ऐलानी पर्ती भनी कैफियत महलमा उल्लेख भएको भन्ने स्वयम् फिराद दाबीबाट देखिएको छ । यस्तो आफ्नो नाममा दर्ता हुनुपर्ने जग्गा श्री ५ को सरकारका नाममा दर्ता भएको भए तत्काल जग्गा पजनीको महलको १७ नं.मा भएको कानूनी व्यवस्थाअनुसार २ वर्षभित्र नालेस उजुर गर्नुपर्नेमा हदम्याद नघाई दायर हुन आएको प्रस्तुत फिरादबाट कारवाही गर्न मिल्ने नदेखिँदा प्रस्तुत फिराद खारेज हुने ठहर्छ भन्नेसमेत व्यहोराको धनुषा जिल्ला अदालतको मिति २०६४/०३/२६ को फैसला ।

जग्गा पजनीको १७ नं. बमोजिम २ वर्षभित्र नालेस दिनुपर्ने भन्ने तर्क कानूनसङ्गत छैन । जिम्दारको बन्दोबस्ती सदर हुने कि बदर हुने भनी विभिन्न न्यायिक निकायमा मुद्दा चलिरहेबाट उक्त बन्दोबस्त सदर नहुन्जेलसम्म दर्ता हकको प्रचलनको कानूनी कारवाही अगाडि आउन सक्ने भएन । जग्गा मेरो भोगमा नै रहेको थियो । स्वामित्वसम्बन्धी विवाद विभिन्न अदालतमा विचाराधीन रहेको अवस्थामा हदम्यादको प्रश्न यसमा उपस्थित हुन सक्दैन । मुद्दा दिनुपर्ने कारण मालपोतको फैसलाबाट उत्पन्न भएकोले सोबाट हदम्यादभित्रै फिराद गरेको छु । तसर्थ सुरू अदालतको फैसला उल्टी गरी वादी दाबीअनुसार उक्त जग्गा मेरो नाममा दर्ता गरिपाउँ भन्नेसमेत व्यहोराको वादीको पुनरावेदन अदालत, जनकपुरमा परेको पुनरावेदन पत्र ।

सुरूको फैसला फरक पर्न सक्ने देखिँदा प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७/०३/३० गते भएको आदेश ।

स्वयम् पुनरावेदकले नै २०२४ मा नापी हुँदा उक्त जग्गा पर्ती जनिई धनीको नाम छुट भई नाप नक्सा भएको तथ्यलाई स्वीकार गरिसकेको अवस्थामा उक्त जग्गा मालपोत ऐन, २०३४ को दफा २(ख)(२) बमोजिम सरकारी जग्गाअन्तर्गत पर्ने देखिँदा भोग चलन गरेकै आधारमा पुनरावेदकको नाममा दर्ता हुन सक्ने अवस्था देखिँदैन । यस विभागलाई प्रत्यर्थी प्रतिवादी बनाउनुपर्ने कारणसमेत केही छैन भन्नेसमेत व्यहोराको भूमि सुधार तथा व्यवस्था विभागको लिखित प्रतिवाद ।

साबिक कि.नं.२२ र २३ नै हालको कि.नं.६७ हो भनी मिसिल संलग्न स्रेस्ता प्रमाणबाट पुष्टि हुन सकेको छैन । यदि कि.नं.६७ साबिक कि.नं.२२ र २३ को भई डम्बरजङ्ग राणाको दर्ताको भए सो कुरा फिल्डबुकको कैफियतमा जनाउनुपर्नेमा सोमा पर्ती ऐलानी जनिएबाट पुनरावेदकले हक प्राप्त गरेको भनी उल्लेख गरेको मिति अगावै कि.नं.६७ कसैको नाममा दर्ता नभई पर्ती जनिई मिति २०२४/०५/२७ मा श्री ५ को सरकारको नाममा जग्गाधनी प्रमाण



नेपाल कानून आयोग

पुर्जा तयार भएको देखिन्छ । यसरी कि.नं.२२ र २३ बन्दोबस्तीमा लिनुभन्दा अगाडि नै नाप नक्सा भई कायम भएको कि.नं.६७ को दर्तालाई दूषित भनी मान्न सकिँदैन । यी पुनरावेदक समान तथ्यमा यस अदालतमा प्रवेश गरिसकेको र मालपोत कार्यालयले दाबीको जग्गा पुनरावेदकका नाममा दर्ता नहुने भनी मिति २०६१/११/२७ मा गरेको निर्णय सर्वोच्च अदालतबाट समर्थन भइरहेको अवस्थामा पुनः सोही जग्गा बदर गरिरहनपर्ने अवस्था नहुँदा पुनरावेदकको फिराद दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८/१२/२७ को फैसला ।

मैले बन्दोबस्तीमा पाएको जग्गाको साबिक दर्ता स्रेस्ता र दुवै कित्ता जग्गाको ४ किल्ला छ । बन्दोबस्तीअनुरूप मेरो नाममा दर्ता दा.खा. भई मालपोत बुझिएको छ । तत्कालीन कानूनी व्यवस्थाअनुसार मैले सकार गरी भोगचलन गरी तिरो तिरी आएको जग्गाको नक्सा सर्जमिन गरी ४ किल्ला भिडाई उही जग्गा हो वा अर्को हो भनी यकिन गर्नेतर्फ नलागी साबिक कि.नं.२२ र २३ बाट आएको नलेखिएकोबाट जग्गा भिडेन भन्नु मिल्दैन । पहिलेको मुद्दामा दर्ताको मात्र माग गरिएको र यसमा दर्ता बदरसमेतको माग हुँदा तथ्य उही होइन । यसमा मैले बन्दोबस्तीमा सकारी मेरो नाममा दर्ता दा.खा. भई मालपोत तिरी भोगचलन भई आएको जग्गा हुँदा जग्गाको ४ किल्ला भिड्छ भिड्दैन हेरी सोको आधारमा दर्ता गर्नुपर्ने राज्यको दायित्व हो । त्यसैले पुनरावेदन अदालत, जनकपुरको फैसला दोहऱ्याई हेरिपाउँ भन्नेसमेत व्यहोराको वादीको यस अदालतमा परेको निवेदन ।

सरकार स्वयम्ले यी निवेदकलाई दिएको जग्गा नै विवादित जग्गा हो, होइन? होइन भने कुन जग्गा सकार गरेको हो विपक्षीले देखाउन सक्नुपर्दछ । प्रमाण ऐन, २०३१ को दफा २७(२) को कानूनी व्यवस्थाको विद्यमानतामा सोको विश्लेषण नगरी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८/१२/२७ को फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३, २७(२), ५४ मुलुकी ऐन अ.बं.१८४क, १८५ नं. समेतको व्याख्यात्मक त्रुटि विद्यमान हुनुका साथै *ने.का.प.* २०५४ को नि.नं.६३१७ मा प्रतिपादित कानूनी सिद्धान्तसमेतको व्याख्यात्मक त्रुटि रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क)(ख) बमोजिम प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिदिएको छ भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७२/०८/२४ को यस अदालतको आदेश । उक्त आदेशानुसार प्रस्तुत मुद्दा यस अदालतमा पुनरावेदनसरह दर्ता हुन आएको ।

मालपोत ऐन, २०३४ को दफा २(ख२) २(ख३) ले सरकारी वा सार्वजनिक भनी परिभाषित जग्गा ऐ. ऐनको दफा २४(१)(२) ले व्यक्ति विशेषका नाममा दर्ता गर्न प्रतिबन्ध लगाएको र दर्ता गरेकोमा समेत स्वतः बदर हुने भनी ऐनमा व्यवस्था भएकोले सोअनुसार श्री ५ को सरकारको नाममा दर्ता भएको हुँदा निवेदकका नाममा दर्ता गर्न नमिल्ने भनी मालपोत कार्यालय धनुषाले गरेको निर्णय सम्मानित अदालतबाट अन्तिम भएको हो । यस्तो बन्दोबस्तीबाट जग्गा प्राप्त गर्नु अगावै मिति २०२४/०५/२७ मा नाप नक्सा भई पर्ती जनिई नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम भइसकेको सरकारी जग्गालाई पुनः दाबी गरेको प्रस्तुत निवेदन खारेजभागी छ भन्नेसमेत व्यहोराको करिब एकै मिलानको भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभागले यस अदालतमा पेस गरेको लिखित प्रतिवाद ।

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी भुपालबहादुर गुरूङका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री श्यामप्रसाद खरेलले मालपोत बाँकीमा कि.नं.२२ र २३ को जग्गा २०२६ सालसम्मको मालपोत तिरी मिति २०२५/०१/२६

मा साबिकको जिमिदारी पटवारी सबालको दफा २८ बमोजिम जिम्दारबाट सकार गरी मालपोतबाट दाखिल खारेज गरेका हुन् । सोही कि.नं.का जग्गाहरू नै कि.नं.६७ कायम भएको हो भनी मिति २०३६/०३/२९ को धनुषा जिल्ला अदालतको फैसलामा पनि उल्लेख छ । साबिकदेखि नै व्यक्तिको नाममा रहेको जग्गा नेपाल सरकारले आफ्नो बनाउन पनि सक्ने देखिँदैन । त्यसैले नेपाल सरकारको नाममा दर्ता भएको उक्त जग्गाको दर्ता बदर गरी वादी दाबीबमोजिम वादीको नाममा दर्ता गराई पाउँ भनी बहस गर्नुभयो । त्यस्तै प्रत्यर्थीहरूको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री उद्धव पुडासैनीले विवादित कि.नं.६७ नं. को जग्गा बन्दोबस्तीबाट प्राप्त गरेको भनिएको छैन । कि.नं.२२ र २३ को जग्गाबाट कि.नं.६७ भएको भन्ने पनि कतै देखिँदैन । हकभोगको जग्गा नापीमा पर्ती देखिएमा उसै बखत उजुर गर्नुपर्नेमा सो गरेको पनि देखिँदैन । त्यसैले उक्त कि.नं.६७ को जग्गाको नेपाल सरकारको दर्ता बदर गरी आफ्नो नाममा दर्ता गरिपाउँ भन्ने पुनरावेदक वादीको जिकिर पुग्न सक्दैन भनी बहस गर्नुभयो ।

यसरी दुवै पक्षको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा सुरूको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको छ, छैन? तथा वादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने हुन आयो । पुनरावेदन अदालत, जनकपुरले फैसला गर्दा लिएका आधार र पुनरावेदन वादीको पुनरावेदन जिकिरसमेत हेर्दा उपर्युक्त निर्णयमा पुग्न निम्न प्रश्नहरूको निरूपण गर्नुपर्ने हुन आयो ।

१. पुनरावेदक वादीको सो जग्गाको दर्ता बदर गरी आफ्नो नाममा दर्ता गरिपाउँ भन्ने फिराद हदम्यादभित्रको छ, छैन?
२. साबिक धनुषा जिल्ला, प्र.त. मौजे भरतपुरको कि.नं.२२ र २३ को जग्गा पुनरावेदक वादी भुपालबहादुर गुरूङले मालपोत बाँकीमा सकारेको हो, होइन?
३. विवादित धनुषा जिल्ला भरतपुर गा.वि.स.वडा नं.२(ङ) कि.नं.६७ को ज.वि. ७–८–६ जग्गा उक्त साबिक धनुषा जिल्ला, प्र.त. मौजे भरतपुरको कि.नं.२२ र २३ को जग्गाबाट कायम हुन आएको हो, होइन?
४. यदि उक्त कि.नं.२२ र २३ को जग्गा भुपालबहादुर गुरूङले सकारेको र सोही जग्गाबाट नै उक्त कि.नं.६७ कायम हुन गएको हो भने उक्त जग्गा यी पुनरावेदकले सकार गरे अगाडि नै नेपाल सरकारको मिन्हा महलमा दर्ता भएको सदर हुन्छ वा पछि निजले सकार गरेको सदर हुन्छ?

२. प्रत्यर्थी प्रतिवादीहरूले फिराद हदम्यादभित्रको नभएको भनी दाबी लिएको देखिन्छ । सोको निराकरणका लागि सर्वप्रथम पुनरावेदक वादीको सो जग्गाको दर्ता बदर गरी आफ्नो नाममा दर्ता गरिपाउँ भन्ने फिराद हदम्याद भित्रको छ, छैन? भन्ने पहिलो प्रश्न सम्बन्धमा विचार गर्नुपर्ने हुन आयो । यी पुनरावेदक वादीले दूषित दर्ता बदर गरी आफ्नो नाममा जग्गा दर्ता गरिपाउँ भनी फिराद दायर गरेको देखिन्छ । यसमा यति समयभित्र आउनुपर्ने भनी कुनै हदम्यादको व्यवस्था गरेको पाइँदैन । यसमा पनि यस जग्गाका सम्बन्धमा जिम्दारले गरेको पजनी बदर गरिपाउँ भनी साबिक दर्तावाला डम्बरजङ्ग राणा २०२६ सालदेखि नै निवेदन गरी विभिन्न अड्डा अदालतमा प्रवेश गरेको पाइएको छ । अन्त्यमा मध्यमाञ्चल क्षेत्रीय अदालतबाट मिति २०४४/०९/२३ मा निज डम्बरजङ्गको वादी दाबी खारेज हुने ठहरी फैसला भएको पाइएको छ । उक्त मालपोत बाँकीमा सकार गरेको जग्गा नापीमा छुट हुन गएकोले छुट जग्गा दा.खा.दर्ता गरिपाउँ भनी मालपोत कार्यालय, धनुषामा मिति २०५२/०९/१२ मा यी पुनरावेदकले निवेदन दिएकोमा सो कार्यालयले सरकारी जग्गा रहेको भनी

गरेको निर्णयउपर श्री पुनरावेदन अदालत, जनकपुरमा पुनरावेदन गर्दा पनि हदम्यादका आधारमा फिराद खारेज भएको अवस्था देखिएन । यी वादीले छुट जग्गा दर्ता गरिपाउँ भनी मालपोत कार्यालयमा निवेदन दिएकोमा मालपोत कार्यालयबाट मिति २०६१/११/२७ मा सरकारी जग्गा व्यक्तिको नाममा दर्ता नहुने भनी निर्णय गरेकोले मात्र यी वादी पुनरावेदकको दर्ता बदर गर्नका लागि फिराद दिनुपर्ने कारण सिर्जना भएको पाइन्छ । मिति २०६१/११/२७ मा सो कारण सिर्जना भएपछि मिति २०६२/०५/२६ मा यी वादीले फिराद दर्ता गरेको पाइएको छ । यसरी मुद्दा गर्नुपर्ने कारण सिर्जना भएको मितिले जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं.को हदम्यादभित्रै मुद्दा दायर गरेको हुँदा हदम्यादविपरीत दायर भयो भन्न मिल्ने देखिँदैन । यसै जग्गाको स्वामित्वको विषयलाई लिएर पटकपटक मुद्दा चल्दै आइरहेको देखिएको र निरन्तररूपमा आफ्नो जग्गाको विषयमा जागरूक भइरहेको देखिन आएको छ ।

३. साबिक धनुषा जिल्ला, प्र.त. मौजे भरतपुरको कि.नं.२२ र २३ को जग्गा पुनरावेदक वादी भुपालबहादुर गुरूङले मालपोत बाँकीमा सकारेको हो, होइन? भन्ने दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा यसमा धनुषा जिल्ला, प्र.त. मौजे भरतपुरको कि.नं.२२ र २३ को जग्गा डम्बरजङ्ग राणाको नाममा साबिक नम्बरी रहेको देखिन्छ । उक्त कि.नं.२२ र २३ जग्गाको तत्कालीन जिम्दार पटवारी सवालअनुरूप बाँकी मालपोत रू.८६०।६५ बुझी आफ्नो नाममा बन्दोबस्त सकार गरिपाउँ भनी यी वादी भुपालबहादुरले जिम्दारी कचहरीमार्फत श्री ५ को सरकारमा मिति २०२५/०१/२६ मा दरखास्त दिई सोअनुरूप उक्त कित्ता जग्गाहरू निज भुपालबहादुर गुरूङले सकार गरी लिएको पाइयो । सो जग्गाहरू निजले २०२६ सालसम्मको मालपोतसमेत तिरी मालपोतबाट दाखिल खारेजसमेत गरिलिएको मिसिलबाट देखिएको छ । यस सम्बन्धमा यसै मुद्दाका प्रतिवादीहरूले पनि कहीँकतै अन्यथा भन्न सकेको छैन । साथै सोही जग्गाहरू बन्दोबस्तीमा सकारेको बेरीतको हो भन्ने विषयलाई लिएर उक्त कित्ता जग्गाहरूको साबिक जग्गाधनी डम्बरजङ्ग राणाले २०२६/०८/०६ मा अञ्चलाधीश कार्यालय धनुषा, मालपोत कार्यालय धनुषा, जिल्ला प्रशासन कार्यालय धनुषा, धनुषा जिल्ला अदालतलगायतका अड्डा अदालतहरूमा सोही जग्गाको बन्दोबस्तीमा सकारेको वा पजनी बदर गरिपाउँ भनी निवेदन दिएको पाइन्छ । यसरी दिएको निवेदनमा पनि सम्बन्धित अड्डा अदालत सो जग्गालाई बन्दोबस्तीमा सकारेकोमा असहमत रहेको देखिँदैन । यसबाट उक्त कित्ता जग्गाहरू यी पुनरावेदकले मालपोत बाँकी बन्दोबस्तीमा नै सकारेको पुष्टि हुन आउँछ ।

४. यसरी उल्लिखित कि.नं.२२ र २३ को जग्गा भुपालबहादुर गुरूङले बन्दोबस्तीमा स्वीकारेको पुष्टि हुन आएपछि विवादित धनुषा जिल्ला भरतपुर गा.वि.स.वडा नं.२(ङ) कि.नं.६७ को ज.वि. ७–८–६ जग्गा उक्त पुनरावेदकले सकार गरेको साबिक धनुषा जिल्ला, प्र.त. मौजे भरतपुरको कि.नं.२२ र २३ को जग्गाहरूबाट कायम हुन आएको हो, होइन? भन्ने तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्नुपर्ने हुन आयो । पुनरावेदक वादी भुपालबहादुर गुरूङले उक्त कि.नं.२२ र २३ को जग्गा नै नापी हुँदा कि.नं.६७ कायम भएको भनी दाबी लिएको पाइन्छ । यी प्रत्यर्थी प्रतिवादीले उक्त कि.नं.२२ र २३ नै नापी हुँदा कि.नं.६७ कायम भएको भनी भन्न नसकिने भनी जिकिर लिएको तथा सुरू र पुनरावेदन अदालतले फैसला गर्दासमेत सो कुरालाई आधार लिए पनि यी प्रत्यर्थी प्रतिवादीहरूले उक्त कित्ता जग्गाहरूबाट कुन कित्ता जग्गा कायम भए भनी भन्न सकेको देखिँदैन । मिसिल संलग्न अन्य कागज प्रमाणहरूबाट समेत सो जग्गाबाट अन्य कुनै कित्ता जग्गा कायम भएको देखिँदैन । साथै सोही

कि.नं.का जग्गाहरू नै कि.नं.६७ कायम भएको हो भनी वादी डम्बरजङ्ग राणा प्रतिवादी यीनै पुनरावेदक भुपालबहादुर गुरूङसमेत भएको बेरीतको बन्दोबस्ती बदर गरिपाउँ भन्ने मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०३६/०३/२९ मा भएको फैसलामा पनि उल्लेख छ। उक्त जग्गा रीतपूर्वक बन्दोबस्तीमा लिएको देखिएकोले उक्त बन्दोबस्ती सदर हुने भनी धनुषा जिल्ला अदालतबाट पुनः मिति २०४०/०८/२७ मा भएको फैसलामा समेत उल्लेख भएको पाइएको छ । सो फैसला जनकपुर अञ्चल अदालतबाट मिति २०४१/११/१५ मा समेत सदर भई सोउपर पुनरावेदन परी मध्यमाञ्चल क्षेत्रीय अदालतबाट समेत यी पुनरावेदक वादीले उक्त जग्गा बन्दोबस्तीमा पाएकोलाई स्वीकारी फैसला भई सो फैसला अन्तिम अवस्थामा रहेको पाइएको छ।

५. यसरी मिसिल संलग्न कागज प्रमाण हेर्दा, धनुषा जिल्ला, प्र.त. मौजे भरतपुरको साबिकमा डम्बरजङ्ग राणाको नाममा रहेको कि.नं.२२ र २३ को जग्गा मालपोत बाँकीमा यी पुनरावेदक प्रतिवादीले सकार गरेको र सोही जग्गाहरू सर्भे नापीमा ऐलानी पर्ती जनिई कि.नं.६७ कायम भई नेपाल सरकारका नाममा नाप जाँच भएको प्रष्ट हुन्छ।

६. यसरी उक्त कि.नं.२२ र २३ को जग्गा भुपालबहादुर गुरूङले बन्दोबस्तीमा सकारेको र सोही जग्गाबाट नै उक्त कि.नं.६७ कायम हुन गएको भन्ने देखिएको अवस्थामा उक्त जग्गा यी पुनरावेदकले सकार गरे अगाडि नै नेपाल सरकारको मिन्हा महलमा दर्ता भएको सदर हुन्छ वा पछि निजले सकार गरेको सदर हुन्छ? भन्ने चौथो प्रश्नका सम्बन्धमा विचार गर्नुपर्ने हुन आयो। प्रत्यर्थी प्रतिवादीहरूले उक्त जग्गा यी पुनरावेदक वादी भुपालबहादुर गुरूङले मिति २०२५/०१/२६ मा मालपोत बाँकीमा सकार्नुभन्दा अगाडि २०२४ सालमा सर्भे नापी हुँदा नै पर्ती जनिई नेपाल सरकारका नाममा दर्ता भइसकेकोले निजले सकार गरेको बदर हुनुपर्ने हो भनी जिकिर लिएको तथा सुरू र पुनरावेदन अदालतसमेतले सो कुरालाई समेत फैसलामा आधार लिएको पाइन्छ। सोतर्फ हेर्दा पहिले नै पर्ती जनिई वादी नेपाल सरकारको नाममा दर्ता भइसकेको जग्गा यी पुनरावेदक वादीको नाममा कसरी मालपोत बाँकीमा सकार हुन पुग्यो भन्ने सम्बन्धमा प्रत्यर्थी प्रतिवादीहरूले केही खुलाउन सकेको देखिँदैन । पहिले पर्ती जनिई श्री ५ को सरकारको मिन्हा महलमा दर्ता भएको पछि आएर व्यक्तिको नाममा दर्ता हुन सक्दैन भन्ने कानूनी व्यवस्थासमेत रहे भएको पाइँदैन । यदि त्यसरी पर्ती जनिई नेपाल सरकारको नाममा भइसकेको जग्गा बन्दोबस्तीमा व्यक्तिले सकार गर्न नपाउने भए तत्काल जिम्दार कचहरीले सोसम्बन्धी प्रक्रिया अगाडि बढाई निजको नाममा सकार गर्नुपर्ने नै थिएन । यसरी तत्कालीन जिम्दार पटवारी सवालअनुरुप डम्बरजङ्ग राणाबाट यी पुनरावेदकले बाँकी मालपोत तिरी सकार गरेको जग्गा निजले नियमानुसार मालपोत तिरी कुनै प्रकारले हक हस्तान्तरण गरेको वा कुनै आफ्नो दायित्व पूरा नगरी कानूनअनुसार श्री ५ को सरकारको हुने अवस्थाको विद्यमानतासमेत रहेको पाइँदैन । उक्त जग्गाको फिल्डबुकमा आवादीलायक पर्ती भन्ने उल्लेख छ। सो जग्गा मालपोत बाँकी रहेर मात्र पर्ती जनिएको देखिन्छ। यस्तो जग्गा तत्काल प्रचलित कानूनअनुसार मालपोत तिरी व्यक्तिले सकार्न सक्ने नै देखिन आउँछ। तत्काल प्रचलित कानूनको रीत पुऱ्याई यी पुनरावेदक वादीले सकार गरी लिएको जग्गा निजकै हक स्वामित्वमा रहने हुँदा साबिक दर्ता बदर भई यी पुनरावेदक वादीको नाममा दर्ता कायम हुने नै देखिन्छ । यस सम्बन्धमा यस अदालतबाट फिल्डबुकमा पर्ती जनिए पनि निवेदकको हक भोग दर्ताभित्रको देखिए दर्ता गरी दिन नमिल्ने भन्न कानूनसङ्गत नहुने भनी सिद्धान्तसमेत

प्रतिपादित छ । (*ने.का.प.*२०४५, नि.नं.३४३८, पृ.४०२) त्यस्तै निजी हकको जग्गा कानूनले अन्यथा नगरेसम्म व्यक्तिले आफ्नो नाउँमा दर्ता गरी हक भोगसमेतको कार्य गर्न नपाउने भन्न मिल्ने अवस्था नदेखिने भन्ने सिद्धान्तसमेत प्रतिपादित भएको पाइन्छ । (*ने.का.प.*२०५५, नि.नं.६५७९, पृ.४३६)

७. सरकार तथा यसका निकायहरूले नगर्नुपर्ने काम गरेको वा गर्नुपर्ने काम नगरेको कारणबाट कसैको हक हितमा नै असर पार्नु वा हक अधिकार खोस्नु न्यायोचित हुँदैन । अर्थात् एकपटक कुनै व्यक्तिका नाममा श्री ५ को सरकारको निकायले नै दाखिल खारेज गरिदिएको जग्गालाई हाल आएर पर्ती सरकारी जग्गा हो भनी भनेको आधारमा पर्ती सरकारी जग्गा मानी व्यक्तिलाई हकाधिकारबाट वञ्चित गर्दा व्यक्तिलाई अपूरणीय क्षति हुन जान्छ । यसमा पनि तत्कालीन अवस्थामा मालपोत कार्यालयको प्रतिनिधिका रूपमा रहेको जिम्दारले २०२५ सालमा नै मालपोत बाँकीमा अर्थात् बन्दोबस्तीमा यी पुनरावेदक प्रतिवादीको नाममा सकार गराई मालपोत कार्यालयले यी पुनरावेदक प्रतिवादीको नाममा दाखेल खारेज गरिदिएको जग्गा हाल २०२४ सालकै सर्भे नापीमा पर्ती जनिएकै आधारमा निजलाई उक्त जग्गाको हकबाट वञ्चित गर्नु न्यायोचित हुँदैन । जिम्दार कचहरीले बन्दोबस्तीमा दिनु भनेको नेपाल सरकारले दिएसरह नै हुने हुँदा प्रत्यर्थी प्रतिवादीहरूको उक्त जिकिर तथा सुरू र पुनरावेदन अदालतले फैसला गर्दा लिएको उक्त आधारलाई उचित मान्न सकिएन । श्री ५ को सरकार तथा यसको निकाय मालपोत र जग्गाको आवश्यक व्यवस्था गर्न अधिकारप्राप्त श्री ५ को सरकारको प्रतिनिधिका रूपमा रहने जिम्दार कचहरीले दाखेल खारेज तथा सकार गरिदिएको त्रुटिपूर्ण नै भएको भए पनि हाल आएर कसैको हक स्वामित्व नै खोसिने कार्य गर्नु न्यायोचित हुन सक्दैन । तसर्थ यी पुनरावेदकले सकार गरे अगाडि नै नेपाल सरकारको मिन्हा महलमा दर्ता भएको सदर हुन सक्दैन । तत्काल प्रचलित कानूनअनुसार जग्गासम्बन्धी काम गर्न श्री ५ को सरकारको आधिकारिक प्रतिनिधिको रूपमा रहेको जिम्दार कचहरी र मलपोत कार्यालयसमेतले यी पुनरावेदक भूपालबहादुर गुरूङका नाममा सकार र दाखिल खारेज गरिदिएको सदर हुन्छ ।

८. अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट धनुषा जिल्ला, भरतपुर गा.वि.स.वडा नं.२(ङ) कि.नं.६७ को ज.वि.७-८-६ नापी कायम भएको जग्गा फिल्डबुकमा आवादी लायक पर्ती भनी जनिई यी पुनरावेदक वादी भुपालबहादुर गुरूङको नाममा दर्ता छुट हुन गएको देखिएकोले सुरू धनुषा जिल्ला अदालतबाट हदम्यादका आधारमा फिरादपत्र खारेज हुने ठहरी मिति २०६४/०३/२६ मा भएको फैसला र पुनरावेदन अदालत, जनकपुरबाट फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई मिति २०६८/१२/२७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई विवादित उक्त जग्गाको नेपाल सरकारको नाममा भएको दर्ता बदर गरी निज भूपालबहादुर गुरूङको नाममा दर्ता हुने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा धनुषा जिल्ला, भरतपुर गा.वि.स.वडा नं.२(ङ) कि.नं.६७ को ज.वि.७-८-६ को दर्ता बदर भई पुनरावेदक वादी भुपालबहादुर गुरूङका नाममा दर्ता कायम हुने ठहरी फैसला भएकोले सो कित्ता जग्गा वा सो कित्ता जग्गाबाट हाल नयाँ कित्ता जग्गा कायम हुन आएको भए सो नयाँ कायम कित्ता जग्गाको दर्ता बदर गरी नियमानुसार गरी निज भुपालबहादुर गुरूङका नाममा दर्ता स्रेस्ता कायम गर्नु भनी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाइदिनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाइदिनू ----१

प्रस्तुत फैसलाको नक्कल माग्न आउने सरोकारवालाई

नियमानुसार गरी नक्कल दिनू ----२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ------३

उक्त रायमा सहमत छु ।

न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत : यदुराज शर्मा

इति संवत् २०७३ साल पुस २८ गते रोज ५ शुभम् ।

## निर्णय नं. ९८९५

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

फैसला मिति : २०७४।०५।२७

मुद्दाः- अपहरण तथा कर्तव्य ज्यान

०७१-CR-११३६

पुनरावेदक / प्रतिवादी : प्रमोद महतो कहारको श्रीमती जिल्ला बारा गा.वि.स. भगवानपुर वडा नं.१ घर भई हाल कारागार पर्सा वीरगञ्जमा थुनामा रहेकी रेणुदेवी कहार

विरूद्ध

प्रत्यर्थी / वादी : सियारामप्रसाद यादवको जाहेरीले नेपाल सरकार

०७१-CR-१३९६

पुनरावेदक / वादी : सियारामप्रसाद यादवको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : बारा जिल्ला, भगवानपुर गा.वि.स.वडा नं.९ बस्ने रामचन्द्र कहारसमेत

- **कुनै श्रृङ्खलाबद्ध वारदात भएको अवस्थामा कुनै एउटा कसुरमा सजाय ठहर गर्दैमा अन्य ऐनको प्रयोजन पूरा हुँदैन । प्रत्येक ऐनअनुसारको कसुर ठहर हुन्छ वा हुँदैन भनी अदालतले अभियोग दाबीअनुसारका सबै प्रश्नको निरूपण गर्नुपर्दछ । ठूलो सजाय हुने खत वा कसुर ठहर हुँदैमा अन्य कसुरका सम्बन्धमा सजाय ठहर गर्नबाट पन्छिन नमिल्ने ।**
- **मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को व्यवस्था सजाय ठहर भइसकेपछि कैद ठेक्ने सम्बन्धमा अपनाउने विधि सम्बन्धित हुनसक्ने कैदको हद कायम गर्ने सम्मको व्यवस्था हो । ज्यान र अपहरण गरी दुवै कसुर ठहर गरिएको कारणबाट दण्ड सजायका महलको ४१ नं. विपरीत हुँदैन । ठहर भएको कैद असुल गर्ने (कैद ठेक्ने) सन्दर्भमा भने उक्त ४१ नं. मा रहेको प्रावधानको अनुशरण गरिनुपर्ने ।**

(प्रकरण न. ५)

पुनरावेदक / प्रतिवादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता हरिशंकर ज्ञवाली, विद्वान् अधिवक्ता शोभा कार्की

प्रत्यर्थी / वादीको तर्फबाट : विद्वान् अधिवक्ता रामाशिषप्रसाद यादव

सर्वोच्च अदालत

अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू फैसला गर्ने :
मा.न्यायाधीश श्री अवधविहारी प्रसाद सिन्हा
पुनरावेदन तहमा फैसला गर्ने :
माननीय न्यायाधीश श्री कुमारप्रसाद पोखरेल
माननीय न्यायाधीश श्री सरिता शर्मा

फैसला

**न्या. ईश्वरप्रसाद खतिवडा :** साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम यस अदालतको क्षेत्राधिकारमा रहेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

मिति २०६७।११।३० गते बेलुका १७:०० बजेको समयमा जिल्ला बारा, भगवानपुर गा.वि.स. वडा नं. ९ बस्ने सियाराम प्रसाद यादवको छोरी वर्ष १ कि राधिकाकुमारी हराई बेपत्ता भएकोमा मिति २०६७।१२।१५ गतेका दिन जिल्ला बारा, हर्दिया गा.वि.स. वडा नं. १ स्थित थलही खोलामा मृतक राधिका कुमारीको लास सडी गली दुर्गन्धित अवस्थामा फेला परेको भन्ने व्यहोराको घटनास्थल लास जाँच मुचुल्का।

जिल्ला बारा भगवानपुर गा.वि.स. वडा नं. ९ बस्ने प्रमोद महतो कहारको श्रीमती रेणुदेवी कहारको घर कोठाको खाटमुनि नयाँ माटोले खाल्टो पुरेको, खन्दा सजिलोसँग आउँने गरेको, भित्रबाट गन्ध आइरहेको, खाल्टो नजिकै खुर्पा १, विषादीको बट्टासमेत बरामद भएको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का।

मिति २०६७।११।३० गतेका दिन म जाहेरवालाको छोरी वर्ष १ कि राधिका कुमारी आफ्नै घर आँगनमा खेलिरहेको अवस्थामा प्रतिवादी रेणुदेवीसमेतले मिली उठाई प्रतिवादी रामचन्द्र कहार, वृजकिशोर महतो, सीता देवी, रेणुदेवी र रामाज्ञाप्रसाद यादवसमेतको राय सल्लाहमा कर्तव्य गरी मारी मृतक लास खोलामा फाली दिएको अवस्थामा मिति २०६७।१२।१५ गते मृतक लास फेला परेकोले कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको सियारामप्रसाद यादवको जाहेरी दरखास्त।

मिति २०६७।११।२८ गतेका दिन जाहेरवालाको श्रीमती चन्दनियादेवीसँग मेरो मोबाइलको विषयलाई लिई वादविवाद हुँदा चन्दनिया देवीले मेरो कपाल तानी कुटपिट गरेकी र निजको श्रीमान् जाहेरवाला सियाराम यादवले गाली गलौज गरेकोले मैले सोही कुराको रिसइवी राखी मिति २०६७।११।३० गतेका दिन बेलुका १७:०० बजे जाहेरवालाको छोरी राधिकाकुमारीलाई आँगनबाट उठाई ल्याई आफ्नो घरमा विषादी सेवन गराई टाउकोमा खुर्पाले प्रहार गरी कर्तव्य गरी मारी घरभित्र खाटमुनि खाल्टोमा पुरी ४ दिनपछि मृतक लास निकाली घर परिवारका प्रतिवादी रामचन्द्र कहार, वृजकिशोर महतो, सीतादेवीको राय सल्लाहमा मृतक लास वृजकिशोर र रामज्ञा यादवले खोलामा लगी फालेको हो भन्नेसमेत व्यहोराको रेणुदेवी कहारको बयान कागज।

मृतक राधिका कुमारी यादवको मृत्यु Head Injury बाट भएको भन्ने शव परीक्षण प्रतिवेदन।

मिति २०६७।११।२८ गते बेलुकाको समयमा मसँग प्रतिवादी रेणुदेवीको मोबाइलको विषयलाई लिएर वादविवाद हुँदा मैले कपाल तानी कुटपिट गरेको, श्रीमान्ले गाली गलौज गरेको, पञ्चायतीमा माफी मगाएकोले निज प्रतिवादी रेणुदेवीले ममाथि रिस राखी मिति २०६७।११।३० गतेका दिन मेरो छोरी वर्ष १ को राधिकाकुमारी यादवलाई घर आँगनबाट उठाई अपहरण गरी आफ्नो घरमा ल्याई प्रतिवादी रामचन्द्र कहार, वृजकिशोर महतो, सीता देवी, रेणुदेवीसमेतका बीच राय सल्लाहले विषादी सेवन गराई कर्तव्य गरी मारी मृतक लास रामाज्ञाप्रसाद यादवले समेत मिली

खोलामा फालेको अवस्थामा फेला परेको हो भन्नेसमेत व्यहोराको मृतककी आमा चन्दनीदेवी यादवको कागज।

मिति २०६७।११।३० गते अन्दाजी १६:४० बजेको समयमा जाहेरवालाकी छोरी राधिकाकुमारी आफ्नै घर आँगन अगाडि खेलिरहेको र प्रतिवादी रेणुदेवी कहार आफ्नै घर अगाडि सडकमा उभिरहेको अवस्थामा देखेको हुँ। पछि जाहेरवालाको छोरी हराई बेपत्ता भएकोमा तत्काल खोजतलास गर्दा फेला नपरेकोले पछि मिति २०६७।१२।१५ गते राधिका कुमारीको लास खोलामा फेला परेको, रेणुदेवीको घरभित्र खाटमुनि गाडेको खाल्टो रहेको र सोबाट गन्ध आइरहेकोले प्रतिवादी रामचन्द्र कहार, वृजकिशोर महतो, सीता देवी, रेणुदेवीसमेतको मिलेमतो राय सल्लाहमा राधिका कुमारीलाई उठाई ल्याई कर्तव्य गरी मारेको बुझिन आएको भन्नेसमेत व्यहोराको घटना विवरण कागज।

मिति २०६७।११।२८ गतेका दिन जाहेरवालाको श्रीमती चन्दनिया देवी र प्रतिवादी रेणुदेवी कहारबीच मोबाइलको विषयमा वादविवाद एवं झगडा हुँदा चन्दनिया देवीले रेणुदेवीलाई कुटपिट गरेको कारण रिसइवी लिई प्रतिवादी रेणुदेवी कहारले मिति २०६७।११।३० गते प्रतिवादी रामचन्द्र कहार, वृजकिशोर महतो, सीतादेवीको रायसल्लाहमा जाहेरवालाको छोरी वर्ष १ कि राधिका कुमारीलाई घरबाट उठाई अपहरण गरी ल्याई निजहरूको राय सल्लाहमा कर्तव्य गरी मारी मृतक लास प्रतिवादी वृजकिशोर महतो र रामाज्ञाप्रसाद यादवले खोलामा लगी लास फालिदिएको हो भन्नेसमेत व्यहोराको मधुप्रसाद यादवसमेतले गरेको वस्तुस्थिति मुचुल्का।

प्रतिवादी रेणुदेवी कहारले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक राख्नेको महलको १ नं. र ज्यानसम्बन्धी महलको १ नं. तथा १३(३) नं. अनुसारको कसुर गरेको हुँदा सो कसुरमा निजलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. र ९ नं. अनुसार र ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार समेत सजाय गरी पाउन तथा रामचन्द्र कहार, वृजकिशोर महतो, सीता देवी र रामाज्ञाप्रसाद यादवसमेतले अपहरण गर्ने कार्यमा दुरूत्साहन तथा आदेश दिई मार्ने कार्यमा षड्यन्त्रसमेत गरेको देखिँदा निजहरूलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ४ नं. ले हुने सोही महलको ३ नं. अनुसार सजाय गरी ऐ. ९ नं. अनुसार थप सजाय तथा ज्यानसम्बन्धी महलको १६ नं. अनुसार समेत सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र मागदाबी।

मैले जाहेरवालीको छोरीलाई मारेको होइन। मिति २०६७।११।३० गते म घर गाउँमा थिइन। गाउँबाट टाढा गोठमा दाउरा लिन गएकोमा फर्की आउँदा जाहेरवालीको छोरी हराएको हल्ला खल्ला सुनेको हो। मैले अपहरण गरेको होइन। मेरो जेठाजु वृजकिशोर महतोको मोबाइल जाहेरवालीको पत्नी चन्दनियादेवीले चोरी लगेकोमा जेठाजु वृजकिशोर निजकी पत्नी सीतादेवीले जाहेरवालाको पत्नीसँग झैझगडा गरेका थिए। सोही रिसइवीबाट अपहरण गरी मारेको कुरा मैले थाहा पाएको हो। जाहेरवालीकी छोरीलाई वृजकिशोर, सीता देवी, सञ्जु देवीसमेतले अपहरण गरी मारेको हो, मैले होइन भन्नेसमेत व्यहोराको प्रतिवादी रेणुदेवी कहारले सुरू बारा जिल्ला अदालतमा गरेको बयान।

मिति २०६७।११।३० गतेमा रौतहटको सहबैठवा गा.वि.स. वडा नं. ५ मा विगन महतो कहार कहाँ गएको हुँ। त्यहाँ बिहान १० बजे पुगेको थिएँ। मैले जाहेरवालीको छोरीलाई अपहरण गरी कर्तव्य गरी मारेको होइन। मैले अपराध गरेको नहुँदा मलाई सजायसमेत हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी रामचन्द्र महतो कहारले सुरू बारा जिल्ला अदालतमा गरेको बयान।

प्रतिवादी वृज किशोर, सीता देवी,

रामाज्ञाप्रसाद यादवसमेतले तामेल भएको म्याद गुजारी बसेको।

मेरी श्रीमतीसँग मोबाइलको विषयमा रेणुदेवी र सीतादेवीको झगडा भएको थियो । मेरी छोरीलाई कसले मारेका हुन् थाहा छैन । रेणुदेवी उपर शंकाका आधारमा जाहेरी दिएको हुँ । नदी किनारामा छोरीको लास फेला परेको, निधारमा चोट थियो भन्नेसमेत व्यहोराको जाहेरवाला सियाराम प्रसाद यादवले सुरू बारा जिल्ला अदालतमा गरेको बकपत्र।

मेरी छोरी घरबाट हराएकी र नदीको छेउमा लास भेटेको हो । रेणुदेवीसँग झगडा भएको थियो । रेणुदेवीले मारेको हो भन्नेसमेत व्यहोराको घटना विवरणका मानिस चन्दनिया देवी यादवले सुरू बारा जिल्ला अदालतमा गरेको बकपत्र।

राधिकाकुमारीलाई कसले अपहरण गरी मारेका हुन् मलाई थाहा छैन। चन्दनिया र रेणुदेवीबीच मोबाइलका विषयमा झगडा भएको थियो भन्नेसमेत व्यहोराको घटना विवरण कागज गर्ने महादेव राउत अहिरले सुरू बारा जिल्ला अदालतमा गरेको बकपत्र।

राधिकाकुमारीलाई कसले अपहरण गरी मारेका हुन् मलाई थाहा छैन । अनुसन्धानका क्रममा भएको कागजमा रहेको व्यहोरा मेरो होइन भन्नेसमेत व्यहोराको घटना विवरण कागज गर्ने सुनित राउतले सुरू बारा जिल्ला अदालतमा गरेको बकपत्र।

मिति २०६७।११।३० गते प्रतिवादी रामचन्द्र महतो मेरो घरमा आई मिति २०६७।१२।५ गते आफ्नो घरमा फर्किएका हुन् । निजउपरको दाबी झुट्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी रामचन्द्र महतोका साक्षी नन्दलाल महतोकहारले सुरू बारा जिल्ला अदालतमा गरेको बकपत्र।

रामचन्द्र महतो मिति २०६७।११।३० गते आफ्नो घरमा नभई ससुराली गएका थिए। निजउपरको अभियोग दाबी झुट्ठा हो भन्नेसमेत व्यहोराको प्र. रामचन्द्र महतोको साक्षी बिजुली महतोले सुरू बारा जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादीमध्येको वृजकिशोर महतो, सीता देवी कहार, रामाज्ञाप्रसाद यादव फरार हुँदा निजहरूका हकमा अ.बं. १९० नं. बमोजिम मुलतबी राखी दिने, राधिकादेवीलाई प्र. रेणुदेवीले कर्तव्य गरी मारेको देखिँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर्छ। अपहरण तथा शरीरबन्धकतर्फ सजाय गरिरहनु परेन । प्रतिवादीमध्येका रामचन्द्र कहारका हकमा अभियोग मागदाबी पुग्न सक्दैन भन्नेसमेत व्यहोराको बारा जिल्ला अदालतबाट मिति २०६९।३।७ मा भएको फैसला।

म र मेरो पति वृजकिशोर महतो ०६७।११।३० गते घरमा खानपिन गरी अन्दाजी १०/११ बजे दिउँसो फुपू बिरामी परेको खबर पाई फुपू कहाँ गा.वि.स. पिप्राढी वडा नं. ७ रामएकवाल फुफाको घरमा गएका हौ । त्यहाँ बसी फुपूको हेर विचार दबाईसमेत गरेका थियौँ। ५/६ दिन त्यहीँ बसी चैत्र ६ गते ०६७ सालमा घर फर्की आएका हौ। हामी दुवै पति पत्नी सँगसँगै गई आएका हौँ। मैले जाहेरवालाको छोरीलाई अपहरण गरी कर्तव्य गरी मारेको होइन र मैले मार्न सरसल्लाहसमेत दिएको होइन । के कसरी मारे मलाई थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी सीता देवी कहारले सुरू अदालतमा गरेको बयान।

अभियोग पत्र व्यहोरा सुनी पाएँ, ०६७।११।३० गते बिहान म र मेरो पत्नी सीता देवी कहार खानपिन गरी १०×११ बजे पिप्राढी वडा नं. ७ रामएकवाल फुफाको पत्नी हाम्रो फुपू बिरामी परेको खबर पाई त्यहाँ गएका हौँ। फुपूकहाँ नै ५/६ दिन बसी बिरामी परेको हेर विचार गरी मिति २०६७।१२।६ गते घर फर्की आएका हौं । मैले जाहेरवालाको छोरीलाई सरसल्लाह गरी अपहरण गरी कर्तव्य गरी मारेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन छैन । के कसले मारी खोलामा फाले भन्ने कुरा गाउँघरमा म फुपू

कहाँबाट घर आएपछि थाहा पाएको हुँ । जाहेरवालाले के कारणले ममाथि यो जाहेरी दिए मलाई थाहा छैन । अन्य कागजको सम्बन्धमा मलाई थाहा छैन । म गाउँ घरमा नभएकोले थाहा भएन भन्नेसमेत व्यहोराको प्रतिवादी वृजकिशोर महतो कहारले सुरू अदालतमा गरेको बयान ।

मिति २०६७।११।३० गतेका दिन म आफ्नो घरमा बिहानदेखि खेतमा काम गरी बेलुका घरमा आई खानपिन गरी घरमा सुतेको हुँ । मैले कसैको छोरा छोरीलाई अपहरण गरी कर्तव्य गरी मारेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन छैन । मउपरको अभियोग झुठा हो । रेणुदेवी कहारले के लेखाए लेखाएन निजै जानुन् । निजले गरेको बयान झुठा हो । मैले कुनै अपराध गरेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन छैन भन्नेसमेत व्यहोराको रामाज्ञाप्रसाद यादवले सुरू अदालतमा गरेको बयान ।

प्रतिवादीहरू मिति २०६७।१२।३० गते बारा जिल्ला पिप्राडी गा.वि.स. वडा नं. ७ मा आफ्नो फूपुको घरमा गएका र मिति २०६७।१२।६ गते मात्र फर्की आएका हुन् । निजहरू उपरको अभियोग दाबी झुट्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी वृजकिशोर महतो र सीता देवीका साक्षी भुखलकुमार साहले गरेको बकपत्र ।

मिति २०६७।११।३० गते बेलुका ५ बजे प्रतिवादी आफ्नै घरमा थिए । म पनि त्यहीँ थिएँ । जाहेरवालाकी छोरीको कसले हत्या गरेका हुन् मलाई थाहा छैन भन्नेसमेत व्यहोराको प्र. रामाज्ञा यादवको साक्षी रामकृत राय यादवले गरेको बकपत्र ।

प्रतिवादीहरू मिति २०६७।११।३० गते आफ्नो फूपुको घर पिपराढी गएका थिए । चैत्र ६ गते मात्र घरमा फर्किएका हुन् । अपहरण तथा हत्यामा निजहरूको हात छैन भन्नेसमेत व्यहोराको प्रतिवादी वृजकिशोर महतो र सीता देवी कहारको साक्षी प्रमोदकुमार महतोले गरेको बकपत्र ।

राधिकादेवीलाई प्र. रेणुदेवी बाहेकका अन्य प्रतिवादीहरू उपरको अभियोग पुष्टि हुने निश्चयात्मक सबुत प्रमाणको अभावमा अभियोग दाबी पुग्न सक्दैन । आरोपित कसुरबाट प्रतिवादीहरूले सफाई पाउने ठहर्छ भन्ने व्यहोराको सुरू बारा जिल्ला अदालतको मिति २०७०।०१।०३ गतेको फैसला ।

रेणुदेवी कहारलाई कर्तव्य गरी ज्यान मारेकोतर्फ सजाय ठहर भएपनि शरीर बन्धक तथा अपहरणतर्फ केही नबोलिएको सुरू फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्मको सुरू फैसला उल्टी गरी अपहरण तथा शरीरबन्धक लिनेको महलको ३ र ९ नं. बमोजिम सजाय गरिपाऊँ । जाहेरवालाको श्रीमती चन्दनिया देवी र प्रतिवादी रेणुदेवी कहारबीच मोबाइलको विषयमा भएको विवाद र कुटपिटसमेतको रिसइवीबाट रेणुदेवी कहार र निजको परिवारका सदस्यहरू समेतले जाहेरवालाको वर्ष १ कि छोरी राधिकालाई बन्धक बनाई हत्या गरेको भन्ने कुरा प्रतिवादी रेणुदेवी कहारको घर कोठाको प्रकृति, निजको मौकाको र अदालतको पोलसहितको साबिती बयान, शव परीक्षण रिपोर्टसमेतबाट षड्यन्त्र र सो हत्या गर्नमा संलग्नता रहेको पुष्टि भएको अवस्था छ । प्रतिवादीमध्येकी रेणुदेवी एक जनाले मात्रै मौकामा कसुर स्वीकार गरी बयान गरेको र निजले अदालतमा अन्य प्रतिवादी वृजकिशोर र सीतादेवीसमेतले कर्तव्य गरी मारेको हो भनी पोलसहितको बयान गरेकी छन् । जाहेरवाला र प्रतिवादी घर आँगन जोडिएका छिमेकी भएको देखिएको र घटना विवरणका मानिसहरू महादेव राउतसमेतले प्रतिवादी र जाहेरवाला पक्षबीच मोबाइलको विषयमा झगडा भएको हो भनेको र सोही झगडाको रिसइवीबाट आफूहरूले जाहेरवालाको छोरी राधिकालाई अपहरण गरी हत्या गरेको भनी रेणुदेवीले मौकामा र अदालतमा गरेको बयानलाई समर्थित हुन आएको र मिति २०६९।३।७ को फैसलाले सो तथ्यलाई स्वीकार गर्दै रेणुदेवी कहारलाई सर्वस्वसहित जन्म कैदको सजाय

गरिएकोमा अन्य प्रतिवादीलाई सफाई दिने गरी भएको हदसम्मको सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, हेटौंडामा परेको वादी नेपाल सरकारको पुनरावेदन पत्र।

प्रहरीमा गरिएको बयान डरत्रास पारी लेखिएको बयानमा सहिछाप गराएका हुन्। अदालतमा म प्रतिवादी कसुरमा ईन्कार छु । मृतकलाई मैले प्रहार गरेको, विष खुवाएको भन्ने कुरा प्रमाणित छैन्। जाहेरवाला सो घटनाको प्रत्यक्षदर्शी होइनन्। म पुनरावेदक प्रतिवादीसँग जाहेरवालाको मोबाइल सम्बन्धमा रिसइवी थियो भन्ने कुरा निजको भनाई बाहेक अन्य कुनै प्रमाणबाट देखिएको छैन। त्यसमा पनि मोबाइलका निहुँमा नाबालक बच्चाको नै ज्यान लिने अवस्था हुँदैन। म पुनरावेदकले अपहरण गरी शरीर बन्धक बनाएको होइन तथा कर्तव्य नगरेको हुँदा म प्रतिवादीलाई सर्वस्वसहित जन्म कैद हुने ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको रेणुदेवी कहारको पुनरावेदन पत्र।

यसमा दोहोरो पुनरावेदन परेको र मिसिल संलग्न प्रमाणहरूको समुचित मूल्याङ्कन नभइरहेको सन्दर्भमा प्रमाण मूल्याङ्कनको रोहबाट सुरूको फैसला विचारणीय भई फरक पर्न सक्ने देखिँदा छलफलको लागि मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत, नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ पुनरावेदन गर्ने प्रतिवादीको हकमा दुवै पक्षको पुनरावेदन सुनाई पुनरावेदन नगर्ने प्रतिवादीहरूका हकमा म्याद जारी गरी झिकाई नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।०१।२३ को आदेश।

प्रस्तुत मुद्दामा हामी प्रतिवादीहरूले जाहेरवालाकी छोरीलाई अपहरण गर्ने कार्यमा दुरुत्साहन तथा मार्ने कार्यमा षड्यन्त्र गरेको भन्ने कुरा स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि भएको अवस्था नहुँदा हामी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको रामचन्द्र महतो कहार, वृजकिशोर महतो, सीता देवी कहार, रामाज्ञा प्रसाद यादवसमेत जना ४ को लिखित प्रतिवाद।

प्रतिवादीमध्येकी रेणुदेवी कहारलाई कर्तव्य ज्यानतर्फको अभियोग मागदाबीबमोजिम सजाय गरी अन्य प्रतिवादीहरूलाई सफाई दिने गरी भएको बारा जिल्ला अदालतको मिति २०६९।३।९ र २०७०।१।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। तर अभियोग मागदाबीबमोजिम अपहरण तथा शरीर बन्धकको महलको ३ र ९ नं. बमोजिम सजाय तोक्ने र ऐ.ऐ. को १२ नं. बमोजिम क्षतिपूर्तिसमेत भराउनु पर्नेमा सो गरेको नदेखिँदा सो हदसम्म सुरू बारा जिल्ला अदालतको उक्त फैसला केही उल्टी हुने ठहरिई उक्त महलको ३ नं. बमोजिम कैद वर्ष ८ र जरिवाना रू. एकलाख र ऐ.९ नं. बमोजिम थप २ वर्ष कैद एवम् ऐ. १२ नं. बमोजिम जाहेरवालाले प्रतिवादी रेणुदेवीबाट क्षतिपूर्तिबापत रू.५००।– भराई लिन पाउनेसमेत ठहर्छ। अन्य प्रतिवादीहरूलाई समेत सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र अभियोग दाबीबाट सफाई पाउँ भन्ने प्रतिवादी रेणुदेवी कहारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने व्यहोराको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।०९।०१ को फैसला।

विवादको जरिया म पुनरावेदक प्रतिवादी उपरको होइन भन्ने कुरा जाहेरी व्यहोरावाट प्रष्ट भइरहेको अवस्थामा सो जाहेरी व्यहोरालाई फैसला हुँदाको अवस्थामा गम्भिरतापूर्वक नहेरिएको,मृतकको लास अर्को गा.वि.स. सम्म भगवानपुर गा.वि.स.बाट लगी फ्याँक्न सक्ने अवस्था म पुनरावेदक प्रतिवादीको नरहेको र सो कुरालाई वादी नेपाल सरकारले ठोस सबुद प्रमाणबाट प्रमाणित गर्न सकेको अवस्था नरहेको,

प्रहरिसमक्ष गरिएको साबिती बयान अन्य स्वतन्त्र प्रमाणबाट प्रमाणित हुन नसकेको, घटनास्थल प्रकृति मुचुल्काअनुसारको खाल्डो म पुनरावेदक प्रतिवादीले कहिले खनेको हो र सो खाल्डो खन्दा अन्य परिवारका सदस्यहरूको भूमिका के रहेको थियो भन्ने बारेमा कुनै विश्लेषण नगरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला बदर गरी मेरो पुनरावेदन जिकिरबमोजिम अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रेणुदेवी कहारले यस अदालतमा गरेको पुनरावेदन जिकिर।

वृजकिशोर कहारको मोबाइल मृतकको आमाले चोरी गरेको भनी वृजकिशोर कहारले लगाएको आरोपमा मृतकको आमा, बाबु र जेठाजु वृजकिशोर र निजको श्रीमती सीतादेवीबीच झगडा भएको थियो भनी प्रतिवादी रेणुदेवीले अदालतमा गरेको बयानको स.ज. ४ मा लेखाएको, प्रतिवादी रेणुदेवीलाई घरमा एक्लै छाडी अन्य प्रतिवादीहरू वारदातपश्चात् फरार भई जाहेरवालासमेतलाई Hostile बकपत्र गराएपछि रेणुदेवी कहार र रामचन्द्र कहारको हकमा मिति २०६९।३।७ मा फैसला भइसकेपछि मुलतबीमा रहेका प्रतिवादी वृजकिशोर, सीतादेवी र रामाज्ञाप्रसाद यादव अदालतमा आई बयान गर्दा कसुरमा इन्कारी भएकै कारण साधारण तारेखमा राख्ने गरी सुरूले आदेश गरेपनि सो आदेशउपर वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत, हेटौंडामा निवेदन पर्दा मिसिल संलग्न प्रमाणको रोहबाट प्रतिवादी सीतादेवी र वृजकिशोर महतो कहारलाई पुर्पक्षको लागि थुनामा राखी कारवाही गर्नु भनी मिति २०६९।१०।२५ मा पुनरावेदन अदालतबाटै आदेश भएको र त्यसपछि प्रतिवादीहरू वृजकिशोर र सीतादेवी फरार रही आफ्ना साक्षी प्रमाण केही दिन नसकेको, मौकामा कसुरमा साबित हुने प्रतिवादी रेणुदेवी कहारले अदालतमा बयान गर्दा वारदातमा जेठाजु वृजकिशोर, ससुरा रामचन्द्र, सीतादेवी संलग्न रही राधिकादेवीको हत्या गरी आफू सुत्ने पलङमुनि खाडल खनी गाडिएको र ४ दिनपछि जेठाजुसमेतले खाडलबाट झिकी थलही खोलामा लगी फालेको भनी गरेको बयानबाट उक्त वारदातमा प्रतिवादी ५ जनाकै संलग्नता रहे भएको पुष्टि हुँदाहुँदै जेठाजु, ससुरा, सासुसमेत रहे भएको एकासगोलको घरमा घरकी सबैभन्दा कम उमेरकी प्रतिवादी रेणुदेवीले जेठाजुको मोबाइल चोरी गरेको रिसइवी लिई जाहेरवालाको छोरी अपहरण गरी ल्याई एक्लै मारी दबाएको सगोलका अन्य सदस्यको त्यसमा कुनै हात नरहेको भनी प्रतिवादी जना ४ लाई सफाई दिने गरी भएको सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा प्रतिवादी रेणुदेवी कहारलाई अभियोग माग दाबीबमोजिम सजाय गरे पनि अन्य प्रतिवादी वृजकिशोर, रामचन्द्र, सीतादेवी र रामाज्ञाप्रसाद यादवलाई सफाई दिने गरी भएको फैसला सो हदसम्म उल्टी गरी सफाई पाउने प्रतिवादीहरू जना ४ लाई समेत अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारले यस अदालतमा गरेको पुनरावेदन जिकिर।

यसमा प्रतिवादी रेणुदेवी कहार उपर एउटै वारदातमा अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दा चलेकोमा पुनरावेदन अदालत, हेटौंडाबाट कर्तव्य ज्यान मुद्दामा सजाय भइसकेपछि उही वारदात लिएर चलेको अपहरण तथा शरीर बन्धक मुद्दामा पनि सजाय गरेको सो अदालतको मिति २०७१।९।१ को फैसला मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को विपरीत भएको देखिएको र वादी प्रतिवादी दुवैले पुनरावेदन गरेको देखिँदा मुलुकी ऐन, अ.वं.२०२ नं. को प्रयोजनार्थ प्रतिवादी रेणुदेवी कहारको पुनरावेदन परेको हकमा वादी नेपाल सरकारलाई पेसीको सूचना दिनु र वादी नेपाल सरकारको पुनरावेदन परेको हकमा सो पुनरावेदन पुनरावेदक प्रतिवादीहरूलाई सुनाई सफाई पाएका प्रतिवादीहरू रामचन्द्र कहार, वृजकिशोर

महतो, सीतादेवी कहार र रामाज्ञाप्रसाद यादवलाई झिकाई नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०७४।२।१८ मा भएको आदेश।

जाहेरवाला सियाराम प्रसाद यादवले हामी प्रतिवादीहरूलाई समेत विपक्षी बनाई जाहेरी दिए तापनि निजले बकपत्र गर्दा आफ्नो जाहेरी व्यहोरालाई समर्थन नगरी छोरी राधिकाकुमारी यादवलाई कर्तव्य गरी क-कसले मारेका हुन् थाहा भएन, शंकाको आधारमा रेणुदेवीलाई पक्राउ गराएको हो शंकाको आधारमा किटानी जाहेरी दिएको थिएँ, तिनीहरूको काम होइन भनी बकपत्र गरेको छ। प्रतिवादी रेणुदेवी सुत्ने गरेको घर कोठाबाट बरामद भएको भनिएको चिजवस्तुको कानूनबमोजिम बरामदी मुचुल्का खडा नभएको, मृतककी आमा चन्दनिया देवी यादवले अदालतसमक्ष बकपत्र गर्दा अनुसन्धानका क्रममा हामीहरू उपर लगाएको आरोपलाई खण्डन गर्दै छोरीलाई कसले मारेको हो मलाई थाहा छैन भनी बकपत्र गरेकी, घटना विवरण कागज गर्ने सुनित राउत अहिर र महादेव राय यादवले मृतकलाई निज प्रतिवादीहरूले मारेको होइन भनी अदालतसमक्ष बकपत्र गरेको छ। राम्रोसँग हिँड्न, बोल्न नसक्ने अवस्थाको वर्ष १ को नाबालक राधिकाकुमारीलाई नजिकै रहेको जाहेरवालाको घर आँगनबाट एउटी महिलाले उठाई ल्याई कर्तव्य गरी मार्ने कुरा असम्भव नरहेको, सहअभियुक्त रेणुदेवीले केवल अदालतमा हामी प्रतिवादी उपर लगाइएको अभियोग दाबीभन्दा बाहिर गई फरक ढंगले कसुर गरेको भनी पोल गरेको आधारमा मात्र हामी प्रतिवादीहरूलाई कसुरदार ठहराई सजाय गर्न सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू समेतबाट मिल्ने नहुँदा माथि उल्लिखित आधारहरू समेतबाट हामी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिने सुरू बारा जिल्ला अदालतबाट भएको फैसला र सो फैसलालाई सदर हुने ठहराई पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला त्रुटिपूर्ण नभई कानून तथा न्यायसङ्गत भएको हुँदा सो फैसलालाई नै सदर गरी न्याय इन्साफ गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू रामचन्द्र महतो कहार, वृजकिशोर महतो कहार, सीतादेवी कहार र रामाज्ञाप्रसाद यादवको संयुक्त लिखित प्रतिवाद।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्रसहितको सुरू तथा रेकर्ड मिसिलसमेत अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले जाहेरवालाकी श्रीमती र प्रतिवादी रेणुदेवीबीच मोबाइलको विषयमा झगडा परेको भन्ने देखिएको, सोही रिसइवीबाट १ वर्षकी राधिकादेवीलाई निजको घरबाट अपहरण गरी आफ्नो घरमा ल्याई अन्य प्रतिवादीहरूको सल्लाह र सहयोगमा हत्या गरी घर कोठाभित्र खाल्डो खनी गाडी सोबाट गन्ध आउन थालेपछि नदीमा लगी फालिएको भनी प्रतिवादी रेणुदेवीले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गरेको, राधिकाको टाउकोमा परेको चोटको कारण मृत्यु भएको भन्ने देखिएको, घटनास्थलबाट विषको डिब्बा, खुर्पासमेत भेटिएको अवस्थामा एकैघरका सबै व्यक्तिहरूको मिलेमतोबाट नै उक्त वारदात पुष्टि भएको देखिन आएकोमा रेणुदेवीलाई मात्र कसुरदार ठहर गरी अन्यलाई सफाई दिने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण भएकाले अन्य प्रतिवादीहरूलाई समेत अभियोग मागदाबीबमोजिम नै सजाय हुनुपर्दछ भनी बहस जिकिर गर्नुभयो । पुनरावेदक प्रतिवादी रेणुदेवी कहारका तर्फबाट उपस्थित वैतनिक वकिल विद्वान् अधिवक्ता श्री शोभा कार्कीले प्रतिवादी कसुर गरेकोमा अदालतमा ईन्कार छिन्, घटनाका प्रत्यक्षदर्शी कोही पनि छैनन्, जाहेरवालालगायतले अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीलाई किटान गरी पोल गर्न सकेका छैनन्, सामान्य झगडामा नाबालिकालाई कर्तव्य गरी मारेको होला भनी अनुमानसमेत गर्न नमिल्ने हुँदा प्रतिवादीलाई

कसुरदार ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी हुनुपर्दछ भनी बहस गर्नुभयो । अन्य प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामाशिष प्रसाद यादवले जाहेरवाला तथा घटना विवरणका मानिसहरूले अदालतमा बकपत्र गर्दा मौकाको व्यहोरा पुष्टि गराउन सकेका छैनन्, प्रतिवादीहरू वारदात भनिएको मिति समयमा घरमा नरहेको भनी गरेको ईन्कारी बयान निजहरूको साक्षीबाट पुष्टि भएको छ, १ वर्षकी बच्चीलाई नजिकै रहेको जाहेरवालाको घर आँगनबाट एउटी महिलाले उठाई ल्याई कर्तव्य गरी मार्ने कुरा असम्भव नरहेको अवस्थामा ज्यान जस्तो गम्भीर अपराधमा अनुमानका आधारमा परिवारका अन्य सदस्यको पनि संलग्नता छ भनी कसुरदार ठहर गर्न नमिल्नेसमेत हुँदा प्रतिवादी रामचन्द्र कहार, वृजकिशोर महतो, सीतादेवी कहार र रामाज्ञाप्रसाद यादवका हकमा भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला सदर हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो ।

अब यसमा पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेको छ छैन ? प्रतिवादी रेणुदेवी कहार तथा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. सर्वप्रथमत: प्रतिवादी रेणुदेवीको पुनरावेदन जिकिरका सन्दर्भमा निर्णयतर्फ विचार गर्दा मेरी छोरी १ वर्षकी राधिका कुमारी आफ्नै घर आँगनमा खेलिरहेको अवस्थामा प्रतिवादी रेणुदेवीसमेतले उठाई अन्य प्रतिवादीसमेतको राय सल्लाहमा कर्तव्य गरी मारी मृतकको लास खोलामा फाली दिएको अवस्थामा मिति २०६७।१२।१५ गते मृतक लास फेला परेको भन्नेसमेत व्यहोराको मृतकका वावुको किटानी जाहेरी दरखास्त परेको देखिन्छ । थलही खोलामा मृतक राधिका कुमारीको लास सडी गली दुर्गन्धित अवस्थामा फेला परेको भन्ने घटनास्थल लास जाँच मुचुल्का रहेको छ । प्रतिवादी रेणुदेवी कहारको घर कोठाको खाटमुनि नयाँ खाल्टो पुरेको, खन्दा सजिलोसँग आउने गरेको, भित्रबाट गन्ध आइरहेको, खाल्टो नजिकै खुर्पा १, विषादीको बट्टासमेत बरामद भएको भन्ने घटनास्थल मुचुल्का रहेको देखिन्छ । प्रतिवादी रेणुदेवी कहारले अनुसन्धान अधिकारीसमक्ष जाहेरवालाकी श्रीमतीसँग मोबाइलको विषयमा वादविवाद हुँदा जाहेरवालाकी श्रीमतीले कपाल तानी कुटपिट गरेकी र जाहेरवालाले गाली गलौज गरेकोले सोही कुराको रिसइवी राखी जाहेरवालाकी छोरी मृतक राधिका कुमारीलाई म एक्लैले आँगनबाट उठाई ल्याई घरमा विषादी सेवन गराई टाउकोमा खुर्पाले प्रहार गरी कर्तव्य गरी मारी खाटमुनि खाल्टोमा पुरी ४ दिनपछि मृतक लास निकाली घर परिवारको अन्य प्रतिवादीसमेतको राय सल्लाहमा मृतक लास प्रतिवादी मध्येका वृजकिशोर र रामाज्ञाले खोलामा फालेको हो भनी मृतक बालिकालाई अपहरण गरी मारी फालेकोमा साबित रही बयान गरेको देखिन्छ । अदालतसमक्षको बयानमा आफू कसुरमा इन्कारी रही अन्य प्रतिवादीहरूलाई पोल गरी बयान गरेको पाइन्छ । मिसिल संलग्न रहेको शव परीक्षण प्रतिवेदनबाट राधिका कुमारीको मृत्यु Head Injury बाट भएको भन्ने देखिन्छ । मृतककी आमा चदनीयाले अदालतसमक्षको बकपत्रमा रेणुदेवीसँग मोबाइलको विषयमा झगडा भएको थियो । रेणुदेवीले मेरी छोरीलाई मारेको हो भनी बकपत्र गरेकोसमेत पाइयो ।

३. प्रतिवादी रेणुदेवी कहारले अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा ईन्कार रहे पनि राधिकाकुमारीको हत्या भएको कुरा उल्लेख गरेको देखिन्छ । निजले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सिलसिलाबद्धरूपमा प्रत्येक घटनाक्रम खुलाई आरोपित कसुरमा साबित भई व्यहोरा लेखाएको देखियो । प्रतिवादी रेणुदेवीको उक्त साबिती बयान घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, Autopsy Report समेतका प्रमाण कागजातहरूबाट समर्थित

भएको छ। प्रतिवादी रेणुदेवी सुत्ने कोठामा दुर्गन्ध हुनु, खाल्डो खनेको र पुरेको अवस्था देखिनु, बालिकाको मृत्यु टाउकोमा परेको चोटबाट भएको देखिनु, टाउकोमा खुर्पाले प्रहार गरेको भनी प्रतिवादी रेणुदेवीले बयान गर्नुसमेतको अवस्थातर्फ विचार गर्दा निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान अन्य भरपर्दो, विश्वसनीय र स्वतन्त्र प्रमाणबाट समर्थित भएको देखियो। तसर्थ निज प्रतिवादी रेणुदेवीले गरेको उल्लिखित बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाण लाग्ने नै देखिन आयो। यसरी प्रतिवादी रेणुदेवी उपरको अभियोग प्रमाणद्वारा शंकारहित तवरबाट पुष्टि भइरहेको देखिँदा निजलाई कर्तव्य गरी ज्यान मारेको कसुरदार ठहर गरेको फैसला मनासिब नै देखियो। यस अवस्थामा घटनाको प्रत्यक्षदर्शीको रूपमा नरहेका जाहेरवालाले सुरूमा शंकासम्म व्यक्त गरी दिएको जाहेरी दर्खास्त प्रतिकूलको बकपत्र गरेको भन्नेसम्मको आधारमा प्रतिवादीलाई निर्दोष ठहर गर्नु मनासिब हुँदैन।

४. प्रतिवादी रेणुदेवी कहार उपर अपहरण तथा शरीर बन्धकको कसुरमा समेत सजायको मागदाबी रहेको र पुनरावेदन अदालतले ठहरसमेत गरेको देखिन्छ। जाहेरवालाकी केवल एक वर्ष उमेरकी अवोध बालिकालाई निजको घर आँगनमा खेलिरहेको ठाउँबाट उठाई लगेको, आफ्नो कोठामा पुऱ्याएको, कब्जामा राखेको र त्यसपछि हत्या गरेको देखिएको छ। अर्काको नाबालक छोराछोरीलाई छलकपटपूर्ण तवरबाट उठाई लैजाने र कब्जामा राख्ने कार्यलाई अपहरण गरी शरीर बन्धक लिएको कार्य मान्नुपर्दछ। मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १ नं. मा "कसैले ........नाबालक र मानसिकरूपमा अस्वस्थ व्यक्तिलाई निजको हितको निमित्त निजको बाबु, आमा र संरक्षणको मन्जुरीबाहेक कुनै ठाउँमा लैजान हुँदैन। सो गरे अपहरण गरेको मानिनेछ" भन्ने व्यवस्था रहेको छ। ऐ. को ३ नं. मा कसैलाई ज्यान लिने उद्देश्यले यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचासहजार रूपैयाँसम्म जरिवाना हुने प्रावधान रहेको छ। उल्लिखित कानूनी प्रावधानतर्फ दृष्टिगत गर्दा प्रतिवादी रेणुदेवीले राधिका कुमारीलाई अपहरण गरी लगेर आफ्नो कब्जामा राखेपछि हत्या गरेको घटनाक्रम भएकोले सो कार्यलाई अपहरण तथा शरीर बन्धक लिने कसुर मान्नु पर्ने देखियो। तसर्थ अपहरण तथा शरीर बन्धक लिएको कसुर ठहर गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिन आयो।

५. यस अदालतबाट मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश हुँदा प्रतिवादीउपर एउटै वारदातमा अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दा चलेकोमा पुनरावेदन अदालत, हेटौंडाबाट कर्तव्य ज्यान मुद्दामा सजाय भइसकेपछि उही वारदातको विषयलाई लिएर चलेको अपहरण तथा शरीर बन्धक मुद्दामा पनि सजाय गरेको फैसला मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को विपरीत भएको देखिएको भन्ने आधार ग्रहण गरेको सन्दर्भमा पनि कानूनको प्रयोगसम्बन्धी केही प्रसङ्ग उल्लेख गर्नु आवश्यक देखियो। वारदात एउटै भए पनि भिन्न / भिन्न कानून आकर्षित हुने एकभन्दा बढी कसुर भएको हुन सक्तछ। उदाहरणका लागि अपहरण गरी बन्धक बनाउने, जबरजस्ती करणी गर्ने, साथमा रहेको गरगहना खोसी लिने र अन्तत: ज्यान मार्ने गरी एउटै आपराधिक श्रृङ्खलामा चार वटा फरक / फरक ऐनका प्रावधान आकर्षित हुने अवस्था रहन्छ। कुनै श्रृङ्खलाबद्ध वारदात भएको अवस्थामा कुनै एउटा कसुरमा सजाय ठहर गर्दैमा अन्य ऐनको प्रयोजन पूरा हुँदैन। प्रत्येक ऐनअनुसारको कसुर ठहर हुन्छ वा हुँदैन भनी अदालतले अभियोग दाबीअनुसारका सबै प्रश्नको निरूपण गर्नुपर्दछ। ठूलो सजाय हुने खत वा कसुर ठहर हुँदैमा अन्य कसुरका सम्बन्धमा सजाय ठहर गर्नबाट

पन्छिन मिल्दैन । मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को व्यवस्था सजाय ठहर भइसकेपछि कैद ठेक्ने सम्बन्धमा अपनाउने विधि सम्बन्धित हुन सक्ने कैदको हद कायम गर्ने सम्मको व्यवस्था हो । ज्यान र अपहरण गरी दुवै कसुर ठहर गरिएको कारणबाट दण्ड सजायका महलको ४१ नं. विपरीत हुँदैन । ठहर भएको कैद असुल गर्ने (कैद ठेक्ने) सन्दर्भमा भने उक्त ४१ नं. मा रहेको प्रावधानको अनुशरण गरिनु पर्दछ । तसर्थ प्रस्तुत विषयमा अ.बं. २०२ नं. बमोजिम आदेश गर्दा उल्लेख गरिएको आधारसँग सहमत हुन सकिएन ।

६. अब अन्य प्रतिवादीहरू रामचन्द्र महतो कहार, वृजकिशोर महतो कहार, सीतादेवी कहार र रामाज्ञाप्रसाद यादवलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा जाहेरवालाको श्रीमती चन्दनियादेवीसँग मोबाइलको विषयमा वादविवाद हुँदा निजले प्रतिवादी रेणुदेवीको कपाल तानी कुटपिट गरेकी र निजको श्रीमान् जाहेरवाला सीयाराम यादवले गाली गलौज गरेकाले सोही कुराको रिसइवी राखी एक्लैले जाहेरवालाको छोरी राधिकालाई आँगनबाट उठाई ल्याई आफ्नो घरमा विषादी सेवन गराई टाउकोमा खुर्पाले प्रहार गरी कर्तव्य गरी मारी घरभित्र खाटमुनि खाल्टोमा पुरी ४ दिनपछि मृतकको लास निकाली घरपरिवारका अन्य प्रतिवादी रामचन्द्र कहार, वृजकिशोर महतो, सीतादेवी र रामाज्ञा यादवले खोलामा लगी फालेको भनी प्रतिवादी रेणुदेवी कहारले अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखियो । निजले बयान गर्दा लास दबाउने कार्यमा अन्य प्रतिवादीहरूको संलग्नता रहेको तथ्य प्रष्ट खुलाई पोल गरेको पाइन्छ । प्रतिवादी रेणुदेवीले अन्य प्रतिवादीहरू उपर पोल गरी अदालतसमक्ष समेत बयान गरेको देखिन्छ । बालिकाको हत्या गरी घरभित्र खाल्डो खनी गाडेको र त्यसको दुर्गन्ध फैलिएपछि घर परिवारमा रहेका अन्य प्रतिवादीहरूले समेत थाहा पाई लास दबाउने लुकाउने र आपराधिक दायित्वबाट बच्ने उद्देश्यले प्रतिवादीहरूले लास लगी थलही खोलामा फालेको तथ्य प्रमाणित भएको छ । घटनाक्रम तथा लासको अवस्था, कोठाभित्र बालिकालाई खाल्डो खनी गाडेको ठाउँको प्रकृतिलगायतका प्रमाणतर्फ विचार गर्दा एउटै घरमा रहेका यी रामचन्द्र कहारसमेतका प्रतिवादीहरूको लास दबाउने, लुकाउने कार्यमा संलग्नता रहेको तथ्य पुष्टि भएको छ । वारदातपश्चात् फरार रहेका उल्लिखित प्रतिवादीहरूले पछि अदालतमा बयान गर्दा कसुरमा ईन्कार रहेकोसम्मकै आधारमा निजहरूलाई निर्दोष मान्न सकिने देखिँदैन । ज्यानसम्बन्धी महलको ४ नं. मा ".......लास जाँच भई नसक्दै दबाउनका मतलबले लास जलाउने, गाडने, फाल्ने वा सो कुरा गर्न लाउनेलाई अरू कानूनले हुने सजायमा सो गरेबापत छ महिना थपी कैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ । यस प्रावधानबमोजिम कर्तव्य गरी मारिएको मानिसको लास दबाउने उद्देश्यले लास फाल्ने कार्यमा प्रतिवादीहरू रामचन्द्र कहार, वृज किशोर महतो, सितादेवी कहार र रामाज्ञाप्रसाद यादवसमेतको संलग्नता रहेको देखिन आएकोले निजहरूले ज्यानसम्बन्धीको ४ नं. बमोजिमको सम्म कसुर गरेको देखियो । सोबाहेक ज्यान मार्न वचन दिने, अपहरण गर्ने, शरीर बन्धक राख्नेलगायतका अभियोग दाबीबमोजिमको कसुर यी रामचन्द्र कहारसमेतका ४ जना प्रतिवादीले गरेको भन्ने प्रमाणबाट पुष्टी हुन आएको पाइएन ।

७. अत: उपर्युक्त विवेचित आधार, कारणबाट प्रतिवादी रेणुदेवी कहारलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ८ वर्ष कैद र एकलाख रूपैयाँ जरिवाना, नाबालिकालाई अपहरण गरेको हुँदा ऐ. महलको ९ नं. बमोजिम थप २ वर्ष कैद र ऐ. को १२ नं. बमोजिम रू. ५००।– क्षतिपूर्ति भराई दिने ठहर गरेको हदसम्म पुनरावेदन अदालत,

हेटौंडाको मिति २०७१/९/१ को फैसला मनासिब देखिँदा सो हदसम्म सदर हुने ठहर्छ । प्रतिवादीहरू मध्येका रामचन्द्र कहार, वृजकिशोर महतो, सीतादेवी कहार तथा रामाज्ञाप्रसाद यादवलाई सफाई दिएको हदसम्म पुनरावेदन अदालत, हेटौंडाको उक्त फैसला केही उल्टी भई निजहरू चारजनालाई कर्तव्य गरी मारिएको मानिसको लास दबाउने उद्देश्यले लास फाल्ने कार्यमा संलग्न रहेको कसुरमा ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम जनही ६ महिना कैद र रू. १०।– का दरले जरिवानासमेत हुने ठहर्छ । सो हदसम्म बाहेक वादी नेपाल सरकारको तथा प्रतिवादी रेणुदेवी कहारसमेतको पुनरावेदन जिकिर पुग्न सक्तैन । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी रेणुदेवी कहारलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ८ वर्ष कैद र एकलाख रूपैयाँ जरिवाना, ऐ. महलको ९ नं. बमोजिम थप २ वर्ष कैद र ऐ.को १२ नं. बमोजिम रू.५००।- क्षतिपूर्ति जाहेरवालालाई भराइदिने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१/०९/०१ को फैसला सदर हुने ठहर भएको हुँदा सोहीबमोजिम कैद, जरिवाना तथा क्षतिपूर्तिको लगत राखी कानूनबमोजिम असुल गर्नू ---------१

प्रतिवादीहरू मध्येका रामचन्द्र कहार, वृजकिशोर महतो, सीतादेवी कहार तथा रामाज्ञाप्रसाद यादवलाई सफाई दिएको हदसम्म पुनरावेदन अदालत, हेटौंडाको उक्त फैसला केही उल्टी भई निजहरू चार जनालाई ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम जनही ६ महिना कैद र रू.१०।- का दरले जरिवानासमेत हुने ठहरेकाले निज प्रतिवादीहरूमध्ये रामचन्द्र कहार पुर्पक्षका लागि मिति २०६८/१२/०६ देखि मिति २०६९/०३/०६ सम्म थुनामा रही मिति २०६९/०३/०७ मा थुनामुक्त भएको हुँदा निजको हकमा थुनामा रहेको अवधि कट्टा गरी बाँकी अवधिको मात्र र अन्य प्रतिवादीहरूको हकमा माथि ठहरेबमोजिमको कैद र जरिवानाको लगत कसी असुल उपर गर्नु भनी सुरू जिल्ला अदालतमा लेखी पठाउनू -------------२

यो फैसलाको जानकारी सम्बन्धित कारागार कार्यालयमार्फत पुनरावेदक प्रतिवादी रेणुदेवी कहारलाई दिनू ---------------------------------३

दायरीको लगत कट्टा गरी मिसिल नियमानूसार अभिलेख शाखामा बुझाइदिनू -----४

उक्त रायमा सहमत छु ।

न्या. सपना प्रधान मल्ल

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल भाद्र २७ गते रोज ३ शुभम् ।

## निर्णय नं. ९८९६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७३।०९।२५
०७२-WO-०५६८

मुद्दाः उत्प्रेषण

निवेदक : कास्की जिल्ला, चापाकोट गा.वि.स.वडा नं.८ घर भई राष्ट्रिय समाचार समितिको सञ्चालक पदबाट हटाइएका गङ्गाधर पराजुली

विरूद्ध

विपक्षी : सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत

- **कानूनी राज्य तथा प्रजातान्त्रिक शासन पद्धतिमा आफ्ना कानूनी अधिकार र कर्तव्य, कानूनद्वारा अन्तर्निहित विशेषाधिकार तथा कानूनप्रदत्त स्वविवेकाधिकारको प्रयोग गर्दा स्वेच्छाचारीरूपमा कदापि गर्नु हुँदैन । हरेक त्यस्ता स्वेविवेकाधिकारको प्रयोग गर्दा औचित्यताको तार्किकरूपमा पुष्टि हुन जरूरी हुने ।**
- **बहालवालालाई हटाउनु र नयाँलाई राख्नुको तार्किक कारण तथा औचित्यताको पुष्टि हुनुपर्दछ । त्यसैले त्यस्तो निर्णय गर्दा औचित्यपूर्ण र तार्किक आधार कारण खोली गर्नुपर्ने हुन्छ । अन्यथा जसले जे काम जसरी गर्दा पनि हुने भई कानूनको शासनको नै बर्खिलाप हुन पुग्ने ।**

(प्रकरण नं. ४)

- **कानूनबमोजिम स्थापना वा गठन हुने सार्वजनिक निकायहरूमा सार्वजनिक जिम्मेवारी निर्वाह गर्नुपर्ने पदाधिकारी नियुक्ति गर्नु सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को परिधिभित्रसमेत पर्ने हुँदा राज्यकोषमा दायित्व पर्ने गरी कुनै पनि पदमा कसैलाई नियुक्ति दिई निजले कार्य आरम्भ गरिसकेको अवस्थामा निजलाई त्यस्तो पदबाट हटाउँदा निर्णयकर्ताले आधार र कारण खोली पारदर्शिता र इमान्दारिता प्रष्ट देखिने गरी गर्नुपर्नेमा विना कुनै आधार र कारण कुनै सार्वजनिक पदमा कार्यरत पदाधिकारीलाई विना कुनै तथ्ययुक्त आधार, कारण वा कसुर आत्मनिष्ठरूपमा हटाउनु न्यायको रोहमा स्वीकार्य नहुने ।**

(प्रकरण नं. ५)

- **कानूनी मान्यताअनुरूपको प्रक्रिया नअपनाउने हो भने गरेको कार्य जतिसुकै तार्किक, औचित्यपूर्ण र वैध भए पनि त्यसमा शंका गर्ने प्रशस्त ठाउँ रहन्छ र त्यसको औचित्यता र वैधता पुष्टि हुन नसक्ने ।**

(प्रकरण नं. ७)

- **अन्तरिम आदेश कायमै रहँदाका बखत त्यस्तो आदेशबाट रोक लगाइएको काम गर्नु जबरजस्तीपनको पराकाष्ठा नै मान्नुपर्छ, कुनै पनि नेतृत्व वर्गबाट संविधानले यस्तो अपेक्षा गर्दैन । अदालतले कुनै रिट निवेदन स्वीकार गरेपछि र अन्तरिम आदेश कायमै रहेका बखत त्यस्तो निवेदन वा अन्तरिम आदेशलाई निष्प्रायोजित तुल्याउन चालिने कपटपूर्ण व्यवहारलाई अदालतले पनि गम्भीररूपमा लिनुपर्ने ।**

- **सरकारका जिम्मेवार निकाय वा पदाधिकारीले अदालतसमक्ष विचाराधीन विषयलाई प्रभावित तुल्याउन पूर्वाग्रहयुक्त तवरबाट कुनै काम गर्नु हुँदैन भन्ने कुराको हेक्का राख्नु अत्यावश्यक हुने ।**

(प्रकरण नं. १०)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ता सुधा खतिवडा
विपक्षीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता कृष्णजीवी घिमिरे
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या. अनिलकुमार सिन्हा :** नेपालको संविधानको धारा १३३(२) बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

म राष्ट्रिय समाचार समितिको सञ्चालक समितिको पदमा मिति २०७२/०२/२० को मन्त्रीस्तरको निर्णयबाट राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८(१)(ख) बमोजिम २ वर्षको लागि राष्ट्रिय समाचार समिति सञ्चालक समितिको सदस्य पदमा नियुक्ति पाई जिम्मेवारीपूर्वक काम गर्दै आइरहेकोमा मलाई गैरकानूनी तथा प्राकृतिक न्यायको सिद्धान्तविपरीत विपक्षी माननीय मन्त्रीज्यूबाट मिति २०७२/१०/१० को निर्णय र सो निर्णयका आधारमा च.नं.३९६ पत्रबाट मेरो नियुक्ति स्वेच्छाचारीरूपमा बदर गरिदिएको छ। ऐ. ऐनको दफा ९ मा सञ्चालकको निमित्त तोकेका अयोग्यता पनि मेरो छैन । यस्तै दफा १० मा सञ्चालकलाई हटाउन सक्नेसम्बन्धी व्यवस्था छ । सोअनुसार मलाई हटाउनुपर्ने अवस्था पनि छैन। यसरी मलाई कुनै कानूनबमोजिमको कारण विना उक्त पदबाट हटाउने गरी भएको निर्णय कानून, यस अदालतबाट प्रतिपादित सिद्धान्त तथा प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई मेरो संविधान तथा कानूनप्रदत्त हकको हनन् हुन गएकोले उक्त निर्णय र सोसँग सम्बन्धित पत्र तथा सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशबाट बदर गरी मलाई नियुक्ति मिति २०७२/०२/२० देखि २ वर्षसम्म निर्विवादरूपमा काम गर्न दिनु भनी परमादेशलगायत आवश्यक आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको गङ्गाधर पराजुलीको निवेदन पत्र।

मिति २०७२/१०/२९ मा यस अदालतबाट विपक्षीका नाममा कारण देखाउ आदेश र अन्तरिम आदेश छलफलका लागि २०७२/११/०९ मा पेसी तोक्नु भन्ने आदेश भएको।

निवेदकले पाएको नियुक्तिबमोजिमको काम गर्न गराउनबाट नरोक्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७२/११/०९ मा भएको अन्तरिम आदेश।

निवेदकलाई निजको दाबीअनुसारको राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८ को उपदफा (१)(ख) बमोजिम नभई उक्त ऐनको दफा ८(१)(घ) बमोजिम नियुक्त गरिएको हो। ऐ.ऐनको दफा ८(४) मा सोही दफाको (१)(घ) अन्तर्गत मनोनित सञ्चालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा नेपाल सरकारले अन्य कुनै व्यक्तिलाई मनोनयन गर्न सक्ने कानूनी व्यवस्थाअनुरूप निजको सट्टामा अन्य व्यक्तिलाई मनोनयन गरेको हुँदा यस मन्त्रालयको मिति २०७२/१०/१० को निर्णय कानूनबमोजिम नै रहेकोले बदर हुनुपर्ने होइन । रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी सूचना तथा सञ्चार मन्त्रालय र आफ्नो हकमा समेत ऐ.मन्त्रालयका मन्त्री शेरधन राईको लिखित जवाफ।

निवेदकलाई निजको दाबीअनुसारको राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८ को उपदफा

(१)(ख) बमोजिम नभई उक्त ऐनको दफा ८(१)(घ) बमोजिम नियुक्त गरिएको हो । ऐ.ऐनको दफा ८(४) मा सोही दफाको (१)(घ) अन्तर्गत मनोनित सञ्चालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा नेपाल सरकारले अन्य कुनै व्यक्तिलाई मनोनयन गर्न सक्ने कानूनी व्यवस्था अनुरूप निजको सट्टामा अन्य व्यक्तिलाई मनोनयन गरेको हुँदा यस मन्त्रालयको मिति २०७२/१०/१० को निर्णय कानूनबमोजिम नै रहेकोले बदर हुनुपर्ने होइन । रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी राष्ट्रिय समाचार समिति र ऐ.को सञ्चालक समितिको बोर्डको संयुक्त लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुधा खतिवडाले निवेदकलाई नेपाल सरकारले मिति २०७२/०२/२० को मन्त्रीस्तरको निर्णयबाट राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८(१)(ख) बमोजिम २ वर्षको लागि राष्ट्रिय समाचार समिति सञ्चालक समितिको सदस्य पदमा नियुक्ति गरेको हो । निजको २ वर्ष कार्यावधि बाँकी छँदै र उक्त ऐन र अन्य कुनै प्रचलित कानूनबमोजिम पनि निजलाई सो पदबाट हटाउनुपर्ने अवस्था नभएको स्थितिमा प्राकृतिक न्यायको समेत परिपालना नभई निजलाई हटाउने गरी भएको निर्णय गैरकानूनी तथा स्वेच्छाचारी भएकोले सो निर्णय बदर हुनुपर्ने हो भनी बहस गर्नुभयो । त्यस्तै विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरेले निवेदकलाई निजको दाबीअनुसारको राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८ को उपदफा (१)(ख) बमोजिम नभई उक्त ऐनको दफा ८(१)(घ) बमोजिम नियुक्त गरिएको हो । यसरी नियुक्त भएकोलाई ऐ.ऐनको दफा ८(४) अनुसारको कार्यावधि पूरा नहुँदै पनि निजको सट्टा नेपाल सरकारले अन्य कुनै व्यक्तिलाई मनोनयन गर्न सक्ने नै हुन्छ । यो कामलाई बढी प्रभावकारी बनाउन पनि आवश्यक हुन्छ । तसर्थ उक्त मिति २०७२/१०/१० को सूचना तथा सञ्चार मन्त्रालयको निर्णय कानूनबमोजिम नै रहेकोले बदर हुनुपर्ने होइन । रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो । यसरी दुवै पक्षको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निवेदन मागदाबीअनुसारको आदेश जारी गर्न मिल्छ, मिल्दैन? भन्ने सम्बन्धमा नै निर्णयमा पुग्नुपर्ने हुन आयो ।

यसमा निवेदक गङ्गाधर पराजुली २०७२/०२/२० को सूचना तथा सञ्चार मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८(१)(घ) बमोजिम राष्ट्रिय समाचार समितिको सञ्चालक समितिको सदस्य पदमा २ वर्षको लागि नियुक्ति भएको देखिएको छ । यसरी दुई वर्षको लागि नियुक्त भएकोमा निजलाई उक्त राष्ट्रिय समाचार समितिको सदस्य पदको जिम्मेवारीबाट हटाउने गरी मिति २०७२/१०/१० मा सूचना तथा सञ्चार मन्त्रालयको मन्त्रीस्तरको निर्णय भई यी निवेदकलाई च.नं.३९६ मिति २०७२/१०/१२ मा पत्रसमेत पठाएको पाइयो । कार्यावधि बाँकी छँदै हटाएको कार्य गैरकानूनी भई आफ्नो संवैधानिक तथा कानूनी हकसमेत हनन् हुन गएकोले बदर गरिपाउँ भनी निवेदक यस अदालतमा प्रवेश गरेको पाइयो । यस सम्बन्धमा विपक्षीहरूले निवेदकलाई राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८(१)(घ) अनुसार सञ्चालक समितिको सदस्य पदमा नियुक्ति गरेको र त्यसरी नियुक्ति हुने व्यक्तिलाई ऐ.ऐनको दफा ८(४) अनुसारको कार्यावधि पूरा नहुँदै पनि हटाई निजको सट्टा नेपाल सरकारले अन्य कुनै व्यक्तिलाई मनोनयन गर्न सक्ने नै हुँदा रिट निवेदन खारेजभागी छ भनी लिखित जवाफमा जिकिर लिएको पाइएको छ ।

२. उपर्युक्तानुसारको सन्दर्भमा निर्णयमा पुग्न निवेदकले दाबी लिएको र विपक्षीहरूले जिकिर लिएको तथ्य सम्बन्धमा राष्ट्रिय समाचार समिति ऐन, २०१९

मा भएको कानूनी व्यवस्था र यससम्बन्धी सैद्धान्तिक आधार आदिका बारेमा विवेचना गर्नुपर्ने हुन आयो । राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८ मा बोर्डको गठन र सञ्चालकहरूको कार्यावधिअन्तर्गत ऐ.को उपदफा (१) मा सञ्चालकहरूको बोर्डमा देहायबमोजिमका ५ जना सञ्चालकहरू रहनेछन् भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ ।

१. समितिका महाप्रबन्धक,
२. गैरसरकारी सेयरहोल्डरमध्येबाट साधारण सभाद्वारा निर्वाचित एक जना,
३. सरकारी सेयरबापत नेपाल सरकारले मनोनित गरेको एक जना,
४. पत्रकारिता, प्रकाशन वा साहित्य क्षेत्रमा ख्याती प्राप्त व्यक्तिमध्येबाट नेपाल सरकारले मनोनित गरेको एक जना,
५. समितिको काम गर्ने सेयर होल्डर कर्मचारीमध्येबाट निर्वाचित एक जना ।

३. यसरी निर्वाचित वा मनोनित सञ्चालकहरूको कार्यावधि ४ वर्षको हुनेछ भन्ने व्यवस्था ऐ. दफाको उपदफा (३क) मा छ । यसैगरी ऐ.को उपदफा (४) मा उपदफा (१) को खण्ड (ग) र (घ) अन्तर्गत मनोनित सञ्चालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा नेपाल सरकारले अरू कुनै व्यक्तिलाई मनोनित गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

४. यसमा निवेदकले निवेदनसाथ पेस गरेको नियुक्ति पत्र हेर्दा यी निवेदकलाई ऐ.ऐनको दफा ८(१)(घ) बमोजिम २ वर्षको किटानी पदावधि तोकी नियुक्ति पत्र दिइएको देखियो । यसरी दफा ८(१)(घ) बमोजिम पत्रकारिता, प्रकाशन वा साहित्य क्षेत्रमा ख्याती प्राप्त व्यक्तिको हैसियतले नेपाल सरकारले मनोनित गरेको सञ्चालकलाई कार्यावधि पूरा नहुँदै पनि निजलाई हटाई निजको सट्टामा अर्को व्यक्तिलाई मनोनित गर्न सक्ने नै देखिन आयो । राज्य सञ्चालनका सम्बन्धमा कतिपय कामहरूलाई सरकारले लिएको नीतिअनुरूप प्रभावकारी बनाउन यस्तो व्यवस्था आवश्यक पनि हुन जान्छ । तर यस्तो व्यवस्थाको पालना गर्दा राज्य, यसका संरचना, निकाय तथा अधिकारीहरू स्वेच्छाचारी भने हुनु हुँदैन । सबैखाले स्वेच्छाचारितालाई निषेध गर्दै अंकुश लगाउन नै कानूनी राज्य तथा प्रजातान्त्रिक शासन प्रणालीको आवश्यकता महसुस गरिएको हो । त्यसैले कानूनी राज्य तथा प्रजातान्त्रिक शासन पद्धतिमा आफ्ना कानूनी अधिकार र कर्तव्य, कानूनद्वारा अन्तर्निहित विशेषाधिकार तथा कानूनप्रदत्त स्वविवेकाधिकारको प्रयोग गर्दा स्वेच्छाचारीरूपमा कदापि गर्नु हुँदैन । हरेक त्यस्ता स्वेविवेकाधिकारको प्रयोग गर्दा औचित्यताको तार्किकरूपमा पुष्टि हुन जरूरी हुन्छ । सामान्यतयाः सरकार परिवर्तन अघि नियुक्त भई कार्यरत रहेकाहरूलाई हटाई राजनीतिक आस्थाका आधारमा नयाँ नियुक्ति गरिने परिपाटी देखिएको छ । केबल अर्को व्यक्तिलाई चयन वा नियुक्ति गर्न पाउने भन्दैमा कार्यरत वा बहालवालालाई जथाभावी हटाई अर्को राख्ने भन्ने हुँदैन । अघि काम गरिरहेकोबाट के कसुर भयो वा के लक्ष्य हासिल भएन र परिवर्तन किन अपरिहार्य छ भन्ने विश्लेषण गरेको र निष्कर्षमा पुग्ने प्रयत्नसमेत गरिएको देखिँदैन । बहालवालालाई हटाउनु र नयाँलाई राख्नुको तार्किक कारण तथा औचित्यताको पुष्टि हुनुपर्दछ । त्यसैले त्यस्तो निर्णय गर्दा औचित्यपूर्ण र तार्किक आधार कारण खोली गर्नुपर्ने हुन्छ । अन्यथा जसले जे काम जसरी गर्दा पनि हुने भई कानूनको शासनको नै बर्खिलाप हुन पुग्दछ ।

५. कानूनबमोजिम स्थापना वा गठन हुने सार्वजनिक निकायहरूमा सार्वजनिक जिम्मेवारी निर्वाह गर्नुपर्ने पदाधिकारी नियुक्ति गर्नु सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को परिधि भित्रसमेत पर्ने हुँदा राज्यकोषमा दायित्व पर्ने गरी कुनै पनि पदमा कसैलाई नियुक्ति दिई निजले कार्य आरम्भ गरिसकेको अवस्थामा निजलाई त्यस्तो पदबाट हटाउँदा निर्णयकर्ताले आधार र कारण खोली पारदर्शिता र इमान्दारिता प्रष्ट देखिने गरी गर्नुपर्नेमा विना कुनै आधार र कारण कुनै सार्वजनिक पदमा

कार्यरत पदाधिकारीलाई विना कुनै तथ्ययुक्त आधार, कारण वा कसुर आत्मनिष्ठरूपमा हटाउनु न्यायको रोहमा स्वीकार्य हुँदैन । राज्यउपर दायित्व पर्ने त्यस्ता सार्वजनिक पदमा हुने नियुक्तिलाई आस्था वा व्यक्तिगत सन्निकटताको आधारमा भर्ती केन्द्रको रूपमा स्थापित गर्ने प्रयत्नलाई अदालतले आँखा चिम्लेर बस्न सक्ने हुँदैन ।

६. यसको अर्थ अघि नियुक्त भई बसेकाहरू आफूलाई नियुक्त गर्नेप्रति मात्र आस्थावान् भई पद मात्रै ओगटी तलब भत्ता मात्र लिई जीविकोपार्जन गर्ने भन्ने होइन । निजहरूले पनि आफ्नो नियुक्तिको उद्देश्य अनुरूप तथा कार्यरत निकाय वा संस्थाको हितमा पूर्ण बफादारिताका साथ काम गर्नुपर्ने र आफ्नो पदीय जिम्मेवारी अनुरूप कुनै कसै पनि मोलाहिजा नगरी सुशासन कायम राख्नु त्यस्ता पदाधिकारीको पनि कर्तव्य हुन्छ । यस्ता पद ओगट्ने तर संस्था वा निकायप्रति उत्तरदायी भई कार्य नगरेका कारण विभिन्न संस्थाहरू अधोगतितर्फ लागेको अनेकौं उदाहरण हामीसमक्ष टड्कारै देखिएको छ । यसतर्फ सविकमा नियुक्ति पाई कार्यरत रहेका निवेदक जस्ता व्यक्तिहरू संवेदनशील हुनु आवश्यक छ । नियुक्ति पाई काम नगर्ने, भ्रष्टाचार वा गैरकानूनी कार्यतर्फ उन्मुख हुने, क्षमताविहीन एवं सम्बन्धित ऐन, नियम, विनियमविपरीत काम गर्नेहरूलाई समयावधि किटान भई नियुक्ति पाएकै कारण अदालतले मद्दत गर्न सक्दैन । तर प्रस्तुत निवेदकका हकमा यस्तो कुनै कारण खुलाई पदमुक्त गरेको देखिएन ।

७. सार्वजनिक निकाय तथा पदाधिकारीले आफूले गर्ने कामको औचित्यता पुष्ट्याइँको लागि नियुक्ति वा बर्खास्त गर्ने वा सेवा निवृत्त गर्ने कार्य गर्दा तथा आफ्नो कानूनबमोजिमको अधिकारको प्रयोग उचित प्रक्रिया अनिवार्य पालना गरी गर्नु जरूरी हुन्छ । कानूनी मान्यता अनुरूपको प्रक्रिया नअपनाउने हो भने गरेको कार्य जतिसुकै तार्किक, औचित्यपूर्ण र वैध भए पनि त्यसमा शंका गर्ने प्रशस्त ठाउँ रहन्छ र त्यसको औचित्यता र वैधता पुष्टि हुन सक्दैन। कानून अनुरूपको प्रक्रियामा आफू विरूद्ध हुन लागेको कार्यको सम्बन्धित पक्षले जानकारी पाउने, सोउपर आफूले आफ्ना कुरा राख्न पाउने विषयसँग सम्बन्धित प्रक्रियाहरू नै पर्दछन् । यस्ता प्रक्रियाले स्वेच्छाचारितामा नियन्त्रण गरी निर्णयको स्वच्छता र औचित्यता पुष्ट्याइँ गर्न सहयोग गर्दछ । यस्ता प्रक्रियाको अवलम्बन नगरी गरिएका काम कारवाहीलाई स्वच्छ र औचित्यपूर्णरूपमा भएको नमानी बदर हुने हुन्छ ।

८. आफू विरूद्ध हुने काम कारवाहीको जानकारी पाई सोमा आफ्ना कुरा राख्न पाउने जस्ता प्रक्रियात्मक कुराहरू प्राकृतिक न्यायको सिद्धान्तसँग सम्बन्धित छन् । यो प्राकृतिक न्यायअन्तर्गत पर्ने स्वच्छ सुनुवाइको मान्यता हो । न्यायिक, अर्धन्यायिक र प्रशासनिक जे जस्तो प्रकृतिको काम भए पनि हरेक कानूनअनुरूपको अधिकार र कर्तव्य पालना गर्नुपर्ने निकाय वा अधिकारीले आफ्नो निर्णय वा कामबाट कसैलाई कुनै मर्का पर्ने भएमा निजलाई सो गर्न लागेको निर्णय र काम कारवाहीको बारेमा सूचना दिई आफ्ना कुरा भन्ने पर्याप्त मौका दिनुपर्दछ । यो निर्णयको स्वच्छता र औचित्यता पुष्ट्याइँको लागि आवश्यक र सम्बन्धित पक्षको अधिकारको रूपमा समेत विकास भएकोले सम्बन्धित कानूनमा यस्तो प्रक्रियाको बारेमा उल्लेख नभएको भए पनि यसलाई अनिवार्यरूपमा पालना गर्नुपर्ने हुन्छ । अन्यथा व्यक्तिमा आफू विरूद्ध हुन लागेको कामको सूचना पाउने र सोमा सुनुवाइको मौका पाउने अन्तर्निहित हक कुण्ठित हुन गई यसैका कारण विना औचित्यता व्यक्ति अन्य हकसमेतबाट वञ्चित हुन जान्छ । त्यसैले यस्तोमा सरकारको स्वेच्छाचारिता नियन्त्रण गरी जनताको हकाधिकारको संरक्षण गर्ने निकायको रूपमा न्यायपालिकाले आवश्यक कदम चाल्नुपर्ने नै हुन्छ ।

९. यसमा नेपाल सरकारको मिति २०७२/०२/२० को मन्त्रीस्तरीय निर्णयबाट निवेदकलाई राष्ट्रिय समाचार समितिको सञ्चालक समितिको सदस्य पदमा राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८(१)(घ) बमोजिम किटानी २ वर्षको

कार्यावधि तोकी नियुक्ति गरिएको देखिन्छ। सो २ वर्षको कार्यकाल पूरा नहुँदै निजलाई मिति २०७२/१०/१० को नेपाल सरकारको मन्त्रीस्तरीय निर्णय र सोका आधारमा लेखिएको मिति २०७२/१०/१२ को पत्रबाट निजलाई पदबाट हटाइएको पाइयो । यसरी पदबाट हटाउँदा कुनै हटाउन सकिने उक्त ऐन तथा प्रचलित अन्य कानूनमा व्यवस्था भएबमोजिमको आधार र कारण तथा सर्त पनि रहे भएको पाइएन । उक्त ऐनको दफा ८(४) अनुसार नेपाल सरकारले स्वविवेकअनुसारको अधिकार प्रयोग गरी निजलाई पदबाट हटाउने निर्णय गर्दा पनि सो निर्णयको आधार कारण खोली औचित्यता स्थापित गर्नुपर्नेमा सो केही गरेको पाइँदैन । त्यस्तै निर्णय गर्नुपूर्व सो निर्णयबाट प्रत्यक्ष प्रभावित हुने व्यक्तिलाई जानकारी दिनुपर्नेमा कुनै सूचना तथा पत्राचार गरी सुनुवाइको मौका दिएकोसमेत देखिँदैन । विपक्षीहरूले आफ्नो लिखित जवाफमा समेत निर्णय गर्दा यी निवेदकलाई जानकारी दिएको बारेमा र पदबाट हटाउने गरी निर्णय गर्दाको कुनै आधार कारण तथा औचित्यताको बारेमा केही भन्न सकेको पाइँदैन । यसरी कुनै आधार कारणविना र मर्का पर्ने सम्बन्धित व्यक्तिलाई जानकारी नदिई निर्णय गर्नु भनेको जथाभावी तथा स्वेच्छाचारी निर्णय गर्नु नै हो । यस्तो निर्णय कानूनी राज्य तथा प्रजातान्त्रिक पद्धतिको मान्यताविपरीत हुने हुँदा कदापि स्वीकार्य हुँदैन।

१०. निवेदकलाई यसरी पदबाट हटाएउपर प्रस्तुत रिट परी यस अदालतबाट मिति २०७२/१०/२९ मा अन्तरिम आदेश जारी भएपश्चात् पर्न आएको सूचना तथा सञ्चार मन्त्रालय र ऐ.का मन्त्रीको लिखित जवाफबाट निवेदकको सट्टा अर्कै व्यक्ति मनोनयन गरेको भन्ने खुल्न आएको विषयलाई पनि अदालतले गम्भिरताका साथ हेर्नुपर्ने हुन्छ । अन्तरिम आदेशविपरीत भएको काम कारवाहीलाई वैधानिक कार्य मान्न सकिने अवस्था रहँदैन। अन्तरिम आदेश कायमै रहँदाका बखत त्यस्तो आदेशबाट रोक लगाइएको काम गर्नु जबरजस्तीपनको पराकाष्ठा नै मान्नुपर्छ, कुनै पनि नेतृत्त्व वर्गबाट संविधानले यस्तो अपेक्षा गर्दैन । अदालतले कुनै रिट निवेदन स्वीकार गरेपछि र अन्तरिम आदेश कायमै रहेका बखत त्यस्तो निवेदन वा अन्तरिम आदेशलाई निष्प्रायोजित तुल्याउन चालिने कपटपूर्ण व्यवहारलाई अदालतले पनि गम्भीर रूपमा लिनुपर्ने हुन्छ । सरकारका जिम्मेवार निकाय वा पदाधिकारीले पनि अदालतसमक्ष विचाराधीन विषयलाई प्रभावित तुल्याउन पूर्वाग्रहयुक्त तवरबाट कुनै काम गर्नु हुँदैन भन्ने कुराको हेक्का राख्नु अत्यावश्यक हुन्छ । यसैबाट संविधान र न्यायपालिकाप्रतिको सम्मान प्रदर्शित हुन्छ।

११. अतः माथि विवेचित आधार र कारणबाट यी निवेदक गङ्गाधर पराजुलीलाई पदबाट हटाउने गरी मिति २०७२/१०/१० मा भएको नेपाल सरकार (माननीय मन्त्रीस्तर) को निर्णय, सोका आधारमा लेखिएको मिति २०७२/१०/१२ च.नं.३९६ को सदस्य पदबाट हटाएको भन्ने पत्र, सो पदमा अरूलाई नियुक्ति दिएको भनिएको निर्णय र सोसँग सम्बन्धित सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । निवेदकलाई मिति २०७२/०२/२० को नियुक्तिका आधारमा पूर्ववत् पदमा काम गर्न दिनु भनी विपक्षीका नाममा परमादेशसमेत जारी हुने ठहर्छ । आदेशको जानकारी विपक्षीहरूलाई दिई मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.डा. आनन्दमोहन भट्टराई

इजलास अधिकृत: यदुराज शर्मा
इति संवत् २०७३ साल पुस २५ गते रोज २ शुभम्।